# सामुदायिक रेडियो
# नीतिगत बहस



सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल





## सामुदायिक रेडियो

# नीतिगत बहस

सामुदायिक रेडियो प्रसारक संघ
(अकोराब) नेपाल

**प्रकाशक** :
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल

**सर्वाधिकार** © :
अकोराब

**रूपरेखा तथा सज्जा** :
मिडिया क्याफे, अनामनगर, काठमाडौं

**कार्यक्रम सहकार्य** :
कर्णाली प्रदेश, प्रदेश १, स्थानीय तहहरू (धनकुटा र धादिङ), यूएनडीपी, युनेस्को, वर्ल्ड भिजन, सेभ द चिल्ड्रेन, अमार्क (एसिया प्यासिफिक), हामी

# नीतिगत बहसमा अकोराब

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालमा सामुदायिक रेडियोको विकास, विस्तार र संस्थागत सुदृढीकरणका निम्ति कार्य गर्ने सामुदायिक रेडियोको राष्ट्रिय संगठन हो । रेडियो प्रसारणको इजाजत प्राप्तिमा सहज हुनुका साथै संघले सामुदायिक रेडियो स्थापनामा सहजीकरण गरेका कारण रेडियोको संख्या र प्रसारण पहुँच विस्तार भएको छ । सामुदायिक रेडियो प्रसारण थालनी भएको दुई दशकको अवधिमा भौगोलिक रूपमा पूर्व–पश्चिम र उत्तर–दक्षिण एवं सहरदेखि गाउँसम्म चौतर्फी रूपमा रेडियो स्थापना भएका छन् । सामुदायिक रेडियोको संख्या वृद्धिसँगै प्रसारणमा समुदायको सहभागिता, स्वामित्व र सक्रियता बढाउनु आवश्यक छ । समाजको विविधता र बहुलता अनुरूप सामुदायिक प्रसारणमा सहभागिता सुनिश्चित गर्ने विधि निर्माण गर्ने दायित्व प्रसारकहरूको काँधमा छ ।

सामुदायिक रेडियोको हक, हित र अधिकारका साथै दायित्व र जिम्मेवारीका विषयमा सचेत एवं सजग गराउने भूमिका अकोराबले निर्वाह गर्दै आएको छ । सामुदायिक प्रसारणका स्थापित मूल्य र मान्यतालाई सामुदायिक प्रसारण संस्थाले स्वीकार गरेका छन् । यसलाई व्यवहारमा उतार्ने काम भनेको सामुदायिक प्रसारकहरूको नै हो । सामुदायिक प्रसारणका आधारभूत विशेषतालाई कार्यान्वयन गर्ने कर्ता समुदाय नै हुन् । सामुदायिक प्रसारणभित्र दुईवटा महत्वपूर्ण पक्ष छन्ः पहिलो प्रसारणतर्फको प्राविधिक पक्ष र अर्को सामुदायिक सहभागिता । सामुदायिक प्रसारणका केही निश्चित विधि र प्रक्रिया छन् । यसलाई सबै सामुदायिक प्रसारकले अवलम्बन गर्नुको विकल्प छैन । अन्य प्रसारणभन्दा सामुदायिकलाई फरक र सुन्दर बनाउने केही विशेषताहरू छन् । जसलाई यसका अभियन्ताले प्रसारण संस्थाको स्थापनादेखि नै अभ्यास गर्नु आवश्यक हुन्छ ।

अकोराबले स्थापनादेखि नै सामुदायिक रेडियोमा विविधतापूर्ण सहभागिता, स्वामित्व र विषयवस्तुमा जोड दिँदै आएको छ । सामुदायिक रेडियोका सम्बन्धमा सामुदायिक संगठन, जनप्रतिनिधि र नागरिक आन्दोलनका अगुवाहरूको विचार

र दृष्टिकोण बुझ्ने प्रयास गर्दै आएको छ । सामुदायिक रेडियोले आफ्ना सरोकारवालाहरूका बीच नागरिकको सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, सुशासन, सामुदायिक विकास र मानवअधिकारका क्षेत्रमा पुऱ्याएको योगदानबारेमा जानकारी दिँदै आएको छ ।

अकोराबले आठौं विश्व रेडियो दिवसको अवसरमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा २०७५ फागुन १, २ र ३ गते समानता र सुशासन प्रबर्द्धनका लागि सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन आयोजना गऱ्यो । देशभरिका ३ सयभन्दा बढी सामुदायिक रेडियोका प्रतिनिधि, सामुदायिक संगठनका अगुवा, जनप्रतिनिधि र नागरिक अगुवाहरूबीच सामुदायिक रेडियोका विविध पक्ष र सरोकारवालाका विषयमा परामर्श भयो । सामुदायिक रेडियोका विविध आयामहरूका विषयमा भएको बृहत छलफलको मुख्य सार यस पुस्तकमा समेट्ने कोसिस गरिएको हो ।

सामुदायिक रेडियो प्रसारण थालनी भएको दुई दशक नाघिसक्दा समेत यसलाई सम्बोधन गर्ने कानुन बन्न सकेको छैन । सामुदायिक रेडियो प्रसारक संघले स्थापनादेखि नै कानुन निर्माणका निम्ति बहस पैरवी गर्दै आएको छ ।

यसै सन्दर्भमा सामुदायिक रेडियोका अभियन्ता, सञ्चारविज्ञ, सामुदायिक संगठनका अगुवा, राजनीतिक दलका नेता, सांसद र सञ्चार मन्त्रालयका प्रतिनिधिसहितको उपस्थितिमा अकोराबले आफ्नो १८ औं स्थापना दिवसको अवसर पारेर २०७५ चैत ९ गते सामुदायिक रेडियो नीतिगत बहस कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमका सहभागीले व्यक्त गर्नुभएको विचारले सामुदायिक रेडियोसम्बन्धी नीति एवं कानुन निर्माणमा रचनात्मक योगदान पुऱ्याउने विश्वासका साथ पुस्तकमा स्थान दिइएको छ ।

सामुदायिक रेडियो ७७ वटै जिल्लामा प्रसारणमा छन् । स्वभाविक रूपमा सामुदायिक प्रसारणमा आदिवासी जनजातिको स्वामित्व, सहभागिता र विषयवस्तु उदाहरणीय बन्नुपर्छ । त्यसका निम्ति अहिलेको वास्तविक अवस्था पहिचान गरी आगामी दिनको योजना निर्माण गर्नुपर्दछ ।

अकोराबले २०७६ जेठ १० र ११ गते धनकुटाको हिलेमा सामाजिक बहुलता र विविधता सवर्द्धन – सामुदायिक प्रसारणमा आदिवासी जनजाति विषयक राष्ट्रिय परामर्श आयोजना गरेको थियो । कार्यक्रममा व्यक्त भएका विचार सल्लाह, सुझाव र कतिपय सवाललाई पुस्तकमा समेटिएको छ । यसले सामुदायिक प्रसारणमा

समाजको विविधता र बहुलताको वास्तविक प्रतिनिधित्व गराउन योगदान दिने छ ।

त्यसैगरी सामुदायिक प्रसारणमा महिलाको स्वामित्व र सहभागिताको अवस्था मूल्यांकन र यसको संख्यात्मक एवं गुणात्मक अभिवृद्धिका लागि गर्नुपर्ने कार्यहरूका सम्बन्धमा ठोस योजना निर्माणका लागि २०७६ पुसको ८ र ९ गते धादिङको गल्छी गाउँपालिकास्थित बैरेनीमा विविधता, बहुलता र लैङ्गिक समानता सामुदायिक प्रसारणमा महिला सहभागिता विषयक राष्ट्रिय परामर्श कार्यक्रम आयोजना गरिएको थियो । सामुदायिक रेडियोको नेतृत्व तहमा रहनु भएका अगुवा महिला, जनप्रतिनिधि, महिला आन्दोलनका अगुवा, सामुदायिक अभियानका अगुवाहरूसहितको कार्यक्रमबाट प्राप्त सुझावले सामुदायिक प्रसारणलाई आगामी दिनमा अझ सबल बनाउन मद्दत गर्ने छ । अकोराबले एक बर्षको अवधिमा सम्पन्न गरेको राष्ट्रियस्तरका यी चारवटा कार्यक्रमका सहभागीले राख्नुभएको विचार, सल्लाह र सुझावलाई संकलन गरी पुस्तकको आकार दिई प्रकासनमा ल्याउन पाउँदा हामीलाई खुसी लागेको छ । यसभित्र समेटिएका सामग्री र हाम्रो प्रयासबारे तपाईको अमूल्य सुझावलाई हामी स्वीकार्छौं, अनि आगामी दिनका प्रकाशनमा त्यसलाई समेट्ने छौं । यो एक दस्तावेजकै रूप त होइन तर हाम्रो प्रयासमा विषयविज्ञका मनन र सहभागीका सुझाव यो अभियानका लागि महत्वपूर्ण कडी हुन्छ भन्ने हाम्रो बुझाइ हो । आशा छ, यो सामग्री उपयोगी हुने नै छ ।

हामीले गरेका यी चार ठाउँका चारवटा कार्यक्रम आयोजना गर्न सहयोग गर्ने साझेदार संघसंस्था एवं सहयोगी सबैलाई अकोराबको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । साथै मेहनतसाथ पुस्तक प्रकासनमा जुट्नु हुने सबै सहयोगी साथीहरूलाई धन्यवाद दिन्छु ।

**सुवास खतिवडा**
अध्यक्ष
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल

# विषयसूची


- समानता र सुशासन प्रवर्द्धनका लागि सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन १
- सामुदायिक रेडियो : नीतिगत बहस ५९
- सामाजिक बहुलता र विविधता संवर्द्धन : सामुदायिक प्रसारणमा आदिवासी जनजाति ९५
- विविधता, बहुलता र लैङ्गिक समानता : सामुदायिक प्रसारणमा महिला सहभागिता १३९




# समानता र सुशासन प्रवर्द्धनका लागि सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन



# पृष्ठभूमि

नेपालको सन्दर्भमा, सामुदायिक रेडियोहरूले आफूलाई समाजको एउटा अभिन्न अंगको रूपमा स्थापित गर्न सफल भइसकेका छन् । स्वच्छ, विश्वासिलो र समुदायप्रति उत्तरदायी समाचार र सूचना सम्पादन, उत्पादन तथा प्रसारण गर्ने नेपालका सामुदायिक रेडियोहरूले नेपालको विद्यमान सञ्चार क्षेत्रलाई ठूलो फड्को मार्न सहयोग गरेका छन् । देशका कुना कन्दरासम्म पहुँच भएका सामुदायिक रेडियोहरूले कहिल्यै पत्रिका नपुग्ने र पुगे पनि हप्ता लाग्ने दुर्गम ठाउँका रेडियो श्रोताहरूसम्म ताजा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार र सूचना सजिलै पुऱ्याउन सहयोग गरिरहेका छन् । सामान्यतया मूलधारका नेपाली सञ्चार माध्यमहरूले पर्याप्त ध्यान नदिएका समसामयिक विषयवस्तुमा काम गर्ने नेपालका सामुदायिक रेडियोहरूले संसारसमक्ष आफूहरू नेपालको चौतर्फी विकासका संबाहक भएको प्रष्ट पारिदिएका छन् ।

नेपालमा सामुदायिक रेडियोहरूले आर्थिक, सामाजिक तथा साँस्कृतिक सवालहरूमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । दुर्गम गाउँका श्रोताहरूलाई सुसूचित गराउने सूचना आदान-प्रदान, सामुदयिक परिचालन, प्रजातान्त्रिक विधिहरूको प्रवर्द्धन, मानव अधिकार संरक्षण, समावेशी विकास, द्वन्द्व न्यूनीकरण, वातावरण संरक्षण, स्वास्थ्य शिक्षा, समतामूलक समाज निर्माण, प्रकोप व्यवथापन, शान्ति निर्माण, समुदायहरूबीच समाचार आदान-प्रदान र देशको चौतर्फी विकास । सञ्चार जगत्मा नेपाली सामुदायिक रेडियोहरूले प्राप्त गरेको सफलताले संसारभरका अन्य सामुदायिक रेडियोहरूलाई आफ्नो समुदाय, देश र संसारकै लागि केही गर्ने प्रेरणा मिलेको छ

सामुदायिक रेडियोले हिजो लोकतन्त्र स्थापना गर्न अधिकार प्राप्तिका लागि, लोकतन्त्र आइसकेपछि सामाजिक जागरण र महिला तथा पछाडि परेको समुदायको सशक्तीकरण, स्थानीय भाषा र संस्कृतिको संरक्षणमा भूमिका खेलेका छन् । राजनीतिक दलहरूले राजनीतिक परिवर्तनको पक्षमा आन्दोलन गरिरहँदा ती दलका एजेण्डाहरूलाई समेत जनताको बीच पुऱ्याएर सार्वजनिक ढंगले वहस, पैरवी गर्ने काममा रेडियोको भूमिका महत्वपूर्ण छ ।




दलहरूको एजेन्डालाई रेडियोहरूले लोकतन्त्रको पक्षमा उठाएका हुन् । जबसम्म लोकतन्त्र बलियो हुँदैन तबसम्म सञ्चारमाध्यमले समेत निर्भयका साथ नागरिकलाई सूचना दिन सक्ने अवस्था हुँदैन ।

यी र यस्तै विषयहरूमा थप छलफल गर्न अकोराबले प्रत्येक वर्ष सामुदायिक रेडियोहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्दै आएको छ । २०७५ फागुन १ देखि ३ गतेसम्म अकोराबले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा करिब ३०० सामुदायिक रेडियोका प्रतिनिधिको उपस्थितिमा सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । समानता र सुशासन प्रवर्द्धनका लागि सामुदायिक रेडियो भन्ने मुख्य विषयमा केन्द्रित भएर आयोजना गरिएको यस कार्यक्रममा सामुदायिक रेडियोहरूका नीतिगत सवाल, कठिनाइ तथा उपलब्धिहरूका साथै वर्तमान अवस्थामा समाजमा विद्यमान विभिन्न सामाजिक, आर्थिक तथा विकासका विभिन्न विषयहरूमा छलफल तथा बहस भएको थियो ।

सहभागीहरूले प्रस्तावित विषयहरूमा छलफल तथा विचार विमर्श गरी ती सवालहरूका भविष्यमा सामुदायिक रेडियोहरूले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा निर्दिष्ट खाका तयार गरी सामुदायिक रेडियोको सुर्खेत घोषणापत्र जारी गरिएको थियो ।

# कार्यक्रमको स्वरूप तथा शुभारम्भ

## (क) प्रभातफेरी




विश्व रेडियो दिवसको अवसर पारेर आयोजना गरिएको सम्मेलनको उद्घाटन समारोहअघि सुर्खेतको वीरेन्द्रनगरमा प्रभातफेरी गरियो । प्रभातफेरीमा देशभरबाट सुर्खेतमा जम्मा भएका सामुदायिक रेडियोकर्मी, सामुदायिक हक अधिकारका लागि स्थापित संघसंगठनका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, कर्णाली प्रदेशका पत्रकारहरूको उपस्थिति थियो । सहभागीले सामुदायिक रेडियोका लागि छुट्टै नीति आवश्यक रहेको, सामुदायिक रेडियो घरघरमा र मनमनमा रहेको प्लेकार्ड बोकेका थिए ।



## (ख) उद्घाटन समारोह

औपचारिक कार्यक्रम र लामो मन्तव्यको परम्परा लोड्दै सामुदायिक रेडियोहरूको राष्ट्रिय सम्मेलन उद्घाटन सत्रलाई पनि विषयवस्तुमा केन्द्रित गरिएको थियो । सम्मेलनको उद्घाटन सत्रको विषय "सङ्घीय संरचना, सामुदायिक रेडियो र साझेदारी" राखिएको थियो । कार्यक्रममा आमन्त्रित सबै अतिथिलाई यसबारे पूर्वजानकारी गराइएकाले अतिथिहरूको मन्तव्य विषयवस्तु केन्द्रित भए । सम्मेलनको प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटा र विशेष अतिथि कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले पानसमा बत्ती बालेर परम्परागत सञ्चारमाध्यमका रूपमा रहेको दमाहा संयुक्त रूपमा बजाई उद्घाटन गर्नुभएको थियो ।

# उद्घाटन कार्यक्रममा व्यक्त धारणा

## गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रमुख अतिथि

सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन आयोजना गरी छलफल गर्नु भएकोमा र मलाई यस कार्यक्रममा आमन्त्रित गर्नु भएकामा आयोजकलाई धन्यवाद। सरकार तपाईहरूले पुऱ्याउनुभएको योगदानबारे जानकार छ । सामुदायिक रेडियोसँग साझेदारी गर्न तयार छ । सरकारका काममा पनि सामुदायिक रेडियोको साथ आवश्यक हुन्छ । सामुदायिक रेडियोले भोग्दै आएका समस्याका बारेमा मैले थाहा पाएको छु, अकोराबका अध्यक्ष सुवास खतिवडासँग यसबारे धेरैपटक छलफल भएको छ । सामुदायिक रेडियोको नवीकरण शुल्क घटाउने विषयमा सरकार सकारात्मक छ । सरकारले सामुदायिक रेडियो सञ्चालक र सामुदायिक रेडियोमा कार्यरत कर्मचारी दुवैको कुरा सुन्ने छ । समानुपातिक विज्ञापन नीति ल्याइएको छ, यसले सामुदायिक रेडियोहरूलाई फाइदा पुग्नेछ भन्ने विश्वास छ । सञ्चारमाध्यमहरूसँग जोडिएका कानुन बनाउने यही संसद् र यही सरकारले हो, हामी आवश्यक कानुन निर्माण गरी लागू गर्छौं । कानुन निर्माणका चरणमा सम्बन्धित विषयका जानकारसँग छलफल गरिने छ । ऊर्जा, कृषि, सञ्चार, सुशासनलगायत आठवटा विषयलाई सरकारले प्राथमिकतामा राखेको छ । सरकारका प्राथमिकता विषयलाई सामुदायिक रेडियोहरूले पनि विशेष ध्यान दिनेछन् भन्ने विश्वास छ ।



सरकारले सबै सञ्चारमाध्यमलाई समान व्यवहार गरिरहेको छ, कुनै पनि मिडियालाई पक्षपात हुनेछैन । सरकारले मिडिया काउन्सिल विधेयक ल्याउने तयारी गरिरहेको छ । यो सञ्चारमाध्यमहरूकै सजिलोका लागि हो । अब बन्ने कानुन प्रतिस्पर्धामा मात्रै नभएर न्यायमा आधारित हुने छन् । स्वतन्त्र प्रेसको विश्वव्यापी मान्यतालाई हामीले सम्मान गरेका छौं । आलोचना गर्न पाउने अधिकार, हरेक विषयमा प्रश्न उठाउन पाउने अधिकारसहितको कानुन आउँछ । सरकार, सञ्चारमाध्यमका विषयमा उदार छ, यसमा आशंका गरिरहनु आवश्यक छैन । मिडिया कमजोर बनोस् भन्ने पक्षमा सरकार छैन । पत्रकारका लागि न्यूनतम पारिश्रमिक अनिवार्य लागू हुन्छ, सरकार पछि हट्दैन, यसमा सबैको साथ सहयोगको आवश्यक छ । जेष्ठ पत्रकारका लागि कोष बनेको छ । कोषको रकम ३ करोडबाट बढाएर १० करोड पुऱ्याउने तयारी भइरहेको छ । सामाजिक सञ्जालबारे विविध प्रश्न आइरहेका छन्, सामाजिक सञ्जाल नेपालमा दर्ता हुनुपर्छ, करको दायरामा ल्याउनुपर्छ । सार्वभौम देशमा हामी कसैलाई बन्देज त गर्दैनौं तर देशको नियम सबैले मान्नुपर्छ । सञ्चारमाध्यमहरू पनि सामाजिक सुरक्षाकोषमा आबद्ध हुन आवश्यक छ । कतिपय साथीले आफूले मात्रै परिवर्तन ल्याएजस्तो गरी बोल्नुभएको छ, हामी सबै सामेल भएर परिवर्तन सम्भव भएको हो । समृद्धि सबैलाई चाहिएको छ, प्रतिपक्षसँग पनि समन्वय गरेर काम गरिन्छ । हामी गरेर देखाउने ठाउँमा छौं, मिलेर काम गरौं । मिलेर अघि बढौं ।



**महेन्द्रबहादुर शाही, कर्णाली प्रदेशका मुख्यमन्त्री, विशेष अतिथि**

कर्णाली प्रदेशमा सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन आयोजना गर्नुभएकोमा प्रदेश सरकारका तर्फबाट विशेष धन्यवादसहित आभार व्यक्त गर्न चाहन्छु । देशभरबाट दुःखकष्टसाथ कर्णाली प्रदेशको राजधानी सुर्खेत आउनुभएका सामुदायिक रेडियोकर्मीलाई स्वागत गर्दछौं । यो कार्यक्रमका लागि कर्णाली प्रदेश छानिएको विषयलाई मैले अर्थपूर्णरूपमा लिएको छु । कर्णालीका मानव विकासका सूचकांकहरू चिन्ताजनक अवस्थामा छन् । सबैको सहयोगबिना कर्णालीको विकास सम्भव छैन । कर्णाली पुँजीपतिको पछि दौडिन नसकेर गरिब कहलाएको हो । काठमाडौंमा मःम खाने धनी अनि कर्णालीमा अर्ग्यानिक आलु खाने गरिब हुन सक्तैन । के कर्णालीमा विकासको सम्भावना छैन त ? हामी अहिले कर्णालीको विकासको सम्भावनाको खोजीमा लागेका छौं । यहाँ के के छन्, कति छन् भन्ने पत्ता लगाएपछि योजना निर्माण गरेर अघि बढ्ने तयारी गरिरहेका छौं ।




पहिलो वर्ष अध्ययन, अनुसन्धान, रणनीति र योजना निर्माण, कानुन निर्माणमा अनि कार्यान्वयन शैली निर्माणमा लागेका छौं । कर्णालीका सबै युवा र नागरिकको दिमागमा रहेको चिन्तन, सोचलाई पूर्णपरिवर्तन गर्न जरूरी छ, अहिलेको हाम्रो दिमाग विकृत छ । नयाँ सभ्यताको विकास गर्न जरूरी छ । संस्कार र संस्कृतिमा पनि समस्या छ । छाउपडी, जातीय विभेद् अन्त्य गर्नुपर्नेछ । कर्णाली प्रदेशको समग्र विकासको मार्ग निर्माण गर्न सम्मेलनले सहयोग पुऱ्याउने अपेक्षा गरेको छु ।

सूचना निकै महत्वपूर्ण विषय हो । सूचनाको सही प्रयोग गर्न सकियो भने सजिलो हुने पक्का छ । हरेक जिल्लामा खोलिएका रेडियोको उद्देश्य समाजको सकारात्मक परिवर्तनन नै हो ? के सबै रेडियोले समाजको विकृति अन्त्यका लागि काम गरेका छन् ? यसतर्फ पनि हेरौं । सिंगो राज्यलाई सही मार्गनिर्देश गर्नका लागि, समाजको वास्तविकता पत्ता लगाउने, तथ्य पहिचाहन गर्ने र बहस सृजना गर्ने कामका लागि सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण छ । कर्णालीको रूपान्तरणका लागि सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण छ । कर्णाली सम्भावनाले भरिएको प्रदेश भएकाले तीनै सम्भावनाको खोजीमा सामुदायिक रेडियोहरू सरकारको सहयोगी बन्नेछन् भन्ने मेरो अपेक्षा छ । हरेक जिल्लामा खोलिएका सामुदायिक रेडियोहरू आफ्नो भूमिकाबारे पनि प्रष्ट हुनुपर्छ । अहिले हामी अविकास, अशिक्षा, असुरक्षा र गरिबीलाई प्रतिपक्षी मानौं, धुवाँ धुलो, अँध्यारोलाई प्रतिपक्ष मानौं,

त्यसविरूद्ध सबै लागौं । राष्ट्र निर्माणको अभियानमा लागौं, यो अभियानमा केही मानिसले मात्रै काम गरेर हुँदैन, सबै लाग्नुपर्छ ।

**योगेश भट्टराई, नेता, नेपाल कम्युनिष्ट पार्टी, अतिथि**

जनतालाई सुसूचित गर्ने, जागरूक बनाउने, आफ्नो अधिकारप्रति सचेत गर्ने, सरकारलाई खबरदारी गर्नेलगायत काममा रेडियोहरू निरन्तर क्रियाशील छन् । हामीलाई थाहा छ, यहाँहरूका धेरै दुःख र कष्ट छन्, तर पनि यहाँहरूले सेवा प्रवाह गरिरहनुभएको छ । सामुदायिक रेडियोहरूले समुदायमा खेलेको भूमिकाप्रति खुसी व्यक्त गर्न चाहन्छु । सामुदायिक रेडियो प्रसारक संघका अध्यक्षले सामुदायिक रेडियोका सन्दर्भमा छुट्टै ऐनको आवश्यकताको महसुस गराउनुभएको छ, यसमा हाम्रो पार्टीको तर्फबाट सकारात्मक पहल गर्ने छौं । कुनै पनि सञ्चारगृहलाई कमजोर बनाउने सरकारको उद्देश्य छैन ।

संविधानले स्थानीय र प्रदेश सरकारलाई पनि अधिकार प्रदान गरेको छ । तीनवटै तहका सरकारले आफ्नो अधिकारको अभ्यास गरिरहेका छन्, सामुदायिक रेडियोले अबका दिनमा स्थानीय सरकारसँगको सहकार्यलाई बढी प्राथमिकता दिनुपर्छ । हरेक स्थानीय तहले सामुदायिक रेडियोका लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाउन पार्टीको तर्फबाट पहल गर्ने छ । स्थानीय तहको बजेटमा सामुदायिक रेडियोको विकासका लागि शीर्षक छुट्याइनुपर्छ । कुनै पनि सामुदायिक रेडियो खर्च अभावमा बन्द हुनुहुँदैन । समाजमा जागरण ल्याउने सामुदायिक रेडियो सम्मानको लायक छन्, समुदायको पक्षमा रहेका सञ्चारमाध्यमलाई सरकारले पुरस्कृत गर्नुपर्छ ।

संयुक्त राष्ट्रसंघ आवद्ध देशहरूको तुलना गर्ने हो भने दुनियाँका सबैभन्दा बढी लोकतान्त्रिक भनिएका सरकारभन्दा नेपालको वर्तमान सरकार हरेक स्वतन्त्रता प्रयोगका हिसाबले कम छैन । कम्युनिष्ट पार्टीको सरकार छ, हँसिया हथौडाको झण्डाप्रति कहिलेकाहीं भ्रम छर्ने गरेको पनि पाइन्छ, यो झण्डाबाट अत्याउन खोजेको पाइन्छ । म दाबीका साथ भन्छु, नेपाल कम्युनिष्ट पार्टीले चलाएको सरकारले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने कानुन बनाउँदैन, बनाउन दिँदैनौं । पुँजीवादी दुनियाँले मानिसलाई वस्तु ठान्छ, नाफा र नोक्सानमात्रै हेर्छ । हामी मान्छेलाई वस्तुका रूपमा बुझ्दैनौं, मान्छेलाई मानवीय व्यवहार गर्छौं ।






नेपालका सञ्चारमाध्यमलाई भन्दै आएको कुरा पनि मान्छेलाई मान्छेको, समाचारलाई समाचारकै रूपमा बुझ्नुहोस्, वस्तुका रूपमा नबुझ्नुहोस । कुनै पनि पत्रकार समाचारलाई वस्तुका रूपमा बेच्छु भनेर आउनु हुन्न जस्तो लाग्छ । मुलुकको आर्थिक समृद्धिका लागि सरकारले काम गरिरहेको छ । सञ्चारमाध्यमबाट आएका सुझाव हामी ग्रहण गर्छौं । सामुदायिक रेडियोका भूमिकाको हामी सम्मान गर्छौं । सञ्चारमाध्यम व्यावसायिक हुनुपर्छ भन्नेहरू पनि छन् । तिनीहरू व्यावसायिक होइन, मिसनमा काम गर्छन् । हँसिया हथौडाको झण्डा बोकेर सरकार चलाएको हेर्न नसक्नेहरूलाई खपिनसक्नु भएको छ ।

हामी लोकतान्त्रिक विधि, संवैधानिक बाटोबाट यहाँ आइपुगेका हौं । हामी सचेततापूर्वक 'स्वतन्त्र र व्यावसायिक' भनिएका सञ्चारमाध्यमबाट आएका टिकाटिप्पणीलाई ख्याल गरिरहेका छौं । कुनै पनि सञ्चारमाध्यमप्रति बैरभाव छैन । नेपाली समाजलाई, राजनीतिक दललाई विभाजित गर्ने, जातीय एकतामाथि धावा बोल्ने, साम्प्रदायिक सद्भावमाथि धावा बोल्ने काम मिडियाबाट हुन्छ भने हामी सचेत हुनै पर्छ । सामुदायिक रेडियो प्रसारक संघलाई यो अवस्थासम्म ल्याउन विभिन्न कालखण्डमा नेतृत्व र योगदान गर्नुहुने सबैलाई बधाई, सामुदायिक रेडियोको अन्तर्राष्ट्रिय मञ्चमा नेपालको गौरवमय उपस्थिति बनाउन सफल सबैलाई धन्यवाद दिन चाहन्छु ।

**हृदयराम थानी, पूर्वमन्त्री एवं नेपाली काँग्रेसका नेता, अतिथि**

सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन कर्णालीको सुर्खेतमा आयोजना गर्नुभएकोमा आयोजकलाई धन्यवाद । तपाईहरू बुझ्नकै लागि कर्णाली आउनुभएको हो भन्ने लागेको छ । कर्णाली प्रदेशका दुई जिल्ला डोल्पा र हुम्लामा अझैसम्म सडक यातायात पुग्न सकेको छैन । सबैभन्दा कान्छो प्रदेशमा देशभरिका सामुदायिक रेडियोकर्मीहरू जम्मा हुनु खुसीको कुरा हो । म सांसद छँदा सुर्खेतमा सामुदायिक रेडियो थिएन, रेडियो स्थापनामा पहल गरियो । मैले सामुदायिक रेडियोलाई नजिकबाट बुझ्न पाएको छु । राजाको शासनकालमा, कमल थापा सञ्चारमन्त्री हुँदा प्रतिकूल अवस्थामा पनि रेडियो खोलिएको थियो । अब सामुदायिक रेडियो बन्द हुने अवस्था सृजना नहोस् भनेर सचेत हुनुपर्छ ।




सामुदायिक रेडियोलाई व्यापारिकलाई जस्तो सजिलो छैन ।आवश्यकताअनुसारको कर्मचारी राख्न पनि सकिएको छैन । अप्ठेरो राजनीतिक परिस्थितिमा स्थापना भएका सामुदायिक रेडियोहरू अहिले पनि मर्कामा छन् ।कतिपय सामुदायिक रेडियो आधारभूत आवश्यकताका लागि सङ्घर्ष गरिरहेका छन् । कतिपय बन्द हुने अवस्थामा छन् भन्ने सुनिन्छ ।

रेडियोलाई एक्लो बनाउने प्रयास भएका छन्, त्यसो गरिनु हुँदैन । हाम्रो देशमा बीसौं वर्षका लागि रेडियो उत्तम सञ्चारमाध्यम हो । सामुदायिक

रेडियो नभएको भए राजनीति यति चाँडै, यति सजिलो हुने थिएन । हामी नेताहरू जेलमै पनि हुन सक्थ्यौं । सामुदायिक रेडियोलाई सजिलोसँग नलिइयोस्, खान र लाउन होइन, देशको परिवर्तनका लागि सामुदायिक रेडियो खोलिएका छन् । कुनै पनि बहानामा जनताले पाएको, रेडियोले पाएको अधिकार फिर्ता गर्न मिल्दैन । राजा ज्ञानेन्द्रले रेडियोका समाचारमा प्रतिबन्ध लगाए । त्यसविरूद्ध सर्वोच्च अदालतमा गइयो । कर्णाली प्रदेशलाई समृद्धिको बाटोमा हिँडाउन सामुदायिक रेडियोको भूमिका महत्वपूर्ण हुन्छ । कुनै पनि सामुदायिक रेडियो बन्द नहुने वातावरण बनाउन तीनै तहका सरकार जिम्मेवार हुनुपर्छ । सामुदायिक रेडियोको पक्षमा सिङ्गो प्रतिपक्ष नै छ, त्यसको नेतृत्व गर्न म तयार छु ।

**नरेश भण्डारी, कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुनमन्त्री, अतिथि**



सामुदायिक रेडियोका बारेमा बिहंगम छलफल गर्ने गरी यो ऐतिहासिक र गौरवशाली दिनमा आयोजित कार्यक्रमको सानदार सफलताको शुभकामना व्यक्त गर्दछु । आजको दिन विश्व रेडियो दिवस हो, यो जनयुद्धको थालनी भएको दिन पनि हो । कार्यक्रममा शुभकामना दिँदै गर्दा म पत्रकार कृष्णसेन इच्छुकलाई सम्झन चाहन्छु । नेपाली समाजको युगान्तकारी रूपान्तरण, युग परिवर्तनका लागि पत्रकारहरूका तर्फबाट भएको उहाँको बलिदान यहाँहरूका निम्ति ऊर्जा सावित हुन्छ भन्ने मैले विश्वास लिएको छु ।

सामुदायिक रेडियो देशभर आवाजविहीनको आवाजका रूपमा स्थापित भइरहेको छ । विश्व रेडियो दिवसका अवसरमा नेपाली समाज रूपान्तरणका लागि थालिएको सामाजिक राजनीतिक आन्दोलनको सहयोगी सामुदायिक रेडियोको ऐतिहासिक सम्मेलनले सूचनाको पहुँचबाट टाढा रहेका कर्णालीका जनताका लागि थप टेवा पुग्ने विश्वास लिएको छ । कर्णालीलाई समृद्ध

बनाउन सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण हुनेछ । कर्णालीको विकासको गति बढाउन प्रदेश सरकारलाई सामुदायिक रेडियोको सहयोग आवश्यक छ । आगामी दिनमा सहयोग र समन्वय अझ घनिभूत हुने विश्वास छ । अहिले कर्णालीलाई अभावको पर्यायका रूपमा चित्रण गर्ने गरिएको छ । हामी कर्णालीलाई समृद्धिको सरोबरका रूपमा स्थापित गर्न खोजिरहेका छौं । सरकारको यो लक्ष्यमा सामुदायिक रेडियोको सहयोगको अपेक्षा गरेका छौं । यो सम्मेलनले सामुदायिक रेडियोको आगामी बाटो तय गर्न सकोस्, यही शुभकामना ।

**सुवास खतिवडा, अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ** (**अकोराब**)

सामुदायिक रेडियो राष्ट्रिय सम्मेलनमा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, सम्पूर्ण अथितिज्यूहरू, देशको ७७ वटै जिल्लामा सञ्चालित सामुदायिक रेडियोको प्रतिनिधित्व गर्दै आउनु भएका सबैमा विश्व रेडियो दिवसका अवसरमा शुभकामना दिन चाहन्छु । सम्मेलनमा उपस्थित अतिथिज्यूहरूलाई सामुदायिक रेडियो किन र कसका लागि भनेर भलीभाँती थाहा छ । उहाँहरूले सामुदायिक रेडियोको स्थापना र सञ्चालनको दौरानमा भएका उतारचढावहरूको अनुभव संगाल्नुभएको छ । मैले भनिरहनु पर्दैन । नेपाल, सामुदायिक रेडियो अभियान र आन्दोलनमा गौरब गर्ने मुलुक हो । दक्षिण एसियाका अन्य देशहरूमा सामुदायिक एफएम रेडियोको अभ्यास नहुँदै राज्यको स्वामित्वमा रहेको रेडियोलाई नागरिकको हातमा पुऱ्याउने काम नेपालबाट थालनी भएको थियो, त्यो ऐतिहासिक कदम थियो ।

हामीले आज भन्नुपर्छ, सञ्चारक्षेत्रलाई संरक्षण गर्ने एकजना अभिभावक सञ्चारमन्त्रीज्यू यहाँ हुनुहुन्छ, हामी नेपालमा भन्ने गर्छौं, १२ वर्षमा खोलो फर्कन्छ, तर प्रसारण सुरू भएको २१ वर्ष भयो अहिलेसम्म खोलो फर्केको छैन । यहाँ खोलो भन्नुको अर्थ अहिलेसम्म सामुदायिक रेडियोलाई सम्बोधन गर्ने नीति बन्न सकेको छैन । किन नीति भन्नुहोला, धेरै विषयहरू छन्, हामी ३५० वटा सामुदायिक रेडियोहरू सञ्चालनमा छौं । ७० भन्दा बढी भाषामा कार्यक्रम, समाचार उत्पादन, प्रसारण गर्छौं, हजारौको संख्यामा साथीहरू रेडियोकर्मी हुनुहुन्छ । हजारौंको संख्यामा 'भोलेन्टेयर' साथीहरू हुनुहुन्छ । यद्यपि हामीलाई चिन्ने सन्दर्भमा, अहिले पनि हामी राज्यलाई उत्तिनै कर तिर्छौं, अरू कलकारखाना, उद्योगले तिर्ने १३ प्रतिशत भ्याटको, सामान्य

टिडिएसको कुरा होइन, हामी नवीकरणको नाममा लाखौं रूपैयाँ तिरिरहेका छौं । रोयल्टीको नाममा लाखौं तिर्छौं, हुँदाहुँदा अब न्यूनतम पारिश्रमिक लागू नगर्ने हो भने, बैंकमार्फत न्यूनतम पारिश्रमिक दिएको प्रमाण पेश नगर्ने हो भने रेडियोको लाइसेन्स नवीकरण नगर्ने संघारमा सरकार पुगेको छ । त्यही बाटोबाट नेपालका सामुदायिक रेडियोहरूलाई न्याय होला त ? आज मन्त्रीज्यूलाई मेरो प्रश्न छ ।

विसं २०६२/०६३ को आन्दोलनमा नेपालका रेडियोले खेलेको भूमिका स्मरण गराउन चाहन्छु । त्यतिमात्रै होइन, हामी जुन परम्परागत हानीकारक संस्कार र गलत कूरीतिहरूको जन्जालमा जकडिएका छौं । हाम्रो बीचमा अहिले पनि छाउपडी छ, बालविवाह छ, छुवाछूत छ, दहेजको नाममा हाम्रा चेलीहरूले कस्तो प्रताडना भोग्नु परेको छ ? हिंसाको कहालीलाग्दो घटनाको शिकार हाम्रा दिदीबहिनीहरू भइरहेका छन् । यस्ता जंगली यातनाविरूद्ध सामुदायिक रेडियोले निरन्तर आवाज उठाइरहेका छन् । यी रेडियोले सामाजिक रूपान्तरणमा अतुलनीय योगदान पुऱ्याइरहेका छन् । उनीहरूलाई पुरस्कृत गर्ने हो कि दण्ड दिने ? हामीले बाध्य भएर यो प्रश्न गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । सकारात्मक सामाजिक रूपान्तरणमा योगदान, परम्परागत रूपमा जकडिएर रहेको समाजलाई नयाँ ढंगबाट परिवर्तनको दिसामा अगाडि बढाउने हाम्रो प्रयासमा सरकारले पनि साझेदारीको प्रस्ताव ल्याउला भन्ने विश्वास छ । हाम्रो अभिभावकको हिसाबले आज मन्त्रीज्यूसँग हामीले केही गुनासा राख्नै पर्छ । स्थापनाको २१ वर्षपछाडि यो तहको ३५० रेडियोका झण्डै ३०० रेडियोकर्मी जम्मा भएका छौं । हामी सामुदायिक रेडियो अभियानमा लागेका छौं, हाम्रो लालीजोवन हामीले समुदायको सूचना पाउने र समुदायको अभिव्यक्ति स्वतन्त्रताको निम्ति खर्चेका छौं । हामी सामुदायिक प्रसारणमा लाग्दा लाग्दै थप परिपक्व भएका छौं ।

हामीले समाजलाई त धेरै कुरा दिएका छौं तर हाम्रो भविष्यबारे कतिपय सन्दर्भमा आफैंलाई प्रश्न गर्नुपर्ने अवस्था छ । यस राष्ट्रिय सम्मेलनमा धेरै साथीहरू सामुदायिक रेडियो आन्दोलनलाई नजिकबाट बुझ्नुभएका व्यक्तित्वहरू हुनुहुन्छ । यहाँहरूको प्रयासबाट अब एउटा स्पष्ट नीति, स्पष्ट दृष्टिकोण आओस् । नेपालका रेडियो अभियानबाट दक्षिण एसियामा अरू देश प्रभावित भएर सामुदायिक रेडियो सञ्चालन गरिसक्नुभएको छ । तसर्थ नेपालको सामुदायिक रेडियो अभियान ऐतिहासिक पनि छ ।




अब नेपालमा यस्तो नमुना कानुन बनाइयोस्, त्यो नमुना कानुनबाट अरू देशले पनि अहिले भइरहेका कानुनलाई संशोधन गरेर नेपालबाट अनुशरण गरून् । यसपालिको विश्व रेडियो दिवसको 'नारा 'संवाद, सहिष्णुता र शान्ति' छ, समाजमा संवादको अवस्था सृजना होस्, संवादमा फरक विचारहरूले पनि स्थान पाउन, आवाजविहीनहरूको आवाज राख्ने स्थान सामुदायिक रेडियो बनुन् भन्ने अभियानमा हामी छौं । समाजमा कयौं परम्परागत हानिकारक अभ्यासहरू छन्, तिनलाई जरैदेखि उखेलेर फाल्नु पर्ने हाम्रो पनि दायित्व हो, सायद यो दायित्व सरकारको पनि हो । यहाँनेर उद्देश्य मिल्छ भने हामी स्वतन्त्र रूपमा यस्ता मुद्दामा सहकार्य र साझेदारी गर्न चाहन्छौं । कतिपय कुरामा अहिले पनि साझेदारी भइरहेको छ । सञ्चारमन्त्रीज्यूकै प्रयासमा विभिन्न सातवटा भाषामा लोक कल्याणकारी विज्ञापनमार्फत हामीले समाज रूपान्तरण सन्देश प्रसारण गरिरहेका छौं । उहाँले राम्रो गर्नुभएको कुरामा हामीले प्रशंसा गर्नुपर्छ ।

अकोराबले आठ महिनाअघि गरेको एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाज्यूले 'ढुक्क हुनुहोस् एक वर्षभित्र सामुदायिक रेडियोलाई सम्बोधन गर्ने कानुन दिन्छु,' भन्नुभएको छ, उहाँले आफूले बोलेको कुरा कार्यान्वयन गर्नुहुन्छ भन्ने कुरामा म ढुक्क छु । उहाँ यही क्षेत्रबाट आउनुभएकाले पनि हामीले अर्को सञ्चारमन्त्रीकहाँ सामुदायिक रेडियोका लागि

नीति बनाइदिनुस् भनेर ज्ञापनपत्र लिएर जानुपर्दैन भन्ने विश्वास अकोराबलाई छ । हामीभित्र पनि सामुदायिक रेडियोको सिद्धान्त बोकेर समुदायमा पुग्न अनेकौं जटिलता छन्, राम्रो अभ्यासबाट हामीले सिक्ने हो । सामुदायिक रेडियोको अवसर र चुनौतीको विषयमा पनि छलफल गर्दैछौं, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणको विषयमा पनि सम्मेलनमा छलफल गर्दै छौं । महिला, आदिवासी र सीमान्तकृत समुदायको प्रतिनिधित्वका विषयमा पनि छलफल हुँदैछ ।

हामी धेरैजस्तो कार्यक्रमहरू राजधानी र राजधानी आसपासका क्षेत्रमै गर्छौं । यसपालि सुर्खेत आइपुग्यौं, यो भूगोललाई चिन्ने अवसर पनि हो । कर्णाली प्रदेशमा ४१ वटा सामुदायिक रेडियोले सेवा प्रदान गरिरहेका छन् । अधिकांश जिल्लामा सञ्चारका माध्यमको रूपमा सामुदायिक रेडियोमात्रै छन् । विद्युत् नपुगेको ठाउँमा पनि सामुदायिक रेडियो सञ्चालन गरिएका छन् । आगामी दिनमा यसको पनि समीक्षा गरौं । कानुन बनाउने सन्दर्भमा, यहाँ विधायकहरू पनि हुनुहुन्छ, यहाँहरूले 'सामुदायिक आन्दोलनमा हामी पनि छौं' भनिदिनुभयो भने हामीलाई ऊर्जा हुन्छ । संघीय, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारसँग सहकार्य गरेर काम गर्न सामुदायिक रेडियोहरूका तर्फबाट प्रतिबद्धता जनाउन चाहन्छौं ।



## शुभकामना मन्तव्य

कार्यक्रममा सुर्खेत क्षेत्र नं १ का सांसद ध्रुबबहादुर शाही, पत्रकार महासंघका सचिव रेम विश्वकर्मा, ब्रोडकास्टिङ एसोसिइसन अफ नेपाल बानका महासचिव दुर्गा पौडेललगायतले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै सामुदायिक रेडियोले पुऱ्याएको योगदानलाई संस्थागत गर्न सरकारसँग आग्रह गर्नुभएको थियो । शुभकामनाका क्रममा उहाँहरूले सामुदायिक रेडियोलाई परेको नीतिगत अप्ठेरोबारे सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभएको थियो ।

# विषयगत बहस

## बहस १

- विषय : अन्तर्राष्ट्रिय रेडियो दिवस, संवाद, सहिष्णुता र शान्ति
- सहजकर्ता : अर्जुन गिरी, वरिष्ठ उपाध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ
- वक्ताहरू : प्राध्यापक चिरञ्जीवी खनाल, प्रमुख, पत्रकारिता तथा आमसञ्चार विभाग, त्रिवि
- हरि शर्मा : कार्यकारी निर्देशक, एलाएन्स फर सोसल डाइलग
- निर्जना शर्मा : सूचना तथा सञ्चार कार्यक्रम संयोजक, युनेस्को, काठमाडौं

सम्मेलनको पहिलो दिन उद्घाटनसत्रपछि विषयगत छलफल सञ्चालन गरिएका थिए । जसअन्तर्गत अन्तर्राष्ट्रिय रेडियो दिवसलाई आधार मानेर पहिलो छलफल 'संवाद, सहिष्णुता र शान्ति' विषयमा भएको थियो । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का वरिष्ठ उपाध्यक्ष अर्जुन गिरीले सहजीकरण गर्नुभएको बहसमा वक्ताका रूपमा एलाइन्स फर सोसल डाइलगका हरि शर्मा, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग त्रिविका प्रमुख प्राध्यापक चिरन्जीवी खनाल र युनेस्को काठमाडौंबाट सूचना तथा सञ्चार कार्यक्रम संयोजक निर्जना शर्मा रहनुभएको थियो । समुदायमा संवादहीनता अनि संवाद, सहिष्णुता र शान्तिको वातावरण सृजना गर्न सामुदायिक रेडियोहरूले कसरी भूमिका खेल्न सक्छन् भन्ने मूल प्रश्नमा केन्द्रित छलफलमा वक्ताहरूले धारणा राखेपछि सहभागीहरूले जिज्ञासा र आफ्ना धारणा राखेका थिए ।

**हरि शर्मा** : लोकतन्त्रका लागि सामुदायिक रेडियो र सामुदायिक संघसंस्थाहरूले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यसमा सामाजिक आन्दोलन र समूहहरू पनि छन् । नेपालमा भएका सामाजिक द्वन्द्वका बेला सामुदायिक रेडियोले

गरेका काम प्रशंसनीय छन् । चलायमान समाजमा निरन्तर संवाद जरूरी छ । लोकतन्त्रमा मात्रै निरन्तर संवाद सम्भव छ, संवाद भएन भने त्यो अलोकतान्त्रिक हुन्छ । संवादमा आफ्ना कुरा सुनाउन अरूको कुरा पनि सुन्नुपर्ने हुन्छ । सामाजिक संवादहरू केबल संवादका लागि मात्रै नभएर त्यसले ऊर्जा दिनुपर्छ, संवादले मार्ग प्रशस्त गर्नुपर्छ । संवाद बराबरीका बीचमा हुन्छ, समाजमा असमानता छ, कसरी संवाद सम्भव छ भन्ने पर्न सक्छ, यो एउटा सिद्धान्त हो । संवादको पहिलो आधार समभाव हो, सहभावले संवादको नितरन्तरता कायम गराउँछ । राजनीतिक अधिकारको कुरा नगरे त्यो लोकतन्त्र हुँदैन । लोकतन्त्रमा सबैको कुरा सुनिनुपर्छ । सहिष्णुता र सद्भावलाई कहिलेकाहीं एउटै शब्दमा प्रयोग गर्ने गरिएको छ । समाजमा सद्भाव भड्काउने काम गरेका सञ्चारमाध्यमप्रति सचेत रहनुपर्छ । समाजमा कुनै घटना हुन्छ, त्यसपछि सद्भाव ऱ्याली निकालिन्छ । समाजमा खलबल भयो भने यस्ता सद्भाव ऱ्याली निकालिन्छ । सद्भाव एउटा सकारात्मकपन हो । हाम्रोजस्तो जाति, भाषा, धर्म र भूगोलका हिसाबले विविधता बोकेको देशमा सद्भाव आवश्यक छ । समुदायका लागि काम गर्ने अकोराबजस्तो संस्थाले सद्भावको कुरा गर्दा समभाव र सहभावको कुरा गर्नुपर्ने हुन्छ । समाजमा संवादहीनता आयो भने त्यसले नैराश्यता पैदा गर्छ । संवादका माध्यमबाट आन्तरिक द्विविधा र सामाजिक द्विविधालाई पनि चिर्न सक्ने हुनुपर्छ । अहिलेको नेपाली समाज संवादको हिसाबले थाकेको जस्तो अवस्थामा छ । नीति बनाउने थलो संसद्मा पनि हुनुपर्ने जति संवाद भइरहेको छैन । नेतालाई जनताको कुरा सुन्ने फुर्सद कम छ । सार्वजनिक नीति निर्माणका क्रममा संवाद भए/नभएको विषयमा चासो दिने काम सामुदायिक रेडियोले गर्नुपर्छ ।

**चिरन्जीवी खनाल** : यस वर्षको विश्व रेडियो दिवसको नारा नै 'संवाद, सहिष्णुता र शान्ति' छ, रेडियोको भूमिकालाई लिएर यो नारा तय गरिएको होला । हामी संवाद, सहिष्णुता र शान्तिका संवाहकहरू यहाँ उपस्थित भएका छौं । हामीले जति पनि रेडियोहरू सञ्चालन गरेका छौं, तिनै रेडियोमार्फत छलफल गर्नु नै संवाद हो । कतिपय विषयवस्तु नफुकेका हुन्छन्, रेडियोको काम नै संवाद गर्नु हो । स्थानीय तहमा उठेका असमझदारी अन्त्यका लागि रेडियोमा संवाद जरूरी छ । समाजभित्रका सदस्यबीचको विचार आदानप्रदान गर्न, नयाँ योजना ल्याउन संवाद गरिन्छ । रेडियोले जब संवाद सुरू गर्छ, त्यहाँ निकास निस्कन्छ ।




संवादका क्रममा एकअर्काको भावनालाई कदर गरिनु सहिष्णुता हो । समाजको गतिशीलतालाई सहयोग पुऱ्याउने काम सामुदायिक रेडियोले गर्नुपर्छ र गरिरहेका पनि छन् । सामुदायिक रेडियो शुसासनका लागि हुन्, रेडियोको काम समुदायमा संवाद गरी शान्ति ल्याउने हो । समुदायमा अशान्ति हुने अवस्था आयो भने रेडियोले संवादको थालनी गर्नुपर्छ । समुदायको आर्थिक, भौतिक सुरक्षाका विषयमा पनि रेडियो जोडिन्छन् । सामाजिक एकताका लागि पनि सामुदायिक रेडियोले भूमिका खेलिरहेका हुन्छन् । साझा सरोकारका विषयमा संवाद चलाउने, गल्ती भए स्वीकार गर्ने काम पनि सामुदायिक रेडियोले गर्नुपर्छ । रेडियोबाट प्रवाह हुने सन्देशले समाजमा असर गर्ने भएकाले सन्देश प्रवाह गर्दा ध्यान पुऱ्याउनुपर्छ । एकपटक सञ्चारित कुरा सच्याउन सकिँदैन तर खण्डन गर्न सकिन्छ । कामको सिलसिलामा गल्ती हुन सक्छ, त्यसलाई महसुस गर्न, खण्डन गर्न सक्नुपर्छ । नेपालकै सन्दर्भमा यहाँका सामुदायिक रेडियोले द्वन्द्वको समयमा नै संवाद, सहिष्णुता र शान्तिको काम गरिसकेका उदाहरणहरू छन् । तत्कालीन माओवादीलाई सरकारले आतंककारी घोषणा गरेको अबस्थामा सञ्चारमाध्यमले सरकारद्वारा आतंककारी घोषित भन्ने शब्द प्रयोग गरेका थिए, आतंककारी भनेका थिएनन् ।

**निर्जना शर्मा** : यो वर्ष युनेस्कोले नै विश्व रेडियो दिवसमा 'संवाद, सहिष्णुता र शान्ति' को नारा दिएको हो । युनेस्कोले प्रजातन्त्रको सुदृढीकण, संवाद, सहिष्णुता र शान्ति स्थापनाका लागि रेडियोको भूमिकाको कदर गर्दै आएको छ । सन् २०११ मा युनेस्केको ३६ औं महासभाले १३ फेब्रुअरीलाई रेडियो

दिवस घोषणा गरेको थियो, त्यसलाई संयुक्त राष्ट्रसंघको ६७ औं महासभाले पारित गरेपछि रेडियो दिवस मनाउन थालिएको हो । त्यसैअन्तर्गत आज हामी आठौं विश्व रेडियो दिवस मनाइरहेका छौं । म नेपालका सामुदायिक रेडियोको सन्दर्भलाई जोड्दै यो वर्षको सब थिम 'संवाद र सहभागिता' का विषयमा केही कुरा राख्छु । संवाद सामुदायिक रेडियोले, समुदायका लागि र समुदायकै सहभागितामा हुनुपर्छ, अर्थपूर्ण हुनुपर्छ र त्यसले केही न केही प्रतिफल निकाल्नुपर्छ भन्ने छ । अर्को 'युनाइटिङ अराउण्ड शेयर्ड कन्सर्न' भन्ने छ । साझा चासोका विषयलाई पनि सामुदायिक रेडियोले उठाइरहेका छन् । अझ कति सुदृढ गरेर उठाउन सकिने भन्ने आजको आवश्यकता हो ।

सञ्चारका तीन खम्बा निजी, सार्वजनिक र सामुदायिक प्रसारणमध्ये युनेस्कोले सामुदायिक सञ्चारमाध्यमलाई प्राथमिकतामा राखेको छ । मूलधारका सञ्चारमाध्यमले उठाउने विषय सीमान्तकृत समुदायसम्म नपुग्न सक्छ । सीमान्तकृत समुदायको पहुँच मूलधारका सञ्चारमाध्यमसम्म छैन । सामुदायिक रेडियोहरू समुदायमै छन्, उनीहरू सीमान्तकृत समुदायका मानिसको पहुँचमा छन् । उनीहरूको आवाज सामुदायिक सञ्चारमाध्यममार्फत बुलन्द भएका छन्, उनीहरूको भावना संवाद भएर बाहिर आएको छ । नेपालका सामुदायिक रेडियोले स्वतन्त्रता, स्वामित्व, सञ्चालनजस्ता विषयलाई ख्याल गर्दै आफ्नो सामुदायिक चरित्र कायम राखी काम गरेकोमा खुसी लागेको छ । सामुदायिक रेडियोले गरेका काम र प्रयासले संवाद, सहिष्णुता र शान्तिका लागि समुदायस्तरमा थप टेवा पुग्ने विश्वास छ ।



**सहजकर्ता : नेपालका सामुदायिक रेडियो र उनीहरुले समुदायमा खेलिरहेको भूमिका कस्तो छ ?**

**शर्मा :** हिजो द्वन्द्वका बेला तपाईहरूले रेडियोलाई एउटा साझा मञ्च बनाउनुभयो । राज्य र द्वन्द्वरत पक्ष दुवैको आवाज बजाउनुभयो । त्यसले रेडियोको विश्वसनीयता बढाएको थियो । अहिले अवस्था फरक छ । एकोहोरोमात्र सुन्न चाहने मानिस समुदायमा छैनन् । अनि यही समुदायमा खराब प्रसारण गर्ने रेडियो पनि छन् । हामीलाई वास्तविक वस्तुस्थिति देखाउन विविधता चाहिएको छ । प्रस्तुतिको विविधताले संवादलाई बढाउन सक्छ । रेडियो विविधताका लागि हो, प्रजातन्त्रका लागि हो, बहुलताका लागि हो, आवाजका लागि हो ।

**खनाल** : रेडियो आफैंमा शक्तिशाली माध्यम हो । रेडियो पनि अडियो र भिडियो दुवैमा आइसक्यो, रेडियो सबैभन्दा धेरै सुनिने माध्यम हो भन्ने तथ्य बाहिर आएको छ । सामुदायिक रेडियोले राम्रो काम गरिरहेका छन्, अझ राम्रो गर्नुपर्ने चुनौती पनि आएको छ । सामुदायिक रेडियोका सञ्चालकले यसतर्फ सचेत हुन जरूरी छ । अहिले रेडियोलाई समाचार 'कपी पेष्ट धेरै भएको' आरोप लाग्ने गरेको छ । एउटा रेडियोले गल्ती समाचार बजाए सबैले गल्ती बजाउँछन्, त्यस्तो अवस्थामा गल्ती समाचारहरूको नेटवर्क बन्ने डर छ । यस्ता आरोपबाट सामुदायिक रेडियो मुक्त हुनुपर्छ । रेडियोले समुदायकै कुरा ल्याउने, संवाद गर्ने, एक अर्काको सहयोगका लागि काम गर्नुपर्छ । हामीले बिर्सन नहुने कुरा, सामुदायिक रेडियो विद्यालय पनि हो । यो पढ्ने र पढाउने ठाउँ हो, यसको स्कुलिङ नै राम्रो भएर जानु पर्छ ।

**निर्जना** : विपद्का बेला सामुदायिक रेडियोले खेलेको भूमिका महत्वपूर्ण थियो । रेडियोमा बज्ने सामग्री तयार गर्नुअघि अनुसन्धान भने गर्न जरूरी छ ।

**सहजकर्ता : वर्तमान अवस्थामा सामुदायिक रेडियोका चुनौती कस्ता छन् ?**



**शर्मा** : रेडियो र सबैका लागि चुनौती भनेकै राजनीतिक चुनौती हो । हामी सबै उपभोक्ता भएका छौं, समाचारमा हामी नायक हुनुपर्ने हो, सेवाग्राही होइनौं तर सेवाग्राही भएका छौं । हामी श्रोता होइन, नागरिक बन्नुपर्छ । रेडियो सधैं संवदेनशील क्षेत्र भएको कुरा ख्याल गर्नुपर्छ । समाजमा संवाद, सहिष्णुता र शान्तिका लागि रेडियो समुदायमा पुग्नुपर्छ । सामाजिक सद्भाव कायम गर्न रेडियोले समुदायसँग छलफल गर्नुपर्छ । समुदायको आवाज बोल्नुपर्छ । जनताले बोल्न पाउनुपर्छ, उनीहरूलाई रेडियोले सहयोग गर्नुपर्छ ।

## फ्लोर

रेडियोप्रति श्रोताको चाहना घट्यो भने सुमधुर सम्बन्ध कायम गर्न के गर्ने ?

**खनाल** : समुदायको रेडियो सीधैं समुदायमा जाने भएकाले यसको क्रेजसँग तुलना गर्न मिल्दैन । निरन्तर समुदायमा भने जानुपर्छ । समुदाय पनि परिवर्तनशील भएकाले परिवर्तनलाई सामुदायिक रेडियोले पनि समात्न सक्नुपर्छ ।

## फ्लोर

नैराश्यतामा संवाद आवश्यक छ कि छैन ? त्यस्तो अवस्थामा रेडियोले कस्तो भूमिका खेल्न सक्छ ?

**शर्मा** : नैराश्यता आउन नदिन निरन्तर संवादको आवश्यकता छ । संवादहीनता भनेको निसास्सिनु हो । संवाद आफूभित्र पनि हुन्छ । संवादले निकास दिन्छ ।

**खनाल** : सामुदायिक रेडियोलाई कानुनले पनि चिनाउनुपर्छ, सही कानुन आवश्यक छ । हाम्रा सामुदायिक रेडियोलाई अझ बलियो बनाउनु जरूरी छ । नेपाल बाहिरका सामुदायिक रेडियोले सामाजिक विषयवस्तुमा मात्रै बजाउने गरेका छन् तर नेपालमा भने सामाजिक विषयवस्तु र सामाचार दुवै बजाउने गरिएको छ । यो हाम्रो फरकपन हो ।

**निर्जना** : सामुदायिक रेडियोको सिद्धान्त समुदायले नै नेतृत्व गर्नुपर्छ भन्ने हो । एकले मात्रै चलाए निजी जस्तै हुन जान्छ । नेपालका सामुदायिक रेडियोहरू युनेस्कोको परिभाषासँग मेल नखाएजस्तो देखिएको अवस्था पनि छ । हामी नेपालमा सामुदायिक रेडियोसँग जोडिएको नीतिको पर्खाइमा छौं ।



## निष्कर्ष

नेपालमा सामुदायिक रेडियोले समुदायस्तरमा निरन्तर संवाद चलाएर सहिष्णुता र शान्तिका लागि काम गरिरहेका छन् । पछिल्लो समय रेडियोले जति समुदायमा जानुपर्ने हो त्यति जान नसकेको हो कि भन्ने प्रश्न आउन थालेका छन् । आफ्नो उत्पादनभन्दा अरूको कन्टेन्टमा बढी भर परेको, प्रस्तुतिमा विविधता नहुँदा श्रोताको संख्या घट्न पुगेको तथा सबै रेडियोले दिगोपनाका लागि बाटो पहिल्याउन नसकेको अवस्था छ । नेपालका सामुदायिक रेडियोको मौलिकता भनेकै सहभागिता, सञ्चालन, स्वामित्व, कार्यक्रम र समाचार हुन् । समुदायमा जाने कुरालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । सामुदायिक सवालहरूमा निरन्तर संवाद गर्नुपर्छ, सामुदायिक चासोका विषयमा छलफल भए नभएको ख्याल गर्नुपर्छ, नागरिकलाई सुनिनुपर्छ । मुख्य कुरा सामुदायिक भावनालाई जोगाई राख्नुपर्छ । सामुदायिक रेडियोका लागि छुट्टै नीति आवश्यक छ, त्यसका लागि सबै तहमा संवादमार्फत दबाब सृजना गरिनुपर्छ ।

## बहस २

- विषय : परम्परागत हानीकारक संस्कार र अभ्यासविरूद्ध सामुदायिक रेडियो
- सहजकर्ता : बन्दना दनुवार, सचिव, सामुदायिक रेडियो प्रसारक संघ
- वक्ताहरू : मोहनमाया भण्डारी ढकाल, वीरेन्द्रनगर नगरपालिका सुर्खेत
- पुस्कर खाती : पैरवी निर्देशक, वर्ल्ड भिजन इन्टरनेशनल
- अरूणकान्त पौडेल : डेपुटी फिल्ड म्यानेजर, सेभ द चिल्ड्रेन
- भूमि चापागाईँ : लेखा समिति संयोजक, सामुदायिक रेडियो प्रसारक संघ

छलफलको दोस्रो सत्रमा सामुदायिक रेडियो प्रसारक संघ अकोराबले बहस पैरबी गर्दै आएको परम्परागत हानीकारक संस्कार र अभ्यासविरूद्धमा सामुदायिक रेडियो विषयमा बहस भएको थियो । यो बहसको सहजीकरण अकोराबका सचिव बन्दना दनुवारले गर्नुभएको थियो । बहसका लागि वक्ताका रूपमा कर्णाली प्रदेशको सदरमुकाम सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाकी उपमेयर मोहनमाया भण्डारी ढकाल, वर्ल्ड भिजन इन्टरनेशनलका पैरवी निर्देशक पुस्कर खाती, सेभ द चिल्ड्रेनका डेपुटी फिल्ड म्यानेजर अरूणकान्त पौडेल, अकोराब लेखा समिति संयोजक भूमि चापागाईँ रहनुभएको थियो । सहजकर्ता दनुवारले महिनावारी भएकी दिदीबहिनीले टीका लगाउँदा पाप लाग्छ भन्ने, ती दिदीबहिनीलाई दाजुभाइले बलात्कार गर्दा पाप लाग्दैन ? भन्ने मर्मस्पर्शी प्रश्नबाट सुरू गर्नुभएको बहसले सबैको मन खिचेको थियो ।

**मोहनमाया भण्डारी ढकाल** : सुर्खेत नगरपालिकाले यो वर्ष भौतिक विकास ५० प्रतिशत, सुसंस्कृत समाज निर्माण गर्न ५० प्रतिशत बजेट छुट्याएको छ । सुसंस्कृत समाज निर्माणका लागि छुट्याइएको बजेट नै समाजमा रहेका हानीकारक प्रथाविरूद्ध प्रयोग भइरहेको छ । नगरपालिकाको पहिलो बैठकदेखि नै गर्भमा छोराछोरी चिनेर गर्भपतनको कुराको विरोध गरिएको थियो । वीरेन्द्रनगर नगरपालिकाले छोरीको जन्मदर्ता गर्दा रू एक हजार दिने निर्णय गरेको छ । नगरले स्वास्थ्य संस्थामा सुत्केरी हुन आउँदा एम्बुलेन्स भाडा मिनाहा गर्ने प्रयास गरिरहेको छ । नगरभित्र व्याप्त जातीय विभेद्

न्यूनीकरणको प्रयास पनि जारी राखिएको छ । समाजमा व्याप्त हानीकारक अभ्यासहरू, कूरीति र कुसंस्कार अन्त्यका लागि सामुदायिक रेडियोहरूसँग सहकार्य गरिने छ ।

**पुस्कर खाती** : नेपालीहरूका लागि सबैभन्दा उत्तम सञ्चारमाध्यम रेडियो हो । समाजमा जसलाई हामीले हानीकारक अभ्यास भनेका छौं, यी अभ्यासमात्रै होइनन्, कानुनले निषेध गरेका विषय हुन् । वर्ल्डभिजनले बालविवाहविरूद्धमा अकोराबसँग मिलेर काम गरिरहेको छ । नेपालमा बालविवाह रोक्न सके सन २०३० सम्ममा ११ खर्ब रूपैयाँ जोगाउन सकिन्छ । हानीकारक अभ्याससँग जोडिएका कानुनी कुरामात्रै होइन, यसका सामाजिक अभ्यास र अन्य पाटाहरूबारे पनि छलफल गर्नुपर्छ, यो सामुदायिक रेडियोहरूको काम हो ।




**अरुणकान्त पौडेल** : विश्वमा रोकथाम वा उपचार गर्न सकिने रोगका कारण हरेक दिन पाँच वर्ष पुग्नुअगाडि १६ हजारभन्दा बढी बालबालिकाको मृत्यु हुन्छ । पाँच वर्षमुनिका एक चौथाइ बालबालिकाको (१५ करोड ६० लाख) शारीरिक तथा मानसिक विकास कुपोषणका कारण उमेरअनुसार भएको छैन । विश्वमा ६ मा एक जना बालबालिका विद्यालयभन्दा बाहिर छन् । द्वन्द्वका कारण ८० मा एक बालबालिका घरबारविहीन हुनुपरेको छ । विश्वका १६ करोड ८० लाख बालबालिका बालश्रम गर्न बाध्य छन् । यीमध्ये ८ करोड ५० लाख बालबालिकाले जोखिमपूर्ण काम गर्छन् । यो संख्या युरोपका सबै

बालबालिकाको संख्या (१३ करोड ८० लाख) भन्दा धेरै हो । हरेक सात सेकेन्डमा १५ वर्षमुनिकी एक बालिकाको विवाह हुन्छ । हरेक दुई सेकेण्डमा एक बालिकाले बच्चा जन्माउँछिन् । हरेक दिन विश्वमा २०० भन्दा धेरै बालबालिका मारिने गरेको तथ्यांक छ । सेभ द चिल्ड्रेनले बालविवाह रोक्न ९ जिल्लाका २२ वटा गाउँ तथा नगरपालिकामा काम गरिरहेको छ । हामीले काम सुरू गर्नुअघि ३७ प्रतिशत बालविवाह भएका ठाउँमा अहिले घटेर २१ प्रतिशतमा झरेको छ । बालविवाहविरूद्ध सामुदायिक रेडियोहरूले गरिरहेको काम प्रशंसनीय छ ।

**भूमि चापागाई** : हाम्रो समाजमा रहेका संस्कारहरू अलिखित संविधानजस्तै भएका छन् । समाजलाई यस्तै अलिखित संस्कारले चलाइरहेको हुन्छ । अहिले पनि हामीले बढी राजनीतिक, आर्थिक विषयमा छलफल भएका छन् । हामीले सामाजिक विषय र संस्कारका विषयमा सामुदायिक रेडियोहरूमा छलफल गरिरहेका छौं, तर जति गहिरिएर गर्नुपर्ने हो त्यति पुगेको छैन, अझै प्रशस्त छलफल गर्नुपर्छ । पत्रपत्रिका, टेलिभिजनहरूको तुलनामा समाजका संस्कृतिका विषयमा सामुदायिक रेडियोले बोलेका छन् । समुदायमा रेडियो सबै हिसाबले उत्तम सञ्चारमाध्यमका रूपमा रहेको छ । संस्कृति, संस्कारका नाममा पीडा भोगिरहेका मानिसको कथा सामुदायिक रेडियोबाट आउन जरूरी छ ।

हाम्रा कुसंस्कारका कारण समाजका विभिन्न वर्ग, समुदायले भोगिरहेका दुःख, पीडा सामुदायिक रेडियोमार्फत बाहिर ल्याउन जरूरी छ । हाम्रा संस्कार, संस्कृतिले क-कसले दुःख पीडा भोगिरेका छन् तीनको कथा संकलन गरेर रेडियोले बाहिर ल्याउन सक्नुपर्छ । हामीले घरघरबाट मोबाइलका भरमा ती कुरा संकलन गर्न सक्छौं । कूरीति हटाउन, त्यस्ता प्रथाको नकारात्मक असरका कथागाथा रेडियोमार्फत बाहिर ल्याउने विषयमा ध्यान दिनुपर्छ ।

**सहजकर्ता : सुर्खेत नगरपालिकाले सामुदायिक रेडियोहरुसँग सहकार्य कसरी गर्ने योजना बनाएको छ ? नगरपालिकाभित्रका नागरिकले बनाएका छाउगोठ भत्काउने कि छाउको सोच भत्काउने तयारीमा हुनुहुन्छ ?**

**मोहनमाया**: सञ्चारमाध्यमहरूसँगको सहकार्य स्थानीय तहलाई अपरिहार्य देखिएको छ । सामुदायिक रेडियोले आवाजविहीनहरूको आवाज बोलिरहेका

छन् । स्थानीय तह र सामुदायिक रेडियोहरूबीचको सहकार्यबाट मात्रै छाउपडीजस्ता कूरीति, कुप्रथाविरूद्ध छलफल चलाउन सकिने अवस्था छ । रेडियोले पनि हामीले प्रसारण गरेका विषयले स्थानीय तह, जनतामा कस्तो असर परेको छ भनेर समीक्षा गर्नुपर्छ । अबको यात्रामा स्थानीय तह र सामुदायिक रेडियो सँगसँगै जान जरूरी छ । ऐननियम नभएर बालविवाह भएको होइन, गरिबीले मात्रै पनि बालविवाह भएको होइन, किन त ? यसको कारण रेडियोले खोज्नुपर्छ । हाम्रो नगरमा पनि बालविवाहको तथ्यांक डरलाग्दो छ । हामी मिलेर काम गरौं । रेडियोसँग हामीले विगतमा केही काम गरेका थियौं, अब पनि गर्छौं । चेतना फैलाउने काम सञ्चारमाध्यमले गरिरहेका छन्, अझ यसका लागि धेरै गर्नुपर्ने छ । सामाजिक कूरीतिविरूद्ध रेडियोसँग सहकार्य गर्न हामी तयार छौं ।

**सहजकर्ता : परम्परागत हानीकारक अभ्यास अन्त्यको अभियानमा सेभ द चिल्ड्रेन, वर्ल्डभिजन जस्ता संस्थाले सामुदायिक रेडियो र सञ्चारमाध्यमसँग कसरी सहकार्य र सूचना प्रवाहको तयारी गरिरहेका छन् ?**

**पुस्कर** : हामी लामो समयदेखि सहकार्यमै छौं । समाजका कूरीति, कुसंस्कारविरूद्धको अभियानका लागि सहकार्य जारी रहने छ । विवाह गर्दा कार्डमा दुलाहा दुलहीको उमेर लेख्ने, दाइजोविरूद्धको चलन सुरू भएका छन्, यस्ता विषयलाई प्राथमिकता दिन सकिन्छ । हामी आगामी दिनमा पनि सामुदायिक रेडियो, सञ्चारकर्मीहरूसँग समन्वय गरेर काम गर्ने चरणमा छौं ।

**अरुणाकान्त** : हामी "कदम कर्णाली"को अभियान सुरू गर्न लागिरहेका छौं । आगामी दिनमा सामुदायिक रेडियोसँग सहकार्य गर्ने योजना छ, साझेदारीका लागि हामी खुल्ला छौं । समाजमा व्याप्त परम्परागत हानीकारक अभ्यासहरूविरूद्ध विविध विषयवस्तु र सशक्त सूचना प्रवाह गर्न सकिन्छ । हामी सन् २०३० सम्म बालविवाह मुक्त देश बनाउने सरकारको रणनीतिलाई सहयोग गरिरहेका छौं ।

**सहजकर्ता : परम्परागत हानीकारक अभ्यासहरु सोचकै कारण समाजमा जरा गाडेर बसिरहेको सन्दर्भमा सोचै परिवर्तन गर्ने कुरामा कत्तिको चुनौती छ ?**

**भूमिः** समयअनुसार संस्कारहरू पनि परिस्कृत हुँदै आएका छन् । सोच परिवर्तन नगरी सुखै छैन, त्यसका लागि सामुदायिक रेडियोले काम गर्नुपर्छ ।काम चुनौतीपूर्ण भए पनि अब जरूरी भइसकेको छ । वञ्चितीकरणमा परेका समुदाय, मानिसका कथा बाहिर ल्याउन सके संवादको ढोका खुल्छन् । समाजमा संस्कारले पारेको नकारात्मक असरबारे छलफल जरूरी छ । सामाजिक परम्परा, मूल्य मान्यतालाई रेडियोकर्मीले अलि आलोचनात्मक भएर हेर्न जरूरी छ ।

रेडियो शक्तिशाली माध्यम हो । देशका सबै ३ सय ५० सामुदायिक रेडियोले दिनको एउटा सामाजिक कूरीतिसँग जोडिएको विषयलाई समाचार, विचार, कार्यक्रम वा अन्तर्वार्तासँग जोडेर बाहिर ल्याउने हो भने वर्षभरिमा लाखभन्दा बढी सवालमा छलफल, बहस हुनसक्छ ।

## निष्कर्ष

समाजमा रहेको हानीकारक अभ्यासविरूद्धका सामुदायिक रेडियोहरूले अझ सशक्त भएर लाग्नुपर्ने बेला आएको छ । काम चुनौतीपूर्ण भए पनि यसमा काम गर्नुको विकल्प छैन । स्थानीय तह र सामुदायिक रेडियोबीच सहकार्य गरेर सामाजिक विकृति, विसंगतिविरूद्ध सँगै अघि जान सकिन्छ । यस्ता विषय र क्षेत्रमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, युवा समूह, अन्य सामाजिक संस्थासँग मिलेर जानुपर्छ । संस्कारका कारणले पीडा भोग्न बाध्य, समुदाय वा व्यक्ति विशेषका कथा रेडियोबाट बज्न जरूरी छ । सामुदायिक रेडियोले कार्यक्रम, समाचार वा विचारमूलक कार्यक्रममध्ये एकमा यस्ता विषयलाई दैनिक रूपमा उठाउन सक्दा कूरीति, कुसंस्कारविरूद्ध देशैभर माहौल सृजना हुनसक्छ । यस्ता विषयमा काम गरिरहेका सामुदायिक रेडियोहरू र सबै पक्षबीच लामो र निरन्तर सहकार्यले मात्रै सफलता सम्भव छ ।

## बहस ३

- विषय : सामुदायिक अभियान र सामुदायिक रेडियो बीचको अन्तरसम्बन्ध
- सहजकर्ता : लक्ष्मण खड्का, कोषाध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ
- वक्ताहरू : विमला केसी, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री एवं प्रवक्ता, कर्णाली प्रदेश
- भारती पाठक : अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ
- राजेन्द्र अर्याल : राष्ट्रिय अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ
- कवीन्द्र केसी : गाउँपालिका महासंघ, कर्णाली
- लालबहादुर ओली : रेडियो बाजुरा



विषयगत बहसमा सामुदायिक अभियान र सामुदायिक रेडियोबीचको अन्तरसम्बन्धका विषयमा भएको बहसको सहजीकरण सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का कोषाध्यक्ष लक्ष्मण खड्काले गर्नुभएको थियो । यो विषयका वक्तामा कर्णाली प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएकी कृषि भूमि व्यवस्था तथा सहकारीमन्त्री विमला केसी, सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष भारती पाठक, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्याल, रेडियो बाजुराका लालबहादुर ओली र गाउँपालिका महासंघ, कर्णालीका कवीन्द्र केसी रहनुभएको थियो ।

**सहजकर्ता : कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री विमला केसीज्यू, कर्णाली प्रदेश सरकारका प्रवक्तासमेत हुनुहुन्छ, कर्णाली प्रदेशको विकासका लागि कस्ता सामुदायिक अभियान चलाउँदै आउनुभएको छ ? कर्णालीमा रहेका ४१ सामुदायिक रेडियोहरुसँग कसरी सहकार्य गरिरहनुभएको छ ?**

**विमला केसी** : कर्णालीमा विविध सामाजिक अभियान चलिरहेका छन् । हामी हाम्रा अभियान र सामुदायिक रेडियोलाई जोड्ने काम गरिरहेका छौं । हरेक सामाजिक अभियानमा प्रचारको खाँचो छ, त्यो खाँचोलाई पूरा गर्ने काम सामुदायिक रेडियोले गरेका छन् ।




हामी अहिले आफैंले बनाएको संयन्त्रमा अभ्यास गरिरहेका छौं, आगामी वर्ष कस्ता कार्यक्रम गर्ने भनेर सामुदायिक रेडियोकर्मीसँग सुझाव र सहयोगको पनि अपेक्षा छ । सामुदायिक अभियान र सामुदायिक रेडियोसँग साझेदारी दुवै विषयमा सुझावको अपेक्षा गरिएको छ । कर्णालीमा सबैभन्दा सुनिने रेडियो नै हो, सँगै मिलेर जाऔं ।

**कवीन्द्र केसी** : नेपालको संविधानमा विभिन्न हकहरूको व्यवस्था गरी त्यसलाई सबै सरकारले संरक्षण गर्ने व्यवस्था गरिएको छ । समुदायको लगानी, अपनत्व र समुदायको सहभागितामा नेपालमा सामुदायिक रेडियो चलिरहेका छन् । सरकारलाई जनताप्रति उत्तरदायी बनाउन सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । जनताका सेवामा समर्पित रेडियो जनताप्रति उत्तरदायी छन्, त्यस्ता रेडियोलाई समुदायभित्रका आर्थिक रूपमा विपन्न, सामाजिक रूपमा पछि परेका समुदायका आवाज बाहिर ल्याउनुहोस् । समुदायमा भएका चुनौती चिर्न, सम्भावनालाई पहिल्याउनका लागि सामुदायिक रेडियो स्थापित भएका छन् । हामी सहकार्य गर्न तयार छौं ।

**भारती पाठक** : समुदायको पक्षमा आवाज उठाउने सबैखाले संगठनहरूको आवाज एउटै छ । सामुदायिक रेडियो प्रसारक संघले उठाएका विषय हाम्रा पनि विषय हुन् । सामाजिक आन्दोलन, नागरिक समाजको भूमिकाको विषयमा कतिपय प्रश्न खडा भएका छन् । नागरिक समाजको भूमिका आवश्यक परेको

बेला सशक्त देखिन्छ, नत्र देखिँदैन । आवश्यकताअनुसार सशक्त बन्नेतर्फ अग्रसर छौं । सामुदायिक संगठनले दलहरूका एजेण्डामा पनि सहयोग गरेको स्मरण गर्न चाहन्छु । समुदायको अधिकारका लागि सबैलाई सहयोग गर्नुपर्छ, गरिन्छ । नीति निर्माणमा सामुदायिक संगठनले भनेजस्तो हुन सकेको छैन, सामुदायिक रेडियोसँग यसअघि के कति काम हुन सके भन्ने समीक्षा गर्दै आगामी दिनमा साझेदारी गरेर अघि बढिन्छ । नीति निर्माणको काम चलिरहेको यो बेला सामुदायिक रेडियो र नागरिक संगठन मिलेर जान जरूरी छ, सबैको घर पुग्ने सामुदायिक रेडियोलाई कमजोर ठानिनु हुँदैन ।

**राजेन्द्र अर्याल**ः सामुदायिक रेडियो, सामुदायिक अभियानमा जनताको साथी बनेका छन् । जहाँ हामी पुग्न सकेका छैनौं, त्यहाँ रेडियो पुगेका छन् । सरसफाइ अभियानका कुरा गर्छौं, यसको प्रवर्द्धनका लागि रेडियोकै भूमिका छ । छाउपडीजस्ता विविध विकृतिका विरूद्ध आवाज उठाउने सामुदायिक रेडियो हुन् । खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रको सुखदुःखको साथी सामुदायिक रेडियोहरू नै हुन् । उपभोक्ता समितिदेखि केन्द्रीय तहसम्मको सूचना सम्प्रेण गर्ने, अभियानमा साझेदारी गर्ने काममा हामी सँगै छौं, साझेदारको रूपमा अघि बढिरहने छौं ।

**सहजकर्ता : स्थानीय सरकारसँग साझेदारीको ढोका खुल्यो ?**

**लालबहादुर ओली** : साझेदारी केही हदसम्म भएको छ तर सामुदायिक रेडियो पनि चाहिने जति सक्रिय हुन सकिरहेका छैनन् । सामाजिक सवालमा छलफल नभए सामुदायिक रेडियोको पनि काम हुँदैन ।

**सहजकर्ता : सामाजिक संवादका लागि सामुदायिक रेडियोको भूमिका कस्तो हुन्छ ?**

**केसी** : सामुदायिक अभियानहरू अहिले पनि सशक्त छन्, कमजोर छन् जस्तो लाग्दैन । कतिपय सन्दर्भमा सरकारभन्दा सामुदायिक अभियानहरू बलियो देखिएका छन् । सरकार, सामुदायिक अभियन्ता र सामुदायिक रेडियोका बीचमा समन्वय हुन जरूरी छ । खबरदारी जारी राख्नु भएकै छ, हामी समृद्धिको अभियानमा छौं, सम्बन्धहरू बलियो बनाउने अभियानमा लाग्नुपर्छ । रेडियोमा बौद्धिक बहस सञ्चालन हुनुपर्छ, राज्यप्रणालीमा ल्याउनुपर्ने

सुधारबारे छलफल होस्, नेपालमा कसरी समृद्धि सम्भव छ भनेर छलफल होस्, सामाजिक संवादहरूको थालनी गरौं, त्यसमा सामुदायिक रेडियोहरूले सुरूआत गरून्, कर्णाली प्रदेशको हितका लागि पनि सोचौं । साझा अभियान सञ्चालन गरौं, सरकार र सामुदायिक रेडियो सँगसँगै अघि बढौं । सरकारले कहाँनेर सजिलो बनाउन सक्छ, छलफल गरौं । सबै लागेर गरिबी चिरौं । कर्णाली प्रदेशलाई सहयोग गर्ने गरी केही काम गरौं ।

## फ्लोर

**राजेश अर्याल, रेडियो मदन पोखरा** : सामुदायिक संस्था र बुझाई अनि सरकारका धारणा र बुझाईमा एकरूपता देखिएन । आमा समूह, युवा समूह, कुलायनजस्ता सामुदायिक संगठनले बिनास्वार्थ काम गर्थे । सामुदायिक संस्थाहरूको संरक्षण भएन, चिन्न सकेनन् ।



**दीर्घ खत्री, रमाइलो रेडियो** : मन्त्रीज्यूले लामबद्ध भएर सहकार्य भन्नुभएको छ, संघीय सरकारै पिच्छे सामुदायिक रेडियोका विषयमा फरक फरक धारणा आएका छन् ।

**अर्जुन राई, उपाध्यक्ष अकोराब** : मन्त्रीज्यू, सामुदायिक रेडियोको स्थायित्व, विकास र सशक्तीकरणका बारेमा के कस्ता काम गर्नुभएको छ ?

**सुवास खतिवडा, अध्यक्ष, अकोराब** : सामुदायिक रेडियो, वन, सामुदायिक संघसंस्था बीचको अन्तरसम्बन्ध र एउटै अभियानमा कसरी काम गर्न सकिन्छ ?

**नवराज महतरा, रेडियोकर्णाली आवाज** : गाउँपालिका महासंघलाई मेरो जिज्ञासा, गाउँपालिकाले रेडियो चलाउने कि सहकार्य गर्ने, स्पष्ट दृष्टिकोण के हो ? कर्णाली प्रदेश सरकारलाई प्रश्न, सहकार्य कसरी हुन्छ ? अन्य नागरिक संगठनसँग पनि सहकार्यबारे राम्ररी बुझ्न सकिएन ।

**सहजकर्ता : कर्णालीमा रेडियोसँग समन्वयमा कहाँ के समस्या देखियो ?**

**ओली** : सामुदायिक रेडियोहरूले समुदायको आवाज बोल्ने, पीडा पर्दा बोल्नेमात्रै होइन, सुखदुःखको साथी हो । सरकारले भीड बढाउँदै छ कि भन्ने डर छ । हामीले काम गरिरहँदा सहजीकरण गरिनुपर्छ । पीडितको पक्षमा रेडियो लाग्नुपर्छ, लागिएको छ । हुन लागेको बालविवाह सामुदायिक रेडियोका कारण रोकिएका छन् । सामुदायिक रेडियो, सामुदायिक संगठनहरू सबै अभियानमा मिलेर जानुपर्छ । कसको भूमिका कहाँनेर छ, ध्यान दिनुपर्छ । पैसा लगानी गरेमात्रै सहकार्य होइन, स्वयम्सेवी योगदानलाई पनि ख्याल गरौं । सामुदायिक संगठनलाई जोगाइराखौं ।

**अर्याल** : नागरिक समाज सरकारको प्रतिस्पर्धी र विकल्प होइन । सरकारको नेतृत्व, नागरिक संगठनहरू, सरोकारवालाहरूसँगको साझेदारी र उपभोक्ताको अपनत्व भएमात्रै विकास दिगो हुन्छ । सरकारले कतिपय अवस्थामा नागरिक समाजलाई कमजोर बनाउन खोज्छ । नेपालमा उपभोक्ता समितिले सञ्चालन गरेका खानेपानीसँग जोडिएका सूचना सञ्चारका काममा सामुदायिक रेडियोसँग जोडिएका छन् । नीतिनिर्माणका कुरा, सूचना प्रसारणका कुरामा सहयात्रा गर्दै जाने प्रतिबद्धता छ । समुदायको वास्तविक आवाज उजागर गर्ने सञ्चारमाध्यम सामुदायिक रेडियो नै हुन् ।

**पाठक** : नेपालमा २२ हजार सामुदायिक वन छन् । सरकारले ७० प्रतिशत वन व्यवस्थापन गरेको छ । सामुदायिक वन व्यवस्थापनमा सबै राम्रोमात्रै छ भन्ने पनि होइन । वनका कर्मचारीले सोझा उपभोक्तालाई हैरान पारेका छन् । धादिङको रेडियोको भवन भत्किएको विषयमा हामीसँगै थियौं ।

संघसंस्थाबीचमा समन्वय अभाव हुँदा कतिपय निरंकुश कानुनले काम गर्न बाधा सृजना गरेको छ । हामीलाई मन्त्रालयले नै काम गर्न रोकिरहेको छ । विकासको परिकल्पना गर्ने, नीति नफुकाउने गर्नुभएन । सामुदायिक वनभित्रका राम्रा कुरा भनौं र नराम्रा छन् भने पनि भनौं, दुवै कुरा आओस। प्रदेश सरकारले कानुन ल्याउँदा सम्बन्धित सरोकारवालासँग छलफल गरेर ल्याउनुपर्छ । कर्णालीले बनाएको कानुन अरू छ वटा प्रदेशका लागि सिकाइको विषय होस् । अर्को प्रदेशको कानुन कपीपेष्ट नगर्नुहोला, संघीय सरकारले ल्याएको कानुनको कपीपेष्ट नगरिदिनुहोला । तीन तहको सरकारको विवादले सामुदायिक संगठनहरू तहसनहस भए । संघीयताले जनतालाई सुख दिने हो कि दुःख ? सामुदायिक वन कर तिर्दै हैरान छन् । सामुदायिक रेडियोसँग साझेदारी आधिकारिक भएको छैन, संगठित भएर साझेदारीमा काम गर्न आवश्यक छ ।



**केसी** : सामुदायिक अभियान भनेको आमसहभागिता हो । तीन तहका सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको सवाल एकातिर छ भने नागरिकको समग्र विकासका निम्ति तीन तहका सरकार जिम्मेवार छन् । स्थानीय सरकारसँग सामुदायिक रेडियोले साझेदारी र सहकार्य गरेर जान जरूरी छ । साझेदारी केका लागि, कहाँका लागि भनेर सोचिनुपर्छ । सहकार्यको सोच, काम, परिणाम र आउने सृजना हेरिनुपर्छ । स्थानीय सरकार र सामुदायिक रेडियो वा सामुदायिक संगठनबीचको साझेदारी नहुनुपर्ने कारण छैन । रेडियो, रेडियोबीचको सम्बन्ध र समन्वय, स्थानीय तह र रेडियोबीचको सम्बन्ध र समन्वय पनि राम्रो हुनुपर्छ । बुझाइमा एकरूपता

हुन जरूरी छ, साझेदारी जरूरी छ । एउटा रेडियोले गरेको गल्तीले सबै रेडियो मुछ्ने, एउटा स्थानीय तहले गरेको गल्तीलाई सबै स्थानीय तह मुछ्ने काम गरियो भने सहकार्य नटिक्न सक्छ ।

**सहजकर्ता : रेडियोलाई हेर्ने दृष्टिकोणमा कर्णाली प्रदेशका माननीयबीच कुरा बाझिएको हो ? आफैंले सञ्चारमाध्यम चलाउन खोजेको हो ?**

**केसी** : हामीले समुदायलाई नै अघि बढाउनुपर्छ । मन्त्री–मन्त्रीबीचमा मत बाँझिएको कुरा आएको छ, भर्खरै तीन तहका सरकार बनेका छन् । आफैंले सञ्चारमाध्यम चलाउने विषय आएका थिए तर हामी अहिले सहकार्यको कानुन बनाउँदै छौं । हामीलाई सुझाव दिनुस्, राज्य सबैको सरोकारको विषय हो, राज्यले सामुदायिक रेडियोलगायत सबैका लागि काम गर्छ । साझेदारी नीतिलाई वैज्ञानिक र व्यवस्थित बनाउन लागौं । प्रदेशले रेडियो वा टेलिभिजन चलाउने होइन, भएका सञ्चारमाध्यमसँग साझेदारीमा जानका लागि कानुन निर्माणमा लागेका छौं । सामुदायिक रेडियोलाई बेवास्ता वा बाहेक गर्ने भन्ने हुँदैन, कानुनमा, नीतिमा एकरूपता ल्याउनुपर्छ । सम्मेलनमार्फत प्रदेश र केन्द्रीय सरकारलाई सुझाब दिनुहोस् । हामीले सामुदायिक रेडियोका लागि के गर्ने भनेर अलग्गै केही कानुन ल्याएका छैनौं, सिक्न तयार छौं, सँगै अघि बढौं ।



## निष्कर्ष

स्थानीय तहहरूले सामुदायिक रेडियोलगायतका सामुदायिक संघसंगठनहरूसँग सहकार्य गर्नुको विकल्प छैन । सरकारले रेडियो चलाउने होइन, सहकार्य गर्ने हो । सामुदायिक रेडियोले पनि आफूलाई नागरिकको सुख र दुःख दुवैमा उभ्याउनुपर्छ । समुदायको विश्वास जितिराख्नु पर्छ । संघीयदेखि प्रदेश हुँदै स्थानीय तहहरू कानुन निर्माणमा लागिरहेकाले सामुदायिक संगठनहरूले नयाँ कानुनबारे सुझाव दिनुपर्छ, सरकारले पनि सम्बन्धित सरोकारवालाहरूसँग प्रशस्त छलफल गरेरमात्रै कानुन ल्याउनुपर्छ । सामुदायिक अभियान भनेको सबैको सहभागितामा हुने कुरा हो । समृद्धि र दिगो विकासका लागि तीन तहका सरकार, सामुदायिक संगठनहरू मिलेर जानुको विकल्प छैन । एकले अर्कालाई बाहेक गरेर होइन, साझेदारीका लागि हात बढाएमात्रै सबैलाई सहज हुन्छ ।

## बहस ४

- विषय : सामुदायिक रेडियो, अवसर, चुनौती र अबको बाटो
- सहजकर्ता : विनय गुरागाई, कार्यकारी निर्देशक, एन्टेना फाउन्डेसन
- वक्ताहरू : गोविन्द देवकोटा, महासचिव, सामुदायिक रेडियो प्रसारक संघ
- सुमन बस्नेत : निर्देशक, अमार्क एसिया प्यासिफिक
- उपेन्द्र अर्याल : कार्यकारी निर्देशक, इक्वेल एक्सेस
- मधु आचार्य : कार्यकारी प्रमुख शेयरकास्ट इनिसियटिभ

सामुदायिक रेडियोहरूको वर्तमान अवस्था, अवसर, चुनौती र अबको बाटोबारे बहसको सहजीकरण एन्टेना फाउन्डेसनका कार्यकारी निर्देशक विनय गुरागाईले गर्नुभएको थियो । अवसर, चुनौती र अबको बाटोमा क्रमशः अकोराबका महासचिव गोविन्द देवकोटा, अमार्कका निर्देशक सुमन बस्नेत, शेयरकास्ट इनिसियटिभका कार्यकारी प्रमुख मधु आचार्य र इक्वेल एक्सेसका कार्यकारी निर्देशक उपेन्द्र अर्याल वक्ताका रूपमा हुनुहुन्थ्यो । सामुदायिक रेडियोहरूले विविध चुनौती खेपिरहँदा यो विषयको बहसले सहभागीहरूको ध्यान केन्द्रित गरेको थियो ।



### सहजकर्ता : सामुदायिक रेडियो, अभियान र वर्तमानसम्मको यात्राबारे

**उपेन्द्र अर्याल**ः नेपालमा सामुदायिक रेडियोको स्थापनाका बेला सकारबाट रेडियो सञ्चालनको काम जनतामा ल्याउनु निकै चुनौतीपूर्ण थियो । बीस वर्षपछि पनि सूचनाको हक, तत्कालीन आवश्यकता, त्यो बेला लागिपरेका रेडियोकर्मी सबैलाई सम्भन चाहन्छु । दक्षिण एसियाको पहिलो सामुदायिक रेडियो, रेडियो सगरमाथाको स्थापनाको विषय जोड्न चाहन्छु, सजिलो गरी रेडियो स्थापना भएको होइन । त्यो बेलाको प्रविधि त्यही बेलाका लागि थियो । दुई दशक बितिसक्दा प्रविधि पुरानो भएको छ । हालको प्रविधिले सामुदायिक रेडियोहरूलाई चुनौती थपिएको छ ।




**सुमन बस्नेत** : सामुदायिक रेडियोहरूले चुनौतीलाई मसिनोगरी विश्लेषण नगरे आत्मघाती हुन्छ । रेडियोका इतिहाससँग जोडिएका, वर्तमानसँग जोडिएका र नीतिगत शून्यताका कारण अघि आएका गरी तीनवटा चुनौती छन् । नेपाल वातावरण पत्रकार समूहलगायत अभियानमा लागिपरेकाहरूले प्रसारणको अधिकार सरकारबाट जनतामा लानु पर्छ भनेर पैरवी गर्दै सन् १९९७ मा रेडियो सगरमाथा सुरू गरे । तत्कालीन अवस्थामा रेडियोको स्थापना सामुदायिकभन्दा पनि स्वतन्त्र रेडियोका लागि बहस गरिएको थियो । सामुदायिक रेडियोमा पत्रकार महासंघको शाखा हुनु, तर अरू सामुदायिक संगठन नहुनुले सामुदायिक रेडियोको सामुदायिकपन माथि प्रश्न उठेको छ । समुदाय पत्रकारको मात्रै होइन, पत्रकार समुदायको अंश हो । सामुदायिक रेडियोको स्वामित्व, मुख्य प्रश्न हो । यसको स्वामित्व समुदायमा हुनुपर्छ, सञ्चालक समिति, बोर्डमा समुदाय झल्कनुपर्छ, धेरै रेडियोमा देखिएको छैन ।

**सहजकर्ता : सामुदायिक प्रसारक संघ (अकोराब) मा बस्दा रेडियोका चुनौती के देख्नुहुन्छ ?**

**गोविन्द देवकोटा** : सामुदायिक रेडियोहरू कसका लागि ? भन्ने प्रश्नमा प्रशस्त बहस हुन सकेको छैन । हाम्रा लक्षित समूह को हुन् ? किन रेडियो खोलियो ? भन्ने कारण केलाउँदै जाँदा जाने बाटो पहिल्याउन सकेनौं भने गन्तव्य अन्योलतातर्फ धकेलिन्छ । सामुदायिक रेडियोहरूको छाता संगठन अकोराबले यो विषयलाई गम्भीरताका साथ लिएको छ । रेडियोको

दिगोपनासँग जोडिएका चुनौती, स्थानीय सरकारसँग साझेदारी गर्दै खबरदारी गर्नुपर्ने चुनौती, नीतिगत शून्यताका कारण देखिएका चुनौतीले सामुदायिक रेडियो अप्ठेरोमा छन् ।

**मधु आचार्य** : गत पाँच वर्षमा भएका पाँचवटा सर्वेक्षणले रेडियोका श्रोता जहाँ थिए, त्यहीं छन् भन्ने तथ्यांक आएको छ । पछिल्लो सर्वेक्षणबाट ५० प्रतिशत नेपालीले रेडियो सुन्ने गरेको पाइयो, जसमध्ये २७ प्रतिशत घरधुरीले मात्रै रेडियो सेट राख्ने गरेको पाइएको छ । नेपालका ५२ प्रतिशत महिलासँग स्मार्ट फोन छ, जसले रेडियो सुन्दिन भनेका छन्, उनीहरूले आफूसँग रेडियो छैन भनेका छन् । समय र सन्दर्भअनुसार रेडियोका श्रोता धेर थोर हुने गरेका छन् । हाल ६० प्रतिशत नेपालीको घरमा टेलिभिजन छ, उनीहरूमध्ये ४० प्रतिशतका घरमा नियमित टिभी हेरिने गरेको पाइयो । पत्रपत्रिका पढ्ने नेपालीको संख्यामा कमी आएको छ । दैनिक पत्रपत्रिका पढ्ने जनसंख्या ६ प्रतिशतमात्रै पाइयो । सर्वेक्षणअनुसार अहिले ३५ प्रतिशत नेपालीले इन्टरनेट चलाउँछन्, जसमध्ये सबैले फेसबुक मेसेन्जर चलाउँछन् । तीमध्येका ५० प्रतिशतले समाचारजन्य कुरा इन्टरनेटबाटै लिने गरेका छन् । हाम्रा रेडियो कार्यक्रम एयरफोन लाएर सुन्ने श्रोताका लागि कि स्पीकरमा रेडियो सुन्नेका लागि हो भनेर छुट्याउनुपर्ने अवस्था आएको छ । ३५ प्रतिशत श्रोताले म रेडियो मेरो फुर्सदमा सुन्छु भन्नुले फुर्सदमा सुन्नेगरी रेडियोका सामग्री उत्पादनतर्फ ध्यान दिन ढिला भइसकेको छ । रेडियोहरूले पोडकाष्ट सुरू गरे श्रोताले चाहेको कार्यक्रम चाहेको बेलामा सुन्न सक्छन् । सामुदायिक रेडियोका लागि केन्द्रीय रेडियो प्रतिस्पर्धी होइनन्, पत्रिका, टिभी पनि प्रतिस्पर्धी होइनन्, बिहान रेडियोका प्रतिस्पर्धी छैनन्, ८० प्रतिशत श्रोताले समाचार बिहान र बेलुकामात्रै सुनेको बताए । छोटो समयमै थप श्रोता कमाउन सकिन्छ ।

**सुमन बस्नेत** : हामीले २००० वाटकालाई पनि र ५०० वाटकालाई पनि सामुदायिक रेडियो भनेका छौं । पाँच जिल्ला परको रेडियोबाट स्थानीयता भन्ने हुँदैन । श्रोताका लागि सामुदायिक र व्यापारिक रेडियोमा के फरक भयो ? केन्द्रीय र स्थानीय रेडियोमा के फरक भयो ? भन्ने प्रश्न नै सामुदायिक रेडियोका चुनौती हुन् । सही अर्थमा विश्वले मानेको सामुदायिक रेडियोको नीति ल्याउने हो भने धेरै रेडियो अप्ठेरोमा पर्छन् । पत्रकारिताको घेराबाट सामुदायिक रेडियोलाई निकालौं, यस्ता सम्मेलनमा रेडियोका बारेमा छलफल हुने, समुदायको बारेमा छलफल नहुने अवस्था नहोस् । नेपालमा

'या त व्यापारिक रेडियो बन्नुस् या त अर्को पेशा अपनाउनुस्' भन्ने अवस्था आउन सक्छ । सामुदायिक रेडियोका सबै नीतिहरू सञ्चार मन्त्रालयसँग सम्बन्धित छैनन् । सामग्री ल्याउने कुरा अलग, फ्रिक्वयन्सीको कुरा अलग, मन्त्रालयसँग जोडिएका छन् । इण्डोनेसियामा रेडियोको लाइसेन्स दिंदा भौगोलिक समुदायका न्यूनतम सहभागितालाई सुनिश्चित गरिएको छ । समुदाय र रेडियोबीचको दूरी नै सबैभन्दा ठूलो चुनौती हो, हाम्रो वर्तमान अभ्यास पनि चुनौती हो ।

**सहजकर्ता : दक्ष जनशक्ति उत्पादनमा कत्तिको चुनौती छ ?**

**मधु आचार्य** : मानवस्रोतको चुनौती छ । शतप्रतिशत समय दिने स्टेशन म्यानेजर भएको रेडियो राम्ररी चलेको छ । 'पार्टटाइम' स्टेशन म्यानेजर भएको रेडियो कम चलेको, एकै सञ्चारकर्मीले टिभी, अनलाइन, रेडियो सबैमा काम गर्दा गाह्रो भएको छ । अर्को रेडियोको स्रोत व्यवस्थापनसम्बन्धी चुनौती छ, स्थानीय स्रोत ८० प्रतिशत भएका रेडियो सजिलै चलेका छन् । काठमाडौंमा निर्भर हुने र स्रोत खोज्नेलाई गाह्रो छ । सामुदायिक रेडियोका जनशक्तिले समाचारमा बढी रूचि देखाएका छन्, 'कन्टेन्ट' उत्पादनमा विशेष ध्यान दिनुपर्छ । पश्चिमा देशहरूमा श्रोताले कथामा बढी रूचि देखाएका छन् । रेडियोले कथा ल्याउनेतर्फ ध्यान दिनुपर्छ । कथा पस्कन सक्ने सम्भावना छ, त्यसलाई फुर्सदमा सुन्ने श्रोताका लागि पोडकाष्टमा जान सकिन्छ, त्यसलाई मोबाइलले सहयोग गर्छ ।

## फ्लोर

**कृष्णहरि घिमिरे, रेडियो सिन्धुलीगढी** : हिजो हिंडेर समुदायमा पुगियो, समुदायको जीवनयापनको सहजीकरणका लागि काम गरियो, आज त्यो दुःख गरिरहेका छैनौं । समुदायलाई चाहिएको सूचना खोजिरहेका छैनौं । श्रोतालाई सुन्न सबैभन्दा सस्तो भए पनि सञ्चालनका लागि रेडियो महँगो छ । केन्द्रबाटै कार्यक्रमको आशा, अपेक्षा गरिरहेका छौं । सामुदायिक रेडियोमा 'न्यूनतम पारिश्रमिक' लाग्यो भने चल्नै सकिँदैन ।

**रेडियो साथी, ज्ञानेन्द्र निरौला** : फेसबुक लाइभमा जान हाम्रा स्टुडियो तयार छन् त ? हामी इन्टरनेटमा नपाउने कुरा खोजिरहेका छौं कि छैनौं ?

**राजेश अर्याल, रेडियो मदनपोखरा पाल्पाः** रेडियोले पस्कने स्वाद भुत्ते भएको छ । हामीले उत्पादन गर्ने अवसर पाएनौं, राष्ट्रिय नेटवर्क सुन्ने बानी परिसक्यो ।

**सौजन्य सत्याल, रामेछाप** : राम्रा कार्यक्रम उत्पादन हुनै छोड्यो । राम्रा पत्रकार उत्पादन हुन छोडेकाले जीवन, समाज राष्ट्रको विश्लेषण गर्न सक्ने पत्रकार उत्पादन हुन सकेनन् । अकोराबले वार्षिक नीति बनाएर कम्तीमा एक जिल्लामा १० जना पत्रकार उत्पादन गर्नुपर्‍यो ।

**किरण थापा, आफ्नो एफएम डडेल्धुराः** रेडियोकर्मीले जीविकोपार्जन गर्न आर्थिक पक्ष बलियो हुनुपर्‍यो । रेडियोमा टिकिरहन सबै साथीहरूलाई गाह्रो छ । 'वाट' अनुसारको विज्ञापनको कुरा आउने गर्छ, कम वाट भएका रेडियोलाई मार परेको विषयलाई नीतिले सजिलो बनाइदिए हुने थियो ।

**अष्टमान किसी महर्जन, रेडियो पर्यावरण चत्र** : नेपालका ४० प्रतिशत रेडियो देखासेखिमा खोलिएका छन्, ती रेडियो बन्द हुन्छन् । सामुदायिक रेडियोले उत्पाद गर्ने सामग्रीले समाजको मन जित्न सक्नुपर्छ । जनताको घरदैलोमा जान सकिएन । स्वामित्वका कारण विवादमा रहेका रेडियो पनि बन्द हुन्छन् । पहिले जस्तोगरी दुःख गरेर सञ्चालन गर्नुपरे ९० प्रतिशत रेडियो बन्द हुने अवस्था छ ।



**सकिल अहमद क्वार्दी, रेडियो रुबरु एफएम, नेपालगञ्जः** देशमा मुस्लिम समुदायले सञ्चालन गरेको एकमात्र रेडियो हो रूबरू । रेडियोले ७५ प्रतिशत कार्यक्रम उर्दूभाषामा उत्पादन गरिरहेको छ । पहिले हाम्रो कार्यक्रमलाई भजन भनियो । हामी सबै विषयमा कार्यक्रम गरिरहेका छौं । यस्ता रेडियोलाई पनि सहयोगको अपेक्षा छ ।





**बच्चुनारायण श्रेष्ठ, सोलु एफएमः** रेडियो सञ्चालनका लागि चाहिने पाँच कुरा छन्, स्वतन्त्रता, निष्पक्षता, स्रोत व्यवस्थापन, सृजनशीलता र सहभागिता ।यी सबै पक्ष हेरिनुपर्छ । जनतासँगै बसेर बनाउनुपर्ने कार्यक्रममा सामुदायिक रेडियो लाग्नुपर्छ । अकोराबले आगामी नीतिमा यी कुरा समावेश गरोस् ।

**बन्दना दनुवार, सचिव, अकोराबः** सामुदायिक रेडियोमा काम गर्नेलाई पत्रकार भनेनन् भनेर केही वर्षअघि पत्रकार महासंघको सदस्यता लिइयो । श्रमजीवी ऐनको कुरा आएपछि यो विषयलाई कसरी हेर्ने भन्ने प्रश्न आएको छ । सामुदायिक रेडियोलाई पत्रकारिताको मात्रै थलो बनाइनु हुन्न भन्ने सुमन बस्नेतको कुरालाई मान्न सक्ने कि नसक्ने त ? यसमा बहस गरौं, साझा धारणा बनाऔं ।

**सहजकर्ता : फ्लोरबाट आएका प्रश्नहरुलाई समेत सम्बोधन गर्दै ।**

**बस्नेत** : रेडियोमा भिडियो पनि प्रसारण गर्न सकिन्छ । जापानमा दुई दशकअघि देखि 'रेडियो-भिडियो' चलेको छ । श्रोतासँग माध्यम छ भने

जुनसुकै माध्यमबाट जान सकिन्छ । सामुदायिक रेडियोमा श्रोताको पक्षबाट हेरिनुपर्छ । अहिले रेडियो डिजिटल हुनुपर्छ भन्ने तर्क पनि छ तर नेपाल अहिले तयार भइसेको छैन । रेडियोलाई सरल बनाऔं, कार्यक्रम उत्पादनलाई सरल बनाऔं । यही किसिमले रेडियो अघि बढाउने हो भने हलो जोत्ने, आरानमा काम गर्नेले सामुदायिक रेडियोबाट कार्यक्रम उत्पादन गर्न नसक्ने अवस्था भइसक्यो । सामुदायिक रेडियो पत्रकारको मात्रै थलो हो कि होइन, बहस गरौं । असल रेडियोकर्मी र असल सामुदायिक रेडियोकर्मी फरक कुरा हुन् । 'सबै सामुदायिक रेडियो स्वतन्त्र रेडियो हुनुपर्छ, सबै स्वतन्त्र रेडियो सामुदायिक होइनन् ।' सबै सामुदायिक रेडियो मुनाफा नकमाउने हुनुपर्छ तर मुनाफा नकमाउने सबै रेडियो पनि सामुदायिक होइनन् । सबै सामुदायिक रेडियो स्थानीय हुनै पर्छ तर सबै स्थानीय रेडियोहरू सामुदायिक होइनन् ।'हामीले खोजेको सामुदायिक रेडियो के हो, यसको उत्तर खोजौं, बहस गरौं । सामुदायिक रेडियोमा शुद्धीकरणको अभियान सञ्चालन गरौं ।

**आचार्य** : समुदायलाई चाहिएको कुरा समुदायमै सोधेर थाहा पाइन्छ । हरेक प्रश्नका उत्तर समुदायमै छन् । रेडियोको आम्दानीले जति समय बजाउन सकिन्छ त्यतिमात्रै बजाउनुपर्छ । बिहान ३ घण्टा अधिकतम श्रोता छन् भने बिहानमात्रै बजाउँदा हुन्छ । रेडियोका श्रोता घटेका छैनन्, सुन्ने तौरतरिका फरक भयो । सामाजिक सञ्जाल फेसबुकको प्राथमिकतामा अडियो छैन । भिडियोमा स्टुडियोको ब्यानर राखेर अडियो राख्न सकिन्छ । स्थानीय सरकारसँग काम गर्दा पनि होस गर्नुपर्छ । स्थानीय तहबाट पैसा लिएपछि सम्झौता गर्दा कार्यक्रमको समयबाहेक 'तपाईको राम्रो–नराम्रो भन्ने अधिकार छ' भनेर निःशर्त लिनुपर्छ ।

**अर्याल** : सामुदायिक रेडियो सञ्चालन गरिरहेका केही संस्था आर्थिक रूपले निकै बलियो छन्, केही निकै कमजोर छन् । पहिले रेडियोलाई जिल्लासँग जोडेर हेरियो । अब पालिकासँग जोडेर सिग्नल म्यापिङ गरौं । पहिले आफ्नो रेडियोको सिग्नल म्यापिङ गरौं । हामीभित्र इमान्दारीताको खाँचो छ, रेडियोकर्मी इमान्दार हुनुपर्छ ।

**देवकोटा** : अकोराबको नेतृत्व तहमा बसेर सुन्दा तपाईहरूले उठाएका विषयले हामीलाई खुसी दिएको छ, हामीले खोजेका विषय यिनै हुन् । सहभागिता, जिज्ञासा । सुझावका लागि धन्यवाद । यस्ता बहस निरन्तर चलाउनुपर्छ ।

अकोराबलाई स्रोत खोज्ने, स्रोत बाँड्ने दाताका रूपमा बुझिनु हुँदैन । अकोराबले रेडियोलाई अप्ठेरो परेको बेलामा नीतिगत पैरवीको पाटोमा काम गर्ने हो । अकोराबअन्तर्गत चलेको 'सामुदायिक सूचना नेटवर्क' सीआईएनलाई स्वतन्त्र रूपले काम गर्ने अनुमति साधारणसभाले दिइसकेको छ । सीआईएन काठमाडौंका कन्टेन्ट समुदायमा र समुदायका कुरा काठमाडौंमा आदानप्रदान गर्ने माध्यमका रूपमा स्थापित छ ।

आफैंले समाचार उत्पादन गर्ने रेडियोलाई अकोराबले पहिलो प्राथमिकतामा राखेको छ । जहाँ श्रमजीवी पत्रकार हुन्छ, त्यहाँ न्यूनतम पारिश्रमिकको कुरा आउँछ । पत्रकारिता पढेर आएका मात्रै सामुदायिक रेडियोमा बोल्ने भन्ने होइन । स्वयम्सेवी भावनाले आफूभित्र भएको ज्ञानसीप सामुदायिक रेडियोमार्फत बाँड्नुपर्छ भन्ने कुरामा हामी विश्वास गर्छौं । हामी स्वयम्सेवी पत्रकार उत्पादनमा लागेका छौं । समुदाय केन्द्रित कार्यक्रम उत्पादन गरियो भने बाँच्ने आधार धेरै छन् । केन्द्रमुखीमात्रै हुने रेडियो दीर्घजीवी हुँदैन, स्थानीय स्रोतमा निर्भर हुनसके रेडियोहरूको सम्भावना जीवितै छ । स्थानीय रेडियोले स्थानीय स्रोत खोज्नुपर्छ । अकोराब, देशभरका रेडियोहरूलाई त्यही बाटोतर्फ डोर्‍याउने प्रयासमा छ ।



## निष्कर्ष

सामुदायिक रेडियोका लागि प्रविधि, स्थानीय सरकारहरूको आफैंले रेडियो खोल्ने तयारी, नीति नहुनुलगायतका चुनौती छन् । रेडियोले आफूलाई टिकाउने दिगो स्रोत फेला पार्न नसक्नु, दक्ष जनशक्ति टिकाइरहन नसक्नु जस्ता अप्ठेरा छन् । कभरेजका हिसाबले दूरदराजसम्म पुग्ने, भूगोल, भाषा, संस्कृति सबै हिसाबले समुदायका लागि सही सञ्चारमाध्यम सामुदायिक रेडियोले केन्द्रमा स्रोत खोज्नेभन्दा पनि स्थानीय स्रोतमा बढी केन्द्रित हुनुपर्छ । आफूसँग भएको स्रोतले जति समय रेडियो बजाउन सकिन्छ, त्यतिमात्रै प्रसारण गरौं । अकोराब स्रोत बाँड्ने निकाय नभई नीतिगत अप्ठेरोमा पैरबी गर्ने सहयोगी हो ।

अकोराबले सञ्चालन गरेको सीआईएनलाई आफ्नो ठानौं । आफ्ना कुरा पठाऔं । दक्ष जनशक्ति उत्पादनका लागि रेडियोले पनि आन्तरिक रूपमा पहल गरौं । रेडियोमा बज्ने कार्यक्रम सरल बनाऔं । रेडियोमा बोल्ने सबैले

रेडियोको व्याकरण सबै बुझेको हुनुपर्छ भन्ने होइन, ज्ञानसीप बाँड्ने सरल तरिका खोजौं । समुदायमा जाऔं, स्थानीय तहमा जाऔं, वाटका आधारमा रेडियो रेडियोबीच रहेको विभेद् अन्तका लागि स्पष्ट नीति आवश्यक छ । यसका लागि साझा धारणा बनाएर अघि बढौं । सामुदायिक रेडियोमा स्वयम्सेवी भावनाले समुदायमै भएका मानिसले आफूसँग भएको ज्ञानसीप धारणा बाँड्ने हो । सामुदायिक रेडियोलाई पत्रकारको मात्र नभई समुदायका सबै नागरिकको साझा थलोका रूपमा बुझ्न जरूरी छ । रेडियोका सामग्री फुर्सदमा सुन्ने व्यवस्थामा लाग्नुपर्छ । श्रोताले विविधता खोजेको विषयलाई रेडियोले बेलैमा बुझ्न सक्नुपर्छ ।



## विषयगत मन्तव्य ५

कर्णाली प्रदेशको अवस्था, आगामी योजना र सामुदायिक रेडियोसँगको साझेदारी

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री : प्रकाश ज्वाला

कर्णाली प्रदेशको सुर्खेतमा कार्यक्रम आयोजना गर्नुभएकोमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) लाई धन्यवाद दिन चाहन्छु । चुनौती नै चुनौतीको जन्जिरले घेरिएको प्रदेश कर्णालीमा देशरभरका सामुदायिक रेडियोकर्मी आउनुभएको छ । तपाईको कर्णालीको बुझाई, भोगाई राखिदिनुहोला । कर्णालीका कथाव्यथा धेरै छन् । कर्णाली भोको प्रदेश हो, यहाँका कुनै पनि सूचक, कुनै पनि तथ्यांक हाम्रो पक्षमा छैन । संघीय सरकारबाट हुने सहयोग पनि कमजोर छ । सूचक तल भएअनुसार राज्यले प्राथमिकता दिनुपर्ने हो । कर्णालीको अवस्थाको कुरा गर्दा आर्थिक रूपमा विपन्न, भौगोलिक रूपमा विकट र सामाजिक रूपमा अनेकौं कूरीतिहरूले घेरिरहेको छ । तमाम समस्यासँग जुध्नुपर्ने छ । यहाँको कारूणिक चित्रमात्र भन्न खोजेको हुँ । कर्णालीको उज्यालो पाटो पनि छ । कर्णालीमा बहुमुखी सम्भावना छ । जलस्रोतमा सबैभन्दा धनी प्रदेश कर्णाली हो । सबैभन्दा धेरै ताल पनि यहीं छन्, पानीको बहुउपयोगको सम्भावना छ । कर्णालीको गर्भमा बहुमूल्य खनिज छन् ।

दैलेखमा ग्यास छ, युरोनियमसम्म कर्णालीमा छ । सतहमा जडिबुटी छ । कर्णालीलाई जडिबुटीको राजधानीभन्दा पनि हुन्छ । जडिबुटीको वास्तविक बजार खोज्न सके त्यसले निकै सहयोग गर्छ । हिजो खानेकुरामा कर्णाली आत्मनिर्भर थियो । अर्ग्यानिक उत्पादनमा सबैभन्दा ठूलो सम्भावना कर्णालीमै छ । यी अपार सम्भावनाका लागि र विकास, पर्यटन, व्यापार सबैका लागि सडक नै पहिलो भएकाले कर्णाली प्रदेशमा बाटो प्राथमिकीकरणको पहिलो नम्बरमा राखिएको छ । देशकै ठूलो र सुन्दर ताल मुगुको रारा रहेको स्थानसम्म पुग्ने बाटोको स्तरीकरण गर्न लागिपरेका छौं । कर्णालीको पर्यटनका लागि रारा ताल, हिल्सा, मानसरोवर, जुम्लालाई प्राथमिकतामा राखिएको छ ।




यहाँको प्राकृतिक स्रोत साधनलाई प्रयोग गरे कर्णाली सबैभन्दा धनी हुनेछ, अन्य प्रदेशले डाह हैन, सहयोग गर्नुहोला । एउटा प्रदेश विकसित नहुँदा कसरी हामीले राष्ट्रिय लक्ष्य प्राप्त गर्न सक्छौं र ? प्रदेश र स्थानीय सरकार बलियो बनाएपछि मात्रै संघीयताको मर्म कार्यान्वयन हुन्छ । सबैभन्दा बढी संघीयता चाहिएको कर्णालीलाई हो । अब काम गर्ने बेला आएको छ, अझै स्रोत केन्द्रमै रहेकाले चाहे जसरी काम गर्न सकिएको छैन । हाम्रो पहिलो प्राथमिकता कनेन्टीभिटी र इलेक्ट्रीसिटी हो ।



**सरकार र सामुदायिक रेडियोसँगको साझेदारी** : सामुदायिक रेडियो सहज पहुँचमा छन् । सामुदायिक रेडियो हाम्रो साथी हो, आधारभूत वर्गका जनताको सजिलो सञ्चारमाध्यम हो । सामुदायिक रेडियो राज्यको प्राथमिकतामा पर्नुपर्छ, कर्णाली प्रदेशको प्राथमिकतामा सामुदायिक रेडियो छ । नीति निर्माणका कुरामा लाग्नुपर्छ, सामुदायिक रेडियोका लागि नीति बनाउने कुरामा लागौं । नीति बनाऔं, कानुन बनाऔं, कार्यक्रम बनाऔं, बजेट बनाऔं, यी कुरामा सकारात्मक हस्तक्षेप गरौं । नीति बनाउँदा सरोकारवालासँग छलफल गरेरमात्रै टुंगो लगाउँछौं । कर्णालीमा आमसञ्चार प्रतिष्ठान निर्माण गरी सरकार र सञ्चारमाध्यमलाई जोड्ने प्रयास गरिरहेका छौं । हरेक क्षेत्रको सञ्चारसम्बन्धी काम एकैठाउँबाट हुनेगरी नीति र कार्यविधि बनाउँदै छौं । कर्णालीमा बालविवाहको दीर्घरोग छ, छाउपडी छ । यस्ता सामाजिक विकृति अन्त्यका

लागि सामुदायिक रेडियोले सहजीकरण गर्न सक्नुहुन्छ । अनियमितता रोक्ने काममा रेडियोसँग साझेदारीमा जान सकिन्छ । सहकार्यको मोडेल तयार गर्नुहोस्, हामी सहकार्य गर्न तयार छौं । सरकारलाई पनि सहयोग हुने, सामुदायिक रेडियोलाई पनि सहयोग पुग्ने कार्यक्रम तयार गरौं । म सहकार्यको प्रतिबद्धताका लागि यहाँ आएको हुँ । बेथितिविरूद्ध मिलेर काम गरौं । रेडियो, पत्रकार, प्रदेश सबैको हित हुने काम गर्ने प्रतिबद्धता जनाउन चाहन्छु ।

## विषयगत प्रस्तुति ६

- विषय : दिगो विकास लक्ष्यको स्थानीयकरण
- प्रस्तुतकर्ता : यामनाथ शर्मा : सहायक राष्ट्रिय निर्देशक, युएनडीपी नेपाल



सम्मेलनमा विषयगत प्रस्तुतिअन्तर्गत 'दिगो विकास लक्ष्यको स्थानीयकरण' का विषयमा युएनडीपी नेपालका सहायक राष्ट्रिय निर्देशक यामनाथ शर्माले प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणपछि सहभागीबीच छलफल भएको थियो । शर्माको प्रस्तुति १७ वटा दिगो विकास लक्ष्यबाट सुरू भएको थियो ।उहाँले सबै लक्ष्यबारे संक्षिप्त जानकारी गराउँदै तीनको स्थानीयकरणबारे विस्तृतमा बताउनुभएको थियो ।

सन् २०१६ देखि २०३० का लागि तय गरिएका दिगो विकास लक्ष्यहरु:

| | |
|---|---|
| १. | हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने |
| २. | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने |
| ३. | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने |
| ४. | समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने |
| ५. | लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने |
| ६. | सबैका निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने |
| ७. | धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने |
| ८. | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने |
| ९. | उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने |
| १०. | देशभित्र तथा देशहरूबीचको असमानता हटाउने |
| ११. | सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने |
| १२. | दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने |

| | |
|---|---|
| १३. | जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुझ्न तत्काल कार्य अघि बढाउने |
| १४. | दिगो विकासका निम्ति महासागर, समुद्र र सामुद्रिक स्रोतहरू संरक्षण गर्ने र दिगोरूपमा प्रयोग गर्ने |
| १५. | पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरूभूमीकरणविरूद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने साथै जैविक विविधताको ह्रासलाई रोक्ने |
| १६. | दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने |
| १७. | दिगो विकासका लागि कार्यान्वयनका उपाय/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने |

**यामनाथ शर्मा**ः १७ वटा दिगो विकास लक्ष्यपछि दिगो विकास लक्ष्य अर्थात् दिविलहरूको स्थानीयकरण के हो ? भन्नेबारेमा बुझ्न जरूरी छ । दिविलहरूको स्थानीयकरणअन्तर्गत समुदायसम्म पुग्ने माध्यम, स्थानीय स्तरमा दिविललाई परिभाषित गर्ने, अवलम्बन गर्ने, कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने काम पर्छन् । दिविलहरू हासिल गर्ने सन्दर्भमा स्थानीय वस्तुस्थितिलाई केन्द्रमा राख्ने काम पर्छ । दिगो विकास लक्ष्य (दिविल) को स्थानीयकरणको आवश्यकताबारे केही चर्चा गरौं, हरेक कुरा स्थानीय भूगोलमा घटित हुने, दिविलका लागि हुने ठूलो लगानी स्थानीय स्तरमा हुने, स्थानीय आवश्यकता र प्राथमिकतालाई दिविलसँग जोड्न, राष्ट्रिय प्रतिबद्धता पूरा गर्न, एकीकृत, बहुतहको, बहुसरोकारवाला सहभागिताको वकालत गरिएको हो । स्थानीयकरणका पक्षहरूमा जनचेतना, पैरवी, सञ्जालीकरण, नीति, योजना, बजेट, तर्जुमा, कार्यान्वयन र अनुगमन आवश्यक छन् । दिविलहरूको स्थानीयकरणमा नेपाल सरकारको प्राथमिकता, संघीयता र अधिकार तथा स्रोतको निक्षेपण र स्थानीयकरणको समय, प्रदेश र स्थानीय सरकारको प्रतिबद्धता र संयुक्त राष्ट्रसंघको प्राथमिकता रहेका छन् ।

## प्रस्तुतिपछिको छलफल

सामुदायिक रेडियोकर्मीहरूले गरिएका कामलाई दिविलसँग जोडेर हेर्न, दाँज्न, नजानिएको, नसकिएको स्वीकार गरेका थिए । रेडियोकर्मीले स्थानीय र प्रदेश सरकारको कामलाई दिविलमैत्री बनाउन सहजीकरण गर्ने प्रतिबद्धता जनाउँदै विषयविज्ञता र तौरतरिकामा सहयोगको अपेक्षा गरेका थिए । सामुदायिक रेडियोहरूले गरेका कामलाई दिविलमैत्री भए/नभएको, आफूहरू दिविलमैत्री भए/नभएको तुलना गर्न अझै धेरै कुरा सिक्न बाँकी रहेको रेडियोकर्मीहरूको भनाइ थियो । सबै सहभागीलाई धन्यवाद दिंदै प्रस्तुति सकिएको थियो । प्रस्तुति र छलफलका लागि अकोराबका कार्यकारी निर्देशक बालकृष्ण पोखरेलले सहजीकरण गर्नुभएको थियो ।

## बहस ७

- विषय : महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायका लागि सामुदायिक रेडियो, सहभागिता, पहुँच
- सहजकर्ता : अर्जुन राई, उपाध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ
- वक्ताहरू : संविधानसभा सदस्य एवं फातीमा फाउडेसनकी संस्थापक मोहम्मद सिद्धिकी,
- मीना गुरूङ : रेडियो मर्स्याङ्दी
- अमिका राजथला : अध्यक्ष, डब्लूडब्लूजे
- रेम विश्वकर्मा : सचिव, नेपाल पत्रकार महासंघ

महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायका लागि सामुदायिक रेडियो, सहभागिता, पहुँच विषयक बहसको सहजीकरण अकोराबका उपाध्यक्ष अर्जुन राईले गर्नुभएको थियो । यो विषयका वक्ताहरूमा संविधानसभा सदस्य एवं फातीमा फाउडेसनकी संस्थापक मोहम्मद सिद्धिकी, रेडियो मर्स्याङ्दीकी मीना गुरूङ, युनेस्कोका लागि लैंगिक परामर्शदातासमेत रहनुभएकी डब्लूडब्लूजेकी अध्यक्ष अमिका राजथला, नेपाल पत्रकार महासंघका सचिव रेम विश्वकर्मा रहनुभएको थियो ।

**मोहम्मद सिद्धिकी**: महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायका लागि सामुदायिक रेडियो, सहभागिता, पहुँचका विषयमा बोल्ने अवसरका लागि धन्यवाद दिन चाहन्छु । लोकतन्त्रको एउटा अङ्ग रेडियो हो । लोकतन्त्रको मर्म महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायलाई कसरी मूलधारमा ल्याउने भन्ने हो । म महिलाका साथसाथै मुस्लिम समुदायको पनि प्रतिनिधित्व गरिरहेको छु । मलाई स्थापित गर्न सञ्चारमाध्यमले नै सहयोग गरेको छ । सञ्चारमाध्यमले आवाजविहीनहरूको आवाज ल्याएर ती आवाजलाई कुना काप्चामा पुऱ्याउने काम गरेको छ । पहिले समुदायले नै मुस्लिम सुमदायका महिलालाई केही काम गर्न नदिने अवस्था थियो । त्यो बेला सामुदायिक रेडियोमार्फत नै हामीले मुस्लिम महिलालाई स्थापित गर्ने काम गऱ्यौं । सञ्चारले मुस्लिम समुदायका महिलाले के चाहेका छन् भनेर प्राथमिकता दिएकाले मलगायत समुदायका महिला अघि बढ्न सक्यौं ।




फातीमा फाउण्डेसनमार्फत थुप्रै खतरा मोलेर पनि पछि परेको र पारिएकाहरूका लागि काम गरियो । सकारात्मक आवाज उठाइदिने काम रेडियो सञ्चारकर्मीले गरिदिएकोमा आभारी छु ।

महिला, आदिवासी, जनजाति र सीमान्तकृत समुदायका लागि रेडियोबाट ३० प्रतिशत समय दिनुभयो भने उनीहरूको सुधारात्मक जीवनस्तरमा थप टेवा पुग्ने छ । रेडियोहरूको अर्को भूमिका सद्भाव बढाउनु पनि हो र बढाइरहेका

पनि छन् । छिमेकी देशहरूको तुलनामा नेपालमा सद्भाव बढाउने काम रेडियोहरूले बढी गरेका छन् । महिलाले केही गर्नु हुँदैन, बुर्कामा बस्नुपर्छ भन्ने हाम्रो समुदायको गलत मान्यता चिर्न हामीले रेडियोकै सहयोग लियौं । मैले नेपालमा एक्लै हिंड्न कहिल्यै असुरक्षित ठान्नु परेन । छिमेकी भारतमा त्यस्तो अवस्था छैन । सुरक्षित वातावरण बनाउन नेपालका सञ्चारमाध्यमले भूमिका खेलिरहेका छन् ।

**अमिका राजथला** : म २३ वर्षदेखि पत्रकारितामा छु । मैले सीमान्तकृत समुदायको हितका लागि लगातार काम गरिरहेकी छु । सञ्चारमाध्यमले सोच्ने तरिका पनि आमसामाजिक सोच पनि पितृसत्तात्मक नै छ । १ सय २३ मातृभाषा बोलिने नेपालमा ६० भन्दा बढी भाषामा सामुदायिक रेडियोले सामग्री प्रसारण गर्नु गौरवको कुरा हो । मार्टिन चौतारीमार्फत वसन्त महर्जनले गर्नुभएको अनुसन्धानबाट पत्रपत्रिकाले मात्रै सही सूचना प्रसारण गर्न सक्तैनन् भन्ने तथ्य बाहिर आएको छ । यसको 'ग्याप' सामुदायिक रेडियोले पूर्ति गरेका छन् । रेडियोमा नीतिगत रूपमा लैंगिकलगायत अन्य नीतिको अभाव, पर्याप्त तालिमको अभाव छ । संस्कृति, रितिस्थितिका कुरा पत्रपत्रिकाको तुलनामा सामुदायिक रेडियोले धेरै गर्न सक्छन् । रेडियोको सुरूआत भएपछि 'नेपाल भाषा'को 'जोजोलोपा' शब्द चर्चित भएको हो । रेडियोले गीत बजाउन सुरू गरेपछि योमरी पूर्णिमामा गाइने गीतको महत्व बढेको छ । खस भाषामा बज्ने रेडियो कार्यक्रमले जुम्लामा चर्चा पाएको छ । यी सबै कुराले सामुदायिक रेडियोले समुदायमा अपनत्व बढाएको प्रष्ट छ ।

**रेम विश्वकर्मा** : नेपालका सन्दर्भमा चरित्र, स्वभाव, संस्कार के छ भनेर हामी सबैलाई धेरै कुरा थाहा छ । नेपाली समाजका सबैखाले भूगोल हेरियो भने, कर्णालीदेखि काठमाडौंसम्मका महिला, आदिवासी जनजाति र सीमान्तकृत समुदायको अवस्था उस्तै छ । समुदायको विषय, अपनत्व, सहभागिताका लागि सामुदायिक रेडियो चाहिएको हो । हामीभन्दा एउटा भन्छौं, गर्दा अर्को गर्छौं । सकारात्मक सोचले मात्रै पुगेन, काम सकारात्म हुन सकेन । हामीले भनेका धेरै छौं, गरेका कम छौं, मुद्दामा सबै सकारात्मक छौं तर काममा छैनौं । सामाजिक असमानताहरू अझ बढिरहेको छ । समाजलाई पूरै बदल्ने कुरा गर्नुपर्छ कर्णालीको विकासका कुरा गर्दा त्यहाँका दलित, जनजाति, पछाडि पारिएको वर्गका साथसाथै त्यहाँका बाहुनका बारेमा पनि सोचिनुपर्छ । हामीसँग राम्रो नीति हुनुपर्छ, हामीले उठाउने विषयवस्तु के के हुन्छन् भनेर

रेडियोले नै तयारी गर्नुपर्छ । हामी समुदायमा स्थापित रेडियोले समुदायले भनेअनुसार समुदायका लागि काम गर्नुपर्‍यो । अकोराबले योग्यता, दक्षता भएका सञ्चारकर्मी उत्पादन गर्नुपर्छ । हरेक सामुदायिक रेडियोमा कार्यरत जनशक्तिले' रेडियोलाई साँच्चै मेरो समुदायको बनाउँछु, सुन्न लायक बनाउँछु' भनेर सोच्नुपर्छ ।

**सहजकर्ता : सामुदायिक रेडियोमा महिलाको अवस्था कस्तो छ, महिलामैत्री बनाउन के गर्नुपला ?**

**मीना गुरुङ** : नेपालमा पत्रकार महिलाको संख्या वृद्धिमा सामुदायिक रेडियोको भूमिका छ । सबै सामुदायिक रेडियोमा कुनै कुनै ढंगले महिलाको सहभागिता रहेको छ । छापा सञ्चारमाध्यमहरूमा भन्दा सामुदायिक रेडियोमा महिलाको संख्या बढी छ । रेडियोमा ४० देखि ४५ प्रतिशत महिला छन् । सामुदायिक रेडियोको नेतृत्व तहमा करिब २५ प्रतिशत महिला छन् । पुरूष नेतृत्वमा भएको रेडियोमा लैंगिक हिंसा वा महिलालाई कुनै न कुनै हिसाबले हेपिएको पाइएको छ । महिला नेतृत्वमा भएको रेडियोमा त्यस्ता हिंसा कम पाइएको छ । महिलाले पाउने सूचना र पुरूषले पाउने सूचनामा फरक हुन्छ । जति पुरूषले सूचना पाउँछन्, खट्छन्, महिलाले विविध कारणले सक्तैनन् । अकोराबले पनि बोर्डमा धेरै महिला ल्याउन पहल गर्नुपर्छ । सन् २०११ मा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले लैंगिक नीति ल्याएको थियो । तर त्यो नीति कार्यान्वयन कस्तो भयो भन्ने कुरा यहाँको उपस्थितिले पनि देखाउँछ । महिलाको सहभागिता कम छ । नेपालका सामुदायिक रेडियोहरूमा महिला उपाध्यक्षसम्म हुन्छन् तर अध्यक्षमा आउन कठिन छ । हामीले बनाएका नीतिअनुसार काम किन भएन भनेर हेर्न आवश्यक छ । महिलालाई छुट्याइएको कोटामा महिलालाई नै ल्याउनुपर्छ ।

## फ्लोर

**लालबहादुर ओली, रेडियो बाजुरा** : महिला प्रतिनिधित्वको कुरा केही वर्षयता निकै चर्चामा रहेको छ । यसले सहभागिता पनि बढाएको छ, सद्भाव र समभावका हिसाबले संवैधानिक अंगका प्रमुख महिलाले मुस्लिम समुदायका कार्यक्रममा किन जाँदैनन् होला ? महिलाको कुरा महिलाले नै गर्नुपर्ने,

दलितका कुरा दलितले नै बोल्नुपर्ने, जाति वर्ग क्षेत्रको मुद्दा तिनैले बोल्नुपर्ने अवस्था छ । उच्च वर्गका महिलाले आममहिलाको नेतृत्व गरून्जेल महिलाको विकास हुँदैन । सामाजिक विभेद्का मुद्दामा हातेमालो गर्न किन गाह्रो ?




**निरञ्जन हाडा, रेडियो देवघाट** : मोहम्मद सिद्धिकीज्यू, आफ्नो समुदायले प्रतिबन्ध गरेको काम गर्दा कत्तिको दुःख पाइयो ?

**मिलन गाहा** : रूपन्देही, मगरको छोराले पनि रेडियोमा बोल्न सक्छ र ? भन्ने मान्यता हाम्रै समाजमा छ ।

**सुरजप्रसाद सैंजु, जनसञ्चार एफएम, भक्तपुर** : नीति बन्नुपर्छ, बनेको तर समुदायले त्यसबाट लाभ लिन सकेको छैन ।

**गुणराज मोक्तान, रेडियो रोशी काभ्रे** : नेपालीहरूको सवाल, इतिहास विदेशीले लेखिदिए, दलितको इतिहास उपल्लो जातिले लेखिदिए, कसले बोल्यो, कसले लेख्यो भन्ने कुराले अर्थ राख्छ, आफ्नो सवाल आफैंले राख्नुपर्छ । सहभागितामात्रै होइन संलग्नताको सवाल महत्वपूर्ण छ । महिलाले चलाएको रेडियो र पुरूषले चलाएको रेडियोमा विभेद् रहेको छ ।

**अमर मल्ल, दैलेख** : दूरदराजमा रहेका समुदायका व्यक्तिहरू रेडियोमा सहभागी भएको पाइँदैन, उनीहरूलाई सामुदायिक रेडियोले कसरी सहभागी गराउने ?

**दिपु पोखरेल, रेडियो मुक्ति, रुपन्देही** : संविधानले नै ३३ प्रतिशत सहभागिता भनेको छ, अकोराबमा पुग्यो कि पुगेन ? नेतृत्व तहमा महिला पुऱ्याउन के गर्नुपर्ला ?





**दिलमाया शाही, रेडियो नारी आवाज, जुम्ला** : महिलाले चलाएका रेडियोलाई सहयोग र सशक्तीकरणका लागि अकोराबले के गर्दै ? सामाजिक रूपमा महिला-पुरूषबीच रहेको खाडलले परेको अप्ठेरो छ । कर्णालीमा पत्रकार महिला कसरी टिकाउने भन्ने प्रश्न खडा भएको छ । रेडियोमा महिला, छ महिनाभन्दा बढी टिक्दैनन् । कसरी टिकाउने ?

**बन्दना दनुवार, सचिव, अकोराब** : महिलाका कुरा सामुदायिक रेडियोले उठाए पनि पर्याप्त छैन । व्यवस्थापन र कन्टेन्टमा पनि आउनुपर्छ । सामुदायिक रेडियोलाई महिला/लैङ्गिकमैत्री बनाउनुपर्छ । अफ आवरमा काम गर्न नसकिने/नपाइने कारण महिलालाई स्रोत निर्माणमा समस्या परेको छ । महिलाले अफ आवरमा काम गरिहाले आउन सक्ने आक्षेपले पनि अप्ठेरो छ । पत्रकार महिलाको संख्या बढाउन, टिकाइराख्न विशेष ख्याल गर्नुपर्छ ।

**राकेश मिश्र, नेपालगन्ज** : मधेशी र मुस्लिम समुदायका महिलाका लागि तालिम, कार्यक्रम भए पनि टिक्न सकेको पाइएन । भाषाभाषीका कार्यक्रममा आवाज दिने मानिस पाउनसमेत गाह्रो हुन्छ । कसरी संख्या र दक्षता बढाउन सकिएला ?

**सहजकर्ता : फ्लोरबाट उठेका प्रश्नका उत्तरसहित समुदायले सामुदायिक रेडियोबाट गरेका अपेक्षा ।**

**मोहम्मद सिद्धिकी** : गणतन्त्र र धर्मनिरपेक्ष देशमा राष्ट्रपति, प्रधानमन्त्रीले सबै कार्यक्रममा नगएको विषय गम्भीर छ । हाम्रा कार्यक्रममा पनि राष्ट्रपति आइदिए हुन्थ्यो जस्तो लाग्छ, नआइदिँदा दुःख लाग्छ । समान दृष्टिकोणले हेर्नुहोस् भन्ने आग्रह गरेका छौं । संविधान निर्माणका क्रममा मुस्लिमलाई मधेशी बनाइपछि दुःख थपिएको छ । पढ्दा वा काम गर्दा, खासगरी फातिमा फाउण्डेशन खोलेपछि थुप्रै चुनौती आए संयोगले मारिइन्, त्यत्ति भनौं । एउटी मुस्लिम महिला सक्रिय हुँदा धार्मिक गुरूहरूले नामै लिएर गाली गरेका थिए, फतुवा लगाउन प्रयास गरे, थुप्रै तर्क गरेर फतुवाबाट बचियो । फतुवा भनेको सामाजिक बहिस्कार हो । बुवा पनि पढेलेखेको हुनुहुन्थ्यो, मेरो बुवाले शिक्षा हासिल गर्न पठाउनुभयो, युवा पुस्ताले मलाई सहयोग गऱ्यो ।लोकतन्त्रले दिएको उपलब्धिले म यसरी हिंड्न बोल्न सकिरहेको छु । यसमा सामुदायिक रेडियोले सहयोग गरेको छ ।

**अमिका राजथला** : कुनै पनि विषय कसैको पेवा भन्ने हुँदैन, घाउ जसलाई लागेको हुन्छ, उसैले मलम लगाउने प्रयास गर्छ । जसलाई पीडा परेको हुन्छ, त्यही वर्ग अघि बढ्नु नराम्रो होइन । सुर्खेत सम्मेलनको थिम नै यसैसँग जोडिएकोमा खुसी लागेको छ । लैंगिकता भनेको सबैको विषय हो, लैंगितकता भन्नेबित्तिकै महिला र पुरूषमात्रै जस्तो देखिन्छ, महिला पुरूषबीच नै समानता नरहेकाले महिलाको बढी कुरा आएको हो । महिला र आदिवासी महिलामा फरक के छ भनेर सोधिएको थियो । महिला र आदिवासी महिलाले भोग्ने पीडा फरक छ । भौगोलिक, जातीय, क्षेत्रीय हिसाबले फरक-फरक ठाउँका महिलाले भोग्ने समस्या फरक-फरक छन् । महिलाले पाउने सुविधा नै फरक-फरक छ ।

सामुदायिक रेडियोले समुदायका सवाल अघि बढाउँदा रेडियो र पत्रकार पनि अघि बढ्ने सम्भावना हुन्छ । महिलाले पत्रकारिता गर्न सबै ठाउँमा गाह्रो छ । संख्या, दक्षता बढाउने, नीति निर्माण तहमा महिला पुग्ने विषयमा हामी लागिरहेका छौं । पत्रकार महिलामा पनि सबैभन्दा ठूलो कुरा त आफैंमा पेशाप्रतिको समर्पण हुनुपर्छ । हामी १२ वर्षदेखि पत्रकारितामा महिलाको संख्या बढाउने, दक्षता बढाउने र नीति निर्माण तहमा महिला पुऱ्याउने उद्देश्यमा काम गरिरहेका छौं, गरिरहन्छौं ।

**सहजकर्ता : विभेद अन्तका लागि सामुदायिक रेडियोले के गर्नुपर्छ ?**

**रेम विश्वकर्मा** : दलित, जनजाति, आदिवासी पछि पारिएको वर्गलाई सहानुभूति देखाउने र विचरा भन्ने धारणा हटाउनुपर्छ । कर्णाली भन्नेबित्तिकै सबै गरिब, सबै विचरा भन्ने होइन, यहाँ भएको फरकपनलाई फरक ढंगले हेरिनुपर्छ । महिला प्रतिनिधित्वमात्रै ठूलो हुने होइन, हामीले सबै प्रणालीमा सुधार गर्नुपर्छ । केही प्रतिनिधि देखाउनु फरक कुरा हो, अनुभूति हुनुपर्छ । नेतृत्व, विचार, व्यक्तित्व र सम्पूर्ण पक्षले महत्व राख्छ । प्रतिनिधित्व कसको हुने भन्ने कुराले महत्व राख्छ, काम कस्तो गर्छ, कसका लागि गर्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ ।



संसारभर नेतृत्वमा आउने भनेको टाठा बाठामात्रै हुन् । कर्णाली र काठमाडौंलाई समान मान्नु र दलित र गैरदलितलाई समान मान्नु एकै हो । सम्पन्नता र शिक्षाले मात्रै विभेद् अन्त्य गर्दैन, आरक्षण आवश्यक छ । जातीय छुवाछूत हटाउन हरेक सामुदायिक रेडियोले प्रतिबद्धतासहित काम गर्नुपर्छ ।

**मीना गुरुङ** : हामीले आदिवासी, महिलाको सहभागिताका कुरा गरेका छौं । सामुदायिक रेडियोकै कारण आदिवासी महिलाका विषय अघि आएका हुन् । अकोराबमा भएको राम्रो नीतिको राम्रो कार्यान्वयन हुने विश्वास छ ।

## निष्कर्ष

हामी सामुदायिक छौं, सधैं सामुदायिक भइराखौं । सामुदायिक रेडियो र छाता संगठनलाई दीर्घजीवी बनाउन लागिपरौं । सामुदायिकपन बोकेको रेडियोले पछि परेको वर्ग, क्षेत्र, महिला, आदिवासी, जनजाति, भूगोलका नागरिकको

आवाज बोल्न सक्छ । उनीहरूलाई अघि ल्याउन सक्छ । समुदायको सहभागिता, सञ्चालन, अपनत्वका लागि हामी समुदायमै जानुपर्छ, समुदायले चाहेका कुरा बजाउनुपर्छ ।

रेडियोमा समुदायको सहभागिता आवश्यक छ । सामुदायिक रेडियोले महिला, जनजाति, आदिवासी, मुस्लिम, मधेशी, पछि परेका, पारिएका वर्ग, क्षेत्र, लिंग, समुदायका आवाज ल्याएर, उनीहरूको पीडा, चाहना, आवश्यकतालाई उजागर गर्न सक्नुपर्छ । नीति, नियम बन्नु र त्यसको कार्यान्वयन हुनु फरक–फरक कुरा हुन् । महिला सञ्चारकर्मीको संख्या बढाउन अकोराबले पनि पहल गर्नुपर्छ । संख्या बढाउने, दक्षता बढाउने र उनीहरूलाई पेशामा टिकाइराख्ने कुरा चुनौतीपूर्ण भए पनि निरन्तरको प्रयासले सम्भव छ ।



# सम्मेलनका उपलब्धि र निष्कर्ष

सामुदायिक रेडियो अभियानले दुई दशक पार गरिसकेको, नयाँ संविधानअनुसार संघीयता कार्यान्वयनको चरणमा रहेको र स्थानीय सरकारसँग समन्वय गरी रेडियोहरूको दिगो विकासका लागि काम गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गरिएको बेला सबै सरोकारवालासँग भएको छलफल महत्वपूर्ण रह्यो । संघीयदेखि प्रादेशिक र स्थानीय सरकारका जिम्मेवार अधिकारी, नागरिक संगठनका प्रतिनिधि र रेडियोकर्मी एकै थलोमा बसेर गरिएको सघन बहसले समुदायको आवाज बोल्ने, समुदायले नेतृत्व गरेको, समुदायकै सहभागितामा सञ्चालनमा रहेका सामुदायिक रेडियोलाई परिचित गराउने र सरकारले गर्ने व्यवहारबारे स्पष्ट हुन दबाब सृजना गरेको छ । कर्णाली प्रदेशमा देशभरका रेडियाकर्मी जम्मा भएर बहस गर्नु, रेडियोकर्मीसँगै सामुदायिक संगठनका व्यक्तित्वहरूबीच छलफल बहस हुनु, सामुदायिक रेडियोका लागि छुट्टै नीतिको आवश्यकताबारे सामूहिक आवाज उठान हुनु सम्मेलनका उपलब्धि हुन् । विषयगत बहसहरूमा सामुदायिक रेडियोसँगको सहकार्यका लागि संघीय, प्रादेशिक र स्थानीय सरकार एवं नागरिक संगठनहरूले प्रतिबद्धता जनाउनु सम्मेलनले हासिल गरेका उपलब्धि मानिएको छ । जसमा स्थानीय तहसँगको समन्वय र साझेदारीबारे प्रशस्त बहस भएकाले मजबुद सहकार्यका लागि प्रतिबद्धता व्यक्त गरिनु सम्मेलनका सकारात्मक पक्षहरू हुन् । समाजमा व्याप्त हानिकारक अभ्यासहरूका विरूद्ध सामुदायिक रेडियो प्रसारक संघले सुरू गरेको अभियानमा हातेमालो गर्दै जाने प्रतिबद्धता सम्मेलनको अर्को महत्वपूर्ण उपलब्धि मानिएको छ ।

सम्मेलनले सामुदायिक रेडियोलाई सम्बोधन गर्ने छुट्टै नीति नहुँदा भोग्नु परेको अप्ठेरोलाई मुख्य बाधा मानेर निष्कर्ष तथा सुझावका रूपमा सामुदायिक रेडियोहरूको सुर्खेत घोषणा-पत्र २०७५ जारी गरेको छ । सरकारले रेडियो चलाउने नभएर सामुदायिक रेडियोसँग सहकार्य गर्नुपर्नेमा विशेष जोड दिँदै जारी गरिएको सुर्खेत घोषणापत्रमा सामुदायिक रेडियोहरूका तर्फबाट प्रतिबद्धता र मागहरू समेटिएका छन् ।



# सामुदायिक रेडियो : नीतिगत बहस


सामुदायिक रेडियो
स्थापना दिवसको

## पृष्ठभूमि

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले आफ्नो १८ औं स्थापना दिवस २०७५ चैत्र ९ गते एक औपचारिक कार्यक्रम गरी मनाएको छ । २०५७ साल चैत्र ९ गते स्थापना भएको अकोराबले काठमाडौंमा नीतिगत बहससहित स्थापना दिवस मनाएको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटा, नेपाली कांग्रेस नेता एवं पूर्व सञ्चारमन्त्री मिनेन्द्र रिजाल, संसद्को कानुन न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेल, सांसदहरू, राष्ट्रिय योजना आयोगका सदस्य तथा अकोराबका पूर्व अध्यक्ष मीनबहादुर शाही, संस्थापक अध्यक्ष रघु मैनाली, त्रिवि पत्रकारिता विभाग प्रमुख चिरञ्जीवी खनाल, नेकपा नेता सूर्य थापा, पत्रकार महासंघका पूर्व अध्यक्ष सुरेश आचार्य सामुदायिक संगठनहरूका अध्यक्ष तथा प्रतिनिधि, अकोराब कार्यसमितिका पदाधिकारी, सदस्य रेडियोका प्रतिनिधि, सञ्चारकर्मी, अकोराबका वर्तमान तथा पूर्व कर्मचारीसहितको उपस्थितिमा नीतिगत बहससहित वार्षिकोत्सव मनाइएको हो ।



## कार्यक्रमको स्वरूप तथा शुभारम्भ

### (क) कार्यक्रमको उद्घाटन

अकोराबको १८ औं स्थापना दिवसका अवसरमा आयोजित 'सामुदायिक रेडियो : नीतिगत बहस' विषयक संवाद कार्यक्रममा विभिन्न सरोकारवाला संघसंस्थाका प्रतिनिधि, सामुदायिक प्रसारक एवं विषय विज्ञहरूसहित ८० जनाको उपस्थिति थियो । कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले पानसमा द्वीप बालेर उद्घाटन गर्नुभएको थियो ।

### (ख) संस्थापक अध्यक्षलाई सम्मान

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले स्थापना दिवसको अवसरमा अकोराबको स्थापना तथा सामुदायिक रेडियो अभियानमा महत्वपूर्ण






योगदान पुऱ्याएकोमा कदर गर्दै संस्थापक अध्यक्ष रघु मैनालीलाई सम्मान गरेको छ । उहाँलाई दोसल्ला ओढाएर सम्मान गरिनुका साथै अकोराबका तर्फबाट सम्मानपत्र प्रदान गरिएको थियो । सम्मानपत्रमा सामुदायिक रेडियो प्रसारक संघको स्थापनामा मैनालीले पुऱ्याउनु भएको योगदाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि उहाँको रचनात्मक भूमिकाको अपेक्षा गरिएको छ ।

## संस्थापक अध्यक्ष मैनालीको मन्तव्य

सबैभन्दा पहिले म खुसी व्यक्त गर्न चाहन्छु, सम्मानका लागि आभारी छु । विगतमा हामीले थोरैबाट सुरू गरेको जमात, अहिले ठूलो भएको छ । ठूलो फैलावटले विगत सम्झिएको छ । स्थापना दिवसमा तीनवटा कार्य गर्नु जरूरी हुन्छ, पहिलो विगतको सम्झना गर्ने, दोस्रो वर्तमानको समीक्षा गर्ने, तेस्रो भविष्यको गन्तव्य निर्णारणका लागि बहस गर्ने । जसले आगामी बाटो तय गरोस् । त्यस सिलसिलामा आजको छलफल बढ्ला भन्ने अपेक्षा लिएको छु । विगतलाई सम्झनु पर्दा : हामीले २०४९ सालदेखि नेपालमा रेडियो प्रविधि भित्र्याउनुपर्छ भनेर संघर्ष गऱ्यौं । त्यस बेला थुप्रै उत्तारचढाव आए, विस्तृत रूपमा जान चाहन्न ।



२०५४ साल जेठ ५ गते दैनिक २ घण्टाको प्रसारणका लागि हामीले रेडियो सगरमाथा सञ्चालनको अनुमति पायौं । हामीले इजाजतबिना नै रेडियो प्रसारण गरेका थियौं । सरकारका लागि गैरकानुनी थियो होला, हाम्रा लागि त्यो वैध नै थियो । कानुनी र वैध फरक कुरा हुन् । अझै पनि हाम्रोमा रेडियो अभियान, रेडियोका प्रकारहरूका बारेमा हाम्रा कानुनले धेरै कुरा चिन्न नसक्ला, कानुनी रूपमा यसलाई व्यवस्थापन गर्न अझै पनि हामी क्रियाशील रहनुपर्ने अवस्था होला, तर यो वैध भइसकेको छ । विगतमा सामुदायिक रेडियोको, स्वतन्त्र रेडियोको अभियानमा मात्रै उत्तारचढाव आएको होइन, देशमै धेरै उत्तारचढाव थिए । लामो समय सोचेर केही निर्णयमा पुग्न सक्ने सरकार नै हामीसँग थिएन । कोही तीन महिनामा, कोही छ महिनामा, कोही नौ महिनामा बदलिन्थे । धेरै मन्त्रीहरूले धैरै सकारात्मक रूपमा प्रयास गर्दागर्दै पनि अपुरो भएर बसेका कुरा हुन् । करिब २५ वर्ष सामुदायिक रेडियोको अभियानमा निरन्तर लाग्दा अहिलेसम्म कुनै पनि मन्त्रीज्यूले यो हुँदैन, यो चाहिँदैन भन्नुभएको सुनेको छैन । यसलाई कसरी छिटो गर्ने भनेर लाग्दै गर्दा उहाँहरूको अवधि समाप्त भएका घटना प्रशस्त छन् ।

एक/दुईजनाको प्रयासले समाज अगाडि बढ्ने होइन, म अन्तर विषयपरकतामा विश्वास राख्छु । हरेक व्यक्तिका योगदानहरू मिलेरमात्रै सामूहिक रूपमा कुनै

काम सम्पन्न हुन्छ । अहिले हामीसँग राम्रो अवसर आएको छ । पाँच वर्षका लागि स्थायी सरकार हामीसँग छ । सञ्चारक्षेत्र बुझेको सञ्चारमन्त्रीज्यू हामीसँग हुनुहुन्छ । मैले व्यक्तिगत रूपमा उहाँको भावना, जोस, उत्साह र जुझारूपन नजिकबाट चिनेको, देखेको हुनाले मन्त्रीज्यूकै पालामा यो सम्पन्न हुन्छ भन्ने कुरामा विश्वस्त छु । म आग्रह पनि गर्न चाहन्छु, यतातिर मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

२०५७ सालमा सामुदायिकको नाममा सुरू भएका हामी जम्मा पाँचवटा मात्रै रेडियोहरू थियौं । अरू ३/४ वटा व्यापारिक रेडियो थिए । त्यसरी सुरू भएको इतिहास आज हामी ३५० नाघिसकेका छौं, यो गर्व र उत्साहको विषय हो । यो हामी रेडियोसँग मात्रै जोडिएको छैन ।

सूचना र सञ्चारलाई हाम्रा संविधानले मौलिक हकका रूपमा स्थापित गरेका छन् तर हामीले मौलिक हकलाई प्रचलनमा ल्याउँदा भट्टि उद्योगको भन्दा बढी कर तिरिरहनुपरेको छ । सामान्यतया राजनीतिक, प्रशासनिक संयन्त्रले बेलामा गर्नुपर्ने निर्णयहरू नगरिदिंदा अहिले केही 'क्राइसिस' सृजना भएका छन् । हाम्रो मन्त्रीज्यू यहाँ हुनुहुन्छ, अहिले ठूलो अवसर छ । विगतका मन्त्रीले चाहेर पनि भ्याउनुभएन, अवधि पुगेन । अहिलेका मन्त्रीज्यूसँग पर्याप्त समय छ, यो अभियानलाई बुझ्नु पनि भएको छ, मन्त्रीज्यूले छिटोभन्दा छिटो यो अभियानलाई अघि बढाउनुहुन्छ भनेर म विश्वस्त पनि छु ।



भविष्यतर्फ फर्केर हेर्दा हाम्रा दायित्वहरू पनि छन्, हामीले स्वघोषित दायित्व सुरू गरेका छौं । अहिले दुई दशकमा आइपुग्दा अन्यौलताका कारण उत्प्रेरणाको संकट पनि आएको छ । आर्थिक संकट पनि बेहोरिरहेका छौं । यद्यपि हामी वैध छौं भन्यौं, त्यहीमा पनि अब संकट सुरू भएको छ । हामी जनताभन्दा टाढा, जनताका प्राथमिकताभन्दा फरक भएका छौं, किन भने सरकारलाई तिर्नुपर्ने कर संकलन गर्नुपर्दा जनताका आवश्यकताभन्दा व्यापारीका आवश्यकतालाई ध्यान दिनुपर्ने बाध्यता बढ्दै गएको छ । जनताका प्राथमिकताभन्दा टाढा हुनुको मतलब, जनताको सहभागिता कम हुन थालेको छ, जनताको स्वीकार्यता पनि कम हुँदै गयो भने वैधताको संकटमा पनि पुगिन्छ । त्यसबाट जोगिनका लागि पनि हामी निकै हतारिनुपर्ने अवस्था छ ।



(ग) **सामुदायिक रेडियोको सुर्खेत घोषणा–पत्र हस्तान्तरण**

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालका अध्यक्ष सुवास खतिवडाले विश्व रेडियो दिवस २०१९ का अवसरमा 'समानता र सुशासन प्रवर्द्धनका लागि सामुदायिक रेडियो' विषयमा २०७५ फागुन १ र २ गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सम्पन्न सामुदायिक रेडियो राष्ट्रिय सम्मेलनबाट जारी 'सुर्खेत घोषणापत्र २०७५' कार्यक्रममा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटालाई हस्तान्तरण गर्नुभएको थियो । १० बुँदे 'सुर्खेत घोषणापत्र २०७५' मा सामुदायिक रेडियोका तर्फबाट पाँचवटा प्रतिबद्धता र पाँचवटा माग समेटिएका छन् ।



## नीतिगत बहस

अकोराब स्थापना दिवसमा गरिएको 'सामुदायिक रेडियो : नीतिगत बहस' कार्यक्रमको सुरूमा अकोराब महासचिव गोविन्द देवकोटाको सहजीकरणमा छोटो औपचारिक कार्यक्रम सञ्चालन गरियो । महासचिव देवकोटाले नेपालमा सामुदायिक रेडियो सुरू भएको २१ वर्ष पूरा हुँदासमेत रेडियोको भूमिका र योगदानअनुसार कानुन आउन नसकेकोतर्फ ध्यानाकर्षण गराउनु भयो । वरिष्ठ उपाध्यक्ष अर्जुन गिरीले उपस्थित सबैलाई स्वागत गर्नुभयो । औपचारिक कार्यक्रमपछि कार्यक्रमको अध्यक्षता गर्नुभएका अकोराब अध्यक्ष

सुवास खतिवडाले स्थापनाको उद्देश्य, १८ वर्षे यात्रा, सामुदायिक रेडियोहरूको अवस्था र नीतिको आवश्यकताबारे धारणा राख्दै सहजीकरण गर्नुभएको थियो । कार्यक्रमका सहभागीले सामुदायिक रेडियोका लागि छुट्टै नीति ल्याउन ढिला भइसकेको तर्फ सम्बन्धित मन्त्री र सांसदको ध्यानाकर्षण गराएका थिए ।

## बहसमा व्यक्त धारणा

### गोकुल बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री

सामुदायिक रेडियो प्रसारक संघलाई १८ औं स्थापना दिवसको शुभकामना । हामी सबैलाई थाहा छ, संविधानले दिइसकेका अधिकारमाथि प्रश्न र शंका गरिरहनु आवश्यक छैन । सरकारले संविधानले 'गर' भनेका काम गर्ने हो, सरकार संविधानबाहिर जान सक्तैन । विज्ञापनसम्बन्धी ऐन आयो, 'क्लिन फिट' को कुरा खुब चलेको थियो, ल्याइयो । यो क्षेत्रले ठाउँ पायो, यसले आर्थिक स्रोतमाथिको अधिकार स्थापित गरेको छ जस्तो लाग्छ । अब विज्ञापनसम्बन्धी आचारसंहिता पनि बन्नुपर्छ, बनाउनुपर्छ । यो बनाउने काम उत्पादकको हो, मिडियाले पनि आफ्नो नीति बनाउनुपर्छ, एजेन्सीले पनि नीति बनाउनुपर्छ । यी कुरा प्रकाशन/प्रसारण गर्ने या नगर्ने भनेर नीतिमा हुन आवश्यक छ । स्वतन्त्रताको नाममा 'फलानो महाराज आउनुभएको छ, उहाँलाई हात देखाएपछि चट्टै हुन्छ, फलानो होटलमा यति हजार तिरेर जान सकिन्छ' भनेर विज्ञापन गर्न पाउने कि नपाउने ? त्यो विज्ञापनको हकमा पर्छ कि ठगीमा ? यस्ता विषयलाई गम्भीर रूपमा लिनुपर्छ । आफैंले बनाएको आचारसंहिता लागू भएन भने बल्ल ऐन आकर्षित हुन्छ ।

हिंसालाई अभिप्रेरित गर्ने, उत्तेजना र भ्रम सिर्जना गर्ने हिसाबले विषयवस्तु प्रस्तुत हुन थालिसकेका छन् । त्यसो हो भने हामीसँग दुईवटा विकल्प हुन्छ, हिंसा गर्न पनि पाइन्छ भनेर त्यसलाई उक्साउने समाचार सम्प्रेषण गर्न, प्रकाशन गर्न पाइन्छ कि पाइँदैन ? त्यो मानव अधिकारभित्र पर्छ कि पर्दैन ? त्यसमाथि कारबाही गरियो भने त्यो प्रेस स्वतन्त्रताको हनन हुन्छ कि हुँदैन ? हामी कसरी बुझ्छौं ? के व्याख्या गर्छौं, के लागू गर्छौं ? यस्ता विषय तपाईहरू आफैं पनि हेर्न सक्नुहुन्छ, मैले रेकर्ड राखिरहेको छु । केही मिडियाले 'हिंसा' गर्न पाउनुपर्छ भनेर वकालत गरिरहेका छन् ।

जहाँसम्म सामुदायिक रेडियोहरूको फ्रिक्वयन्सीको, रोयल्टीको, नवीकरणको कुरा छ, हामी छलफल गरौंला । अब पर्याप्त समय छ, करको विषयमा 'सम्पूर्ण आम्दानी' को भन्ने हट्छ होला, मैले पहिले पनि जानकारी गराएको छु । मिडियाले नै पत्रकार साथीहरूलाई न्यूनतम पारिश्रमिक चाहियो भनेर विषय उठाउनुभयो । नतोकेको धेरै समय भएको थियो, तोकियो । कार्यान्वयनको चरणमा मालिक र कामदारबीच स्वाभाविक द्वन्द्व हुँदोरहेछ । त्यसपछि साना लगानीको मिडियाको कुरा आयो । साना लगानीको मिडिया भनेर कहीं लेखिएको पाइएन । साना लगानीका भन्ने परिभाषित गरेर जसरी छुट लिन खोज्नु भएको छ, सामुदायिक रेडियोको हकमा पनि त्यही हो, साना लगानीको परिभाषा कसरी गर्ने ? या त यतिसम्म लगानी भनेर परिभाषित हुनुपर्‍यो, या यति जनशक्ति कार्यरत या वार्षिक कारोबार यतिसम्म भएको भन्नुपर्छ । रेडियोको हकमा पनि सामुदायिक, कमर्सियल र सार्वजनिक भन्ने परिभाषा छैन । जब परिभाषा हुँदैन भने कुन विधिबाट जाने भन्ने विषयमा हामीले छलफल गरेर टुंगो लगाउनुपर्छ । यसमा हिजोको आँखाले मात्रै नेहेरौं, आजको अभ्यास र समाजले खोजिरहेको परिवर्तन, त्यसले लिन खोजिरहेको बाटोलाई कसरी संस्थागत गर्न सकिन्छ भनेर छलफल गरेर जान सकिन्छ ।

काठमाडौं उपत्यकामा 'फ्रिक्वयन्सी होल्डिङ' गरेर राख्ने कुरा अत्याचारपूर्ण ढंगले भइरहेको छ । कसैले नयाँ पाउँदैन, कसैले नचलाए पनि हुने अवस्था छ । 'फ्रिक्वयन्सी' सामाजिक सम्पत्ति हो । त्यसले आर्जन गर्छ । सबै कुरालाई स्वतन्त्रतामा नजोडौं, केही कुरालाई कर्तव्यमा पनि जोडौं । अधिकार, कर्तव्य र स्वतन्त्रता सँगसँगै हुन्छन्, त्यसलाई कानुनद्वारा मिलाएर जाऔं । स्वतन्त्रताको सीमा कैद गर्ने सरकारको कुनै योजना छैन । कुनै कुरा असीमित भन्ने हुँदैन, कर्तव्य र अधिकारको पनि सीमा हुन्छ । स्वतन्त्रतालाई नियमन गर्न खोजिएको हो ।

सामुदायिक रेडियोको पनि क्षेत्र निर्धारण गर्नुपर्छ । कृषि हो कि पर्यटन ? अनि 'लिंक' गर्ने हो कि होइन ? ५०० वाट, १००० वाटको एफएम हुन्छ कि हुँदैन ? सरकारले पनि त सोध्न पाउँछ नि ? समुदायिक हो भने भूगोल तोक्ने कुरा पनि हुन्छ । कानुन बनाउने क्रममै रहेको हुनाले तपाईहरूसँग पनि छलफल जारी छ । आफ्नो फाइदाका लागि मात्रै ठूलो स्वर नगरौं । सरकारले सबैलाई मिलाएर लैजान्छ ।

अनुमतिपत्रको अवधिलगायत विषयमा पनि तपाईहरूसँग छलफल गरेर टुंगो लगाइने छ । कमाउन जानेले प्रतिस्पर्धा गर्नुपर्छ, सेवा गर्नेले सुविधा पाउनुपर्छ, यही मान्यता हो । स्थानीय तहले एफएम चलाउन पाउने कि नपाउने भन्ने प्रश्न आयो, संविधानले दिइसकेको अधिकारमा धेरै बहस नगरौं । तपाईहरूका मागमा, तपाईहरूले मान्न सक्ने, राज्यले धान्न सक्ने गरी, जनता र देशलाई पनि राम्रो हुनेजति गरौं ।

## कृष्णभक्त पोखरेल, सभापति, कानुन न्याय तथा मानवअधिकार समिति

सामुदायिक रेडियोसँग आबद्ध यहाँहरूले निकै अप्ठेरोका बीचमा देशको सबै कुनाहरूमा पुगेर करिब ३५० वटा सामुदायिक रेडियो सञ्चालन गरेर, जनतालाई सुसूचित गर्ने दायित्व निर्वाह गर्न सफल हुनुभएको छ । म सामुदायिक रेडियो प्रसारक संघलाई मुरी–मुरी बधाई तथा शुभकामना दिन चाहन्छु । यो यात्रामा कहाँ कहाँ अप्ठेरा छन्, अब हामी पनि साथ दिने यात्रीहरू छौं, संयुक्त रूपमा हाम्रा प्रयासहरू गरौं, यहाँहरूले खोजेको लक्ष्य परिपूर्ति हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

म संविधानसभामा संविधान मस्यौदा समितिको सदस्य पनि थिएँ, संविधान मस्यौदा गरिरहँदा हामीले प्रस्तावना लेख्ने कुरामै झण्डै २० दिन लगायौं । त्यसमध्येको एउटा महत्वपूर्ण कुरा प्रेस स्वतन्त्रता भन्ने विषय, 'पूर्ण प्रेस स्वतन्त्रता' राख्नु पर्ला कि 'प्रेस स्वतन्त्रता' मात्रै लेखे पुग्ला भन्ने थियो ।अन्तिममा हामी 'प्रेस स्वतन्त्रता' मात्रै भन्दा कहीं न कहीं संकुचन हुनसक्ला, यो संकुचन हुने विषय होइन भनेर 'पूर्ण प्रेस स्वतन्त्रता' लेखेर जाने निष्कर्षमा पुग्यौं । संविधानले त्यो स्पिरिटलाई समेटेको छ । संविधानको, सञ्चारको हकमा, प्रकाशन तथा प्रसारणको कुरा' पूर्व प्रतिबन्धित होइन', यो 'प्रतिबन्ध' गर्ने विषय पनि होइन भन्ने कुराको सुनिश्चितता गरिएको छ । अहिलेको सरकार, विधिको शासन, मानव अधिकारको रक्षाको क्षेत्रमा अगुवाइ गरिरहेको छ ।

अहिले संविधान प्रदत्त मौलिक अधिकारहरूलाई कार्यान्वयन गर्नका लागि तोकिएको समय, एक वर्षभित्र १६ वटा मौलिक अधिकारका कानुन पारित गरेर त्यो प्रतिबद्धता जाहेर गरिरहेको अवस्थामा अर्को शंका गर्नुपर्ने छैन । अहिलेको सरकार, सत्तारूढ दल, विधिको शासन, मानव अधिकार, आवधिक

निर्वाचन, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रताजस्ता विषयमा कहीं कतै पनि सम्झौता गर्ने पक्षमा छैन, यसमा निर्धक्क हुनका लागि विनम्रतापूर्वक अनुरोध गर्दछु । नीतिगत बहस भएकाले कानुन निर्माणको सन्दर्भमा केही कुरा राख्न चाहन्छु । कानुन निर्माण एउटा 'प्राइभेट बिल' को रूपमा, अर्को 'गभरर्मेन्ट बिल' को रूपमा गरी दुई तरिकाले हुन्छ । दुनियाँभर नै करिब करिब यही प्रक्रिया हो । नेपालको संसदीय इतिहासमा, 'प्राइभेट बिल' को रूपमा जम्मा तीनवटा बिलमात्रै पास भएको छ । त्यो सामर्थ्यता हामीले हासिल गर्न सकेका छैनौं । पाकिस्तानमा जाँदा मैले थाहा पाएँ, उनीहरूको संसदीय इतिहासमा पनि १५/१६ वटा बिलमात्रै पास भएको रहेछ । जापान र बेलायतको फरक छ । जापानमा एउटा सांसदको सचिवालयमा ९ जनाको सचिवालय हुँदोरहेछ, स्वकीय सचिव पनि प्रत्येक कानुन निर्माणको प्रक्रियामा संलग्न हुँदा रहेछन् । 'प्राइभेट बिल' तयार गर्न सक्छन्, हाउसमा त्यसका लागि लवी गर्न सक्छन् । हामीकहाँ सरकारको तर्फबाट वा 'प्राइभेट बिल' को रूपमा दुई प्रक्रियाबाट बिल संसदमा आउँछन् ।

बिल निर्माणकै क्रममा सरोकारवालासँग कत्तिको सम्बन्ध हुन्छ ? जुन समस्या परिपूर्तिका लागि, जसको सहजीकरणका लागि कानुन, विधेयक बन्छ, ती सरोकारवाला समुदायहरूसँग परामर्शबिना कानुन निर्माण गर्ने कुरा राम्रो होइन, हुनुहुँदैन । मस्यौदाकै चरणमा मन्त्रीज्यूले यसमा अवस्य ध्यान दिनुहुनेछ । मन्त्रीज्यू त यही विषयमा विज्ञ व्यक्तित्व तपाईंले पाउनुभएको छ । यो समयमा सञ्चारक्षेत्रमा नयाँ चिज आउन सकेन भने पछि गाह्रो हुन्छ भन्ने कुरामा म पनि सहमत छु ।

जब बिल हाउसमा सैद्धान्तिक छलफलपछि समितिमा आउँछ, हामी ३३४ ले मात्रै कानुन निर्माण गर्ने होइन । तपाईहरूले चासो, सरोकार राख्नुहोला । केही समयअघि मात्रै 'बोनस एक्ट' पास भएको थियो । बोनस दिनेहरू यतिसम्म बोनस दिन तयार छु भनिरहेका थिए, बोनस लिने मजदुर साथीहरू यतिसम्म चाहिन्छ भनिरहेका थिए, लिने र दिनेबीच सहमति थियो, तर सरकारले अर्कै–अर्कै ढंगबाट 'बोनस एक्ट' ल्यायो । समितिमा उद्योग वाणिज्य संघ, सीएनआई, मजदुर, एक्सपर्ट र सरकार राउण्ड टेबलमा राखेर त्यही दिन भएको सहमतिअनुसार कानुन पास गरेर पठाइयो, सबै खुसी भए । वैदेशिक रोजगारसम्बन्धी विधेयक आयो, त्यसमा पनि निकै चर्चा परिचर्चा भयो, वैदेशिक रोजगारका साथीहरू 'हामीले त कुरा राख्नै पाइएन' भन्ने हिसाबबाट समितिमा आउनुभयो । तपाईहरू

आउनुस्, मन्त्री साथमा बस्नुहुन्छ, विज्ञ पनि बस्नुहुन्छ, एउटा निष्कर्ष निकाल्छौं भन्यौं । सरकारले ल्याएको भन्दा सकारात्मक, सन्तुलित ढंगबाट संसद्ले कानुन बनायो । कानुन निर्माणको प्रक्रियामा तपाईहरू संलग्न हुनुपर्छ । यो सबै प्रक्रियामा हाम्रो सहभागिता हुनसक्छ ।

अब हामी नयाँ युगमा प्रवेश गरेका छौं, विगतको जस्तो रोइलो होइन, हामी समृद्धिको सहयात्रामा छौं । यो यात्रामा पक्षविपक्ष हुन पनि जरूरी छैन । मेरो पाँच वर्षको अनुभवमा, समितिमा १० प्रतिशतमा पनि अल्पमत–बहुमत भएको छैन । पार्टीको पोसिजनले त्यहाँ काम लाग्दैन, त्यहाँ तर्कको आधारमा हुन्छ, केही केही 'नेशनल लेभलका इस्यु' मा कहिलेकाहीं पोजिसन लिएको हुन्छ र मतदान हुन्छ । होइन भने, समिति तहमा एउटा पार्टीको एकजना हुनुहुन्छ, अरू पार्टीका दशजना हुनुहुन्छ, राम्रो तर्क एकजनाको छ भने त्यही कुरा सर्वसम्मत पास हुन्छ । मेरै नेतृत्वमा रहेको कानुन न्याय समितिले १६५ वटा कानुन सर्वसम्मत पास गरेको छ । यो प्रक्रियाका विषयमा यहाँहरूले जानकारी राख्नुपर्छ, यसलाई व्यापक रूपमा संप्रेषण पनि गर्नुपर्छ । मेरो विशेष अनुरोध, मौलिक अधिकार, सांसद साथीहरूले कत्तिको पढ्नु भएको छ ? १६ वटा कानुन, यहाँहरू, अगुवा मिडियाका साथीहरूले सरकारले प्रतिबद्धता जनाएका यी विषय कत्तिको पढ्नुभएको छ ? आमजनताको बीचमा लानुपर्ने छ, आधारभूत स्वास्थ्यको अधिकार, आवासको अधिकार, अब घर छैन भने दिनैपर्छ, छैन भन्न पाइन्न । खान पाएको छैन भने, खाना दिनैपर्छ, रोजगारी दिनै पर्छ, नदिए ५० दिनको तलब दिनैपर्छ । यी कुरालाई दूरदराजमा लाने कुरामा अध्ययन आवश्यक छ । यो पाटोमा मिडियाबाट सचेततापूर्वक खबरदारी गर्न जरूरी छ । तपाईहरूसँग जनताको संगठित आवाज छ, जनताको बीचमा तल्लो तहका जनताले बुझ्ने भाषामा जुन ढंगले लानुभएको छ, त्यसका लागि सम्मान गर्न चाहन्छु । हामी एक्लो छौं कि भन्ने नठान्नुहोस्, साथदिने हामीजस्ता सांसदहरू त्यहाँ धेरै छौं । यहाँहरूको यात्रा नथाकिकन अघि बढ्नका लागि शुभकामना दिन चाहन्छु ।

### मीनेन्द्र रिजाल, नेता, नेपाली कांग्रेस एवं पूर्व सञ्चारमन्त्री

सामुदायिक रेडियो प्रसारक संघलाई १८ औं वर्ष प्रवेशमा बधाई तथा शुभकामना । यो महत्वपूर्ण छलफलमा बोलाउनु भयो धन्यवाद । म सञ्चारमन्त्री हुँदा कुनै पनि सञ्चारगृह, सञ्चारमाध्यममा प्रतिबन्ध लगाउने काम भएन ।




रेडियोको इजाजतपत्र जिल्लाबाटै नवीकरण गर्ने प्रबन्ध मेरै पालामा भएको हो । मैले यो पनि भन्नुपर्छ, म मन्त्री छँदा मधेश आन्दोलनका क्रममा मधेशका रेडियोलाई बन्द गर्नुपर्‍यो भनेर सरकारमा सँगै रहने, संविधानसँगै बनाउने राजनीतिक पार्टीका मानिस आएर पटक–पटक भन्ने गर्नुहुन्थ्यो, मैले गरिनँ, त्यसमा मलाई गर्व छ । मेरो सिद्धान्तसँग जोडिएको कुरा हो । वीपी कोइरालाको संगतमा बसियो, 'स्वतन्त्रताको सीमा स्वच्छन्दतालाई छिचोल्ने खालको हुन्छ,' भन्नुहुन्थ्यो । त्यो मान्यताभन्दा बाहिर जानु उपयुक्त देखिन । एकपटक पत्रकार महासंघबाट अनलाइनका बारेमा नियमन हुनुपर्‍यो भनेर आउनुभयो, प्रस्तुत गर्नुभयो, मलाई कागज दिनुभयो, मैले राखें । दुई/चारवटा सञ्चारमाध्यमहरूले 'मीनेन्द्र रिजालले अनलाइनलाई प्रतिबन्ध लगाउन लागे' भनेर लेखे । मैले पत्यार गर्ने केही मिडियाका साथीहरूले 'सामान्य लोकतान्त्रिक मुलुकको परिभाषाभन्दा बाहिर पर्ने मुलुकको छायाँ हेरेर बनाइएको छ, अघि नबढाउनुहोला' भन्नुभयो, मैले कार्यकालभरि अघि बढाइन् । एउटा विषयले मलाई सधैं अप्ठेरो पार्ने गर्थ्यो, जहिले पनि दबाब 'फ्रिक्वयन्सी' चाहियो भन्ने हुन्थ्यो । काठमाडौंमा त 'फ्रिक्वयन्सी' नै खाली छैन भन्ने प्रतिवेदन आएको थियो । जहाँबाट माग आउँथ्यो, त्यहाँ रेडियो चलाउन सम्भव छैन भन्ने अर्को प्रतिवेदन आउँथ्यो । बाँड्ने काममा आफैं नपर्न पाए हुन्थ्यो भन्ने लागेको थियो ।

नर्वेमा फ्रिक्वयन्सी वितरणको काम बन्द गरेर डिजिटल प्रविधिमार्फत चलाइएको छ । हामीकहाँ पनि त्यो प्रविधि आउन धेरैबेर नलाग्न सक्छ । 'फ्रिक्वयन्सी'को विषयमा पनि धेरै नजाऔं । रघु मैनालीजीले जति भने पनि, सामुदायिक रेडियोले सामुदायिक रेडियोको पहिचाहन त बनाउनै पर्छ । नेपालमा सामुदायिक रेडियो आउँदा म धेरै खुसी थिएँ, अमेरिका बस्दा एउटा सहरबाट अर्को सहरमा जाँदा अर्कै समुदायको रेडियो सुनिन्थ्यो, म सामुदायिक रेडियोबाट प्रभावित भएर आएको थिएँ । तर नेपालमा सामुदायिक रेडियो त्यो बाटोबाट अघि बढेको छैन । यो कुरालाई अस्वीकार गरेर सुधार हुन सक्तैन । सम्झाउने जिम्मा मन्त्रीज्यूको हो, म त्यो ठाउँमा छैन । सामुदायिक रेडियोले 'सामुदायिक चाहिँ नहुने, बाँकी सबै हुने' बाटो समात्न हुँदैन । एनजीओले चलाएको पनि हुन सक्छ, वडाले, नगरपालिकाले, गाउँपालिकाले चलाएको पनि हुनसक्छ, त्यसमा नजाऔं । संविधानमा यी विषयमा लेख्ने बेलामा मस्यौदा समितिमा थिएँ, कार्यदलमा थिएँ, मन्त्री पनि भएको हुनाले यो विषय मैले हेर्छु भनेको थिएँ । 'फ्रिक्वयन्सी' वितरण संघीय सरकारको हो, एफएम सञ्चालन, प्रदेश सरकार र स्थानीय सरकारको हो । यी कुरा सचेत मनमै संविधानमा राखिएको हो, त्यो राख्ने बेलामा मैले संविधान बनाउनेहरूलाई व्याख्या गरेकै हुँ । ऐन, कानुन बनाउनेले पनि यति कुरा चाहिँ बुझ्नुपर्छ । यो बाहिर गएर कानुन बनाउन मिल्दैन । वाक, प्रकाशन स्वतन्त्रताको अधिकारलाई अंकुश लगाउन मिल्दैन । अंकुश लगाउने सोचबाट कसैले पनि हिंड्न हुँदैन । मन्त्री हुँदा लगाउन मन लाग्ला तर त्यो लोभमा नलाग्दै उचित होला ।

सार्वजनिक सेवा प्रसारणको कुरा उठेको छ, हामीकहाँ रेडियो नेपाल र नेपाल टेलिभिजनलाई 'पब्लिक सर्भिस ब्रोडकास्टिङ'को बाटोमा लाने कामको कार्यदल बनाएर सुरूआत गरेको थिएँ । संसद मातहतमा ल्याउन त्यसो गरिएको थियो । हामीले आफ्ना सीमाहरूलाई बुझ्नुपर्छ । सामाजिक सञ्जाल नियन्त्रण सम्भव छैन । सूचना प्रविधिसँग मिसिँदै जाने हो । सूचना प्रविधिको विधेयकमा गम्भीर छलफल हुनुपर्छ । विज्ञापन ऐनका विषयमा पनि प्रशस्तै छलफल गर्नुपर्छ । वाक र प्रकाशन स्वतन्त्रतालाई अंकुश लगाउने हाम्रो संविधान होइन, सूचना सञ्चार प्रविधिले जसरी हामीलाई अगाडि लिएर गइरहेको छ, प्रविधिलाई परास्त गर्छु भन्ने कुरा कसैले नसोचौं । सामुदायिक रेडियोको विकासका लागि तीनै तहका सरकार उपयोगी होउन् । सामुदायिक रेडियो काम लाग्ने बन्न सकोस्, यो सम्भावनालाई ध्यानमा राखौं ।

## यज्ञराज सुनुवार, संघीय सांसद

१८ औं वार्षिकोत्सवका सन्दर्भमा तपाईहरू सबैलाई हार्दिक शुभकामना र बधाई । रघु मैनालीलाई खादा ओढाएर सम्मानपत्र दिएर इतिहासको सम्मान गर्नुभएको छ । मीनबहादुर शाहीले भन्नुभएजस्तै सामुदायिक रेडियोहरू हिजोको दिनमा बाँच्नका लागि संघर्षको चरणमा थिए, अब यसले आफ्नो नारालाई पनि परिवर्तन गर्नुपर्छ । सामुदायिक रेडियोको अबको नारा 'क्याम्पिएन फर एड्भान्स' हुँदा राम्रो होला भन्ने लाग्छ । सामुदायिक रेडियो प्रसारक संघको नेतृत्वमा सामुदायिक सूचना नेटवर्क सीआईएनले समाचार बजाउँछ, समाचारअघि 'सयौं रेडियो, हज्जारौ रेडियोकर्मी र करोडौं नेपालीको माझमा, यो हो सामुदायिक सूचना नेटवर्क सीआईएन' भनेर बडो स्वादिलो, सुनौं सुनौं लाग्ने जिङ्गल बज्छ, साह्रै मन पर्छ।

मैले सुनेको थिएँ, २००७ साल फागुन ७ गते काठमाडौंमा राणाशासनको अन्त्य भयो, त्यो समाचार आठ महिनापछि कर्णालीको जुम्लामा पुगेछ, त्यही दिन जुम्ला, कर्णालीबासीले 'राणाशासन मूर्दावाद, प्रजातन्त्र जिन्दावाद' भनेर नारा लगाएछन् । तर आज, यतिबेला अमेरिकामा के भइरहेको छ, काठमाडौंमा के भइरहेको छ, सिंहदरबार वा बालुवाटारले के निर्णय गऱ्यो भन्ने कुरा एक मिनेट नबित्दै हुम्लामा पुग्छ, ताप्लेजुङ, अनि दार्चुलामा पनि । यो त्यही सामुदायिक रेडियोको योगदानको प्रतिफल हो । जनताको सूचनाको भरपर्दो संयन्त्र भएकोमा हार्दिक बधाई दिन चाहन्छु ।

नेपालको संविधान २०७२, नागरिकलाई वा कुनै पनि पाटो र पक्षलाई अधिकार दिने हिसाबले कमजोर छ जस्तो लाग्दैन । त्यो संविधानमा हस्ताक्षर गर्ने ६०१ जनामध्येको एक भएरमात्रै होइन, एउटा सामान्य नागरिकको हैसियतले यसमा पनि छलफल र बहस गर्न सक्छु । यसको कार्यान्वयन कसरी गर्छौं भन्ने विषय हाम्रा लागि चुनौती हो । यदि हामीले ठीक ढंगले प्रयोग गरेनौं भने, नजान्ने भान्छेले दुईचार महिनामै 'प्रेसर कुकरलाई डेक्ची' बनाएजस्तो कच्याककुचुक हुनसक्छ । यसो हुनबाट रोक्ने प्रयास हामी सबैले गर्नुपर्छ । सरकार नियामकमात्रै होइन, व्यवस्थापक पनि हो । सरकारले व्यवस्थापकीय भूमिका निर्वाह गर्नुपर्छ । लोकतन्त्र भनेको उदण्डता होइन, अराजकता पनि होइन । सबै पाटो र पक्ष जिम्मेवार र उत्तरदायी बन्नुपर्छ । आमपत्रकारिता जगत् 'सही र सत्य' को जगमा उभिए अगाडि बढ्यौं भने हामी सबैको भलो हुन्छ ।

## रामबहादुर बिष्ट, संघीय सांसद

१८ औं स्थापना दिवसमा सामुदायिक रेडियो प्रसारक संघ परिवारलाई शुभकामना । नीतिगत रूपमा त्रुटि नहुने गरेर सामुदायिक रेडियो प्रसारक संघले नै बहस गरेर कुन कुन विषयमा संशोधन गर्नुपर्ने हो भनेर हामीलाई समेत जानकारी गराइदिए थप बल पुग्ने छ । तपाईहरूको भावनाबाट म प्रभावित छु, गर्नुपर्ने मुख्य कुरा के के हुन् तयार गरेर जानकारी गराउनुहोला । तपाईहरूले भनेका विषय सम्बोधन गर्न पाए हुन्थ्यो भन्ने लागेको छ । पत्रकार नै मन्त्री भएको बेला यो विषयबारे उहाँलाई सिकाउनु नपर्ला, यस क्षेत्रमा उहाँ अनुभवी हुनुहुन्छ । जनभावनाअनुरूप हामीले चल्नुपर्छ । नवीकरण शुल्कका बारेमा पनि कुरा उठ्यो, यसमा सरकारले सहजीकरण गर्नुपर्छ । करका विषयमा रेडियोलाई उद्योगपति, व्यापारीलाई जस्तो गर्नुभएन, कम गर्नुपर्छ । आमजनताले मन पराएका कुरालाई प्रतिबन्ध लगाउनु हुँदैन, वाक स्वतन्त्रताको विषयमा ध्यान दिनुपर्‍यो । पत्रकारलाई अंकुश लगाउने विधि सरकारले ल्यायो भने यो गाह्रो विषय हुन्छ । अहिलेको सरकार पाँच वर्षका लागि हो, मन्त्रीज्यूले पाँच वर्ष काम गर्ने अवसर पाउनुभएको छ ।



## (च) इन्दुकुमारी शर्मा, संघीय सांसद

१८ औं स्थापना दिवसको अवसरमा सामुदायिक रेडियो प्रसारक संघलाई शुभकामना दिन चाहन्छु । ग्रामीण जनताको मर्म र भावनालाई लिएर स्थापना भएका सामुदायिक रेडियोले आजसम्म आइपुग्दा समाजमा धेरै सराहनीय काम गरेका छन् । ग्रामीण जनताका आवाज उठाइदिने, विभिन्न आन्दोलनलाई शान्तिपूर्ण अवतरण गराउन पनि महत्वपूर्ण भूमिका खेलेका छन् ।



सामुदायिक रेडियोले जनताका आवाज सम्बन्धित ठाउँमा पुऱ्याउने, जनताको चाहना, समृद्धिका कुरालाई प्राथमिकतामा राखेका छन् । जनचेतना बढाउने काम भएका छन् । स्थानीय जनतासँग जोडिएर आवाज उठाउने विषयमा अझै पनि मेहनत गर्नुपर्ने छ । नयाँ बनेका कानुनलाई नाटकको माध्यबाट वा अन्य तरिकाले प्रसारण गर्न सके ग्रामीण जनतालाई बुझाउन सजिलो हुन्छ । गाउँका गरिब, पिछडिएको वर्गले नै बढी रेडियो सुन्ने गर्छन् । जहाँ टेलिभिजन, विद्युत् र इन्टरनेट पुगेको छैन, त्यहाँका किसानको घरघरमा रेडियो झुण्डिएका हुन्छन् । उनीहरूको दैनिकी नै रेडियोको प्रसारणसँग जोडिएको हुन्छ ।

## उमाशंकर अरगरिया, संघीय सांसद

सबैभन्दा पहिले सामुदायिक रेडियो प्रसारक संघलाई १८ औं स्थापना दिवसको शुभकामना । जनताको मिडिया बनेर आवाज उठाइदिनुभएकोमा धन्यवाद दिन चाहन्छु । रेडियो स्थापना हुँदा पार्टी विशेषको, नेता विशेषको रेडियो हुन्थे, सामुदायिक रेडियोले देशैभरि यी कुरालाई चिर्न सफल भएकोमा हृदयदेखि नै शुभकामना दिन चाहन्छु । धेरैजस्तो विधेयक फास्टट्र्याकका हिसाबले आउँछन्, सबै सांसदले विधेयक अध्ययन गर्न नपाएका पनि हुन सक्छन् । विधेयकमा आएका सबै कुरा नराम्रा छन् भन्ने होइन । मधेशवादी दलको प्रमुख सचेतकको हिसाबले, सञ्चारकर्मी, मिडियाको आवाज कसैले रोक्न हुँदैन, रोक्न पनि सक्तैन । यो पक्षमा काँधमा काँध मिलाएर अघि बढ्ने प्रतिबद्धता जनाउन चाहन्छु । सामुदायिक रेडियो नीति बनाउने क्रममा वाक स्वतन्त्रताको अधिकार खुम्च्याइनु हुँदैन ।

## मीनबहादुर शाही, सदस्य राष्ट्रिय योजना आयोग तथा पूर्वअध्यक्ष, अकोराब

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको १८ औं स्थापना दिवसमा राष्ट्रिय योजना आयोगको सदस्य र अकोराबको पूर्व अध्यक्षको हैसियतले देशैभर सञ्चालनमा आएका सामुदायिक रेडियो, रेडियोकर्मी, रेडियो अभियन्ताहरू सबैप्रति शुभकामना व्यक्त गर्न चाहन्छु । मैले अकोराबको अध्यक्ष रहेर दुई कार्यकाल नेतृत्व गर्ने अवसर प्राप्त गरें । अकोराबलाई यहाँसम्म ल्याउन झेल्नु परेका समस्याहरूका बारेमा यहाँ चर्चा गर्नुपर्दा उपयुक्त थलो हो जस्तो लाग्दैन । धेरै संस्थाहरूमा मैले नेतृत्व गरेको छु, तीमध्ये सबैभन्दा गर्व लाग्ने संस्थाको रूपमा अकोराबलाई लिन्छु । आफूले मेहनत

गरेर एउटा संस्थाको रूप ग्रहण गऱ्यो, साथीहरूको बीचमा उपस्थित हुन, अपनत्व ग्रहण गर्न मलाई सधैँ गर्व लाग्छ । भर्खरै एसिया प्यासिफिक क्षेत्रका सामुदायिक रेडियोहरूको इन्डोनेसियामा 'एसिया प्यासिफिक रेडियो सम्मेलन' भएको थियो । त्यसबाट अकोराबका अध्यक्ष सुवास खतिवडा दक्षिण एसियाको उपाध्यक्षमा निर्वाचित हुनुभएको छ । अकोराबलाई फेरि पनि बधाई दिन चाहन्छु । अकोराबले अन्तर्राष्ट्रिय स्तरमै नेतृत्व गर्छ । संसारका यस्ता संगठनहरूमध्ये अकोराब सुशासन र व्यवस्थापनका हिसाबले सबैभन्दा व्यवस्थित संगठनमा पर्छ ।

गत वर्ष पोखरामा सम्पन्न वार्षिक साधारणसभामा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीज्यू प्रमुख अतिथि हुनुहुन्थ्यो । उहाँले 'अकोराबको इतिहास मलाई थाहा छ, यसमा संलग्न साथीहरूले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा नेतृत्व गर्नुभएको छ' भन्नुभएको थियो । अकोराबले यो हैसियत स्थापित गरेको सन्दर्भमा, हाम्रा माननीय सूचना प्रविधि तथा सञ्चारमन्त्रीज्यू, सञ्चारक्षेत्रबाटै आफ्नो व्यक्तित्व विकास गरेर जानुभएको छ । नीति निर्माणको दौरानमा यसले उठाएका विषयमा कमी हुन्छ जस्तो मलाई लाग्दैन । हामीले सामुदायिक रेडियोको स्वतन्त्रताको विषयमा जुन कुरा गरेका छौं, म योजना आयोगबाट पनि यही सूचना तथा सञ्चारक्षेत्र हेर्छु । मन्त्रीज्यूसँग १५ औं योजनाका विषयमा पटकपटक छलफल गरिसकेको छु । उहाँ आफैंले बोलाएर यी कुरा यसरी राख्नुपर्छ यसरी अगाडि बढ्नुपर्छ भन्नुभएको छ । तपाईहरू सामुदायिक रेडियोमा जुन कार्यक्रम सुन्नुहुन्छ, त्यही कार्यक्रमका आधारमा मात्रै सामुदायिक रेडियो 'हो र हैन' भन्ने कुरा निर्धारण गर्न सकिँदैन । सामुदायिक रेडियोका विषयमा अमार्क र युनेस्कोले के के भनेको छ भनेर सुरेश आचार्यले कुरा उठाउनुभयो, नेपालमा अकोराब आफैंले सामुदायिक रेडियोको आचारसंहिता निर्धारण गरेको छ । नेपालका सामुदायिक रेडियोले आफैं आचारसंहिता निर्माण गरेर काम गरिरहेका छन् । सामुदायिक रेडियोहरूमार्फत बज्ने आवाज र सुशासनमा सहभागिताको विषय हेरिनुपर्छ । सहभागिता कमजोर छ भने प्रोत्साहन गर्ने विषयमा सरकार लाग्छ । वाक स्वतन्त्रतासँग जोडिएर पनि विषयहरू आएका छन् । सरकार सांगठनिक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रतालगायतका अन्य स्वतन्त्रतामाथि अंकुश लगाउने पक्षमा छ जस्तो लाग्दैन । सरकार, आमनागरिकले संगठन खोल्न पाउने, संगठित हुने अधिकार सुरक्षित गर्ने कुरामा प्रतिबद्ध छ । अहिलेसम्मको अवस्थामा सामुदायिक रेडियोहरू 'बाँच्नका लागि संघर्ष' गरिरहेका छन् । हुर्कने वातावरण तयार गर्न सरकार तयार छ ।



राष्ट्रिय योजना आयोगले तयार गरिरहेको १५ औं पञ्चवर्षीय योजनामा 'फ्रिक्वयन्सी' एलोकेसनको विषय पनि समेटिएको छ । त्यसमा 'राष्ट्रिय रूपमा फ्रिक्वयन्सी एलोकेसन प्लान' निर्माण गरी यही पञ्चवर्षीय योजनाभित्र कार्यान्वयनमा ल्याइने छ भनेर लेखिएको छ । यही पञ्चवर्षीय योजनाभित्र 'अर्बिटल स्लट' स्याटलाइट सिस्टम हाम्रै हुन्छ भनेका छौं । सरकारले प्रसारणका तीनवटा पिलर, सामुदायिक, सार्वजनिक र निजी प्रसारको विषयलाई स्वीकारिसकेको छ । ऐन ल्याउने कुरामा, केही विषय हामीले हेर्नुपर्छ । हामीलाई तत्काल ऐन चाहिएको हो भने आउन सक्छ, हामीलाई बंगलादेश, हिन्दुस्थानजस्तै ऐन चाहिएको हो ? जहाँ स्वतन्त्रतालाई बन्देज लगाइएको छ । सूचना बजाउने विषयलाई वञ्चित गरिएको छ । बंगलादेशको हेर्ने हो भने, त्यहाँ १०० वाट भन्दा बढीको अनुमतिपत्र पाइँदैन, भौगोलिक कार्यक्षेत्रसमेत निर्धारण गरिदिन्छ । सरकार स्वतन्त्रतासहितको ऐन ल्याएर सामुदायिक रेडियोहरूलाई व्यवस्थित गर्न चाहन्छ । मानव अधिकारका आधारभूत राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यताप्रति सरकार सचेत छ । संविधानमा भएका मौलिक हकलाई कार्यान्वयन गर्ने सन्दर्भमा कानुन निर्माण भइरहेका छन् । अहिले हामीसँग प्राप्त अधिकारलाई व्यवस्थापन र सही ढंगले उपयोग कसरी गर्ने भन्ने प्रश्न छ । अधिकारको सही उपयोग र व्यवस्थापन गर्दा सम्बन्धित निकायको सरोकारवालाहरूको सहभागिता र सहकार्यमा गरिन्छ, अनलाइन, रेडियो वा सामुदायिक रेडियोका कुरा गरौं त्यो सरकार आफैंले गर्ने छैन । सामुदायिक रेडियोसँग जोडिएका योजना, ऐन र नियम आउँदा, यसका सरोकारवालाहरूसँग परामर्श, सहभागिता र सहकार्यबिना आउँदैन । सामुदायिक रेडियोमैत्री ऐन आउने कुरामा सरकार सचेत छ ।

## सूर्य थापा, नेकपा केन्द्रीय सदस्य

नीति निर्माणका सन्दर्भमा छलफल गर्दा, संसद्को समितिका जिम्मेवार साथीहरू यहाँ हुनुहुन्छ । कर्मचारीतन्त्रले कस्ता कानुन मस्यौदा गरिदिन्छ भन्ने कुरा त्यति महत्व र चिन्ताको विषय होइन । कर्मचारीतन्त्रले एउटा मनोदशामा कानुन, विधेयकहरूको मस्यौदा गर्छ, तर संसदीय समितिमा भएका सांसद, ती कोप्रति उत्तरदायी हुन्छन् ? तिनले कस्तो कानुन बनाउँछन् ? भन्ने कुरा तिनको योग्यताको परीक्षण ती प्रस्तुत भएका विधेयकहरूलाई कुन रूपमा टुंग्याउँछन् भन्ने कुराले निर्धारण गर्छ । सामुदायिक रेडियोको हकमा, सबै कानुन निर्माणका हकमा सम्बन्धित समितिहरूले यस ढंगले नै काम गर्ने हो । कर्मचारीतन्त्रले बूढानीलकण्ठ पुग्न सूर्यविनायकमा हल्ला गऱ्यो भनेर धेरै आतंकित हुनुपर्दैन । बूढानीलकण्ठमा पुग्ने, पुऱ्याउने सामार्थ्य हाम्रा जनप्रतिनिधिले राख्नुपर्छ । हामी संघीयताको बहसमा छैनौं, कार्यान्वयनमा छौं, म त भन्छु, च्याउसरी सरकार भए । अहिलेको समस्या नगरपालिका, गाउँपालिका, प्रदेश सबैले आफ्नो अधिकार हो जस्तोगरी रेडियोको लाइसेन्स बाँड्ने बुझाइ छ । मिडिया सञ्चालन गर्ने अधिकार तिनलाई छ, अनुमतिपत्र बाँड्ने अधिकार उनीहरूलाई हो जस्तो लाग्दैन । फ्रिक्वयन्सी त केन्द्रमै आउनुपर्ने हो । यो पाटोमा पनि बहस पुगेको छैन । फ्रिक्वयन्सी दुरूपयोगको कुरालाई रोक्ने सँगसँगै वितरणमा नै बढी ध्यान दिनुपर्छ भन्ने कुरामा ध्यानाकर्षण गराउन चाहन्छु ।



सामुदायिक हो कि होइन भनेर मैले भन्दा तपाईहरू रिसाउनुहोला, आफूलाई सामुदायिक रेडियो भनेरै सञ्चालन गरेका साथीहरू हुनुहुन्छ, जतिसुकै रिसाए पनि कुराचाहिँ राख्नुपर्छ । रेडियो कसकसले चलाएका छन् नेपालमा भनेर हेर्ने हो भने, प्रहरीले चलाएको छ, नगरपालिकाले चलाएको छ, सेना पनि प्रक्रियामा छ जस्तो लाग्छ । सहकारीका रेडियो छन्, संस्था दर्ता ऐन २०३४ अन्तर्गत बनेका संघसंस्थाले चलाएका रेडियोको बहुलता छ । हामीलाई ज्ञानका हिसाबले अमार्कमा के अभ्यास छ, के पूर्वसर्त, मापदण्ड, मानक छन् भन्ने कुराको थाहा नभएको अवस्था छैन । अमार्ककै नेतृत्व तहमा हाम्रा साथीहरू छन् । तर हामीकहाँ आएका सामुदायिक रेडियोहरूका बारेमा एकदम तीतो कुरा भन्नुपर्छ । १८ वर्षका अभ्यासहरूलाई कानुनले व्यवस्थित गर्ने हो भने आज तीतो कुरा नगरी हुन्न । जसलाई औषधिको रूपमा ग्रहण गरियो भने बल्ल यी तन्दुरूस्त, स्वस्थ हुनेछन् । सामुदायिक रेडियो छुट्टै भावना, भावुकताका कारणले जन्मिए । जन्मदाताहरू कोही राजनीतिक दल, सहकारी, नगरपालिका, कोही पुलिस भएर जन्मिए तर कानुनले तिनलाई सामुदायिक रेडियोको मानकमा व्यवस्थित गर्ने काम गरेको छैन । आजको समस्या यो हो, अकोराबका साथीहरूबाट मैले सुन्दै आएको पनि कानुनले व्यापारिक, सार्वजनिक र सामुदायिक छुट्टै बनाइदेओस्, हामीलाई एउटै बनाएको छ भन्ने हो । तर आफ्नो सामुदायिक चरित्र व्यवस्थित गर्नेबारे आफैं पनि छलफल गर्नुपर्छ ।

सामुदायिक रेडियोका साथीहरूले पनि सामुदायिक चरित्रमा म कति छु वा छैन भन्ने कुरा ऐना हेर्नु पर्‍यो । कुन रेडियो साँच्चै सामुदायिक हो, त्यहाँ पूजा–आजा भजन इत्यादिको सूचना भन्ने आधारमा मात्र सामुदायिक हुँदैन । रेडियोले स्थापना हुँदा जुन भावुकताका साथ आफ्नो सेवा थालनी गरेका थिए, तपाईहरूले हेर्नु भयो भने १० वर्ष अगाडि र आजमा धेरै अन्तर छ । यी अहिले बेवारिसे बाटाका मादलजस्ता बनेका छन् । किन भने जसले भाबुकताकासाथ यिनलाई जन्माएका थिए, तिनको सरोकार र प्राथमिकतामा यी रेडियो भएनन् । कांग्रेसले जन्माए, पूर्वमाओवादीले जन्माए, पूर्व एमालेले जन्माए । जन्माउनेहरू कहाँ पुगिसके, रेडियोहरूलाई कानुनले व्यवस्थित गरेको भए हुन्थ्यो, त्यसो हुन सकेन । तपाईहरूका माग धेरै ठूला छैनन्, तपाईहरूका आन्तरिक छलफलहरूमा म पनि बसेको छु, नवीकरणका जटिलता फुकाउने बारेमा तपाईंहरूले आफ्ना खालका अडान राख्दै आउनुभएको छ । त्यो सरकारले फुकाइदिनुपर्छ । पाँच वर्षमा

एकचोटि नवीकरण गर्ने, कर केही तिर्नु नपर्ने माग गर्नेले पनि गर्नुहुन्न, पूरा गर्नेले पनि गरिदिनु हुँदैन । न्यूनतम वैधानिक सीमाभित्र गर्नुपर्छ । धेरै भारी बोक्न नसक्ने खालका शुल्क थोपरिदिनु हुँदैन । आजका सञ्चार कानुनहरू कहाँ पुगेका छन्, छलफल गर्ने ठाउँमा आउलान् नै, छलफल गरौंला । एकीकृत सञ्चार कानुन संशोधनमार्फत यी सबै समस्या समाधान गरियोस् भनेर हामीले केहीपटक मन्त्रीज्यूसँग कुरा गरेका छौं । यिनका मस्यौदा समितिमा जाँदा कसरी टुंगिन्छन् भन्ने सन्दर्भमा सरोकारवाला साथीहरूले साँच्चै सामुदायिक रेडियोमैत्री बनाउने कुरामा ध्यान दिनुहोस् । सामुदायिक रेडियोलाई, सामुदायिक रेडियोजस्तो गरेर चलाऔं, जसलाई जस्तो लाग्यो, सामुदायिक भइटोपल्ने खालको नगरौं, साँच्चै सामुदायिक भएर अगाडि बढौं ।

### रघु मैनाली, संस्थापक अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ

हामीकहाँ रेडियोहरू सामुदायिक भए कि भएनन् भनेर जुन गफ आएको छ, त्यसमा २/३ वटा कुरा गर्छु । सामुदायिक हुनु भनेको कार्यक्रममात्रै हो ? पहिलो कुरा यहाँबाट सुरू हुन्छ, म तथ्यांक दिन चाहन्छु, जो साथीहरू आफूलाई व्यावसायिक भन्नुहुन्छ, उहाँहरू २६/२७ जिल्लाभन्दा बाहिर जानुभएको छैन, सामुदायिक रेडियोहरू ७७ वटै जिल्ला पुगेका छन्, के भावनाले गए होलान् ? पहिलो कुरा । दोस्रो कुरा त्यसको प्रशासन, त्यसमा भएका सहभागिता, त्यसको प्रणाली र संचरना हेरौं, एउटा चिजले मात्रै सामुदायिक बन्दैन । कार्यक्रमका कुरा आउँछन्, रेडियो नेपाल, नेपाल टेलिभिजन, जसलाई राज्यले करोडौं दिएकोमा यसले के गऱ्यो, के प्रभाव पऱ्यो, हामीले छलफल गर्नुपर्दैन ? तर समुदायले हामी आफ्ना कुरा आफैं मिलेर गरौं न त भन्दा तेरोचाहिँ प्रभाव के भन्ने ? यो अलि बढी भयो । तिमीहरूको डोमिन होइन, यहाँ आयौ, तिमीहरूलाई यहाँबाट लखट्छौं, भन्ने गरिएका कुराहरू पनि म महसुस गरिरहेको छु, त्यस अर्थमा । अर्कोतिर गैरसरकारी संस्थाहरू सामुदायिक हुन कि होइनन्, समस्यै त्यही छ । अहिलेको हाम्रो प्रसारण ऐनले फ्रिक्वयन्सी र कल साइनमात्रै दिन्छ, दर्ता गर्दैन । हामीले सुरू देखिनै भनिराखेका छौं, यसले सत्रतिर दर्ता हुने होइन, एउटा कानुन आओस्, त्यहाँ हामी यसरी चल्छौं, हाम्रो आचारसंहिता यो हुन्छ, हाम्रो कार्यशैली यो हुन्छ, हाम्रा कार्यक्रम यस्ता हुन्छन् भनेर जे चिज प्रस्तुत गर्छौं, सरकारले त्यसलाई स्वीकार गरेपछि त्यो आफैं संस्था होस् । त्यसो भए, अरूका स्वार्थमा हामी रूमलिनु पर्ने थिएन ।



अहिले हामीले सरकारलाई पैसा बुझाउनुपर्छ, व्यापारिक विश्राम त्यसका लागि चाहिएको हो । त्यसमा यतिसम्म छ कि, व्यापारिक स्टेशनहरूले नाफाको १० प्रतिशत बुझाए पुग्छ, सामुदायिक रेडियोले आम्दानीको २ प्रतिशत, आम्दानी भनेको मैले भन्सार तिरेको कर छ भने त्यसको पनि २ प्रतिशत बुझाउनुपर्छ । हरेक करहरूमाथि पनि कर थपिइराखेको छ । यो अवस्थामा के गर्ने त रेडियोहरूले ? पैसा त बुझाउनुपर्‍यो ।

तेस्रो, छोराछोरीले बुढेसकालमा पाल्छन् भन्ने आसले नै हाम्रो समाज चलेको छ, तर जन्मेको भोलिपल्टै कमाउन थाल, पाल्न थाल भनेर हुँदैन । त्यसले काखैमा हग्छ । अहिले सामुदायिक रेडियोहरू जुन अवस्थामा छन्, नयाँ छन्, सिक्दै छन् उनीहरूको भावना र इमान्दारितामा हामीले प्रश्न गर्न सक्ने ठाउँ छैन । गल्तीले, नजानेर, झुक्किएर केही भएका छन् भने त्यसका लागि नै यी सबै कुरा चाहिने हो, व्यवस्थित गर्नुपर्ने, त्यो पाटो पनि हेरौं । सबैखालका कानुन गाजेमाजे गरेर एकै ठाउँमा लाउन खोजियो, एनजीओ पनि लगाइयो, सहकारी पनि लगाइयो, कम्पनी पनि लगाइयो अनि राष्ट्रिय प्रसारण ऐन पनि लगाइयो । हुँदा हुँदा अब त केसम्म आयो भने, न्यूनतम पारिश्रमिक दिएन भनेदेखि नवीकरण नगर्ने, भन्नुको अर्थ मैले चोरी गरें भने मलाई चोरी ऐनअन्तर्गत होइन नागरिकता खोस् भनेजस्तो अर्कै ऐन आकर्षित गर्ने काम भइराखेका छन् । यी कुरामा हामीले ख्याल गर्नुपर्छ ।

यहाँ नीतिगत रूपमा बहसै चलाउन खोजेको कुरा, स्थानीय र प्रदेशका पनि कुरा आए, सौभाग्य भनौं, तीनवटा प्रदेशका ऐन समीक्षा गर्न पठाइएको थियो । मैले हेर्ने मौका पाएको थिएँ, म तीनछक खाएँ । पहिलो कुरा, त्यसको नामै 'सार्वजनिक प्रसारण विधेयक' भनिएको थियो । प्रसारण क्षेत्रमा भएको एउटा धार हो त्यो सार्वजनिक प्रसारण । सार्वजनिक प्रसारण, सामुदायिक प्रसारण र व्यापारिक प्रसारण गरेरमात्रै समग्र प्रसारण बन्छ । तल, यसले एफएमको अनुमतिपत्र दिने, टेलिभिजनको अनुमतिपत्र दिने भन्नुको अर्थ त आधारभूत अवधारणा नै प्रष्ट छैन । दोस्रो कुरा, सार्वजनिक प्रसारणका लागि गाउँपालिका, नगरपालिकाका लागि मन्त्रालयले अनुमति खोलेको छ, केन्द्र सरकारले त रेडियो र टेलिभिजन चलाउनु हुँदैन । पब्लिक सर्भिसमा लानुपर्छ भन्ने माग, विश्वभरि नै अभ्यास भएको बेलामा, प्रदेश, नगरपालिका, गाउँपालिकामा आफ्नै रेडियो हुँदा त्यो 'प्रोपोगान्डा टुल' भन्दा बाहेक केही हुँदैन । सरकार फेरिएपिच्छे आ–आफ्नो कुरामा जानेभन्दा केही पनि हुँदैन । केही कुराहरू केन्द्रीय प्रकृतिका हुन्छन्, जस्तो मानव अधिकार आयोग हरेक प्रदेशको अलग अलग हुँदैन । प्रेस स्वतन्त्रता हरेक प्रदेशको अलग अलग हुँदैन । प्रदेशका मस्यौदा विधेयकमा त यतिसम्म राखिएको छ कि, इजाजत बन्द गर्ने, रोक्नेसम्म छ । रमाइलो कतिसम्म छ भने, अहिलेको राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ८, जसले नवीकरण रोक्न सक्ने भन्ने छ, जसको २०६३ सालमै नारायणदत्त कँणेलबिरूद्ध मन्त्रिपरिषद्को मुद्दामा सर्वोच्च अदालतले खारेज गरिसकेको छ । अहिले हामी त्यस्ता खालका बुँदा पनि राखेर अगाडि आइराखेका छौं । प्रसारण, प्रेस स्वतन्त्रता, अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिद्वारा निर्देशित कुरा हो, यसको विश्वव्यापी मापदण्ड पनि छ ।



अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिको पक्ष राष्ट्र संघीय सरकार हो । संघीय सरकारले समेत प्रेसलाई सोझै नियन्त्रण गर्नुहुँदैन भनेर प्रेस काउन्सिलको व्यवस्था छ । प्रसारणका लागि विश्वभरि राष्ट्रिय प्रसारण प्राधिकरणका अभ्यास छन् । यहाँ त गाउँपालिका, नगरपालिका, प्रदेश सबैले तँलाई बन्द गर्छु, यति दिन बन्द गर्छु, यो कारबाही भनेर थरी–थरीका बुँदा राखेका छन् । यो आफैंमा अनौठो छ । फ्रिक्वयन्सी आईटियुले गभर्न गर्ने कुरा हो, यो सरकारको हातमा पनि छैन, आईटियुसँग समन्वय गर्नुपर्छ । दुर्भाग्य, हामीकहाँ जति पनि इजाजत दिइएका छन्, आईटियुमा दर्ता गरेर दिइएको छैन । छिमेकी भारतले आईटियुमा दर्ता गरेर दिएको छ । हाम्रा सीमामा ठूलो विवाद आउँदैछ । दुईतिरका फ्रिक्वयन्सी जुध्न थालिसक्यो, जब यो विवाद

आईटियुमा जान्छ, उसको जुन दर्ता छ, त्यसलाई मान्यता दिन्छ, अर्कोलाई खारेज गर्छ । हाम्रा धेरै रेडियो अमान्य हुने खतरा छ । हाम्रा नीतिमा सोच्नुपर्ने यस्ता धेरै कुरा छन् ।

**अशोक व्यञ्जु, अध्यक्ष, नगरपालिका संघ**

सबैभन्दा पहिले सामुदायिक रेडियो प्रसारक संघलाई १८ औं वर्ष प्रवेशका अवसरमा शुभकामना र सम्मानित व्यक्तित्वलाई बधाई दिन चाहन्छु । सामुदायिक रेडियोका विषयमा जति पनि कुरा आएको छ, केही विषयमा स्थानीय सरकार पनि जोडिएर आएको हुनाले स्थानीय सरकारका विषयमा प्रष्ट हुन अनुरोध गर्न चाहन्छु । संविधानअनुसार फ्रिक्वयन्सी संघीय सरकारले नै दिने हो । स्थानीय सरकारलाई एफएम रेडियो सञ्चालनको व्यवस्था गरेको छ । यसर्थ स्थानीय सरकारले पनि एफएम रेडियो सञ्चालन गर्न सक्छ, तर के प्रष्ट हुन जरूरी छ भने, कुनै स्थानीय तहले रेडियो सञ्चालन गर्दा सामुदायिक वा निजी क्षेत्रका रेडियोलाई कुनै अप्ठ्यारो पर्दैन । त्यो बुझ्ने हो भने त सरकारले सञ्चालन गरेको रेडियो नेपालको पनि विरोध गर्नै पर्‍यो ।

स्थानीय सरकारले एफएम सञ्चालन गर्दा आफ्ना नीति, कार्यक्रम, योजनामात्र लान्छन् भन्ने बुझाई छ, त्यो हुन पनि सक्छ । व्यक्तिगत रूपमा मलाई स्थानीय सरकारले रेडियो सञ्चालन गर्ने होइन, रेडियो समुदायले, निजी क्षेत्रले सञ्चालन गरेको राम्रो हो भन्ने लाग्छ । स्थानीय तहले रेडियो सञ्चालन गर्दैमा अरू रेडियोको रोजिरोटी खोसिन्छ भन्ने पनि होइन । काठमाडौं महानगरपालिकाले रेडियो चलाएको छ, त्यसकारणले कुनै रेडियो त बन्द भएका छैनन् नि । हामी आजको समयमा प्रतिस्पर्धात्मक रूपमा कुरा बुझ्छौं भने हाम्रा योग्यता, क्षमता, गुणस्तरीयता, पहुँच कसरी बढाउने भन्ने कुरामा ध्यान दिनुपर्छ । त्यसो भयो भने हामी समुदायमा आधारित भएर बाँच्न सक्छौं । स्थानीय सरकारको एफएम रेडियो सञ्चालन ऐन बन्दै छ, नगरपालिका र नगरपालिका संघ काममा व्यवधान ल्याउने खालका होइनन्, हामी साझेदारका रूपमा समन्वयात्मक रूपमा जान सक्छौं । सामुदायिक रेडियोको व्यावसायिक क्षमताका विषयमा पनि हामीले छलफल गर्नुपर्छ । सामुदायिक रेडियो भनेपछि यसको मूल्य र मान्यता के हो, त्यसमा हामी छौं कि छैनौं ? छौं भने हामी कसरी जाने भन्ने टुंगो गरौं । व्यक्तिगत रूपमा मैले पनि सामुदायिक रेडियोलाई नजिकबाट बुझेको छु । हाम्रा मिडिया तथ्य र

सत्यको आधारमा जाने कुरा, विधिको शासनमा राज्य व्यवस्थालाई लाने कुरामा हाम्रो भूमिका हुनुपर्छ कि पर्दैन ? जसले जे पनि भन्न हुने, बोल्न हुने, कार्यक्रम गर्न हुने कुराले स्वतन्त्रताको नाममा अराजकता निम्त्याउन सक्छ, त्यसलाई रोक्न हामीले स्वअनुशासित भएर जानुपर्छ । कसैले प्रश्न उठाउँदैमा हामी कमजोर हुने होइन, भूमिका, इमानदारिता कमजोर भयो भने हामी कमजोर हुन्छौं । हामी आत्मअनुशासित भएर जाने हो भने रेडियोका चुनौतीहरू सामना गर्ने स्थिति पनि बन्न सक्छ । नगरपालिकाहरू सामुदायिक रेडियोसँग साझेदारी गर्न तयार छन् । साझेदारिता र समन्वय गर्दै अघि बढौं ।

**सुवास खतिवडा, अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल**

सामुदायिक रेडियो सुरू भएको २१ वर्ष भएको छ । सामुदायिक रेडियो प्रसारणमा आउनुअघिका संघर्षका कथा पनि थुप्रै छन् । हाम्रा अग्रजहरूले धेरै मेहनत गर्नुभएको छ । नेपालमा रेडियो प्रसारणलाई सिंहदरबारबाहिर जान नदिने ताकतसँग संघर्ष गरेरै सामुदायिक रेडियो स्थापना भएको हो । एफएफ रेडियोलाई जतासुकै खुल्ला रूपमा प्रसारण गर्न दिंदा उडिरहेका हेलिकप्टर खस्छ भन्ने भ्रम सृजना गरियो । त्यसका बाबजुद अग्रजहरूको निरन्तरको संघर्षले नेपालमा स्वतन्त्र रूपमा एफएम रेडियो प्रसारण थालनी भयो ।

हामी दक्षिण एसियामा एफएम रेडियो प्रसारण गर्ने पहिलो मुलुक बन्न पुग्यौं । त्यसपछि निजी एफएम रेडियो पनि स्थापना भए । काठमाडौंबाट सुरू भएको एफएम रेडियो स्थापनाको लहर गाउँगाउँसम्म पुग्यो । समाजको रूपान्तरणमा, समुदायको विकासमा एफएम रेडियोले महत्वपूर्ण योगदान दिए । यद्यपि, रेडियोको ठोस योगदानलाई स्वीकार्न कठिन भयो । आजका दिनमा पनि एफएम रेडियोका कतिपय सवाल निक्यौंल भइसकेका छैनन् । अनिश्चितता र अन्यौलता अहिले पनि छन् । हामी सामुदायिक रेडियो प्रसारकहरूको परिवार संख्या बढिरहेको छ । समुदायको स्वामित्व, लगानी, सक्रियता, अभिव्यक्ति स्वतन्त्रता र समुदायको सूचनाको हकसँग जोडिएको आन्दोलनमा प्रत्यक्ष रूपमा जोडिएका हामी त छँदैछौं । सामुदायिक रेडियो अभियानलाई यहाँसम्म ल्याउन नजिकबाट शुभेच्छा प्रकट गर्नु हुने, सहानभूति राख्नु हुने, कतिपय सन्दर्भमा सहयोग गर्नुहुने महानुभावको निकै ठूलो योगदान छ ।

स्थापना दिवसको अवसरमा म सबै अग्रज, सहयोगी, शुभचिन्तकप्रति संघको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । हामी सामुदायिक रेडियो प्रसारक संघको नेतृत्व तहमा छौं, यद्यपि हामी पनि यत्तिकै नेतृत्व तहमा आएका होइनौं, यसको पृष्ठभूमिमा जानुपर्छ, आजको दिनमा म त्यो पृष्ठभूमि स्मरण गर्न चाहन्छु । यो नागरिक स्वतन्त्रताको, प्रजातान्त्रिक मूल्य र मान्यतासँग जोडिएको अभियान र आन्दोलन पनि हो । मूलधारका सञ्चारमाध्यमले कतिपयको आवाज आजको दिनमा पनि समेट्न सकेका छैनौं, उपेक्षामा परेका विषयवस्तुलाई सामुदायिक रेडियोले आफ्नो केन्द्रभूमिमा राख्नुभएको छ । यसो भनिरहँदा कतिपय सामुदायिक रेडियोले राम्रो गर्न सकेका छैनन्, क्यासेट प्लेयरजस्तो भएका छन् भन्ने कुरा आउलान्, स्वभाविक रूपमा यी आलोचना पनि सुन्ने धैर्यता हामीले राख्नुपर्छ ।

यो आन्दोलनमा सबै उत्तिकै अब्बल, उत्तिकै यसको मूल्य र मान्यतामा अडिक रहेर उभिन सकेका छन् भन्नेमा हामी पनि छैनौं । यसका निम्ति हाम्रोतर्फबाट हामीले कति 'इफोर्ट' लगाउन सक्यौं त ? हामीसँग यस्तो जनशक्ति उत्पादन गर्ने कतिवटा विद्यालय र विश्वविद्यालय छन् ? राज्यका तर्फबाट क्षमता र दक्षता अभिवृद्धिका लागि कति लगानी गरिरहेका छौं ? हामीले जे कुरा लगानी गरिरहेका छौं, त्यसकै प्रतिफल निस्के होला, इनपुट हामीले कति दिन सकेका छौं भन्ने कुरा पनि आउँछ, सायद हामी यो सैद्धान्तिक विषयमा केन्द्रित हुनुपर्छ । २०५४ सालमा स्वतन्त्र एफएम रेडियोको प्रसारण सुरू भयो, २०७५ सालमा आइपुग्दासम्म किन हामीले नीतिगत रूपमा सम्बोधन गर्न सकेनौं त ? सरकारहरू बदलिए, सञ्चारमन्त्रीहरू बदलिनुभयो, सामुदायिक रेडियो प्रसारक संघको तर्फबाट हामीले नमुना कानुन पनि उहाँहरूलाई प्रस्तुत गर्‍यौं । हामीले कम्तीमा पनि सार्वजनिक सेवा प्रसारण, निजी प्रसारण र सामुदायिक प्रसारण तीनै प्रकारका प्रसारणलाई सम्बोधन गर्नेगरी कानुन ल्याउँ भन्यौं, ती कुरा हामी आजका दिनमा पनि भनिरहेका छौं । जबसम्म कानुन आउँदैन, त्यो बेलासम्म हामी कुरा उठाइरहन्छौं । हामीले वैज्ञानिक ढंगबाट 'फ्रिक्वयन्सी एलोकेसन प्लान' ल्याउँ, तीनै प्रकारका प्रसारणलाई निश्चित 'फ्रिक्वयन्सी' को अंश छुट्याउँ, राम्रो हुन्छ भनेका छौं ।

हामीभित्र भएका राम्रा कामलाई प्रोत्साहित पनि गर्नुपर्ने छ । त्यो पाटोमा हामी चुकिरहेका छौं । अझै समुदायप्रति जवाफदेही बन्नुपर्ने, अझै समुदायको सहभागिता र सक्रियतालाई अभिवृद्धि गर्नुपर्ने पाटोमा हामी जान्छौं, गइरहेका

पनि छौं । काम गर्दै जाँदा कमीकमजोरी त्रुटि अवश्य भएका छन् । त्रुटिबाट शिक्षा लिएर गुणस्तरीय हिसाबबाट स्थापित समुदायको भावनालाई प्रतिनिधित्व गर्दै अगाडि बढ्ने कुरामा प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । हामीले सामुदायिक रेडियो सँगसँगै सार्वजनिक र निजी प्रसारणलाई पनि व्यवस्थित हुने गरी कानुनको अपेक्षा गरेका छौं । नयाँ ढंगबाट आमसञ्चार ऐन आउँदै गरेको अवस्थामा त्यसभित्रै यसलाई सम्बोधन गर्दा हामीलाई न्याय हुन्छ, अर्कोतर्फ दक्षिण एसियामा एउटा सुनौलो इतिहास बनेको छ, हाम्रो गौरवपूर्ण संघर्ष छ, अरू मुलुकले पनि हामीबाट सामुदायिक रेडियो आन्दोलनका सन्दर्भमा उदाहरण दिने गरेका छन् ।

सामुदायिक रेडियोलाई सम्बोधन गर्नेगरी छुट्टै नीति, ऐन आयो भने हामी सामुदायिक रेडियोको सन्दर्भमा नमुना देशको रूपमा स्थापित हुन सक्छौं । अहिले कसले के गरिरहेको छ भन्ने आधारमा कानुन बन्नु हुँदैन । हामीले कस्तो खालको मूल्य मान्यतामा कानुन बनाउने हो, त्यसमा स्पष्ट हुनुपर्छ । हाम्रा अग्रजहरू हुनुहुन्छ, रेडियोलाई माया गर्ने शुभेच्छुक पनि हुनुहुन्छ । सामुदायिक संघसंस्थाका अरू प्रतिनिधि पनि यहाँ हुनुहुन्छ । हामी सुझाव संकलन गर्न चाहन्छौं । हामी सँगै छौं, नागरिक आन्दोलनको अभियानलाई साँघुरो बनाउन खोजियो भने अन्य सामुदायिक अभियान फराकिलो हुन सक्तैनन् ।



## अर्जुन गिरी, वरिष्ठ उपाध्यक्ष, अकोराब

अकोराबको १८ औं स्थापना दिवसको अवसरमा सम्पूर्ण अतिथि महानुभावहरूलाई स्वागत गर्न चाहन्छु । ऐन, कानुनले नबोले पनि अन्तर्राष्ट्रिय अभ्यास जिल्ला प्रशासन कार्यालय, जिल्ला सहकारी डिभिजन कार्यालयमा दर्ता, विभिन्न सामाजिक संघसंस्थासँगको साझेदारी, कार्यक्रम र विषयवस्तुका आधारमा नेपालका सामुदायिक रेडियोको अभियानले राष्ट्रियमात्रै नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि केही सन्देश दिएका छौं । नेपालका सामुदायिक रेडियोहरूले सामाजिक रूपान्तरणका सवालमा खेलेको महत्वपूर्ण भूमिका विश्वस्तरमा अनुकरणीय छ । नेपालमा सामुदायिक रेडियो सञ्चालन विधिका सवाल अन्य देशहरूले समेत अनुकरण गरिरहेको अवस्था छ । विडम्बना, सामुदायिक रेडियोले २१ वर्ष पार गरिरहँदा नीतिगत सवालमा हामी अल्झिएका छौं । सामुदायिक रेडियोको अभियानरूपी यात्रा एक प्रकारले ग्राभेल बाटोमै अघि

बढिरहेको छ । विगतका दिनमा पनि प्रयास नभएका होइनन्, तर नीतिगत सवालमा हामी अल्झिएका छौं । कतिपय सवालमा लज्जाको अवस्था छ । रोयल्टी र नवीकरणका दौरानमा हामीलाई ब्रेक लाग्ने गरेको छ, हामी यस्ता ब्रेकबाट उन्मुक्ति चाहन्छौं । हालका सञ्चार मन्त्रीज्यूकै पालामा, दुई लेन होइन, चार लेन होइन, छ लेनको सुविधा सम्पन्न सूचनाको राजमार्गमा द्रुत रूपमा सामुदायिक रेडियोको अभियानलाई एउटा गन्तव्यमा पुऱ्याउने अपेक्षा छ ।

**चिरन्जीवी खनाल, प्रमुख, पत्रकारिता तथा आमसञ्चार विभाग, त्रिवि**

सामुदायिक रेडियो प्रसारक संघलाई १८ औं वर्ष प्रवेशका अवसरमा बधाई । यो अवसरका लागि धन्यवाद दिन चाहन्छु । सामुदायिक रेडियोको सुरूआत हामीले थाहा पायौं । सामुदायिक रेडियोको इतिहास रघु मैनाली हुनुहुन्छ, उहाँले भन्न सक्नुहुन्छ, सामुदायिक रेडियोको प्रविधिको फड्कोबारे उपेन्द्र अर्याल र सामुदायिक रेडियोको नीतिगत योजनामा मीनबहादुर शाहीले भन्न सक्नुहुन्छ । धेरै हुनुहुन्छ, मैले प्रतिनिधिका रूपमा मात्रै भनेको हुँ । एफएम रेडियोको सुरूआत सञ्चारको आदानप्रदान गर्नका लागि भएको इतिहास छ । जनचेतना, सूचना, शिक्षा र मनोरञ्जनका लागि यसको प्रयोग हुँदै आएको पाइन्छ । राजनीतिक कारणले फरकफरक तरिकाले विकसित पनि हुँदै आए । हाम्रो यो भूमिमा हामीले एफएमको सुरूआत र प्रयोग फरक रूपमा गरेका छौं । संसारका अरू देशले गरेको भन्दा फरक भएको हुनाले आज हाम्रो यो क्षेत्रलाई हेर्ने दृष्टिकोण पनि फरक छ । कानुनले सामुदायिक रेडियो यी हुन् भनेर चिन्न सकेको छैन । यसमा संघर्ष अझै कायमै छ ।

विकसित मुलुकमा हामी पनि जान्छौं, यहाँ भएका अधिकांश साथीहरू जानुहुन्छ, मैले हेर्दा अमेरिका, युरोपजस्ता ठाउँमा कृषकका कानुन कृषकले नै बनाउँछन्, मिडियाको कानुन मिडिया सम्बद्धले बनाउँछन् । सरकारले सहजीकरण गर्छ, संसद्ले छलफल गरेर पारित गर्छ । हाम्रोमा के उल्टो भएको छ भने, कानुन बनाउने कानुन पढ्नेले गर्छन् भनेर दुविधा ल्याइएको छ । जो जुन क्षेत्रमा छ, त्यही क्षेत्रका मानिसले गर्नुपर्छ । कानुन पढ्नेले त्यसको व्याख्या गर्छन्, संसारको नियम । हामीले हाम्रा सामुदायिक रेडियोका लागि कस्तो कानुन बनाउने भनेर बहस चलाइरहँदा त्यसमा सरकारले सहजीकरण गर्छ । कता

कता सुनिन्छ, यो सरकारले कडा खालको कानुन ल्याउँदैछ, स्वतन्त्रतालाई हनन गर्दैछ, अहिलेसम्म चलेको वाक स्वतन्त्रता नै यो सरकारले खत्तम गरिदिन्छ भन्ने खालका आशंका बाहिर आउँछन्, म यो विद्वत् समूहलाई के भन्छु भने, ढुक्क भएर सुन्नुहोस्, यो सरकारले 'फ्रिडम अफ एक्सप्रेसन' कहिल्यै संकुचन गर्न सक्तैन । गर्दैन पनि, गर्ने नियत पनि छैन होला भन्छु ।

बढी वकालत गऱ्यो भन्नुहोला, हाम्रो संविधानले नै हामीलाई स्वतन्त्रताको ग्यारेन्टी दिइसकेको छ । यो सरकार पनि संविधानअन्तर्गत नै बनेको र हामी सबैले संविधान मानेको हुनाले ढुक्क साथ हामीले भन्नुपर्छ, कसैले पनि हाम्रो स्वतन्त्रता खोस्न सक्तैन । तर यसलाई अलिकति व्यवस्थित गर्नुपर्छ । कानुनविद्हरूले मिडियालाई रेगुलेट गर्नुपर्छ भन्छन्, हामी मिडियालाई व्यवस्थित गर्नुपर्छ भन्छौं । मिडियाका एक्सपर्ट र कानुनबीचको फरक त्यहाँनेर छ । कानुनी एंगलमा जानुभयो भने मिडियालाई नियन्त्रणको बाटोमा जाने सम्भावना बढी हुनसक्छ । मिडियाको एंगलमा जानुभयो भने संविधानको स्पिरिट अगाडि बढ्छ । मिडियालाई रेगुलेट गर्ने होइन व्यवस्थित गर्ने हो । अहिले मिडिया, हामीले हेर्दा पनि अलि अव्यवस्थित हुन खोजेका हुन् कि भन्ने लाग्छ, तर संविधानअनुसार गयौं भने मिडिया व्यवस्थित हुन बेर लाग्दैन । मिडिया एंगलबाट संसारका राम्रा संविधानमा हाम्रो संविधान पनि पर्छ ।

मिडियामा चुनौती छ, मिडियाभित्र क्षमता अभिवृद्धिका कार्यक्रम कम हुन थालेका छन् । दक्षताका कुरा जहिल्यै अघि सारिरहनुपर्छ । नपढी र नबुझी मिडियामा काम गर्न सकिँदैन । मिडियाका विपक्षमा समूहहरू धेरै छन् । हाम्रो मिडियाले अझै राम्रो गर्नुपर्छ । सामुदायिक रेडियोको समूह पनि समाजको जिम्मेवार तहमा जान्छ, सामुदायिक रेडियो स्थानीय रेडियोहरू हुन् । स्थानीय कन्टेन्टलाई अघि बढाउने भएकाले फ्रिक्वयन्सी कतिसम्मलाई स्थायी मान्ने, निर्क्यौल गरेर त्यतिसम्मलाई कानुनी रूपमै रोयल्टी निःशुल्क गर्न सकिन्छ । फ्रिक्वयन्सी कतिभन्दा माथि रोयल्टी लिने भनेर तोकिनुपर्छ । रोयल्टी लिनुपर्छ, किन भने स्पेस त सीमित छ । म्यापिङ पनि गर्नुपर्छ । हाम्रा विश्वविद्यालयले सामुदायिक रेडियोको विषयलाई पाठ्यक्रममै राखेर अघि बढ्न खोजिराखेका छन् । सामुदायिक रेडियो समुदायको आवश्यकताको रूपमा अघि बढिसकेको हुनाले विश्वविद्यालय यस विषयमा एकदमै सजक ढंगले अघि बढिराखेको छ ।

## भारती पाठक, अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

अकोराबलाई १८ औं स्थापना दिवसको शुभकामना । सामुदायिक रेडियोको सुरूआतका विषयमा जान्न पाइयो । सरकारले कतिपय कानुन संशोधन र नयाँ कानुन निर्माण गरिरहेकाले यो छलफल महत्वपूर्ण हुने विश्वास छ । नेपालमा सामुदायिक रेडियो, सामुदायिक संगठन अब्बल रूपमा अगाडि बढेका छन् । सामुदायिक रेडियो, सामुदायिक वन, सहकारी र तल्लो तहमा काम गर्ने संगठनहरूले आफूलाई अब्बल देखाएका छन् । देशमा राजनीतिक हिसाबले कठिन परिस्थितिका बेला सामुदायिक संगठनले खेलेका भूमिकाबारे सरकार अनविज्ञ छ जस्तो लाग्दैन । कानुन र नीति बन्ने सन्दर्भमा ती संगठनको मर्म, उनीहरूले खेलेको भूमिकालाई बिर्सने भन्ने हुँदैन । सानो अनुभव जोड्न चाहन्छु, २०५० सालमा मकवानपुरको एउटा गाउँमा थियौं हामी । त्यतिबेला बाढी आउँदा न त कुनै सूचना पुग्थ्यो, न त आउने अवस्था पनि थियो । हामी अनविज्ञ थियौं । अहिले गाउँमा प्रत्येक किसानका घरमा रेडियो हुन्छ ।

सरकारले गरेका निर्णय, राम्रा कामका विषयमा किसानलाई सूचना दिने, उनीहरूका पिरमर्का ल्याइदिने काम यिनै सामुदायिक रेडियो, सामुदायिक संगठनले गरेका छन् । राज्यले गर्ने काममा टेवा दिनका लागि सामुदायिक संगठनले महत्वपूर्ण भूमिका खेलेका हुन् भन्ने लाग्छ । सामुदायिक रेडियोको होस् वा सामुदायिक वन वा सहकारीको, कानुन बनाउने काम तिनै संगठनका प्रतिनिधिले गर्नुपर्छ । सरकारले सहजीकरण गरिदिनुपर्छ । सामुदायिक रेडियोलाई जस्तै मर्का सामुदायिक वनलाई पनि छ । सेवा गर्ने हिसाबले २२ हजारभन्दा बढी सामुदायिक वन अघि बढिराखेका छन् । सबैजसो मन्त्रालयका आँखा सामुदायिक वनमै छ, हामीले विभिन्न निकायमा गरी ७० प्रतिशतसम्म कर तिर्नुपरेको छ । सामुदायिक रेडियोले आफ्नो सँगसँगै अन्य सामुदायिक संगठनका विषयमा पनि नीतिगत बहस गर्ने विश्वास छ ।

## रवीन्द्र भट्टराई, अधिवक्ता

आधुनिक मानव अधिकारमैत्री राज्यप्रणालीका चारवटा दायित्व हुन्छन्, पहिलो प्रेरणा र परिपूर्तिको काम, दोस्रो सहजीकरणको काम, तेस्रो नियमनको काम, चौथो नियन्त्रणको काम गर्नुपर्छ । एकाधिकारमा विश्वास गर्नेले मात्रै

नियन्त्रणलाई केन्द्रविन्दुमा राख्छ र बाँकी तीनवटा कुरालाई वास्ता गर्दैन । हाम्रो सरकार त्यस्तो तरिकाले नजाने भएकाले प्रेरणा र परिपूर्ति गर्नुपर्ने विषयमा सामुदायिक रेडियोका के के छन्, त्यो कुरालाई हेरिनुपर्छ । सहजीकरण गर्ने अर्को महत्वपूर्ण कुरा हो । नियमनको कुरामा, हरेक वर्ष नवीकरण गर्नुपर्ने अवस्था छ । हाम्रो भोटले उहाँहरूलाई पाँच वर्षसम्म पदमा बस्न दिने, हामीले गरेको कामको एक-एक वर्षमा हिसाब बुझाउनुपर्ने ? पाँचै वर्ष शासन गर्न चाहनुभएकाले अब विचार गर्नुहुन्छ भन्ने ठानेको छु । नियन्त्रण भनेको चिज मिडियामा कमै लाग्नै रहेछ । सूचनालाई अंकुश लाउन सकिँदैन । अलि बढी जोड सहजीकरण र नियमनमा होस् भन्ने आग्रह राख्छु । सामुदायिक रेडियोले आफूलाई सामुदायिक सूचना केन्द्रका रूपमा विकास गर्नुपर्छ ।

## आरसी लामिछाने, पूर्व कार्यकारी निर्देशक, अकोराब

२१ औं शताब्दीमा देशलाई धनी बनाउनु छ भने हामीले ज्ञानको दायरालाई फराकिलो पार्नुपर्छ । वर्गीय हिसाबले सबैभन्दा पछि रहेका नागरिकको सूचनाको स्रोत के हो ? ती नागरिकलाई राज्यले लगानी गरेर सूचना दिने हो भने कसरी दिन्छ ? यदि म हुम्लामा हुन्थें भने मलाई राज्यले कसरी सूचना दिन्थ्यो ? गरिबीको रेखामुनिका जनताको सूचनाको स्रोत सामुदायिक रेडियोलाई राज्यले के गर्छ ? निर्वाचन आयोगले गत निर्वाचनको बदर मतका विषयमा एउटा प्रतिवेदन निकालेको छ । उसले पम्प्लेट, पोस्टर प्रकाशन गरेर देशभर पठायो, यो न्याय हो कि अन्याय हो ? सरकारी तथ्यांकअनुसार नेपालमा ६५ प्रतिशत नागरिकमात्रै साक्षर छन् अनि कसरी शतप्रतिशत जनताले सूचना पाउन सक्छन् ? नेपाली भाषा बुझ्ने नेपाली ५६ प्रतिशतमात्रै छन् । मैले नेपाली भाषा बुझ्दैन थिएँ भने राज्यले कसरी सूचना दिन्थ्यो ? सामुदायिक रेडियोहरूले ६५ भन्दा बढी भाषामा सूचना प्रसारण गरेर सुसूचित गरेको कुरालाई बिर्सनु भएन । माननीय मन्त्रीज्यूको केही गरौं भन्ने हुटहुटीप्रति मेरो उच्च सम्मान छ, सफलताको शुभकामना छ, तर प्रक्रिया मिलिरहेको छैन । तपाईले पनि बेवास्ता गर्नुभयो भने अर्को २० वर्षसम्म केही हुँदैन । सामुदायिक रेडियो सन्थालदेखि विविध ७२ भाषामा सूचना प्रवाह गरेर अल्पसंख्यक नागरिकलाई आत्मसम्मान जगाउने माध्यम भएको छ । नीति निर्माण तहबाट एकदमै भद्दा मजाक भइरहेको छ । सामुदायिक रेडियोकर्मी सबैभन्दा पछि परेका नागरिकलाई सशक्तीकरण गर्छौं

भनिरहेका छन्, नेपालको संविधानले हामी समाजवाद उन्मुख राज्य व्यवस्था भन्छ तर हाम्रो नियम, नीति कानुन मिलिरहेको छैन । तपाई आशाको केन्द्र हुनुहुन्छ, यसलाई गम्भीर रूपमा लिइदिनुहोला ।

**पद्मप्रसाद खतिवडा, महासचिव, मानव अधिकार एलाइन्स**

हामी र सामुदायिक रेडियो प्रसारक संघ लामो समयदेखि सहकार्य गरिरहेका छौं । सामाजिक संस्थालाई नियमन गर्ने कानुन बनिरहेको छ । यसमा जति बहस हुनुपर्ने हो, घनिभूत बहस हुन सकेको छैन । कानुन सम्बन्धित क्षेत्रबाट मस्यौदा गरिनुपर्छ, तर कर्मचारीबाट भइरहेका छन् । सामाजिक संघसंस्था ऐन २०७५ मा अन्तरसरकारी, द्विपक्षीय, बहुपक्षीय सबै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हुन् भन्ने ढंगबाट यो विधेयक बनिरहेको अवस्था छ । हामीले गम्भीर रूपले ध्यानाकर्षण गराइरहेका छौं । साथै यसको नियमन गर्ने निकायको स्वतन्त्रताको कुरा हामी उठाइरहेका छौं, अहिले त्यो स्वतन्त्रता कुण्ठित हुने हो कि भन्ने डर लागिरहेको हुनाले घनिभूत छलफल होस् भन्ने हाम्रो आग्रह हो ।

**जोगराज गिरी, अध्यक्ष, पारिवारिक निजी वन संघ**

अहिले सिंहदरबार, संघ र प्रदेशमा अड्किएको छ । स्थानीय तहमा पुग्न सकेको छैन । सामुदायिक रेडियोका विषयमा रघु मैनालीको भनाइसँग सहमत छु । नीतिको अभाव र कर प्रणालीजस्ता विषयले लय भाका परिवर्तन भएका छन् । लय र भाका विजिनेस हाउसहरूले कब्जा गरिरहेका छन् । सामुदायिक रेडियोहरूले टिक्नका लागि व्यापारिक गृहलाई गुहार्नु पर्ने बाध्यता छ । हरेक मन्त्रालयमा नीति निर्माणको विषयमा कर्मचारीतन्त्र हावी भएको छ, कर्मचारीतन्त्रले कानुनमा पावरहोल्ड गर्ने ठाउँ खोजिरहेको प्रति जनप्रतिनिधि सचेत हुनुपर्छ ।

**शम्भु दुलाल, महासचिव, सिंचाइ, जल उपभोक्ता महासंघ**

सामुदायिक रेडियो प्रसारक संघ र आवद्ध सदस्यहरूलाई १८ औं स्थापना दिवसमा शुभकामना दिन चाहन्छु । विभिन्न क्षेत्रको नीतिका विषयमा बहस भइरहँदा सम्बन्धित क्षेत्रले नै नीतिको मस्यौदा बनाउनुपर्छ भन्ने चिरञ्जीवी खनालको विचारलाई समर्थन गर्न चाहन्छु । सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा ल्याएको छ । हाम्रा स्रोतको अधिकतम प्रयोगबाट मात्रै

यो कुरा सम्भव छ । जमिन, पानी, सिंचाइ व्यवस्थापनका विषयमा ध्यान दिइनुपर्छ । सामुदायिक संगठनहरूले उठाएका आवाजलाई नीतिमा राख्न सरकारले कन्जुस्याइँ गर्नु हुँदैन ।

## डा. सुरेश आचार्य, पत्रकार

सामुदायिक रेडियोका विषयमा, को सामुदायिक हौं र को होइनौं भन्ने प्रश्न हाम्रासामु खडा छ । कानुनी रूपमा हामीलाई सामुदायिकको मान्यता दिलाइदिनु पऱ्यो भनेर माग गरिरहेका छौं । तर हामीले सञ्चालन गरेका आफ्नै मिडिया सामुदायिक हुन् कि होइनन्, कुन रूपमा छन् ? भनेर फर्केर आफैंलाई हेर्नुपर्ने अवस्था पनि छ । म सामुदायिक रेडियोको विद्यार्थी हुँ, मैले गरेको अध्ययनले त्यस्तो देखाएन, मेरो अध्ययन पाँच वर्ष पुरानो पनि भइसक्यो ।



त्यसमा सुधार आएको भएदेखि म अद्यावधिक नभएको हुनसक्छु । नेपालमा जुन खालका एफएमहरू सञ्चालनमा छन्, ती एफएमहरूलाई वर्गीकरण गरेर राज्यले कसरी व्यवहार गर्ने भन्ने कुरा जरूरी छ । कन्टेन्टका हिसाबले, राज्यले दिने सेवा सुविधाको हिसाबले वर्गीकरण जरूरी छ । रेडियोको वर्गीकरण गर्दा व्यापारिक, शैक्षिक वा कुनै भनेर वर्गीकरण गर्दा राम्रो हुन्छ । सँगै, लाइसेन्सको अवधि पनि तोक्नुपर्छ । एकपटक दिएपछि सकियो भन्ने अवस्था छ, त्यसको अन्त्य गर्नै पर्छ । यो कुरा उठाउनका

लागि उठाउने, सुनाउनका लागि सुनाउनेमात्रै जस्तो भइराखेको छ । यहाँ हामी जति पनि छौं, सामुदायिक रेडियोका विषयमा नबुझ्रेर सुनाउनु परिराखेको होइन । मन्त्री, पूर्वमन्त्रीदेखि विकास समितिका सांसदज्यूहरू, सामुदायिक रेडियोसँग कुनै न कुनै रूपले जोडिएकाहरू सबै यस विषयमा जानकार छौं । केही प्रश्न आए, व्यापारिक विश्राम कि लोककल्याणकारी सूचनाका लागि विश्राम भन्ने छ । अकोराब अमार्कको पनि सदस्य हो, अमार्क र युनेस्कोले सामुदायिक रेडियोबारे स्पष्ट परिभाषित गरेका छन् । सामुदायिक रेडियोले समुदायका कार्यक्रम बजाउनुपर्छ, तर हामी त्यो ढंगबाट हुर्केका छैनौं ।

## बहसका मुख्य उपलब्धि र निष्कर्ष

नेपाल दक्षिण एसियामा सामुदायिक रेडियो सञ्चालन गर्ने पहिलो देश हो । हाल देशभर ३ सय ४५ सामुदायिक रेडियो अकोराबमा आबद्ध छन् । मुलुकको नीतिनिर्माणमा आवाज उठाउने सामुदायिक रेडियो आफ्नै छुट्टै नीति नहुँदा अप्ठ्यारोमा छन् । यस्तो अवस्थामा आयोजना गरिएको नीतिगत बहसले सरकार, संसद् र सबै सरोकारवालाको ध्यानाकर्षण गराएको छ । नयाँ संविधान बनेपछि संघीयता कार्यान्वयनको चरणमा तीनै तहका सरकारले नीति निर्माणका काम गरिरहेका छन् । कानुनको मस्यौदा गर्ने समयमा कानुन निर्माताको समेत सहभागितामा सामुदायिक रेडियोसम्बन्धी विषय केन्द्रित छलफल सकारात्मक र उपलब्धि मूलक भयो । सरोकारवाला सबै पक्षलाई राखेर गरिएको बहसले आगामी दिनमा आमसञ्चारसम्बन्धी ऐन कानुन निर्माण गर्दा सामुदायिक रेडियोका आधारभूत सवाल समावेश गराउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

विभागीय मन्त्री, संसद्को कानुन न्याय तथा मानव अधिकार समितिका सभापति, सांसदहरू, नागरिक संगठनका प्रतिनिधि, सामुदायिक रेडियाकर्मी सबैसामु गरिएको बहसले नीति बनाउने विषयलाई गम्भीरतासाथ लिइनु र नीति ल्याइने प्रतिबद्धता जनाइनु कार्यक्रमको उपलब्धि मानिएको छ । प्रसारण ऐन २०४९ अनुसार देशका सबै रेडियो सञ्चालन र नियमन भइरहेका छन् । सामुदायिक रेडियोको स्थापना प्रक्रिया, लक्षित समुदाय, सहभागिताका आधारमा सकारात्मक विभेद् गरी राज्यले छुट्टै नीति बनाउनुपर्ने मागको

सम्बोधन हुन सकेको छैन । नेपालका सामुदायिक रेडियोको अभ्यास विश्वले अनुसरण गर्न थालिसकेको अवस्थामा नेपालमा छुट्टै नीति बन्न नसकेकोतर्फ सरकारको ध्यानाकर्षण गराइएको छ ।

यसका साथै अकोराबले आफ्नो अभियानलाई मूर्तरूप दिनका लागि आगामी दिनमा प्रतिनिपधिसभा विकास समिति तथा कानुन समितिका सांसदसँग व्यक्तिगत तथा सामूहिक छलफललाई निरन्तरता दिनेछ । त्यसैगरी सामुदायिक रेडियोका अभियन्ता तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गर्ने र त्यसका आधारमा अकोराबको तर्फबाट सामुदायिक रेडियोसम्बन्धी नीति तथा ऐनको मस्यौदा तयार पार्ने र नेपाल सरकारसमक्ष पेश गर्ने समेत अकोराबको योजना रहेको छ ।




सामाजिक बहुलता र विविधता संवर्द्धन

# सामुदायिक प्रसारणमा आदिवासी जनजाति


सामुदायिक बहुलता र विविधताको सम्वर्द्धन:
सामुदायिक प्रसारणमा आदिवासी जनजाति राष्ट्रिय परामर्श कार्यक्रम
१० र ११ जेठ २०७६
प्रदेश नं.१, हिले, धनकुटा
सहकार्य:

## पृष्ठभूमि

नेपाल, भाषा, संस्कृति, धर्म, परम्परा र भौगोलिक हिसाबले विविधता बोकेको मुलुक हो । यो १२५ जातीय समूहको साझा घर हो, जहाँ १२३ वटा भाषा बोलिन्छ । देशको पूर्वदेखि पश्चिम वा उत्तरदेखि दक्षिणको यात्रामा हरेक तीन घण्टामा संस्कृति भूगोल र भाषाको फरकपन पाइन्छ । यस प्रकारको विशाल विविधता र क्षमतालाई एकै किसिमको नीति, भाषा वा रणनीतिभित्र अटाउन सम्भव छैन । पछिल्लो तथ्यांकअनुसार देशको कुल जनसंख्यामध्ये ६५.९ प्रतिशत नागरिकमात्रै साक्षर छन् । अझ महिलाको साक्षरता त प्रतिशत ५७ प्रतिशतमात्रै छ । देशमा सञ्चालित अन्य सञ्चारमाध्यम शहरी र विकसित क्षेत्रभन्दा बाहिर जान नसकिरहेको बेला शिक्षा र जनचेतनामार्फत सामाजिक सशक्तीकरणका खातिर स्थापना भएका सामुदायिक रेडियोको आवाजले देशका सबै जनसंख्यालाई समेटेको छ । सामुदायिक रेडियोहरू ग्रामीण भेगमा निर्विकल्प सञ्चारमाध्यमको रूपमा रहेका छन्, दुई दशकयता ग्रामीण जनतालाई राज्यसँग जोड्ने काम गरिरहेका छन् । देशमा बोलिने ७० भन्दा बढी भाषामा चेतनामूलक कार्यक्रम र समाचार प्रसारण गरेर नेपालमा सञ्चालित सामुदायिक रेडियोहरूले यहाँको बहुलता र विविधतालाई विशिष्ट तबरले सम्बोधन गरिरहेका छन् ।

अधिकांश आदिवासी जनजाति समुदायमा निरक्षरताको दर उच्च रहेकाले उनीहरूलाई छापा माध्यमबाट सूचना प्राप्त गर्न कठिन छ । आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछि परेका स्थानहरूमा विभिन्न जातिगत समूहहरू र विशेषगरी जेष्ठ नागरिकहरूले आफ्नो मातृभाषामात्रै वा एकमात्रै भाषा बोल्ने र बुझ्ने गरेको पाइन्छ । मूलधारका सञ्चारमाध्यमले अन्य भाषामा प्रसारण गर्ने महत्वपूर्ण सूचना त्यो जनसंख्यासम्म पुग्न मुस्किल छ । सामुदायिक रेडियोको शक्ति भनेकै यसको प्रसारण सबै ग्रामीण क्षेत्रहरूमा पुग्नु हो । सामुदायिक रेडियोले आदिवासी जनजाति समुदायलाई लक्षित गरी स्थानीयस्तरमा बोलिने भाषामा कार्यक्रम तथा समाचार उत्पादन र प्रसारण गरिरहेका छन् । यस्तै समुदायस्तरबाटै आफ्नै भाषामा कार्यक्रम सञ्चालन गर्ने सुविधा प्रदान गरेका छन् । सामुदायिक रेडियोमा समुदायको सहज पहुँच

र आफ्नै भाषामा कार्यक्रम सञ्चालनको सुविधाले उनीहरूको संस्कृति, मूल्य, मान्यता र विश्वास प्रणालीलाई बढाउने काम गरेको छ ।

सामुदायिक रेडियोको इतिहासमै पहिलोपटक, अकोराबले सामाजिक बहुलता र विविधता प्रवर्द्धनको विषय र त्यसमा पनि आदिवासी जनजातिको भाषा, कला, संस्कृतिको प्रवर्द्धनमार्फत सशक्तीकरण लागि योगदान गर्ने उद्देश्यले प्रदेश नं १ को धनकुटा, हिलेमा २०७६ साल जेठ १० र ११ गते (मे २४ र २५, २०१९) राष्ट्रियस्तरको कार्यक्रम आयोजना गरेको थियो ।

## सामुदायिक प्रसारणमा आदिवासी जनजातिका विषय तथा सहभागिता

आदिवासीहरूको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र २००७ को धारा १६.१ ले आदिवासी जनजातिलाई आफ्नै भाषामा आफ्नै सञ्चारमाध्यम स्थापना गर्ने अधिकार र अन्य सञ्चारमाध्यममा बिनाभेद्भाव पहुँचको अधिकारको व्याख्या गरेको छ । यस्तै धारा १६.२ मा आदिवासी जनजातिको सांस्कृतिक विविधतालाई प्रतिविम्बित गर्ने काम सुनिश्चित गर्न प्रभावकारी उपाएहरू अपनाउने कुरा उल्लेख गरिएको छ । यस्तै बिनापूर्वाग्रह वाक स्वतन्त्रताको प्रत्याभूति गर्ने, निजीस्तरबाट सञ्चालित सञ्चारमाध्यमलाई आदिवासी जनजातिका सांस्कृतिक विविधतालाई प्रकाशन, प्रसारण गर्ने काममा प्रोत्साहन गर्ने विषय समावेश गरिएको छ ।

संयुक्त राष्ट्रसंघले आदिवासी जनजातिले बोल्ने भाषाप्रति विश्वको ध्यानाकर्षण गराउँदै यसको संरक्षण, प्रचारप्रसार र लोपोन्मुख भाषाहरूलाई पुनर्जीवित गर्न, 'दिगो विकास, शान्ति र मेलमिलापका लागि भाषा' भन्ने नारासहित सन् २०१९ लाई संसारभरका आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय भाषा वर्ष घोषणा गरी मनाइरहको छ । उसले आफ्ना सदस्य राष्ट्रहरूलाई आदिवासी जनजातिको संरक्षण, उनीहरूको अधिकारका प्रत्याभूति गर्ने नीति तथा कार्यक्रम निर्माणका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय तहमा घचघच्याइरहेको छ ।

नेपालका सामुदायिक रेडियोहरूले आदिवासी जनजातिको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको रक्षार्थ महत्वपूर्ण भूमिका खेलिरहेका छन् । आदिवासी जनजातिका लागि सामुदायिक रेडियो सबैभन्दा पहुँचयोग्य मञ्च

हो । धेरै आदिवासी जनजातिका लागि सामुदायिक रेडियो आफ्नो भाषा, संस्कृति, भूमि, प्राकृतिक र अधिकार रक्षाका लागि उपयुक्त साधन हुन् ।

अधिकांश आदिवासी जनजाति समुदायमा निरक्षरताको दर उच्च रहेकाले उनीहरूलाई छापा माध्यमबाट सूचना प्राप्त गर्न कठिन छ । दुर्गम स्थानका आदिवासी जनजाति, विशेषगरी जेष्ठ नागरिकहरूले आफ्नो मातृभाषामात्रै वा एकमात्रै भाषा बोल्ने र बुझ्ने गरेको पाइन्छ । मूलधारका सञ्चारमाध्यमले अन्य भाषामा प्रसारण गर्ने महत्वपूर्ण सूचना त्यो जनसंख्यासम्म पुग्न मुस्किल छ । सामुदायिक रेडियोको शक्ति भनेकै यसको प्रसारण सबै ग्रामीण क्षेत्रहरूमा पुग्नु हो । सामुदायिक रेडियोले आदिवासी जनजाति समुदायलाई लक्षित गरी स्थानीयस्तरमा बोलिने भाषामा कार्यक्रम तथा समाचार उत्पादन र प्रसारण गरिरहेका छन् । यस्तै समुदायस्तरबाटै आफ्नै भाषामा कार्यक्रम सञ्चालन गर्ने सुविधा प्रदान गरेका छन् । सामुदायिक रेडियोमा समुदायको सहज पहुँच र आफ्नै भाषामा कार्यक्रम सञ्चालनको सुविधाले उनीहरूको संस्कृति, मूल्यमान्यता र विश्वास प्रणालीलाई बढाउने काम गरेको छ । देशमा बोलिने ६५ भन्दा बढी भाषामा चेतनामूलक कार्यक्रम र समाचार प्रसारण गरेर नेपालमा सञ्चालित सामुदायिक रेडियोहरूले यहाँको विविधतालाई विशिष्ट तवरले सम्बोधन गरिरहेका छन् ।



## सामुदायिक प्रसारणमा आदिवासी जनजाति राष्ट्रिय परामर्शको औचित्य

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले सामुदायिक रेडियोहरूसँग जोडेर विभिन्न विषयवस्तुमा नियमित ढंगले राष्ट्रियस्तरका सम्मेलन गर्दै आइरहेको छ । यस्ता कार्यक्रम सामुदायिक रेडियोका समस्या, नयाँ परिस्थितिमा देखा परेका सवालका विषयमा छलफल गर्ने, आफ्ना विचार आदानप्रदान गर्ने, नवीनतम् उपायहरूमा बहस गर्ने मञ्च हुने गर्छन् । सामुदायिक रेडियोको इतिहासमै पहिलोपटक, अकोराबले 'आदिवासी जनजातिको उत्थानका लागि सामुदायिक रेडियोको भूमिका' विषयलाई केन्द्रमा राखेर राष्ट्रियस्तरको कार्यक्रम गरेको छ ।




यो परामर्शले सहभागीलाई सञ्चारमाध्यमबाट प्रसारण गरिने सन्देशहरूको प्राथमिकीकरणलाई राजनीतिक एजेण्डाबाट समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा परिवर्तन गर्न प्रेरित गरेको अपेक्षा छ । यस्तै समानता वृद्धिका लागि गरिएका कामको उत्कृष्ट अभ्यास र सामुदायिक रेडियो तथा अन्य सञ्चारमाध्यमले गरेका असल पहलकदमीका विषयमा भएका छलफलले रेडियो रेडियोबीचको सिकाइ पनि भएको छ । भविष्यमा सामुदायिक प्रसारणको प्राथमिकीकरण, नयाँ दृष्टिकोण, विचार र मान्यताका विषयमा भएको बहस र बनेको कार्ययोजना तथा हिले घोषणापत्रले मार्गनिर्देश गरेको छ । सहभागीहरूबीच किन सामुदायिक रेडियोले आदिवासी जनजातिका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ ? कसरी यस्ता समूहको सहभागिता र अपनत्व बढाउन सकिन्छ ? लगायतका विषयमा बुझाइ फराकिलो भएको छ । प्रसारित सामग्री, त्यसमा संलग्न जनशक्तिको दिगोपना, श्रोताको अपनत्वजस्ता विषयमा विहंगम बहस आवश्यकता देखिएपछि कार्यक्रम आयोजना गरिएको हो ।

# उद्घाटन सत्र

## उद्घाटनसत्रमा व्यक्त धारणा

### प्रमुख अतिथि प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राई

विविधता बोकेको हाम्रो देश नेपालका सबै समुदायमा प्रभावकारी ढंगले पुग्ने सामाजिक उत्तरदायिकत्वको बोध गरेर सामुदायिक रेडियो प्रसारक संघले यति महत्वपूर्ण कार्यक्रम आयोजना गरेकोमा खुसी व्यक्त गर्न चाहन्छु, अकोराबलाई धन्यवाद । अकोराबका धेरै कार्यक्रमहरूमा मैले भाग लिँदै आएको छु, सञ्चारमन्त्री हुँदा पनि धेरैवटा कार्यक्रममा सामेल भएँ, त्यसपछि पनि म यहाँहरूसँग सँगसँगै छु ।

आमसञ्चार माध्यमहरूमध्ये रेडियो सबैभन्दा प्रभावकारी माध्यम हो भन्ने कुरामा मैले धेरै बोलिरहनु पर्दैन । यो नागरिकको पहुँचमा छ, सरल र सबैभन्दा छिटो अनि भरपर्दो पनि छ । हाम्रोजस्तो बहुलता र विविधतायुक्त समाजमा सामुदायिक रेडियोहरूको महत्वपूर्ण भूमिका रहन्छ । समुदायलाई केन्द्रभागमा राखेर नागरिकलाई सुसूचित गराउने, जागरूक, सशक्तीकरण गर्ने जिम्मेवारी बोधका साथ सामुदायिक रेडियो सञ्चालित छन् ।





यतिबेला मुलुक विकास र समृद्धिको एजेण्डामा केन्द्रित भएको छ । समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय ध्येय तय भएको छ । त्यही ध्येय र लक्ष्य प्राप्त गर्न हामी आ–आफ्नो ठाउँबाट जिम्मेवारी, कर्तव्य, दायित्व निर्वाह गर्ने काम गरिराखेका छौं । हिजो हामी विभिन्न बाटोहरूमा अलमलिइराखेका थियौं, अहिले हामी एउटै मूलबाटोमा आइपुगेका छौं । नेपाली समाज र नेपाली राजनीति एउटै मूलबाटोमा हिंडिराखेको छ । त्यो मूलबाटो, विकास र समृद्धिको एजेण्डामा केन्द्रित भएर समृद्ध नेपाल र सुखी नेपालीको ध्येय प्राप्त गर्ने राजमार्ग हो । हिजोका दिनमा विभिन्न बहस, छलफल भए पनि अहिले सबैले संविधानसभाबाट बनेको संविधान स्वीकारेको अवस्था छ । संविधानमा केही असन्तुष्टिहरू हुन सक्छन्, यही संविधानले तोकिदिएको विधि र प्रक्रियाबाट यो संविधानलाई अझ पूर्ण बनाउनका निम्ति त्यही ढोकाबाट जानुपर्छ भन्ने निष्कर्षमा सबै आइपुग्छन्, अर्को विकल्प छैन । हामीले संविधानमार्फत सबै प्रकारका असमानता र विभेद् पुरेका छौं, सबै नागरिकलाई अधिकार सम्पन्न र शक्तिशाली तुल्याएका छौं तर अहिले पनि व्यावहारिक हिसाबले समाजमा विभिन्न खाले खाडलहरू, विभेद्का अंशहरू हामी देख्न, अनुभव गर्न सक्छौं ।



व्यावहारिक रूपमा ती खाडल पुर्न, विभेद अन्त गर्न सामाजिक न्याय र समानतामा आधारित समृद्ध समाज निर्माणका लागि हामीले संघीय प्रणाली रोजेका छौं, त्यसकै लागि तीन तहको सरकार बनाइएको हो, सिंहदरबारको अधिकार गाउँ–गाउँमा लाने भनिएको हो । संघीयतामार्फत जनतालाई सबै अधिकार र सेवा–सुविधाहरूले जोड्न सक्दछ । हिमाल, पहाड तराईलाई, सबै जात, भाषा, धर्म र संस्कृति मान्ने नेपालीहरूलाई संघीयताले एउटै मालामा उन्न सक्छ, सबैको पहिचान, प्रतिनिधित्व, सहभागिता, नेतृत्वको कुरा सुनिश्चित गर्न सक्छ । हामीले नयाँ प्रणालीलाई टेकाउने, उभ्याउने र हिंडाउने काम गरिराखेका छौं, यो हाम्रो लागि नयाँ बाटो हो । हामीले संघीयताको रथ तीव्र गतिमा दौडाउन सकिरहेका छैनौं, आवश्यक पूर्वाधारहरू, कानुनी र संरचनागत आधारहरू तयार भइरहेका छन्, केही समय लाग्छ । देश अब सकारात्मक बाटोमा छ, हामी सकारात्मक बाटोमा हिंडिराखेका छौं । हामी नीति, कार्यक्रम, बजेटको माध्यमबाट समृद्धि प्राप्त गर्ने बाटोमा लम्किरहेका छौं ।

अकोराबले सुरूदेखि नै सचेतताका साथमा प्रभावकारी ढंगले भूमिका खेल्दै आएको छ, म त्यो भूमिकाको प्रशंसा गर्छु, आज त्यही जिम्मेवारीबोधका साथ यहाँहरू देशभरिबाट यहाँ उपस्थित हुनुभएको छ । यहाँको छलफलबाट महत्वपूर्ण घोषणाहरू हुनेछन् । त्यसले केन्द्र, प्रदेश वा स्थानीय तहमा बन्ने नीति, कार्यक्रम, बजेटहरूलाई प्रत्यक्ष प्रभाव पार्नुपर्दछ । हामी यो प्रदेशमा जेठ २० गते नीति तथा कार्यक्रम र असार १ गते बजेट प्रस्तुत गर्दैछौं । यहाँहरूले ध्यानाकर्षण गराउनुभएको छ, म बचन दिएर जान्छु, यस प्रदेशमा सामुदायिक रेडियोहरूलाई जनतासँग प्रत्यक्ष जोड्नका निम्ति प्रदेश सरकारको साझेदारीमा प्रभावकारी ढंगले अगाडि बढ्न आगामी नीति तथा कार्यक्रम र बजेटमा यी विषय समावेश हुनेछन्, हामी जनतासँग प्रत्यक्ष र नियमित रूपमले जोड्ने छौं । हामी नीतिहरू बनाउँदै छौं, कानुन, कार्यक्रम बनाउने क्रममा तपाईहरूसँग बसेर छलफल गर्ने छौं । परामर्श कार्यक्रम पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

## सुवास खतिवडा, अध्यक्ष सामुदायिक रेडियो प्रसारक संघ

हामी प्रदेश नम्बर १ को हिलेमा सामाजिक बहुलता र विविधता सम्बर्द्धन, सामुदायिक प्रसारणमा आदिवासी जनजाति विषयमा राष्ट्रिय परामर्श गरिरहेका छौं । प्रमुख अतिथिदेखि सबै अतिथिज्यूहरूलाई स्मरण गराउन चाहन्छु, सामुदायिक रेडियो प्रसारक संघले तीन महिनाअघि मात्रै सामुदायिक रेडियोहरूको राष्ट्रिय सम्मेलन कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सम्पन्न गरेको थियो । कर्णाली भौगोलिक विकासका हिसाबले, जनसंख्याको साक्षरता, विकासको सूचकका हिसाबले पनि पछाडि छ । हामीले कर्णालीमा गएर सम्मेलन गऱ्यौं । त्यहाँ अन्य सञ्चारमाध्यमको पहुँच र प्रभाव पुग्न सकेको छैन । त्यहाँ सामुदायिक रेडियोमात्रै निर्विकल्प सञ्चारमाध्यमका रूपमा उपस्थित छ । हुम्ला, डोल्पा, मुगुजस्ता जिल्लामा अहिले पनि साक्षरताको न्यून अवस्था छ । ती ठाउँमा नागरिकको पहुँचमा सूचना पुग्ने माध्यम सामुदायिक रेडियोहरू हुन्, अरू व्यावसायिक रेडियोहरू पुग्न सकेका छैनन् । विकासका पूर्वाधार नपुगेको ठाउँमा, नागरिकको सशक्तीकरण राम्रोसँग भइनसकेको ठाउँमा सञ्चालित सामुदायिक रेडियोहरूसँग अनेकौं सामाजिक दायित्व र जिम्मेवारीहरू छन् । हामीले हाम्रो क्षमता र शक्तिले धानेसम्म (आर्थिक शक्ति र जनशक्ति) सेवा दिइरहेका छौं भन्ने हाम्रो दाबी छ । हामीले अहिले पनि ६० भन्दा बढी भाषामा समाचार र कार्यक्रम प्रसारण गरिरहेका छौं ।




देशमा १२३ भाषा भनिए पनि १२ वटा भाषा लोप भइसकेका छन्, ३७ भाषा लोपोन्मुख अवस्थामा छन्, २९ भाषा एक हजारभन्दा कम जनसंख्याले मात्रै बोल्नुहुन्छ, बाँकी भाषामात्रै अरू अवस्थामा छन् ।



अरू भाषालाई पनि हामीले छोडिदिने हो भने अरू ५/१० वर्ष पछाडि गरिने जनगणनामा हाम्रो भाषाको अवस्था कस्तो होला ? विश्वभरिको तथ्यांकलाई हेर्ने हो भने, संसारभर अहिले ७ हजारवटा भाषा बोलिन्छन्, एसिया प्यासिफिकमा करिब २ हजार २ सय भाषाहरू छन्, अफ्रिकामा करिब २ हजार १ सय भाषा बोलिन्छन्, ल्याटिन अमेरिकामा १ हजार ३ सय भाषा बोलिन्छन् । यहाँ विविधताहरू छन् तर विश्वभरका भाषामध्ये ४० प्रतिशत लोपोन्मुख अवस्थामा छन् । आफैँमा यो मुद्दा कति संवेदनशील हो भन्ने कुरा हामी सबैले मनन गरेरै यो कार्यक्रम आयोजना गरेका हौं । हामी सामुदायिक रेडियोहरूले धेरै काम गरेका छौं, एउटा स्वयम्सेवी अभियानमा हामी संलग्न छौं, यहाँ सामुदायिक रेडियोमा लाग्नुभएका साथीहरू हुनुहुन्छ, हामीले केही पकेट मनी बोकेका होलाउँ, तलब बुझ्न पाएका छैनौं, हामी तलब बुझ्नेगरी यो क्षेत्रमा लागेका होइनौं । तलब खान, कमाउनको निम्ति लागेको भए अन्य क्षेत्र थिए । हामी स्वयम्सेवी भावनाले, समाजको परिवर्तनको निम्ति, समाजमा रहेका विविधताहरूलाई प्रवर्द्धनका निम्ति लागेका हौं । अनेकौं जटिलता, अनेकौं चुनौतीहरूको सामना गरेर भए पनि समाजको विविधतालाई प्रवर्द्धन गर्ने जिम्मेवारी हामीले लिइरहेका छौं ।

समस्याहरूबाट गुज्रिएर भए पनि हामीले हाम्रो प्रतिबद्धतालाई छोडेका छैनौं । यसका लागि अकोराबका तर्फबाट सबै सामुदायिक रेडियोहरूलाई आभार प्रकट गर्न चाहन्छु । हामीले अझै सुसंगठित ढंगले काम गर्न पुगेको छैन कि भनेर यो कार्यक्रम आयोजना गरिएको हो । आगामी दिनमा ठोस काम गर्नका लागि यो राष्ट्रिय परामर्शबाट कार्ययोजनाहरू निर्माण हुन्छन् । हाम्रो हिले घोषणापत्र पनि जारी हुन्छ । हामीसँग नेपाली भाषा नबुझ्ने समुदाय पनि छ, उनीहरूलाई आफ्नै भाषा र लवजमा सूचना दिने दायित्व राज्यको हो । हामी प्रदेश नम्बर १ मा छौं, यहाँ ४२ वटा सामुदायिक रेडियो छन् । यहाँका सामुदायिक रेडियो सरकारको साथमा छन् । यहाँका सामुदायिक रेडियो सरकारको नीति, कार्ययोजना, बजेट समुदायका नागरिकसम्म पुऱ्याउने सारथी हुन् । सरकार साझेदारी गर्न तयार छ भने सामुदायिक रेडियोहरू रातो कार्पेट बिछ्यार सरकारसँग साझेदारी गर्न तयार छन् । सहकार्यका निम्ति सबैसँग आग्रह गर्न चाहन्छु । मुख्यमन्त्रीज्यूले सामुदायिक रेडियो नीतिका लागि पहल गरिदिनुभयो भने अरू प्रदेश सरकारका लागि नमुना हुनसक्छ । यसका लागि पनि आग्रह गर्न चाहन्छु ।



### यशोदादेवी तिम्सिना, आयुक्त, राष्ट्रिय सूचना आयोग




हामी रेडियोको छलफल गरिरहेका छौं, मेरो बुझाइमा अहिले पनि गरिबले, धनीले, पढ्न जान्ने/नजान्ने सबैले सजिलै एकै किसिमले सुन्न सक्ने सञ्चारमाध्यम रेडियो हो । रेडियो हिंड्दा, खेतमा काम गर्दा, खाना

बनाउँदा महिलाले, नपढेका सबैले उसैगरी सुन्न सक्छन् । अझै केही समय नेपालीहरूलाई सूचना प्रवाह गर्ने सबैभन्दा उपयुक्त र सजिलो माध्यम रेडियो नै हो । यसर्थ अकोराब र यसमा आबद्ध सामुदायिक रेडियोहरूको ठूलो महत्व छ । यी रेडियोहरूलाई जति प्रवर्द्धन गर्न सक्यो नयाँ नेपाल निर्माण गर्ने सामान्य नेपालीका लागि त्यति नै फलदायी हुन्छ भन्ने लाग्छ । म आफू पनि प्रदेश नं १ को छोरी भएकाले आदिवासी जनजाति र समावेशीको मुद्दामा स्वयम् छु जस्तो लाग्छ ।

हामी जति धेरै बहुलवादी यहाँ बस्छौं, सबैले यसलाई अन्तस्करणमा लिएर, आत्मसात गर्दै यो हाम्रो मुद्दा हो भन्ने स्वीकार गर्नुपर्छ । यो मुद्दालाई टुंगोमा पुऱ्याउन सकियो भनेमात्रै सम्माननीय प्रधानमन्त्रीज्यूले भन्नुभएजस्तो समृद्ध नेपाल सुखी नेपालको नारा कार्यान्वयन हुन सक्छ । यस कार्यक्रमको दुई मुख्य उद्देश्य लिइएको छ, पहिलो, कार्ययोजना बनाउने जसले भविष्यको बाटो तय गर्छ र दोस्रो हिले घोषणापत्र जारी गर्दै हुनुहुन्छ, शुभकामना छ । सामुदायिक रेडियोको छलफल सञ्चालन गर्ने, आदिवासी, जनजातिका मुद्दा उठाउने तपाईहरूलाई मेरो सुझाव छ, हामी महिलाको नाम अन्तिममा लिन्छौं, अब महिलाको मुद्दा पहिलो बनाइनुपर्छ, महिलाभित्र पनि समावेशी भन्नुपर्छ । महिलाभित्र पनि सबै एकैथरी छैनन्, ५१ प्रतिशत महिलाका अनुहार विविधतापूर्ण छन् । पश्चिम नेपालको तुलनामा पूर्वी नेपालमा महिलाको समावेशिता अधिक देखिन्छ । रेडियोहरूले महिला केन्द्रित कार्यक्रम बनाउनुपर्छ, भाषा जोड्दै जानकारीहरू दिनुपर्छ ।

समाचार कक्षमा समावेशी समाचार निर्माणका विषयमा छलफल हुनुपर्छ । भाषाका विषयमा मैले कार्यक्रमहरूमा आफ्नो मत राख्ने गरेको छु, हाम्रा भाषाहरू छन्, सम्बर्द्धन गर्नुपर्छ, संरक्षण गर्नुपर्छ, प्रचलनमा ल्याउनुपर्छ, तर यसलाई जोड्ने एउटा भाषा चाहिन्छ, त्यो नेपाली भाषा हो । ओलाङ्चुङगोलाका शेर्पाहरूले शेर्पा भाषा बोल्छन्, धनुषाका यादवहरूले मैथिली भाषा बोल्छन्, आफ्नोमात्रै भाषा बोल्दा अर्को भाषा बोलिने ठाउँमा अनुवादक खोज्नुपर्छ, के यो सम्भव कुरा हो ? हामी सबै नेपालीलाई जोडिराख्ने भाषा चाहिन्छ, त्यो नेपाली भाषा हो । हाम्रा स्थानीय भाषालाई सम्बर्द्धन, संरक्षण गर्नुपर्छ ।

## डा. महेन्द्र लावती, मुख्य वक्ता





कार्यक्रममा वक्ताका रूपमा निमन्त्रणा गर्नुभएकोमा आयोजकलाई धन्यवाद । नेपाल, दक्षिण एसिया र विश्वका विभिन्न देशमा गरिएको अनुसन्धानका आधारमा म केही विषयवस्तु सारमा राख्ने प्रयास गर्ने छु । नेपाल विविधतापूर्ण देश हो, यसलाई राम्रोसँग व्यवस्थापन गर्न सकियो भने धेरै फाइदा छ तर विविधतालाई व्यवस्थापन गर्न सकिएन भने थुप्रै चुनौतीहरू आइपर्न सक्छन् । नेपालमा प्रश्न गर्ने संस्कृति नभएको विषयलाई स्वीकार गर्दै नेपालले अपनाएका संरचना र नीति नियमका विषयमा केही प्रश्न गर्ने छु । नेपालको विविधता, पछाडि परेको, पारिएको समूह/समुदायहरूलाई कसरी समेट्न सकिन्छ, आदिवासी, जनजाति, मधेशी, अल्पसंख्यक सबैलाई समेटेर कसरी जान सकिन्छ भन्ने विषयमा मेरो भनाइ केन्द्रित रहने छ । सबैलाई समेटेर जान सकियो भनेमात्रै समृद्धि आउन सक्छ । विविधता भनेको देशको स्रोत, सम्पत्ति हो । कार्यक्रमको सुरूमा प्रस्तुत गरिएको तामाङ सेलोसहितको स्वागत गान त्यसको उदाहरण हो । नेपालमा पञ्चायतकाल र त्यसअघि देखि नै विविधतालाई समस्याका रूपमा हेरिन्थ्यो । २०४६/०४७ सालपछि विविधतालाई स्रोतको रूपमा लिन थालिए पनि जुन रूपले लिन पर्ने हो लिइएको छैन ।

नेपालका आदिवासी जनजातिले के चाहेका हुन् त, वर्गीय समस्यामात्रै समस्या हुन त ? होइन, सम्पन्न देशमा पनि त्यहाँका जनताले पहिचान मागेका छन् । वर्गीय समस्या सम्बोधन गरेरमात्रै पुग्दैन, यो देशमा मधेशी,

आदिवासी जनजाति, दलितहरूले पनि केही रूपमा स्वायत्तता खोजिरहेका छन् । उनीहरूले किन स्वायत्तता खोजे ? स्वायत्तताले उनीहरूलाई कसरी सक्षम बनाउँछ ? भन्ने विषयलाई हेर्न जरूरी छ । लोकतन्त्रमा जोसुकै वयस्क नागरिकले चुनावमा मतदान गर्न पाउँछ । लोकतान्त्रिक मान्यता के हो भने 'सबै आ–आफ्नोबारे निर्णय गर्न सबैभन्दा सक्षम छन् ।' बुबा आमालाई मेरोबारे साधारण ज्ञान होला तर सम्पूर्ण कुरा थाहा छैन, सम्बन्धित व्यक्तिलाई नै बढी थाहा हुने भएकाले उसैलाई निर्णय गर्ने अवसर दिइनुपर्छ । यसलाई लोकतान्त्रिक सिद्धान्तमा आत्मनिर्णयको अधिकार भनिन्छ । जसरी एउटा व्यक्तिले आफ्नो चाहना, आकांक्षाबारे उत्तम निर्णय गर्न सक्छ, यदि व्यक्ति–व्यक्ति मिलेर बनेको समुदायले पनि आफ्नोबारे आफैं उत्तम निर्णय गर्न सक्छ । उनीहरूको समस्या, चाहना, आवश्यकता के हो भन्ने उनीहरूलाई नै बढी थाहा हुन्छ, उनीहरूका सवालमा उनीहरूलाई नै निर्णय गर्न दिइनुपर्छ । लिम्बू, राई वा कसैलाई स्वायत्तता दिइँदा उनीहरू एक्लाएक्लै बस्ने हो त ? होइन, वर्गीय नीतिले कतिपय समस्या समाधान गर्न सक्लान् । फरक फरक समुदायका बुझाई, दृष्टिकोणका विषयमा उनीहरूलाई निर्णय गर्न दिइँदा समाज र देशको कल्याण गर्छ ।



नेपालमा स्वायत्तताका विषयमा धेरै भ्रमहरू फैलियो ।आत्मनिर्णयको अधिकारले देशलाई टुक्र्याउँछ भनियो, यो होइन, आत्मनिर्णयको अधिकारले देशलाई बाँध्छ । नेपालमा ७ प्रदेशको संघीयताको संरचना माथिबाट लादिएको हो । यसप्रति सबैको स्वीकार छैन । नेपालमा लादिएका संविधान टिकेको इतिहास छैनन् । सबैले मान्ने संरचना बनाइयो भने कतै विरोध हुँदैन । आत्मनिर्णयको अधिकारले मिलेर बस्न सिकाउँछ । विश्वका कतिपय देश टुक्रिएका पनि छन् तर नेपालमा यस्ता नारा बोक्नेले सहयोग पाउन सकेका छैनन् ।

नेपालको सात प्रदेशको खाकाबारे केही प्रश्न उठाउन चाहन्छु, सातवटा प्रदेशको विभिन्न जातीय जनसंख्याको बहुमत अल्पमत हेरौं, प्रेदश नं २ मा मधेशीको बाहुल्यता छ, अन्य छ वटा प्रदेशमा खसआर्य समुदायको । यसले पनि फरक पार्छ । प्रदेश नं १ मा खस आर्यको जनसंख्या २८ प्रतिशत छ, राई–किरात १३ प्रतिशत, लिम्बू ८ प्रतिशत छ । नेपालले अपनाएको निर्वाचन प्रणालीअन्तर्गत प्रत्यक्ष निर्वाचन प्रणालीमा यसले असर गर्छ । नेपालमा बहुमत सिट ल्याउने पार्टीले बहुमत पाएका छैनन्, विगतमा बहुमत सिट ल्याएका दलले ३६ प्रतिशत हाराहारी मत पाएका थिए । पछिल्लो निर्वाचन प्रदेशन नं

१ बाट २८ प्रतिशत रहेका खस आर्य समुदायले ४३ प्रतिशत सिट जितेको अवस्था छ ।

हाम्रो संरचनाले नै असर गरेको छ । यसकारण हाम्रो संरचनाका विषयमा प्रश्न उठाउन जरूरी छ । नेपालमा यसअघि छलफल गरिएको १०+१ प्रदेशको संरचना उत्तम थियो । कुनै जाति विशेष बहुमतमा हुने थिएनन्, एक अर्काबीच समन्वय गर्नुपर्ने हुन्थ्यो तर त्यसो हुन दिइएन । नेपालमा ल्याइनुपर्ने एक किसिमको संरचना, अर्को किसिमको ल्याइयो । प्रदेशको नामका विषयमा पनि विरोध भयो, तर्सनु भयो, नाम सिम्बोलिक हो, त्यसले केही मानिसलाई सन्तुष्टि देला तर नामले गर्दा सबैथोक हुँदैन । नेपालमा संघीयताले जातीय द्वन्द्वको डर देखाइयो, रूवाण्डामा भएको जातीय द्वन्द्वको खुब उदाहरण दिइयो । रूवाण्डामा संघीयता थिएन, त्यहाँको द्वन्द्व संघीयताले ल्याएको थिएन । त्यहाँको द्वन्द्व एकात्मक व्यवस्थाविरूद्ध थियो । रूवाण्डाबाट नेपालले सिक्नुपर्ने कुरा के हो भने कुनै एउटा जातिको हैकम रह्यो भने त्यहाँ विद्रोह हुन्छ । नेपालको ७ प्रदेशमा पनि एकल जातीय संघीयता हो ।

नेपालमा धेरै प्रदेश बनाइयो भने धान्न सक्छ ? भन्ने गरिन्छ, संघीयता भएका धनी वा गरिब दुई तिहाइ देशमा ९ भन्दा बढी संघ छन् । सबै प्रदेशमा सबै जातजाति अटाउँछन् । अर्को विषयमा आदिवासी जनजाति उनीहरूकै बानी व्यहोरा, खानपानले बिग्रिएका भन्ने आरोप छ, मेचीवारि जसरी यस्ता जाति छन्, मेचीपारि पनि त्यस्ता जातजाति छन्, तर त्यहाँ सक्षमहरू माथि आउँछन् । नेपाली नेपालीबीच विभेद् छैन । अन्तिममा विश्वमा जुन देशले आफ्ना नागरिकको क्षमता विकास गरेका छन् ती देश धनी र विकसित भएका छन्, नेपालमा पनि हरेक नागरिकको क्षमता विकासमा ध्यान दिइनुपर्छ ।

### चिन्तन तामाङ, प्रमुख धनकुटा नगरपालिका

कार्यक्रममा आउनुभएका प्रमुख अतिथि, अतिथिलगायत सम्पूर्ण सहभागीमा सुन्दर नगरी हिलेमा स्वागत छ । परामर्श गोष्ठीले राम्रो योजना निर्माण गरोस्, अकोराबमार्फत कार्यक्रम अघि बढाउनुहोस्, जसले सामुदायिक रेडियोहरूलाई समुन्नत र प्रभावकारी बन्नका लागि सहयोग पुगोस् भन्ने शुभकामना दिन चाहन्छु । धनकुटामा चारवटा सामुदायिक रेडियो र रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र छ ।




रेडियोले आदिवासी जनजातिका भाषा र विषयमा समाचार कार्यक्रम दिएका छन् । रेडियोहरूमा विविधता छ, यी रेडियोहरूले विविधतालाई एकतामा बाँध्न सहयोग गरेका छन् । हामी निर्वाचित भएपछि रेडियोहरूलाई सहयोग गरेका छौं ।

अहिलेसम्म रेडियो कार्यक्रमसहित आउनुभएको छैन, म अनुरोध गर्न चाहन्छु, धनकुटा नगरपालिकामा रहेका सामुदायिक रेडियोहरू कार्यक्रमसहित आउनुहोस्, हामी सहकार्य गर्न तयार छौं । आदिवासी जनजाति र रेडियोका विषयमा छलफल गर्न हिले आउनुभएका सबैमा शुभकामना दिन चाहन्छु ।

**सुमन बस्नेत, संयोजक, अमार्क एसिया प्यासिफिक**

आज यस कार्यक्रममा सहभागी हुँदा सामुदायिक रेडियो र प्रसारणसित जोडिएकोमा गौरवान्वित अनुभूत भएको छ । आदिवासी र अल्पसंख्यक जनजातिको विषय सामुदायिक रेडियोको सुरूवातसित जोडिएको विषय हो । त्यस अर्थमा यो राष्ट्रिय परामर्श कार्यक्रम स्वतन्त्र रेडियोलाई समुदायसित जोड्ने, अझ भनौं सामुदायिक रेडियोमा प्राण प्रतिस्थापनको पहिलो सार्थक प्रयास जस्तो लाग्छ । धनकुटाको हिलेमा जारी यो परामर्श गैरआदिवासी–जनजातिहरूले पनि चाहे, अब तपाईहरूका मुद्दालाई पनि

अलिकति ठाउँ दिन्छौं भनेर गर्न खोजिएको होइन । त्यसरी गरियो भने यो सफल पनि हुँदैन । यसका केही सैद्धान्तिक र बाध्यात्मक कारण छन्, हामी सहभागी हुनै पर्छ, त्यसो गरिएन भने नेपालमा सामुदायिक प्रसारणको गर्विलो इतिहास खोक्रो हुन जान्छ ।

नेपाल अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र हो, हामीले आईएलओ १६९ देखि राष्ट्रसंघका थुप्रै दस्तावेजहरूमा हस्ताक्षर गरेर सहमति जनाएका छौं । हामी समावेशी र सहभागितामूलक समाज निर्माणको कुरा गरिरहेका छौं । हाम्रा सामुदायिक रेडियोहरू र तीनका प्रसारण समावेशी र सहभागितामूलक हुनुपर्छ । सामुदायिक रेडियो अल्पसंख्यकहरूको माध्यम हो ।



मूलधारका मानिसहरूको सामुदायिक प्रसारणमा जसरी प्रवेश भयो त्यसपछि सामुदायिक प्रसारण अल्पसंख्यहरूको साधन रहेन । मूलधारको सञ्चारमाध्यमसँग संलग्न मानिसहरूको स्थान सामुदायिक प्रसारण होइन । सामुदायिक रेडियोलाई मिडियाको अंगका रूपमा हेर्न छोड्नुपर्छ । यो गल्ती नीति निर्माता र हामी आफैंले गर्छौं । यो १० प्रतिशत मिडिया हो बाँकी समुदाय हो ।

रेडियोले स्वरूप बदलिरहन्छ, बदलिरहेको छ, हामीले समुदायकै विषयमा छलफल गर्नुपर्छ । यो बैठकले कार्ययोजना बनाएर अघि बढ्नुपर्छ । सामुदायिक रेडियोहरूमा आदिवासी जनजातिको स्वामित्व र सहभागिताका विषयमा तथ्यांक छैन । प्रारम्भिक सर्वेक्षण आवश्यक छ, जसले लैंगिक वर्गीकरणसहितको जनशक्तिको उपलब्धता र क्षमता बाहिर ल्याउन सक्नुपर्दछ ।

**सञ्जय सन्तोषी राई, अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् धनकुटा**




नेपालका आदिवासी जनजातिका शदियौंदेखिको उत्पीडन र गुनासाले भरिएका विषय छन् । सामुदायिक सञ्चारमाध्यमहरूले आदिवासी जनजातिका विषयलाई प्राथमिकता दिएका छन् । सामुदायिक रेडियो सञ्चालन हुने बेलामा स्थानीय भाषाका समाचार र कार्यक्रम समेटिने तर दिगो हुन नसकेको अवस्था छ । स्थानीय भाषाभाषीका समाचार र कार्यक्रमलाई निरन्तरता दिन प्रदेश सरकार र स्थानीय सरकारले पहल गर्ने विश्वास छ ।

हाम्रा मुख्यमन्त्री पनि आदिवासी जनजाति समुदायबाटै हुनुभएकाले हामी थप आशावादी छौं । धनकुटामा रहेको रेडियो नेपालको प्रसारणलाई पनि प्रदेश केन्द्रित गरिनुपर्छ । संविधानले स्वायत्तक्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्र, घोषणा गर्नका लागि दिएको अधिकार प्रयोग हुन नसकेको विषयलाई पनि यो कार्यक्रममा छलफल गरियोस् । सबै भाषाभाषीलाई समेट्ने गरी अघि

बढ्नुपर्छ । धनकुटामा स्थापित १५ आदिवासी जनजातिका तर्फबाट कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दछु ।

### अर्जुन गिरी, वरिष्ठ उपाध्यक्ष, अकोराब

सामुदायिक रेडियो प्रसारक संघ र देशभरका सामुदायिक रेडियोका तर्फबाट प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईज्यू प्रति आभारी छौं । उहाँ सञ्चारमन्त्री हुनुहुँदा आएको सञ्चारनीतिले पहिलो पटक नेपालका सामुदायिक रेडियोलाई परिभाषित गरेको छ । त्यसअघि हामीले सामुदायिक रेडियोको मूल्य, मान्यताका आधारमा स्वघोषित रूपमा आफूहरूलाई सामुदायिक भनिरहेका थियौं ।

मुख्यमन्त्रीज्यूले यस कार्यक्रममा राख्नुभएको अभिव्यक्ति र गर्नुभएको प्रतिबद्धताप्रति खुसी व्यक्त गर्न चाहन्छौं । सामुदायिक रेडियोहरूले नेपालका सामाजिक तथा राजनीतिक आन्दोलनका क्रममा दलहरूलाई साथ दिएका थिए, तर दलहरूले हाल आएर खोलो तऱ्यो लौरो बिर्सियो जस्तो गरेको महसुस हुन्छ । स्थानीय तहका प्रतिनिधि र सभासदज्यूले सरकारले ल्याउन लागेको मिडिया काउन्सिल विधेयकभित्रका प्रेस विरोधी विषयमा आवाज उठाउनुहुन्छ भन्ने विश्वास छ ।





## अर्जुन राई, उपाध्यक्ष, अकोराब

नेपालमा भएका राजनीतिक र सामाजिक आन्दोलनहरूमा समावेशीकरणको मुद्दालाई प्राथमिकता दिएर असमानत र विभेदहरूको अन्त्य गर्दै समतामूलक समाज निर्माणको विषय उठान गरिँदै आएको छ । वर्गहरूको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने उद्देश्य लिएका दलहरूले वर्ग कसरी निर्माण भएको छ भन्ने कुराको निक्र्यौल नगरी समानताको कुरा गर्नु अपुरो हुनजान्छ । सहर केन्द्रित मानिस भूगोल, आदिवासी जनजाति, समावेशी र समानताका कुरा सुन्न चाहँदैनन्, यी विषयलाई पन्छाएर न्यायपूर्ण समाज निर्माण हुन सक्तैन ।




भूगोलका कारणले भएको असमानता र निर्माण भएको वर्गका विषयमा राजनीतिक नेतृत्वले ध्यान दिनुपर्ने देखिन्छ । यी विषयहरूमा सरकार र राजनीतिक नेतृत्वको ध्यानाकर्षण गराउने हाम्रो दायित्व हो । हामी सामुदायिक रेडियोकर्मीले वर्गहरू कसरी विकास भएका छन्, समाजमा समानता कसरी आउन सक्छ भनेर छलफलको सुरूआत गरेका छौं । यस कार्यक्रमबाट आएका उपलब्धिहरूलाई नीति निर्माण तहमा रहनुभएकाले मनन गर्नुहुन्छ भन्ने विश्वास लिएका छौं । हाम्रो निमन्त्रणालाई स्वीकार गरेर आउनुभएका सबैलाई स्वागत गर्दछु ।

## परामर्श १

आदिवासी जनजातिको भाषा संरक्षण : भएका प्रयास तथा सरोकारवालाहरूको भूमिका

सहजकर्ता : बन्दना दनुवार, सचिव अकोराब ।

वक्ताहरू :

- भरत त्रिपाठी, उपसचिव, भाषा आयोग
- इच्छापूर्ण राई, उपप्राध्यापक, धनकुटा बहुमुखी क्याम्पस
- निर्जना शर्मा, कार्यक्रम संयोजक, सूचना तथा सञ्चार, युनेस्को, नेपाल

सामुदायिक प्रसारणमा आदिवासी जनजाति राष्ट्रिय परामर्शको उद्घाटन सत्रपछि दुईवटा महत्वपूर्ण विषयमा छलफल बहस गरिएका थिए । 'आदिवासी जनजातिको भाषा संरक्षण : भएका प्रयास तथा सरोकारवालाको भूमिका' विषयमा भएको बहसमा भाषा आयोगका उपसचिव भरत त्रिपाठी, धनकुटा बहुमुखी क्याम्पसका उपप्राध्यापक इच्छापूर्ण राई र युनेस्को नेपालका सूचना तथा सञ्चार कार्यक्रम संयोजक निर्जना शर्मा वक्ताका रूपमा रहनुभएको थियो । बहसलाई अकोराबका सचिव बन्दन दनुवारले सहजीकरण गर्नुभएको थियो ।





## निर्जना शर्मा, कार्यक्रम संयोजक, सूचना तथा सञ्चार, युनेस्को, नेपाल



युनेस्कोले भाषाहरूले सामना गरिरहेका गम्भीर जोखिमहरू र संस्कृति, ज्ञान पद्धति र जीवनशैलीका रूपमा तिनीहरूको महत्वका बारेमा चेतना जगाउन सन् २०१९ लाई आदिवासी भाषा अन्तर्राष्ट्रिय वर्षका रूपमा मनाइरहेको छ । विश्वभर ७ हजार भाषाहरू बोलिन्छन्, जसमध्ये २ हजार ६ सय ८० भाषा लोपोन्मुख अवस्थामा छन् । विश्वभर ९० भन्दा बढी देशहरूमा आदिवासी जनजाति समुदायको बसोबास छ, जहाँ उनीहरूसँगै ५ हजारभन्दा बढी संस्कृति बाँचिरहेका छन् । नेपालमा १२३ वटा भाषा बोलिन्छ, जसमध्ये १० वटा भाषा १ लाखभन्दा धेरै जनसंख्याले बोल्ने गरेका छन्, १९ वटा भाषा १ हजारभन्दा कम जनसंख्याले मात्रै बोल्ने गरेको पाइन्छ ।



नेपालको सन्दर्भमा राष्ट्रिय आमसञ्चार नीति २०१६ ले आमसञ्चारमाध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाइ स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमको रूपमा सञ्चार क्षेत्रको विकास गर्ने उल्लेख गरेको छ । यस्तै महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता, मधेशी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारको क्षेत्रमा प्रतिनिधित्व बढाई क्रियाशील तुल्याउन प्रोत्साहित गर्ने भनिएको छ ।

आदिवासी भाषाहरूको प्रवर्द्धनमा मिडियाको भूमिकालाई हेर्ने हो भने सामुदायिक रेडियोले ७० भाषामा कार्यक्रम तथा समाचार उत्पादन र प्रसारण गरिरहेका छन् । रेडियोले केबल आदिवासी जनतालाई परिचालन गर्नमात्र होइन नीति निर्माणमा प्रभाव पार्न एवं सरकारलाई उत्तरदायीसमेत बनाउन सक्छन् । उदाहरणका लागि रेडियो स्टेशनहरूले नगरपालिकाले आदिवासी समुदायका लागि खर्च गरेको बजेटको सामाजिक लेखा परीक्षण आयोजना गर्दछन्, सचेत

मतदानका लागि अभियानहरू सञ्चालन गर्दछन् । निर्वाचनका बेला संवाद सञ्चालन गर्न तथा सर्वसाधारणका प्रश्नहरू लिन उम्मेद्‌वारहरूलाई निमन्त्रणा गर्दछन्, उत्तरदायी बन्न राजनीतिज्ञहरूका लागि यस्तो प्रकारको सार्वजनिक स्थलले मतदानमा छलकपट गर्ने संभावनालाई कम गर्दछ ।

नेपाली सञ्चारमाध्यमहरूले विभिन्न भाषामा गरेको कार्यक्रमहरूलाई हेर्दा, नेपाल टेलिभिजनले थारू, मैथिली, भोजपुरी, तामाङ, लिम्बू र नेवारी भाषा प्रसारण भएको पाइन्छ । विभिन्न भाषामा वित्तचित्र, लोकभाकाका गीत, मैथिली भाषामा सिरियल पनि प्रसारण हुने गरेको छ । रेडियो नेपालले यसको स्थापनादेखि नै विभिन्न भाषाभाषीका लोकगीत संकलनमा महत्वपूर्ण भूमिका खेलेको छ । रेडियो नेपालले पनि थारू, मैथीली, भोजपुरी, तामाङ, लिम्बू, नेवारी, हिन्दी, उर्दू, संस्कृत, गुरूङ, शेर्पा, किराँतलगायत भाषामा कार्यक्रम तथा समाचार प्रसारण गरिरहेको छ । गोरखापत्रले नयाँ नेपाल पेजमार्फत सन् २०१० देखि विविध भाषाहरूमा समाचार तथा विचार प्रकाशन गरिरहेको छ । मूलधारका मिडियाले विट रिपोर्टर राखेर आदिवासी जनजातिका संस्कृतिका विषयलाई प्राथमिकता दिइरहेका छन् । आदिवासी जनताको अधिकार प्रतिरक्षाका लागि रूचाइएको माध्यमका रूपमा सामुदायिक रेडियो पर्दछन् ।

## आदिवासी जनजातिका भाषाहरूको प्रवर्द्धनमा मिडियाको भूमिका

- मानिसको सोच विचार गर्ने क्षमतामाथिको नियन्त्रण हटाउने तथा उनीहरूमा साँस्कृतिक एवं भाषिक आत्मसम्मान सृजना गर्ने कामका लागि समुदायमा आधारित आदिवासी मिडियाहरू शक्तिशाली माध्यम हुन् ।
- पुर्ख्यौली संगीत एवं ज्ञान उजागर गर्न तथा मानिसहरूलाई स्थानीय प्रकारका संघसंस्थाहरू जुन आज भूमण्डलीकरण र मुख्य अन्तर्राष्ट्रिय मिडिया कर्पोरेशनहरूले थोपरेका विश्व-दृष्टिकोणहरू कारण खतरामा परिरहेका छन् तिनका बारेमा सुसूचित गर्न रेडियोलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।
- अन्त्यमा, आदिवासी भाषाहरू जीवित रहने कुरा निकै हदसम्म यही भाषा बोल्ने आदिवासी वक्ताहरू र धाराप्रवाहरूपमा बोल्न सक्ने उनीहरूको क्षमतामा निर्भर रहन्छ । यस सन्दर्भमा मिडियाले निर्णायक भूमिका खेल्न सक्छन् र खेल्नु पर्दछ ।

## भरत त्रिपाठी, उपसचिव, भाषा आयोग





नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिसम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ । यसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने व्यवस्था गरिएको छ । त्यसैगरी राज्यले बहुभाषिक नीति अवलम्बन गर्दै विभिन्न भाषाहरूका बीचमा पारस्पारिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने राज्यको नीति रहेको छ ।

नेपालभित्रका भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गरी यसको संवर्द्धन, विकास गर्न र सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधार तयार गरी सिफारिस गर्न नेपालको संविधानको धारा २८७ मा संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र प्रदेशहरूको प्रतिनिधित्व हुने गरी भाषा आयोगको गठन, यसको संरचना, अध्यक्ष तथा सदस्यको पदावधि, नियुक्ति प्रक्रिया, आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । भाषा आयोगको स्थापना २०७३ साल भदौ २३ गते भएको हो ।

सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गर्न प्रारम्भिक चरणको कार्य सुरू गरिएको छ । साथै, भाषासम्बन्धी

भए/गरेका कामको अभिलेखन गर्ने, लोकवार्ता सङ्कलन गर्ने, भाषाहरूको यान्त्रिकीकरण गर्ने र भाषिक अनुवाद पद्धति विकास गर्ने कार्यका लागि भाषा आयोगले कार्य प्रारम्भ गरेको छ ।

भाषासम्बन्धी कामहरूलाई समन्वयात्मक ढङ्गले अगाडि बढाउन र नीति निर्माण एवम् कार्यान्वयन पक्षलाई सबल बनाउने दिशातर्फ समेत भाषा आयोगले अग्रसरता लिएको छ । नेपाल सरकार, भाषासम्बन्धी कार्य गर्ने निकायहरू, भाषिक समुदाय, सरोकारवाला संस्था एवम् सञ्चारकर्मीहरूसित अन्तरसम्बन्ध विकास गर्ने प्रयास भइरहेको छ । विशेषगरी सम्बन्धित भाषाका वक्ता एवम् भाषिक समुदायसित निकट सम्पर्कमा रही उनीहरूको सहकार्यबाट महत्वपूर्ण कार्यहरूको थालनी गरिएको छ । यस सन्दर्भमा भाषाका वक्ताहरू आयोगको सर्वोपरि प्रेरणाका स्रोत रहेका छन् ।

**ईच्छापूर्ण राई, उपप्राध्यापक, धनकुटा बहुमुखी क्याम्पस**






महत्वपूर्ण कार्यक्रममा बोल्ने अवसरका लागि आयोजकलाई धन्यवाद दिन चाहन्छु । म आफ्नो विषयवस्तुका क्षेत्रमा केही कुरा राख्न चाहन्छु । आदिवासी जनजाति शब्द प्रयोग गरेर कार्यक्रम गर्नुभयो, यो सरकारले गर्नुपर्ने काम हो, अकोराबले एक कदम अघि बढेर यस्तो महत्वपूर्ण कार्यक्रम गरेको छ, यो सबैभन्दा खुसीको कुरा हो । प्रदेश नं १ मै यो कार्यक्रम गर्नुभएकोमा यही भूमिको र आदिवासी जनजाति पुत्र हुनुको नाताले विशेष धन्यवाद दिन चाहन्छु । युनेस्कोले २०१९ लाई आदिवासी भाषा वर्ष भनेको छ । नेपालको सन्दर्भमा यो आदिवासी जनजाति वर्ष हुनुपर्छ । 'इन्डिजिनिअस' शब्दको

नेपालीकरण गर्ने मध्यको म पनि एक हुँ, विदेशमा यो शब्दको अर्थ अलग छ, नेपालीमा भने इन्डिजिनिअस शब्दले 'आदिवासी जनजाति' लाई बुझाउने मान्यता छ । नेपालमा आदिवासी जनजाति को हुन्, को होइनन् भन्ने विषयमा बहस जारी छ । म भाषाशास्त्री भएको हुनाले भाषामै बढी केन्द्रित हुन्छु ।

भाषा सामान्य लाग्छ तर यो विशेष कुरा हो । विद्यालयदेखि विश्वविद्यालयसम्म पठनपाठनमा भाषाले निकै महत्व राख्छ । मैले गरेका अध्ययन, अनुसन्धान र अध्यापनका क्रममा थाहा पाएका, भाषाका कारण अप्ठेरो परेको थुप्रै उदाहरण छन् । जतिसुकै जान्ने भए पनि मातृभाषा अलग भएको विद्यार्थीले अर्को भाषा सही तरिकाले उच्चारण गर्न सक्दैन । खाजा वा झोलाको कार्यक्रम गरेर विद्यार्थी आउने होइनन्, त्यो भाषासँग सम्बन्धित बढी छन् । कम्तीमा मातृभाषामा प्राथमिक शिक्षा दिइनुपर्छ । जहाँ मातृभाषामा शिक्षा सुरू गरिएको छ, विद्यार्थीलाई सहज भएको छ । आदिवासीका भाषासँग जोडिएको विषयवस्तु उठाइदिनुभएको छ, कार्ययोजनासहित बैठान पनि गरिदिनुहोला । भाषा अवसरसँग जोडिएको विषय हो । अवसरका लागि नेपाली युवाले कोरियन, जापानिज, अंग्रेजी वा अन्य भाषा पढिरहेका छन् । लिम्बू भाषा पढेको मानिसले यस्ता अवसर पाउँछन् भन्ने अवस्था आयो भने अरू भाषाका मानिसले पनि लिम्बू भाषा पढ्छन् । म आफैं अवसरका लागि अंग्रेजी पढेको उदाहरण हुँ । हामी विदेशी भाषा सिकेर पनि पढाइरहेका छौं । अवसरले मात्रै नेपालका लोपोन्मुख भाषा बचाउन सक्छ ।



लिम्बूको भाषा लिम्बुले, राईको भाषा राईले मात्रै संरक्षण गर्नुपर्छ भन्ने होइन, सबै लाग्नुपर्छ । नेपालका भाषा १२३ वटा भनिएको छ, नेपालमा बोलिने रैथाने भाषा १०४ वटा मात्रै हो, जसमध्ये इन्डोआर्यन भाषा मूलका ३७ वटा, सिनो टिबेटियन मूलको ६३ वटा छन्, अनि सांकेतिक भाषा छ । परिभाषाअनुसार नेपालीबाहेक सबै भाषा लोपोन्मुख भनिएको छ । त्यसो होइन, हिन्दी, मैथिलीजस्ता भाषा लोपोन्मुख होइनन् ? 'जुन भाषा अब जन्मने पुस्ताले बोल्दैन, त्यो लोपोन्मुख भाषा हो ।' कतिपय भाषाशास्त्रीको भनाइ मान्ने हो भने विश्वबाट हप्तामा १० वटा भाषा हराइरहेका छन्, अबको ७५ वर्षपछि विश्वमा १० वटा मुख्य भाषामात्रै बाँकी रहन्छन् । त्यसरी हेर्ने हो भने नेपाली भाषाका विषयमा पनि चिन्ता गर्ने बेला आइसक्यो । धरानमा १० देखि १५ वर्षका बालबालिका र ४० देखि ५० महिलामा गरिएको एक अध्ययनले नेपालीबाहेक कुन भाषा बोल्नुहुन्छ भन्दा हिन्दी भन्ने देखाएको छ ।

बालबालिकाले कार्टुनबाट र आमाहरूले सिरियलबाट हिन्दी सिकिरहेका छन् । अहिले नै नेपाली राम्रो जान्ने मानिस पाउन मुस्किल हुन थालिसकेको छ । हामीले बालबालिकालाई अंग्रेजीको लोभमा पढाइरहेका छौं, उनीहरूले अंग्रेजी पनि राम्रो सिक्न सकिरहेका छैनन् अनि, नेपाली पनि राम्रो बन्न सकेको छैन । अब हामीसँग राम्रो भाषा योजना हुन जरूरी छ । वैज्ञानिकहरूका अनुसार '१३ वर्षभित्र बालबालिकालाई सिकाउने भाषा सिकाइसक्नुपर्छ, अनिमात्रै उनीहरूले सिकेको भाषामा राम्रो गर्न सक्छन् । भाषा संरक्षण तथा प्रवर्द्धनका लागि अवसर सँगसँगै संस्थागत विकास पनि गरिनुपर्छ ।' एउटा नेपालीले कम्तीमा ३ वटा भाषा पढ्न, बोल्न सक्छ भन्ने कुरा स्थापित गरिनुपर्छ ।

## फ्लोर

तीनै जनाको प्रस्तुतिपछि फ्लोरबाट यसबारे जिज्ञासा, टिप्पणी र आफ्ना अनुभव प्रस्तुत गरिएको थियो । फ्लोरबाट रेडियो पर्यावरण, ललितपुरका डा. अष्टमान किसी महर्जनले भाषा आयोगको काम, कर्तव्य अधिकार के हो, रामेछाप, भक्तपुर वा तेह्रथुमका नेवारका भाषा अलग छन्, बोल्न आउँदैन, यसमा भाषा आयोगले के गर्छ भनेर जिज्ञासा राख्नुभएको थियो । यस्तै रेडियो जनसञ्चार भक्तपुरका सुरेश सैंजुले भाषा सँगसँगै संस्कृतिको पनि विकास गरिनुपर्ने धारणा राख्नुभयो । रेडियो मिता सिराहाका जीवछ चौधरीले आफू पूर्वीय थारू भएको तर भाषा नै नभएको बताउनुभयो । उहाँले राज्य र अन्य निकायबाट पनि ठगिएको महसुस गर्दै दुखेसो पोख्नुभयो । रेडियो बाजुराका लालबहादुर ओलीले भाषा आयोगप्रति लक्षित गर्दै बाहुन र अन्य समुदायले गाली गर्दा खस्या भन्ने गरेको,










झर्रो नेपाली भाषाको संरक्षण हुन नसकेकोतर्फ ध्यानाकर्षण गराउनुभयो । रेडियो त्रियुगा उदयपुरका कौशल चेम्जोङले प्रस्तुतिका क्रममा भाषा आयोगका भरत त्रिपाठीले भाषाको लबिङ गर्नु पर्दैन भन्नुभएको प्रति गुनासो गर्नुभयो । स्थानीय तहहरूमा स्थानीय भाषा बुझ्ने मानिसलाई रोजगारी दिइनुपर्ने उहाँको धारणा थियो । भाषाको विषयमा छलफल गर्ने उत्तम माध्यम मिडिया भएको तर्फ ध्यानाकर्षण गराउँदै उहाँले अन्तर्राष्ट्रिय भाषा वर्ष मनाउँदै गर्दा किन आफ्नो मातृभाषाप्रति वितृष्णा भयो भन्ने कारण पत्ता लगाउनुपर्ने तर्क राख्नुभयो ।






रेडियो साथी झापाका ज्ञानेन्द्र निरौलाले सम्पर्क भाषाको रूपमा नेपाली बोले पनि घरमा आफ्नो मातृभाषा बोल्नेहरूको भाषामा समस्या नआएको अनुभव सुनाउनुभयो । निरौलाले भन्नुभयो, 'उनीहरूको भाषा युवापुस्ताले पनि बोल्छन्, रेडियोमा भाषाभाषिका कार्यक्रम गर्ने मानिस पाउन मुस्किल भएको छ ।' भाषा आयोगतर्फ लक्षित गर्दै निरौलाले आफ्नो भाषा संरक्षणका लागि समुदायलाई कसरी सहयोग गर्ने योजना छ भन्ने प्रश्न गर्नुभयो । रेडियो सिन्धुलीगढीका अध्यक्ष तथा अकोराब ३ नम्बर प्रदेश अध्यक्ष कृष्णहरि घिमिरे हिलेको कार्यक्रम र प्रस्तुतिले सबै भाषाप्रति टुटेको मन जोडिएको बताउँदै आफ्नो भाषा अप्ठेरोमा परेको विषयलाई अर्कामा दोषारोपण नगर्न सुझाव दिनुभयो । रेडियो समावेशी बुटवलका मीलन गाहाले भाषा आयोगले सिफारिसमात्रै गर्ने काम

राम्रो नभएको तर्क गर्नुभयो । भाषा आयोगको दायरा फराकिलो हुनुपर्ने उहाँको सुझाव थियो । 'भाषा आयोग बनाउनका लागि मात्रै बनाएको कि साँच्चै काम गर्न बनाएको ?' उहाँको जिज्ञासा थियो । रेडियो पूर्वाञ्चल मोरङकी कमला कँडेलले भाषासँग जोडिएको विशेष कार्यक्रम आयोजना गरेकोमा अकोराबलाई धन्यवाद दिँदै सन्थाली भाषामा कार्यक्रम बनाउन नसकिएको सुनाउनुभयो । यो भाषामा रेडियोमा बोल्ने मानिस नै पाउन सकिँदैन । अनि के गर्ने ? अकोराबका उपाध्यक्ष अर्जुन राईले नेपालीहरूले भाषा, साहित्य, कला र संस्कृति देशका सम्पत्ति हुन भन्ने कुरा आत्माबोध गर्न नसकेको टिप्पणी गर्नुभयो । मुलुक यहाँसम्म आइपुग्न सबै जातजाति, भाषाभाषीको उत्तिकै रगत पसिना बगेको छ, उहाँले भन्नुभयो । भाषा आयोग र सामुदायिक रेडियोहरूले भाषालाई पुँजीका रूपमा ग्रहण गर्न सक्नुपर्ने उहाँको सुझाव थियो । रेडियो मकालु धनकुटाका महासचिव नैन विश्वकर्माले भाषाले आत्मियता बढाउने कुरा अनुभवसिद्ध भएको बताउँदै जुन समुदायमा गयो त्यही समुदायको भाषा बोल्न सकियो भने अपनत्व बढ्ने तर्क उहाँको थियो ।

अकोराब सचिवसमेत रहनुभएकी सहजकर्ता बन्दना दनुवारले आफू पनि लोपोन्मुख भाषाको एक प्रतिनिधि भएको बताउनुभयो । उदयपुरमा दनुवारहरूले आफ्नो भाषा बिर्सिसके, हामी रेडियो उदयपुरमा काम गर्ने ८० प्रतिशत दनुवार छौं, हाम्रो भाषा बोल्ने, सुन्ने कोही छैनन्, उहाँले भन्नुभयो । उहाँले काभ्रेबाट दनुवार भाषा बोल्न जान्ने मानिस बोलाएर रेडियोको स्टेशन आईडी रेकर्ड गराएको स्मरण गर्नुभयो । दनुवारले रेडियोकै पहलमा दुईवटा दनुवार भाषाका गीत रेकर्ड गराएको जानकारीसमेत दिनुभयो ।

**सहजकर्ता : फ्लोरबाट आएका जिज्ञासा र सामुदायिक रेडियोले भाषा संरक्षणमा खेल्न सक्ने भूमिकासँग जोडेर प्रस्तुतकर्ताहरुले आफ्ना विषय राखिदिनुहोला ।**

**ईच्छापूर्ण राई :** आफ्नो पहिचानको नेतृत्व आफैंले गर्ने हो, गोल्चे सार्कीले सार्की नै लेखे, भैरे कामीले कामी नै लेखे । बोलेका कारण जिब्रो काटिएको, सार्वजनिक स्थानमा बोल्दा जेल जानुपरेको इतिहास पनि छ । इतिहासलाई बिर्सेर हामीसँग जे छ, त्यसलाई विकास र संरक्षण गरौं । भाषा सिक्न अवसर चाहियो, संस्थागत विकास गरिनुपर्छ । भाषा सिकेर केही बिग्रँदैन ।

**निर्जना शर्मा** : युनेस्कोले कसरी २०१९ लाई भाषा वर्ष मनाएको भन्ने विषयमा जिज्ञासा थियो, यो निर्णय संयुक्त राष्ट्रसंघले विश्वभरका लागि गरेको हो । युनेस्कोले भाषाको क्षेत्रमा काम गरिरहेको भएर भूमिका दिइएको छ । यसका आधारहरूमा आईएलओ आर्टिकल १६९, संयुक्त राष्ट्रसंघको २००६ मा आएको आदिवासी जनजातिसम्बन्धी घोषणापत्र, सन् २०१४ मा 'ओर्ल्ड फोरम अफ इन्डिजिनस पिपल' भनेर आयोजना गरिएको थियो, जसले भाषाको क्षेत्रमा ठोस काम गर्नका लागि आह्वान गरेको थियो । अन्तर्राष्ट्रिय रूपमा विभिन्न सरोकारवालाहरूसँग छलफल गरेरै भाषा वर्ष घोषणा गरिएको हो । भाषाका कारण पनि कोही व्यक्ति पछि नपरून् भन्ने उद्देश्य छ । युनेस्कोले नेपालमा सबै भाषामा काम गर्न सकेको छैन, रेडियो कार्यक्रम गरिरहेकै छौं । विद्यार्थीले मातृभाषामा पढ्न पाउनुपर्छ भनेर युनेस्कोले पहल गरिरहेको छ ।

**भरत त्रिपाठी** : भाषा आयोग गठन, काम कर्तव्य अधिकारका विषयमा मैले प्रस्तुतिमा पनि भनेको थिएँ, नेपालमा भएका मातृभाषाहरू पहिचान गर्ने, लिपि विकास गर्ने, व्याकरण निर्माण, अध्ययन अनुसन्धान, बहस चलाएर नेपाल सरकारलाई सुझाव दिन गठन भएको हो । भाषासँग संस्कार आएन भन्ने जिज्ञासा आएको छ, संस्कार सिकाउने विषय पाठ्यक्रममा राखिने हो । मैले भाषाका विषयमा वकालत गर्नुपर्दैन भनेको होइन । अब नेपालमा बोलिने सबै भाषा नेपालका मातृभाषा भइसकेका छन् । वकालतमात्रै होइन, काम गरेर देखाउने बेला आएको छ । संविधानमै भाषाका विषयमा स्पष्ट छ । नेपालका भाषा एकअर्काका प्रतिस्पर्धी नभएर परिपूरक हुन् । क्षेत्रीको भाषाका लिपि नभएको कुरा आयो, आयोगले के गर्छ भन्नुभएको छ, भाषा आयोग पनि पूर्ण भइसकेको छैन । सात प्रदेशमध्ये कर्णाली प्रदेशबाट मात्रै सदस्य बन्नुभएको छ । बाँकी ६ प्रदेशबाट सदस्य नै आउनुभएको छैन । फेरि पनि भाषा आयोगको काम अध्ययन, अनुसन्धान र सरकारलाई सुझाव दिने हो ।

## निष्कर्ष

भाषा संरक्षणमा सामुदायिक रेडियोको भूमिका विषयमा केन्द्रित छलफलमा भाषा आयोग र यसका काम, मृतभाषा बिर्सिरहेको अवस्थामा सामुदायिक रेडियोले गर्न सक्ने कामहरू, साथै भाषाका कारण बढ्ने अपनत्व अनि युनेस्कोले यो वर्षलाई भाषा वर्षका रूपमा मनाइरहेको विषयले प्राथमिकता पायो ।

## परामर्श २

आदिवासी जनजातिको उत्कृष्ट सहभागिता भएको/आदिवासी जनजातिको भाषा, कला, संस्कृति सम्बर्द्धनलगायतका आदिवासी जनजातिका विषयमा राम्रो कार्यक्रम बनाई योगदान गरिरहेका केही रेडियोको प्रस्तुतीकरण

सहजकर्ता : श्री लक्ष्मण खड्का, कोषाध्यक्ष अकोराब

प्रस्तोताहरूः

- श्री देवकुमार सुनुवार, रेडियो कैरन रामेछाप
- श्री मीनाकुमारी गुरूङ, रेडियो मर्स्याङ्दी, लमजुङ
- श्री एकराज चौधरी, रेडियो गुरूबाबा बर्दिया
- श्री टीआर लिम्बू, रेडियो मेनछेयाम, तेह्रथुम




सामुदायिक रेडियो आदिवासी जनजातिका लागि, अवसर र चुनौती, गरिएका प्रयास र भोग्नु परेका समस्यालगायतका विषयमा केन्द्रित छलफलमा रेडियो कैरन रामेछापका देवकुरमा सुनुवार, रेडियो मर्स्याङ्दी, लमजुङकी मीनाकुमारी गुरूङले प्रस्तुति गर्नुभएको थियो । यस्तै रेडियो गुरूबाबा बर्दियाका एकराज चौधरी र रेडियो मेनछेयाम तेह्थुमका टीआर लिम्बूले आदिवासी जनजातिका भाषा र मुद्दालाई केन्द्रमा राखेर रेडियो सञ्चालन गर्दाका अनुभवसहितको

प्रस्तुति, रेडियो सञ्चालनसँग जोडिएका विविध पाटापक्षका बारेमा धारणा राख्नुभएको थियो ।

बहसको सहजीकरण गर्नुभएका अकोराबका कोषाध्यक्ष लक्ष्मण खड्काले आदिवासी जनजातिका कस्ता विषयवस्तुहरू प्रसारणमा समेट्नु भएको छ ? आदिवासी जनजातिका कुन कुन भाषामा कार्यक्रम र समाचार प्रसारण गर्नुभएको छ ? आदिवासी जनजातिसम्बन्धी कस्ता कार्यक्रम तथा समाचार प्रसारण गर्नुभएको छ ? कुल प्रसारणको कति प्रतिशत समयमा आदिवासी जनजाति र भाषाभाषीका सवाल उठाउनु भएको छ ? आदिवासी जनजातिका विषय रेडियोमा उठाउँदा के के समस्या आइपरेका छन् ? आदिवासी जनजातिका सम्बन्धमा सहभागिता, स्वामित्व तथा कार्यक्रम निर्माणमा गरिएका काममध्ये उत्कृष्ट उदाहरण तथा प्रयासहरू के के छन् ? भविष्यमा यस विषयमा अझ लाग्ने सम्बन्धमा कार्ययोजना के छ ? जस्ता प्रश्नमार्फत रेडियो, भाषा र आदिवासी जनजातिका विषयलाई खोतल्ने प्रयास गर्नुभएको थियो ।

### देवकुमार सुनुवार, रेडियो कैरन रामेछाप



सामुदायिक रेडियोमा कार्यरत रहँदा नेपाल बाहिरका सामुदायिक रेडियोको पनि भ्रमण गर्ने र त्यहाँका आदिवासी जनजातिसँग अन्तरक्रिया गर्ने मौका मिल्यो । यी सबै कुराबाट नेपालका सामुदायिक रेडियोले आदिवासी जनजातिका पक्षमा खेल्नुपर्ने भूमिका खेल्न नसकेको अनुभूति भयो । हामी अझै धेरै विषयमा अल्झनमै छौं, स्पष्टता छैन । नेपाली सञ्चारमाध्यमसँग जोडिएर गर्नुपर्ने थुप्रै बहस छन्, 'नेपाली सञ्चारमाध्यमहरू आवाजविहीनहरूको आवाज भएका छन् त ?' सामाजिक, भाषिक, जातीय विविधता र बहुलता भएको हाम्रो समाजका 'सामुदायिक रेडियो विविध समुदायको आवाज बनेका छन् त ?' भन्ने टड्कारो प्रश्न हामीसामु छ । वास्तविकता केलाउने हो भने नेपालका आदिवासी जनजातिहरूमा सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, शैक्षिक विकास क्रममा समानता छैन । केही समुदाय मानव विकासकै क्रममा आदिम घुमन्ते अवस्थामा छन् भने केही प्रतिस्पर्धा गर्न सक्षम छन्, तर आदिवासी जनजातिलाई एकै डालोमा राखेर नीति बनाउने परिपाटी छ, यसमा सुधार ल्याउनुपर्छ । जातिभित्र पनि विविधता हेरिनुपर्दछ । नेपाल सरकारले राष्ट्रिय आदिवासी जनजाति उत्थान ऐन २०५८ जारी गरेर, ५९ जातजातिलाई नेपालका आदिवासी जनजाति हुन् भनेको छ । ती समुदायबीच समानता छैन ।



सामुदायिक रेडियोको भूमिका खोज र अनुसन्धानमा आधारित सूचना र शिक्षा प्रदान गर्ने दिशामा हुनुपर्ने हो तर पाइँदैन । सबै जिल्लाहरूमा एफएम रेडियोहरू पुगे, उनीहरूले सूचना र शिक्षा नै मुख्य उद्देश्य राखे तर अधिकांश रेडियो सदरमुकाममा छन्, ती रेडियो गाउँका आदिवासी जनजातिको पहुँच बाहिर छन् । आदिवासी जनजातिका सन्दर्भमा भने बुझेर वा नबुझेर उनीहरूका मुद्दा ओझेलमा पर्ने गरेको पाइन्छ । सञ्चालनमा रहेका रेडियोमा कति समानुपातिकता छ भनेर हेर्न जरूरी छ, हामी सामुदायिक रेडियोका अभियन्ता आफैंले आफैंलाई सोध्नुपर्ने जिज्ञासा छन्, रेडियोको उत्पादित कार्यक्रम, समाचार, विज्ञापन, गीतहरू कति प्रतिशत स्थानीय समुदायले बोल्ने भाषामा उत्पादन हुन्छन् र प्रसारण हुन्छन् ? आदिवासीहरूले बोल्ने र बुझ्ने भाषामा कार्यक्रम र समाचार दिने कि नदिने ? यस्ता प्रश्नको उत्तर हामीले नै दिनुपर्ने छ । अनि स्थानीय भाषाको कार्यक्रम सुनाइन्छ, कति समानुपातिकता छ । १८ घन्टा प्रसारणमा कति घण्टा भाषाका कार्यक्रम निर्माण गर्ने गरिएको छ, त्यस्ता जनशक्तिलाई नीति निर्माण तहमा, सुविधा लिने तहमा राखिन्छ ? क्षमता अभिवृद्धि गर्ने, तालिम, वैदेशिक भ्रमणमा प्राथमिकता दिइन्छ ? यी पनि हाम्रा अघि उभिएका प्रश्न हुन् । रेडियोको मुख्य आकर्षण समाचार हो, ती समाचारमा र कार्यक्रमहरूको विषयवस्तुमा कति प्रतिशत स्थानीय आदिवासी जनजातिको सवाल, मुद्दा र विषयवस्तुहरू समेटिन्छन्, यसको मूल्यांकन गर्न जरूरी छ ।

मातृभाषामा शिक्षाको धेरै चर्चा हुने गरेको छ । खस नेपाली भाषीलाई स्थानीय शेर्पा भाषामा शिक्षा दिए अवस्था कस्तो होला ? नेपालका १२३ भाषीमध्ये केही भाषा स्थानीय सरकार, स्थानीय शिक्षा, स्थानीय मिडियाको माध्यम किन हुन नसक्ने ? यी हाम्रा छलफलका विषय हुनुपर्छ । तथ्यांकअनुसार नेपालमा बोलिने १२३ भाषामध्ये ९० प्रतिशत आदिवासीले बोल्छ । ३७ भाषा लोपोन्मुख अवस्थामा छन्, २९ भाषाको वक्ता एक हजारभन्दा कम छन् ।  दर्जनभन्दा बढी भाषा मृत भइसके । थारू करिब ६ प्रतिशत, तामाङ ६ प्रतिशत, नेवारी ४ प्रतिशत, मगर ३ प्रतिशत, लिम्बू र गुरूङ २ प्रतिशत छ । मातृभाषा आदिवासी जनजातिको पहिचानको आधारमात्र होइन, अभिव्यक्तिको माध्यमसमेत हो । उनीहरूको मात्र होइन देशकै सम्पत्ति र सम्पदा हो । यसमा गर्व गर्नुपर्छ, संरक्षणका लागि राज्यको साथै रेडियोको पनि दायित्व हो ।

मातृभाषामा शिक्षा र सञ्चार सञ्चालन गर्न मातृभाषी समुदायले नै लगानी गर्नुपर्ने ? राज्य, सरकार र हामीले भनेको सामुदायिक रेडियोहरूको दायित्व के ? अन्तर्राष्ट्रिय कानुनको पक्षराष्ट्र भएपछि, देखाउनकै लागि भए पनि मातृभाषामा शिक्षा रटान गरिएको छ । शिक्षक समुदायको स्रोतमा राखिएका छन्, रेडियोमा कार्यक्रम उत्पादन गर्ने स्वयंसेवकका रूपमा छन्, कति टिक्न सक्छ त ? यो बहसको विषय हो । 'मूलधारका भनिने सञ्चारमाध्यमहरूले आदिवासी जनजातिको आवाज नसमेटेपछि, आदिवासीहरूले आफ्नै सञ्चारमाध्यमहरू स्थापना हुनुपर्छ भन्ने माग र अभियानमा छन् ।' आदिवासी जनजाति पत्रकार महासंघले सन् २०१४ मा गरेको एक अध्ययनलाई हेर्ने हो भने देशका सामुदायिक रेडियोमध्ये झण्डै २० प्रतिशत रेडियोमा मात्रै आदिवासी जनजातिको सहभागिता र व्यवस्थापनमा स्वामित्व रहेको पाइन्छ । सोही अध्ययनअनुसार जातीय स्थितिको प्रतिशतलाई हेर्ने हो भने आदिवासी जनजातिभित्रका नेवार, मगर अग्रपंक्तिमा छन् ।



## एकराज चौधरी, रेडियो गुरुबाबा बर्दिया

म कमैया पृष्ठभूमिबाट आएको मानिस हुँ । आफैं पनि कमैया थिएँ । कमैया पुनर्स्थापनाका लागि काम गरेपछि त्यही समुदायका लागि रेडियोमा काम गर्नेगरी जिल्ला फर्कँ । तत्कालीन अवस्थामा कमैया बसेकामध्ये ९९ प्रतिशत थारू थिए । रेडियो गुरूबाबा २०६५ सालमा दर्ता भएको हो । बर्दियामा थारू ५२ प्रतिशत छन्, हाम्रो रेडियोको मुख्य भाषा थारू हो ।




यो भाषामा ५० प्रतिशत र खस भाषामा ५० प्रतिशत कार्यक्रम सञ्चालित छ । पहिले सय वाटको रेडियो हाल ५०० वाट बनेको छ । दैनिक १० घण्टा ३० मिनेट प्रसारण समय छ । हामी दुईवटा उद्देश्यमा काम गर्छौं, पहिलो थारू भाषा संस्कृति संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने र अर्को थारूलाई स्थानीय तहमा सहभागी गराउने, स्रोतमा पहुँच बढाउने, आर्थिक रूपमा सम्पन्न गराउने छन ।

थारूसँग जोडिएका संस्कृति संकलन गर्ने, रेडियोमा कार्यक्रम बनाउने, बजाउने गर्ने गरेका छौं, यसै क्रममा थारू समुदायले विवाहमा गाउने गीतको संग्रह प्रकाशित गरिएको छ । थारूहरूको महाभारत पनि तीन वर्ष लगाएर तयार गरेका छौं । पहिले संकलन, रेडियोमा प्रसारण र पुस्तकका रूपमा प्रकाशन गर्ने गरिएको छ । थारूहरूको विभिन्न प्रथा, जस्तो बडघर संस्कृति दिन प्रतिदिन हराउँदै गइरहेको छ । यस्ता प्रथा र संस्कृति जोगाइराख्न वकालत गरिरहेका छौं । हामी गाउँपालिका, नगरपालिकास्तरीय बडघर सञ्जाल गठन गरिरहेका छौं । गठनसँगै समाचारको अभिमुखीकरण पनि गरिरहेका छौं । गत वर्ष प्रदेश ५ का थारू समुदायका सबै सांसदलाई बोलाएर छलफल गरेका थियौं । संसद् सचिवालयले नै आयोजना गरेर यो वर्ष २ वटा कार्यक्रम भइसके । यस्ता प्रथा संरक्षणका लागि विधेयकको मस्यौदा तयार भइरहेको छ । हामीले नेपालको संविधान २०७२ लाई थारू भाषामा अनुवाद गरेका छौं । संविधानलाई ४३ वटा भागमा रेडियो कार्यक्रम बनाएर बजायौं, मध्य र सुदूरपश्चिमका ३० भन्दा बढी रेडियोले कार्यक्रम निःशुल्क बजाइदिए । हाल स्थानीय तहसँग मिलेर सार्वजनिक सुनुवाइ, अन्तरक्रिया कार्यक्रमहरू गरिरहेका छौं । स्थानीय तहमा थारू भाषालाई सरकारी कामकाजको भाषाको

रूपमा मान्यता दिनका लागि लवी भइरहेको छ । हाम्रो रेडियो स्टेशन भएको नगरपालिकाले थारू भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिएको छ । थारू भाषामा समाचार, कार्यक्रम बजाउँदा श्रोतासँग पुगेका छौं ।

## मीनाकुमारी गुरुङ, रेडियो मर्स्याङ्दी, लमजुङ

हामीले २०६४ साल वैशाख १ गते रेडियो बजाएका थियौं । हाम्रो रेडियो लमजुङ जिल्लाको पहिलो सामुदायिक रेडियो हो । हामीले रेडियो सुरू गर्दा सूचना हाम्रै भाषामा भनेर रेडियोको नारा बनाएका थियौं । केन्द्रबाट प्रसारण हुने समाचार, विज्ञापन नेपाली भाषामा हुन्थे । रेडियो नेपालबाट पोखरा प्रसारणमार्फत हप्तामा एकपटक गुरूङ भाषामा समाचार सुन्ने गरेका थियौं । त्यही भएर सूचना हाम्रै भाषामा भन्ने नारा राखेका थियौं । हामी नेपालीसहित १० वटा भाषाबाट श्रोतालाई सम्बोधन गर्ने गर्छौं । हामीले गुरूङ भाषामा समाचार बजाएको एक सातामा स्थानीय महिलाले आफ्नो भाषामा समाचार बजाएको खुसीमा रेडियोमै आएर १० हजार आर्थिक सहयोग गर्नुभएको थियो । नेपाली भाषामा समाचारभन्दा स्पष्ट नहुनु स्वाभाविक थियो ।



समुदाय, चोकमा बसेर हाम्रो आलोचना पनि भयो, पछि उनीहरूले रेडियोमै आएर सहयोग गरे । हाम्रो नियमित सूचना सन्देशमध्ये १० प्रतिशत स्थानीय गुरूङ भाषामै बजाइदिन अनुरोध आउँछ । गुरूङ समुदायको समाचार र रेडियो रिपोर्टमा बढी प्राथमिकता दिएका छौं । हामी १० जना कर्मचारीमध्ये अन्य समुदायका ४ जना र ६ जना आदिवासी जनजाति समुदायबाट छौं । हामी गुरूङहरूको सामुदायिक भवनमा बस्छौं, हामीलाई गुरूङको रेडियो पनि भन्ने गर्छन् ।

## टीआर लिम्बू, रेडियो मेनछ्याम, तेह्रथुम



हामीले मेनछायाम सञ्चार सहकारी संस्थामार्फत यो रेडियो सञ्चालन गरेका छौं । मेनछायामको अर्थ लिम्बू भाषामा युवती उभिएको डाँडा हुन्छ, अहिले स्थानीय तहको नाम पनि मेनछायामा गाउँपालिका भएको छ । २०६४ साल माघ ११ गतेबाट प्रसारण सुरू गरिएको थियो । सुरूमा १०० र हाल ५०० वाट प्रसारण क्षमता छ । तेह्रथुममा ४० प्रतिशत लिम्बू जातिको बसोबास छ । हामीले जनसंख्याको आधारमा कार्यक्रम सञ्चालन गरिरहेका छौं । लिम्बू भाषामा ५ वटा कार्यक्रम चलाइरहेका छौं । शेर्पा, मगर, तामाङ भाषामा पनि कार्यक्रम उत्पादन तथा प्रसारण गरिरहेका छौं । हामीकहाँ बज्ने सूचना सन्देश पनि स्थानीय भाषामा धेरै छन् ।

हामीसँग केही समय पहिलेको भाषासँग जोडिएको एउटा प्रसंग छ । जिल्ला स्वास्थ्य कार्यालयले महिलाहरूको आङ खस्ने समस्याको उपचारका लागि कार्यक्रम आयोजना गरेको थियो । नेपाली भाषामा धेरै दिन सूचना बजायौं तर सहभागिता निकै कम भयो । पहिलो दिन चिकित्सकले समस्या कम रहेछ भन्ने प्रतिक्रिया दिए । हामीले तत्काल लिम्बू भाषामा सूचना बनाएर बजायौं, दोस्रो दिन समस्या लिएर आउने महिलाको संख्या निकै बढ्यो । यो भाषाका कारण थियो । कार्यक्रमपछि स्वास्थ्य कार्यालयका कर्मचारीले पहिले नै लिम्बू भाषामा पनि सूचना बजाउने कुरा किन नगर्नुभएको भनेका थिए । हामी रेडियोमा अंग्रेजी, हिन्दी भाषा बजाउँदैनौं । फोन उठाउँदा पनि हेलो भन्दैनौं । सेवारो, नमस्कार भन्छौं । कार्यक्रम, समाचार, गीत संगीत पनि

जनसंख्याको प्रतिशतको आधारमा बजाउँछौं । हामी १२ कर्मचारीमध्ये ७ जना लिम्बू छौं । बाँकी अरू छन् । रेडियोको आफ्नै भवन छ । रेडियोले रसिद काट्दा पनि नेपाली र लिम्बूमा लेखिएको रसिद दिन्छौं । निर्वाचनका बेला बजाउने सूचना पनि स्थानीय भाषामा बजाएका थियौं । हामीलाई चुनौती यो लिम्बूको रेडियो भन्ने गर्छन् ।

## फ्लोर







प्रस्तुतिपछि सहभागीले आफ्ना रेडियोको अनुभव, सुझाव, धारणा र जिज्ञासा राखेका थिए । फ्लोरबाट रेडियो कृष्णसार एफएम नेपालगञ्जका तुला अधिकारीले रेडियोसँग केन्द्रित छलफल कि त अर्ति दिने कि त अपेक्षा गर्ने खालका हुने गरेको भन्दै अब बाटो बदल्नुपर्ने बेला आइसकेको धारणा राख्नुभयो । उहाँले भाषाभाषीका कार्यक्रम उत्पादन र प्रसारण गरिरहेका छौं कि छैनौं, निरन्तरता दिन सकिएको छैनौं भने किन छैनौं भन्ने विषयमा छलफल गर्नुपर्छ । २०६३ सालमा खोलिएको आफू सम्बद्ध कृष्णसार एफएमले पनि सुरूमा थारू, अवधि, उर्दू भाषामा समाचार सुरू गरेको थियो । तर तीनवटै समाचारलाई निरन्तरता दिन सकिएन । उहाँहरूलाई टिकाउन नसक्नु नेतृत्वको हिसाबले मेरो कमजोरी होला तर उहाँहरूले नै अपनत्व लिन सक्नुभएन । हाम्रा कार्ययोजना बनाउँदा यस्ता समस्या समाधनका लागि पनि उपाय खोजौं । रेडियो बीचमा समन्वय गरेर काम गर्न पाएको भए दिगो हुने थियो ।

शुक्लाफाँटा एफएम कञ्चनपुरका विष्णु अवस्थीले २०६३ सालदेखि नै नेपाली सँगसँगै सुदूरपश्चिममा बोलिने डोटेली, राना थारू र चौधरी थारू भाषामा समाचार र कार्यक्रम उत्पादन तथा प्रसारण गरिहँदा कसैले पनि हाम्रो भाषामा कार्यक्रम गरेकोमा धन्यावाद नभनेको र भाषाको जर्गेना गरिदिनुभएको छ, सूचना बजाइदेउ भन्न पनि कोही नआएको सुनाउनुभयो । रेडियोलाई फाइदा हुने उपाए सुझाइदिनु हुन अनुरोध छ ।





रेडियो बुद्धआवाज कपिलवस्तुका श्याम चौधरीले भाषाभाषीका कार्यक्रम गर्न आउने सिक्ने र हिड्ने भइरहेको छ, टिकाउन सकिएको छैन । थारू समुदायको विविधताजस्तै भाषामा पनि फरक छ ।

अमार्कका सुमन बस्नेतले प्रश्नकर्तालाई जिज्ञासा राख्दै उर्दू, थारू भाषाका समाचार दिन नसकिएको भन्नुभएको छ, त्यसमा उर्दूभाषीले चलाएको रेडियोमा उर्दू र थारू भाषीले चलाएको रेडियोमा थारू भाषामा समाचार दिन समस्या परेको कि गैरउर्दू र गैरथारू भाषीले चलाएको रेडियोमा समस्या परेको हो ? रेडियो त्रियुगा उदयपुरका कौशल चेम्जोङले भाषाभाषीका कार्यक्रम बन्द हुनुका कारण खोज्न नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, हामीले भाषा प्रवर्द्धन गर्नका लागि अपनाइएका नीति र उपाए वैज्ञानिक छन् कि छैनन् भन्ने कुरा पहिले हेर्नुपर्छ । अध्ययनबिनै अनुमानका आधारमा काम गरिरहेका छौं । अवसरको अभावका कारण भाषा भाषिकाका अभिभावकले नै सन्तानलाई आफ्नो भाषा नसिकाएको उहाँको दाबी थियो । मुख्य कुरा अवसर भएको बताउँदै उहाँले समाचार कक्ष कत्तिको समावेशी छ भनेर ध्यान दिन जरूरी रहेकोमा जोड दिनुभयो ।

अकोराब कर्णाली प्रदेशका अध्यक्षसमेत रहनुभएका रेडियो राप्ती सल्यानका रमेश गौतमले सम्बन्धित भाषामा कार्यक्रम गरिरहेका रेडियोले सोही भाषासँग जोडेर रेडियोको परिचय आउँदा किन आरोप मानिएको होला ? गौरब गर्नुपर्ने होइन र भनेर प्रश्न गर्नुभयो ? उहाँले राष्ट्रिय भाषा नेपाली, अन्तर्राष्ट्रिय भाषा अंग्रेजी र त्यसपछि अरू भाषाका विकासको कुरा गरिनुपर्ने तर्क गर्नुभयो ।

अमार्कका सुमन बस्नेतको प्रश्नको जवाफमा कृष्णसार एफएमका तुला अधिकारीले जसका लागि हो उसैले नेतृत्व गर्नुपर्ने तरिकाले हेर्दा समस्या सुरू भएको हो भन्नुभयो, अधिकारीले सामुदायिक रेडियोले आफ्नो क्षेत्रका सबै भाषाका श्रोताका लागि कार्यक्रम प्रसारण गर्नु दायित्व भएकाले विविध भाषामा कार्यक्रम तथा समाचार प्रसारण गरेको बताउनुभयो । हाल रेडियोमा काम गरिरहेका कर्मचारी विभिन्न भाषाभाषीका भएर पनि उहाँहरूमा भित्रैबाट हुटहुटी नदेखिएको उहाँको तर्क थियो । आफूले उहाँहरूलाई जागरूक गराउन नसकेकोले सुझावका लागि विषयवस्तु राखेको अधिकारीको भनाइ थियो ।

**सहजकर्ता : भाषाभाषीका युवापुस्ताले आफ्नो भाषा नबोलेको, आत्मीयता देखाउन नसकेको अनुभव मसँग पनि छ, फ्लोरबाट उठेका जिज्ञासको जवाफका लागि प्रस्तुतकर्ताहरुलाई आग्रह गर्दछु ।**

**एकराज चौधरी**ः मिडियाको कुरा गर्दा जहिले पनि मैले मिडिया साम्राज्यको कुरा उठाउने गरेको छु, मिडियाको सञ्चालक को हो, कुन उद्देश्यले सञ्चालन भएको छ भन्ने विषय पहिले बुझ्न जरूरी छ । रेडियो सञ्चालकले आफ्नो लोकप्रियता कसरी बढ्छ भन्ने विषय बुझ्नुपर्छ । आदिवासीहरूले अहिलेसम्म यो देशका लागि लगानी गरे त्यसको क्षतिपूर्तिका लागि हामीले योगदान गर्नुपर्छ । त्यो कसरी, कसले गर्ने हो, तर हुनुपर्छ । भाषाभाषीका कार्यक्रम सञ्चालन गर्न रेडियो रेडियोबीच समन्वय गर्न सकिन्छ । स्थानीय तहले सहयोग गरेबापत रेडियोमाथि कब्जा गर्न खोजिरहेका छन्, आफूविरूद्ध नबोल्न नजानिँदो तरिकाले धम्क्याइरहेका छन् । मिडियामा राजनीतिक लगानी गर्ने परिपाटी पनि बन्द गरिनुपर्छ ।

**देव सुनुवार**ः भाषाभाषीको कार्यक्रमलाई स्थायित्व दिने उपाएका बारेमा प्रश्न आएको छ, हामीले रेडियो र आदिवासी जनजाति टिभी चलाएका छौं । आदिवासी जनजातिका भाषाभित्र पनि विविधता छ । राई भाषाभित्र मात्रै ३३ वटा भाषा बोलिन्छ । हामीले टेलिभिजन कार्यक्रम चलाउँदा कुनै जातिको कार्यक्रम चलाउनुपर्‍यो भने त्यो भाषाका लागि वकालत गर्ने संस्था, जातीय संगठनसँग बसेर छलफल गर्छौं । कार्यक्रम सञ्चालन र समीक्षा भइरहन्छ । जुन जिल्ला वा क्षेत्रमा हामी छौं, त्यो ठाउँमा कुन भाषाभाषी बोल्ने समुदाय बढी छन्, त्यसलाई प्राथमिकता दिइनुपर्छ । विद्यालयमा नेपाली, मिडिया नेपाली, न्यायालय नेपालीमा छ, अन्तर्राष्ट्रिय भाषा अंग्रेजी छ, अनि गाह्रो भएको छ । यसमा नीतिगत पहल गरिनुपर्छ । शिक्षा, सूचना पनि मातृभाषामा हुनुपर्छ । जसरी हामी महिलाको सहभागिताको उदाहरणीय छ भन्छौं, आदिवासी जनजातिको पनि अर्थपूर्ण सहभागिताका लागि पहल गरिनुपर्छ ।

**मीनाकुमारी गुरुङ**ः भाषाभाषीका कार्यक्रम गर्ने साथीहरूलाई रेडियोमा फुलटाइम काममा सहभागी गराउन सकियो भने सजिलो हुन्छ । आफू संलग्न रेडियोलाई जाति वा भाषा विशेषको भन्ने आरोपको कुरा आएको थियो, हामीले पनि लमजुङको रेडियो मर्स्याङ्दी गुरूङका लागि मात्रै भनेर खोलेका थिएनौं, भाषालाई प्राथमिकता दिएको मात्रै हो । अरू भाषामा पनि कार्यक्रम छ, तर भन्नेले यस्तो पनि भन्छन् भनेको मात्रै हो ।

**टीआर लिम्बूः** हामीले लिम्बू भाषामा बढी कार्यक्रम गरेका हौं, खसआर्यको पनि कार्यक्रम छ । हामीले पनि स्वीकार गरेका छौं, लिम्बू रेडियो भनियो भने स्वाभाविक हो, आरोप ठान्दैनौं । भाषा बिगारेको आरोपका विषयमा पनि कुरा आयो, कार्यक्रम प्रस्तोता पनि भाषामा विज्ञ छ कि छैन भन्ने कुराले महत्व राख्छ । अरू रेडियोमा के छ जानकारी भएन, रेडियो मेनछेयाममा कार्यक्रम सञ्चालन गर्ने व्यक्तिहरू ती भाषामा विज्ञ हुनुहुन्छ । सामुदायिक अवधारणाले खोलिएको रेडियोमा आदिवासी जनजातिका कार्यक्रम निरन्तरता दिन नसक्नु भनेको रेडियो नै लक्ष्यमा पुग्न नसक्नु हो । आर्थिक जोहो कसरी गर्ने भन्ने विषय सबैको समस्या हो, हाम्रो हकमा स्रोतको अभाव छैन ।

## निष्कर्ष र सुझाव

- नेपालको संविधान २०७२ मा कतिपय सवालहरू सम्बोधन भए तर कतिपय विषयहरू पुनः बहसमा लैजानुपर्ने अवस्था छ । उदाहरणका लागि सकारात्मक विभेद वा आरक्षणको विवादमा थप बहस आवश्यक छ ।
- नेपालको संविधान २०७२ को धारा २७ मा सार्वजानिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । आदिवासीको सन्दर्भमा उनीहरूले बोल्ने र बुझ्ने भाषामा सूचना पाउनुपर्छ ।
- रेडियो कार्यक्रम मातृभाषामा उत्पादन गर्न, मातृभाषी सञ्चारकर्मीको क्षमता अभिवृद्धि गर्ने स्रोतको चुनौती छ । यसका लागि राज्यले लगानी गर्नुपर्छ ।
- नेपालका आदिवासी जनजातिको आफ्नै मातृभाषा र लिपि छ । यो उनीहरूको मात्र होइन देशकै सम्पत्ति हो । नेपालको सबै निकाय र संरचनामा बहुभाषिक नीतिमा मात्र होइन सामुदायिक रेडियो पनि बहुभाषिक रेडियो स्टेशनको रूपमा विकास गरिनुपर्छ ।
- समानुपातिक सहभागिताको सिद्धान्तका कारण नेपालमा महिलाहरूको प्रतिनिधित्व हरेक क्षेत्रमा विश्वमा उदाहरणीय बनेको छ । महिलाभित्र विविधता अझै चुनौती छ । सामुदायिक रेडियोमा बहुलता र विविधता प्रवर्द्धन गर्न, रेडियोको हरेक तहमा (रेडियोको निर्णायक तह, व्यवस्थापन र कर्मचारी भर्ना गर्दा) आदिवासी जनजातिको समानुपातिक सहभागिता

सुनिश्चितताको लागि अर्थपूर्ण समानुपातिक सहभागिताको सिद्धान्त लागू गरिनुपर्छ ।

- सामुदायिक रेडियोमा आदिवासी जनजातिको आवाज समेट्न र सहभागिता बढाउन, मातृभाषामा कार्यक्रम र समाचार उत्पादन गर्न, मातृभाषी सञ्चारकर्मीको क्षमता अभिवृद्धि र कार्यक्रम निर्माणमा लगानी बढाइनुपर्छ । अनिवार्य रूपले जनसांखिक प्रतिनिधित्वको आधारमा सामुदायिक रेडियोमा मातृभाषाको कार्यक्रम र समचार उत्पादन गरिनुपर्छ ।

## आदिवासी जनजातिको सशक्तीकरणका लागि सामुदायिक रेडियोको भूमिका र अबको बाटो छलफल तथा सुझाव संकलन

**सहजकर्ता :**

- श्री भूमि चापागाईँ, प्रमुख लेखा समिति अकोराब ।
- श्री बालकृष्ण पोखरेल, कार्यकारी निर्देशक अकोराब ।



आदिवासी जनजातिको सशक्तीकरणका लागि सामुदायिक रेडियोको भूमिका र अबको बाटोका विषयमा सहभागीहरूबाट सुझाव संकलन गरिएको थियो । अकोराबका लेखा समिति प्रमुख भूमि चापागाई र अकोराबका कार्यकारी निर्देशक बालकृष्ण पोखरेलले सहजीकरण गर्नुभएको छलफल तथा सुझाव संकलनका क्रममा रेडियोकर्मी, अभियन्ता, विज्ञ, भाषाविद्लगायतले आआफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रमको उद्घाटन सत्र, विषयगत परामर्श र सुझावका रूपमा आएका विषयहरूलाई समेटेर सामुदायिक बहुलता र विविधताको सम्बर्द्धन, सामुदायिक प्रसारणमा आदिवासी जनजातिका कार्ययोजना तयार गरिएको हो ।



## निष्कर्ष र उपलब्धि

राष्ट्रिय गानमा भनिएजस्तै नेपाल बहुल जाति, भाषा र विशाल संस्कृतियुक्त देश हो । भाषा र भूगोलले मानिसको सामिप्यतालाई बढाउँछ । नेपालमा सामुदायिक रेडियोको स्थापनापछि आदिवासी जनजातिको सहभागिता र स्थानीय भाषाभाषीका कार्यक्रमलाई विशेष प्राथमिकता दिइयो । रेडियो नेपाल र नेपाल टेलिभिजनमा केही चल्तीका भाषामा समाचार र कार्यक्रम प्रसारण हुने गरे पनि सामुदायिक रेडियोको स्थापनापछि नेपालमा बोलिने १२३ मध्ये ७० भन्दा बढी भाषामा समाचार, कार्यक्रम, अन्तर्वार्ता र अन्य विषयवस्तु प्रसारण गरियो । सामुदायिक प्रसारणमा आदिवासी जनजातिको सहभागिता बढिरहेको छ । सामुदायिक रेडियोले सहभागिता तथा भाषाको प्रवर्द्धन र सम्बर्द्धनका लागि पुऱ्याएको योगदान, यस क्षेत्रमा गरिनुपर्ने सुधार र महत्वबारे बृहत्तर छलफल गर्न अकोराबले सरोकारवालाहरूसँगको सहकार्यमा 'सामाजिक बहुलता र विविधताको सम्बर्द्धन, सामुदायिक प्रसारणमा आदिवासी जनजाति' शीर्षकमा धनकुटा हिलेमा राष्ट्रिय परामर्श आयोजना गरेको हो ।

देशभरबाट १५० भन्दा बढी सामुदायिक रेडियोका अभियन्ता एवं सञ्चालक, विज्ञ, भाषाका ज्ञाता, सञ्चारमाध्यममा स्थानीय भाषाको प्रयोगमा अभ्यासरत अनुभवीहरू, प्राध्यापक र सञ्चारकर्मीहरूको उपस्थितिमा राष्ट्रिय परामर्श आयोजना गरिएको थियो । परामर्शले सामुदायिक रेडियोमा आदिवासी जनजातिको सहभागिता र भाषाभाषिका समाचार तथा कार्यक्रम बज्न थालेपछि श्रोतामा बढेको अपनत्वको प्रशंसा गर्दै स्थानीयस्तरमा सञ्चालनमा रहेका सामुदायिक रेडियोले स्थानीय र त्यहाँको भाषालाई प्राथमिकता दिएमात्रै दिगो हुन सक्ने निष्कर्ष निकालेको छ । सामुदायिक रेडियोहरूले स्थानीय भाषा र सहभागितालाई समेटे पनि जनशक्ति अभावलगायतका विविध समस्या देखाएर भाषाका समाचार तथा कार्यक्रम बन्द हुने गरेको विषयप्रति चिन्ता जाहेर गर्दै स्थानीयता झल्काउने र भाषा संरक्षण र सम्बर्द्धन गर्ने विषयमा संवेदनशील बन्न सबै सरोकारवालालाई झक्झकाएको छ । विज्ञहरूको सुझाव, अभ्यासमा रहेका रेडियोहरूको अनुभव आदानप्रदानले आगामी बाटो तय गर्न थप सहज बनाएको छ ।

ग्रामीण सुमदायले आफ्नै भाषा र लवजमा सूचना तथा जानकारी पाउने अधिकारको रक्षा गर्नुपर्नेमा जोड दिँदै कार्यक्रमले कार्ययोजना र घोषणापत्रसमेत

जारी गरेको छ । संयुक्त राष्ट्रसंघले आदिवासी जनजातिले बोल्ने भाषाप्रति विश्वको ध्यानाकर्षण गराउँदै यसको संरक्षण, प्रचारप्रसार र लोपोन्मुख भाषाहरूलाई पुनर्जीवित गर्न, 'दिगो विकास, शान्ति र मेलमिलापका लागि भाषा' भन्ने नारासहित सन् २०१९ लाई संसारभरका आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय भाषा वर्ष घोषणा गरी मनाइरहेको सन्दर्भमा पनि कार्यक्रमले महत्व पाएको छ । सम्भवतः नेपालमा सञ्चारमाध्यम र भाषालाई लिएर गरिएको यस किसिमको पहिलो वृहत्तर छलफलले तयार गरेका कार्ययोजना र घोषणापत्रका प्रतिबद्धतालाई मूल उपलब्धिका रूपमा लिइएको छ । सँगै सरकार र सम्बन्धित सरोकारवालासँग गरिएको मागलाई पनि अझ धेरै सुनिने गरी पुऱ्याउने दायित्व कार्यक्रमले सबै सामुदायिक रेडियोलाई थपिदिएको छ । सामुदायिक रेडियोमा भाषासँग जोडेर गरिएका थालनी, अभ्यास, अप्ठेरा र सफलताका कथा आदानप्रदान गर्दै सुझाव संकलन गरी त्यसैका आधारमा कार्ययोजना निर्माण गरिनु कार्यक्रमको सकारात्मक पाटो हो ।

विभिन्न अनुसन्धानहरूले अल्पसंख्यले बोल्ने भाषाहरू विस्तारै लोप हुँदै गइरहेको तथ्य सार्वजनिक गरिरहँदा आयोजित कार्यक्रममा भएको विविधायुक्त सहभागिता, विहंगम छलफल, प्रदेश र स्थानीय सरकारको आतिथ्य र अपनत्वले पनि कार्यक्रमको औचित्यलाई पुष्टि गरेको छ । सामुदायिक रेडियोको इतिहासमै पहिलोपटक, अकोराबले भाषालाई केन्द्रमा राखेर राष्ट्रियस्तरको कार्यक्रम आयोजना र सफलतापूर्वक सम्पन्न गरेको हो । सबै सामुदायिक रेडियोको नेतृत्व र निर्णायक तहमा आदिवासी जनजातिको जनसंख्या र विविधताको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चिता गर्न प्रतिबद्धता जनाइनु, उत्पादन तथा प्रसारण सामग्रीमा प्रतिशत तोकेर सुनिश्चितताको प्रतिबद्धता आउनुजस्ता विषय हिले कार्यक्रमका मुख्य उपलब्धि हुन् । आफैंले गरिरहेको कामको समीक्षा, आफ्नै कार्यशैलीप्रति आलोचना, आफैंलाई जिज्ञासा र समाधानका लागि आफ्नै कार्ययोजना बनाउने विषयमा भएको सफलताले हिले कार्यक्रम सामुदायिक रेडियोको इतिहासमा कोसेढुंगा सावित भएको छ ।




# विविधता, बहुलता र लैङ्गिक समानता : सामुदायिक प्रसारणमा महिला सहभागिता


विविधता, बहुलता र लैङ्गिक समानता : सामुदायिक प्रसारणमा महिला सहभागिता
राष्ट्रिय परामर्श कार्यक्रम
प्रदेश नं. ३, धादिङ
८ र ९ पौष २०७६
सहकार्य:

## पृष्ठभूमि

नेपालमा सञ्चालनमा रहेका ३५० भन्दा बढी सामुदायिक रेडियोहरूले दूरदराजमा रहेका आवाजविहीन महिला तथा अन्य पछाडि पारिएका समुदायको आवाज बुलन्द गरी उनीहरूको अवस्था, समस्या तथा चुनौती पनि उजागर गरिरहका छन् । तुलनात्मक रूपमा महिला समुदायमा निरक्षरताको दर उच्च रहेकाले उनीहरूलाई छापा माध्यमबाट  सूचना प्राप्त गर्न कठिन छ । सामुदायिक रेडियोको शक्ति भनेकै यसको प्रसारण सबै ग्रामीण क्षेत्रमा पुग्नु हो । सामुदायिक रेडियोले महिलाको स्वामित्व तथा सहभागिता अभिवृद्धिमा विशेष योगदान गरेका छन् भने महिला लक्षित कार्यक्रम तथा समाचार प्रसारण गरी महिला सशक्तीकरणमा समेत अमूल्य योगदान पुऱ्याएका छन् । सामुदायिक रेडियोमा समुदायको सहज पहुँच र आफ्ना विषयवस्तु सामुदायिक रेडियोमार्फत उजागर हुने भएकाले महिला तथा अन्य समुदायको विश्वास प्रणालीलाई बढाउने काम गरेको छ ।

यिनै कुराहरूलाई मध्यनजर गर्दै सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले धादिङका स्थानीय तह, सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्क एसिया प्यासिफिक र वर्ल्डभिजन इन्टरनेशनल नेपालसँगको साझेदारीमा 'विविधता, बहुलता र लैङ्गिक समानता, सामुदायिक प्रसारणमा महिला सहभागिता' राष्ट्रिय परामर्श कार्यक्रम गरेको छ । सामुदायिक प्रसारणसँग आवद्ध महिला नेतृत्व, रेडियो पत्रकार र विषयगत विज्ञ एकै ठाउँमा भेला भई नेपालका सामुदायिक रेडियोहरूले लैङ्गिक समानता र विशेषगरी महिला अधिकारका लागि खेलेको भूमिकाको समीक्षा गर्दै आगामी दिनमा सामुदायिक रेडियोमा महिलाको सहभागिता र स्वामित्व प्रवर्द्धनमा रेडियोको भूमिका र आगामी बाटो खोजी गर्दै मार्गदर्शन गर्ने मुख्य उद्देश्यसाथ २०७६ पुस ८ र ९ गते धादिङको गल्छी गाउँपालिकास्थित बैरेनीमा कार्यक्रम भयो । कार्यक्रममा देशभरबाट प्रतिनिधित्व गर्दै सामुदायिक रेडियोका महिला प्रतिनिधि, अकोराब कार्यसमिति, नीति निर्माता, विकास साझेदार, महिलासम्बन्धी सामुदायिक संघसंस्था, विभिन्न सञ्जालमा आवद्ध प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि, सामुदायिक सञ्चार र महिला अधिकारसम्बन्धी विषयवस्तुसँग सम्बन्धित विषयगत विज्ञसमेत सहभागिता रहेको थियो ।



७० प्रतिशतभन्दा बढी महिला सहभागी रहेको सो कार्यक्रममा लैङ्गिक समानता र विशेषगरी महिलासँग जोडिएका मुख्य सवाल, विद्यमान ऐन-नियम र कानुनका साथै परम्परागत रूपमा चलिआएका हानिकारक अभ्यासहरूको अन्त्यका निम्ति सामुदायिक रेडियोका तर्फबाट सञ्चालन गर्नुपर्ने कार्यक्रम र अभियानको योजना निर्माण गरिएको छ ।



अन्य सञ्चारमाध्यमको तुलनामा किन सामुदायिक रेडियोले महिलाका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ ? कसरी सामुदायिक रेडियोमा महिलाको स्वामित्व र सहभागिता बढाउन सकिन्छ ? हाम्रा साझेदारीका सवाल र क्षेत्रहरू के हुन् र के हुन सक्छन् ? लगायत विषयवस्तुमा छलफल गरिएको थियो । परामर्शले सामुदायिक रेडियोका तर्फबाट महिलाका मुद्दा तथा सवाल, तत्काल र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यहरूलाई समेटेर १२ बुँदे धादिङ घोषणापत्र जारी गरेको छ । घोषणापत्रको आधारमा अकोराबले सामुदायिक रेडियोमा महिला सहभागिता बढाउन र विषयवस्तुको विविधताको निम्ति कार्ययोजना बनाउने छ । सामुदायिक प्रसारणमा महिलाको विषयमा केन्द्रित रहेर आयोजना गरिएको उक्त कार्यक्रममा औपचारिक उद्घाटनसत्र शत्रका साथै विभिन्न विषयगत बहस र घोषणापत्र तथा कार्ययोजना तयारी गर्ने शत्रहरू सञ्चालन गरिएका थिए ।

## उद्घाटन सत्र



राष्ट्रिय परामर्श कार्यक्रमको उद्घाटन सत्रको अध्यक्षता संघका अध्यक्ष सुवास खतिवडाले गर्नुभएको थियो । प्रमुख अतिथि राष्ट्रिय सभाका उपाध्यक्ष शशिकला दाहालले पानसमा बत्ती बालेर कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो । कार्यक्रममा संविधानसभा सदस्य कल्पना शर्मा चापागाई, जिल्ला समन्वय समिति धादिङका प्रमुख जगन्नाथ नेपाल, सामुदायिक रेडियोहरूको विश्व संगठन, अमार्क एसिया प्रशान्त क्षेत्र महिला सञ्जालका संयोजक निम्मी चौहान, धुनीबेंसी नगरपालिका प्रमुख बालकृष्ण आचार्य, गल्छी गाउँपालिकका अध्यक्ष कृष्णहरि श्रेष्ठ, ज्वालामुखी गाउँपालिका अध्यक्ष विनोद तिमिल्सिना, गल्छी गाउँपालिका उपाध्यक्ष राधा तिमिल्सिना, संकल्पका अध्यक्ष एवं अधिकारकर्मी लिली थापा, धादिङका स्थानीय तहका प्रतिनिधिलगायतको उपस्थिति थियो । उद्घाटन समारोहमा अकोराबको तर्फबाट अध्यक्ष सुवास खतिवडाले सम्मेलनको उद्देश्यसहित स्वागत मन्तव्य राख्नुभएको थियो । उद्घाटन समारोहको सहजीकरण अकोराबका सचिव बन्दना दनुवारले गर्नुभएको थियो ।

## उद्घाटन सत्रमा व्यक्त धारणा

### सुवास खतिवडा, अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ

यस राष्ट्रिय परामर्श कार्यक्रममा सहभागी प्रमुख अतिथि, सम्पूर्ण अतिथिज्यूहरू र सहभागिताका लागि पूर्वदेखि पश्चिमसम्म, ताप्तलेजुङदेखि डडेलधुरा, दार्चुलासम्मबाट गल्छी गाउँपालिकाको जिन्टेटारमा आइपुग्नुभएका सबैलाई अकोराबका तर्फबाट हार्दिक स्वागत छ । सामुदायिक रेडियो अभियान र यसका विभिन्न आयामहरूका बारेका हामी दुईदिनसम्म वृहत छलफल र बहस गर्ने छौं ।




आज तपाई हाम्रो हातमा सूचना छ, अभिव्यक्तिको पहुँच पनि छ, यद्यपि यसको विश्वसनीयतामाथि हामी प्रश्न उठाइरहेका छौं । किनकि हामी सामुदायिक रेडियोमा समुदायको स्वामित्व र सक्रियताको कुरा गरिरहेका छौं, समुदायको आवश्यकता र रूचिका विषयवस्तु सामुदायिक रेडियोमा आउनुपर्छ भन्ने अभियानमा हामी छौं ।

नेपालमा सामुदायिक रेडियो अभियान सुरू भएको २२ वर्ष नाघेको छ र विशेषगरी ०६२/६३ को आन्दोलनपछि नेपालमा एफएम रेडियोहरूको स्थापनाले तीव्रता पायो । सामुदायिक रेडियो ७७ वटै जिल्लामा सञ्चालित छन्, ७० भन्दा बढी भाषामा कार्यक्रम र समाचार प्रसारण हुन्छन्, यो हाम्रो विशेषता हो र यसभित्र पनि आदिवासी जनजातिको सहभागिताको सवाल, महिलाको सहभागिता, सीमान्तकृत समुदायको सहभागिता र उहाँहरूको स्वामित्वलाई अझ कसरी सवल पार्न सकिन्छ भन्ने सवालाई हामी छलफल र बहसको विषय बनाइरहेका छौं यद्यपी नेपालमा भएका अरू कुनै पनि सञ्चारमाध्यममा यति धेरै भाषामा समाचार र कार्यक्रम प्रसारण हुँदैनन् ।

हामीभित्र यति धेरै विविधता छन्, त्यो हामी अरू सञ्चारमाध्यममा पाउन सक्तैनौं । यतिमा मात्रै हामी सन्तुष्ट भई चित्त बुझाएर बसेका छैनौं । अझ सीमान्तकृत समुदाय, जसको कतिपय पहुँच पुग्नुपर्ने ठाउँमा पुग्न सकेको छैन, कतिपयको आवाज सुनिंदैन, हामी सामुदायिक रेडियोलाई आवाजविहीनको आवाज भनिरहेका छौं । अरू सञ्चारमाध्यममा पहुँचवालाहरूको राम्रो बोलवाला

होला, उहाँहरूको विषयवस्तुहरू प्रसारण होलान् तर सामुदायिक रेडियोहरूमा त्योभन्दा फरक किसिमको समुदायको आवाज प्रस्तुत भइरहेको छ ।

किन हामीले महिला भेला गऱ्यौं, किन हामी यस विषयमा बृहत छलफल गरिरहेका छौं ? पुसको यो चिसोमा कति टाढादेखिका साथीहरू जम्मा भएका छौं । सामुदायिक रेडियोहरूको विश्व संगठन, अमार्क एसिया प्रशान्त क्षेत्र महिला सञ्जालका संयोजक निम्मी चौहान आउनुभएको छ । एसिया प्रशान्त क्षेत्रमा महिलाको अवस्था कस्तो छ ? उहाँबाटै सुन्छौं । लिली थापा हुनुहुन्छ, वर्तमान अवस्थामा नेपालमा महिलाका मुद्दा, महिलाका सवाल के के हुन् भन्ने विषयमा उहाँले केही कुरा राख्नुहुने छ ।

महिलाका मुद्दा, महिलाका सवालमा हामी सामुदायिक रेडियोहरू कहाँ छौं त, हामी महिला नै सामुदायिक रेडियोका स्टेशन म्यानेजर छौं, समाचार प्रमुख छौं, कार्यक्रम प्रमुख छौं तर मुद्दाचाहिँ कसको उठाइरहेका छौं ? के हामी महिलाका मुद्दा उठाइरहेका छौं, आजको दिनमा महिलाका मुद्दा के के हुन्, हाम्रो संविधानले हामीलाई के दिएको छ ? हामीले स्वतन्तताको, समानताको, आधारभूत मानवअधिकारको, आत्मसम्मानको अधिकार प्राप्त गरेका छौं तर रेडियोमार्फत ती कुरालाई कत्तिको प्रवाह गर्न सकेका छौं, कत्तिको बहस र छलफल गर्न सकेका छौं ? यदि सकेका छैनौं भने हामीले अब गर्नुपर्ने के हो ? हामी त्यसका लागि कार्ययोजना निर्माण गर्ने छौं । सामुदायिक रेडियोको अभियानमा लागिसकेपछि हामीले समाजमा के गुण दिन सक्यौं त ? समाज रूपान्तरणको माध्यमका रूपमा स्थापित सामुदायिक रेडियोमार्फत सोहीअनुरूप बनाउन सकेका छौं कि छैनौं त ? स्थानीय मुद्दाहरूमा छलफल र बहस गरेर मुद्दाका पीडित पक्षहरूलाई न्याय पनि दिन सकेका छौँ कि छैनौँ यि विषयहरूमा पनि हामी छलफल गर्ने छौँ । हामीसँग स्थानीय सरकार र प्रदेश सरकार छन् । स्थानीय सरकारको कामलाई जनतासँग जोड्ने माध्यम कुन हो त ? जनतामा पहुँच पुगेको माध्यम कुन हो ? अवश्य सामुदायिक रेडियो नै हुन् । साक्षरताको दर अध्ययन गरौं, मानिसले पत्रपत्रिका पढ्न सक्ने अवस्था छैन, कैयौं नागरिकका घरमा विद्युत् पुग्न सकेको छैन, उनीहरू टेलिभिजनको पहुँचभन्दा बाहिर छन् । त्यस्तामा सामान्य रेडियो सेटबाट सुन्न सकिन्छ । मोबाइल फोनबाट पनि रेडियो सुन्न सकिन्छ । हामी आधारभूत नागरिकको पहुँचमा रहेको माध्यममा काम गर्छौं भने उनीहरूको पक्षमा कति आवाज उठाउन सकिरहेका छौं त ? आधारभूत नागरिकका सवाल कत्तिको

उठाउन सकेका छौं ? उहाँहरूको गरिबीको मुद्दा कत्तिको उठाइरहेका छौं ? यो सवालमा हामी छलफल गर्ने छौं ।

तपाईहरूलाई जानकारी गराऔं, २०६६/०६७ मा सरकारले लोककल्याणकारी विज्ञापन भनेर दुई करोड रूपैयाँ विनियोजन गर्थ्यो, हामीले यसपालि आठ करोड रूपैयाँ प्राप्त गरेका छौं । यो सामुदायिक रेडियोले मात्रै होइन, नेपालका प्रसारण माध्यमले प्राप्त गरेको कुरा हो । पहिले यस्ता सूचनाहरू एउटा भाषामा मात्रै प्रसारण हुन्थ्यो, अहिले आठवटा भाषामा प्रसारण हुने गरेको छ, उहाँहरूलाई पनि हामीले केही रूपान्तरण त गर्न सक्यौं तर अहिले पनि नेपालमा सामुदायिक रेडियोलाई सम्बोधन गर्ने कानुन बनेको छैन । तर पनि मलाई के खुसी लागिरहेको छ भने, यसपालिको सदनमा त्यो कुरा आउँदैछ, यसमा खुसी सँगसँगै हामीले सचेत हुनुपर्ने पाटो पनि उत्तिकै संवेदनशील छ, त्यो कस्तो आउँछ भन्ने कुरा हो, हाम्रो रेडियोको परिभाषा उहाँहरूले कसरी गर्नुहुन्छ, हाम्रा उपलब्धिहरूलाई उहाँहरूले कत्तिको न्याय गर्नुहुन्छ भन्ने पाटो पनि छ ।

यो उद्घाटन सत्रमा हामी एक्येबद्धता पनि प्राप्त गर्छौं, धुनिबेसीं नगरपालिका, थाक्रे गाउँपालिका, गल्छी गाउँपालिका, गजुरी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, सिद्धलेक गाउँपालिका र ज्वालामुखी गाउँपालिकाले तपाईहरूको यो कार्यक्रमप्रति हाम्रो ऐक्यबद्धता छ, तपाईहरूको रेडियोबाट हाम्रा गाउँसहरका काम र सूचना प्रवाह भएका छन्, हामी कुनै न कुनै ढंगबाट तपाईहरूलाई नैतिक र आर्थिक सहयोग गर्छौं, यो हाम्रो पनि कार्यक्रम हो भनेर स्वामित्वबोध गर्नुभएको छ । म आयोजकका तर्फबाट उहाँहरूलाई आभार प्रकट गर्न चाहन्छु । यहाँको राजनीतिक दल, नागरिक समाजले पनि कार्यक्रम यहाँ ल्याउनुभयो शुभकामना भन्न चाहन्छौं भन्नुभएको छ । सबै सहभागीलाई फेरि पनि स्वागत गर्न चाहन्छु । हामी सबै रचनात्मक ढंगले सहभागी बनौं ।

**नवराज छत्कुली, अध्यक्ष पत्रकार महासंघ, धादिङ**

नेपालको परिवर्तनको आन्दोलनमा यहाँका सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण रहेको छ । सामुदायिक रेडियोहरूले समाजको विकास, समृद्धि र आर्थिक एवं सांस्कृतिक रूपान्तरणको निम्ति महत्वपूर्ण काम गरेका

छन् । विविधता, बहुलता, लैंगिक समानता, सामुदायिक प्रसारणमा महिला सहभागिता कार्यक्रममा आउनुहुने सम्पूर्ण सहभागीलाई जिल्लाका सञ्चारकर्मीहरूको तर्फबाट स्वागत गर्दै कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।



## राधा तिमिल्सिना, उपाध्यक्ष गल्छी गाउँपालिका

अकोराबले राष्ट्रियस्तरको कार्यक्रमका लागि गल्छी गाउँपालिकालाई छनौट गरेकामा विशेष धन्यवाद । गाउँपालिकाको न्यायिक समितिमा बसेर काम गरिरहँदा पनि महिलाका कतिपय गुम्सिएर बसेका मुद्दा बाहिर आउन नसकिरहेको अवस्था छ । आगामी दिनमा सामुदायिक रेडियोबाट समाजबाट बाहिर निस्कन नसकेका मुद्दाहरू बाहिर आउने आशा राखेकी छु । यहाँबाट आएका निष्कर्ष कार्यान्वयनमा लान हामी पहल गर्ने छौं । महिलाको सहभागिताका विषय, सामुदायिक रेडियोबाट प्रसारणमा परेका अप्ठेरोका विषयलाई आगामी दिनमा सहज तुल्याउने प्रयास रहने छ । यहाँका सामुदायिक रेडियोसँग साझेदारी गरेर काम गरिरहेका छौं । अहिले पनि कतिपय भूगोलमा रेडियो नसुनिने अवस्था छ, त्यहाँ सुनाउनुपर्ने छ, त्यसका लागि पनि ध्यान पुगोस् ।



## निम्मी चौहान, अमार्क एसिया प्रशान्त क्षेत्र महिला सञ्जाल, संयोजक

सबैभन्दा पहिले म यहाँहरूलाई धेरै धन्यवाद दिन्छु, मलाई याद भएसम्म एसिया प्रशान्त क्षेत्रमा महिलाको विषयलाई लिएर यस प्रकारको राष्ट्रिय परामर्श भएको छैन । यहाँहरूले पहल गरेर कार्यक्रम आयोजना गर्नुभएकोमा बधाई छ । यहाँहरूले सुरूआत गर्नुभएको छ, मलाई आशा छ, यसले



निरन्तरता पाउने छ । यसबाट महिला प्रसारकहरूको प्रगतिशील सञ्जाल बनोस् भन्ने शुभेच्छा छ । यहाँहरूले गर्नुभएको कामलाई अरूले पनि पछ्याउन सकुन् भन्ने मेरो अपेक्षा छ । दुई दिनसम्मको बसाइमा हामी सँगै छलफल गर्ने छौं, सबैले खुलेर कुराकानी गरौं, एकअर्कालाई बुझौं, शुभकामना ।

## लिली थापा, अध्यक्ष, संकल्प मुख्य वक्ता



आज यतिधेरै महिलाहरू सञ्चारक्षेत्रमा जम्मा भएको देखेपछि मलाई १९७० को दशकको महिलावादी आन्दोलनको याद आयो । विशेषगरी लैंगिक समानता, आर्थिक स्वतन्त्रता, सामाजिक न्यायका कुराहरू १९७० को दशकमा सुरू भएको हो । त्यतिबेला विश्वमा आन्दोलन सुरू नभएको भए आज हाम्रो यहाँ उपस्थिति सन्देहकै विषय हुन्थ्यो होला । महिलाको अधिनता व्यक्तिगत सम्पत्तिको प्रारम्भसँगै भएको हो भन्ने कुरामा त शंकै छैन । डोरबहादुर बिष्टको सबैजातको फूलबारी भन्ने पुस्तक अनुसार शुरूमा पाशविक काल थियो, महिला पुरूष दुवै जंगल जान्थे, सिकार ल्याउँथे, बर्बरता काल आयो, त्यो बेला महिलाको भूमिका परिवर्तन भयो, पुरूषमात्रै जंगल जान थाले, ल्याएका कुरा बाँडफाँड गर्ने, घरपरिवार महिलाले सम्हालेका थिए । त्यसलाई निकै राम्रो अवस्था मानिएको थियो । त्यस्तै मदनमणि दीक्षितको नारी भन्ने पुस्तकमा उहाँले लेख्नुभएको छ, त्यतिबेला मातृकुल परम्परा थियो, त्यो परम्परामा मान्छेले मान्छे जन्मायो भनेर मान्छेको योनिमा पूजा गरिन्थ्यो । महिलाहरू एकदमै शक्तिशाली र राम्रो अवस्थामा थिए । बर्बरताकालको अत्यतिर सभ्यताकाल आयो, त्यो बेला महिला पुरूष दुवैलाई सम्मानयुक्त, सन्तुलित भूमिका थियो ।

सभ्यताकालमा आएपछि महिलाको अवस्था बिग्रियो, कमाएर ल्याएकाले नदिएपछि माग्ने र दिने अवस्था बन्यो । महिलाको भूमिका परिवर्तन भयो, जहिले पनि दिने माथि हुने लिने तल हुने अवस्था भयो अहिले पनि छँदैछ । जतिबेला महिलाको भूमिका जैविक भूमिकामा मात्रै, पुनर्उत्पादनको भूमिकामा

सीमित गरियो, कमाएर खान सक्ने उत्पादनशील भूमिका दिइएन । त्यतिबेला, सभ्यताकालदेखिको संरचना खासै बदलिएको छैन त ? महिलाको भूमिका पुनर्उत्पादनमात्रै हो त ? हैन नि । महिलाले घरभित्रकै काम गरिरहेका छन् । खासमा महिलाको उत्पादनशील भूमिका धेरै छ । हामीले होटलमा खाना खान्छौं यहाँ पुरूषले पकाउँछन्, पैसा लिन्छन्, हामीले खाना पकाएको, कपडा धोएको पैसा लिएका छैनौं । यो विषयमा बुझ्न तपाईहरूले डा. मीना आचार्यको 'स्टाटस अफ वुमन इन नेपाल' पढ्नुपर्छ । उहाँले ३५ वर्षअघि वर्ल्ड बैंकको लिन बेनेटसँग मिलेर 'स्टाटस अफ वुमन इन नेपाल' किताब लेख्नुभएको छ । त्यतिबेला नै थाहा भयो, नेपालका महिलाले १४ घण्टा काम गर्छन् जबकि पुरूषले १२ घण्टामात्रै काम गर्छन् । पुरूषले १२ घण्टामात्रै काम गर्दा पनि उनीहरूको भूमिकाचाहिँ उत्पादनशील, महिलाको भूमिकाचाहिँ जहिल्यै आश्रितमा आयो, त्यो पुस्तकको प्रकाशनपछि नेपाल सरकारले पनि महसुस गरेर कुनै पनि महिलाले आठ घण्टासम्म काम गर्छन् भने त्यसलाई उत्पादनशील भूमिका मानेको छ ।

खासमा १८ औं शताब्दीका ग्रीक चिन्तकहरू अरिस्टोटलदेखि मार्क्सले पनि सहभागिता र स्वतन्त्र रूपमा विचार राख्न पाउने कुराहरू ल्याउनुभएको थियो । हामीले पढ्ने गरेको 'माक्सिस्ट फेमिनिजम'ले निकै सहज तरिकाले गरेको तर्क के हो भने, जबसम्म महिलाले पितृसत्ता र आर्थिक पाटोमा नियन्त्रण कायम गर्न सक्तैनन् त्यतिबेलासम्म महिलाको स्वतन्त्रता आउँदैन । यो विषयलाई हामी सबैले आत्मसात गरेका छौं । पितृसत्तालाई नजितेसम्म र आर्थिक रूपमा पकड नभएसम्म महिलाको स्वतन्त्रता आएको भन्न मिल्दैन ।



नेपालमा चाहिँ के भयो त, मैले यही विषयमा खोजी गरेको छु । नेपालमा लिच्छविकालदेखि नै महिलाले क्रान्ति गरेको पाइन्छ । लिच्छविकालमा मानदेवकी आमाले सती नगएको इतिहास हामीसामु छ । त्यतिबेला उनका देवरले भाउजुलाई सती पठाउन पाए राज्यको शक्ति पाउँथे भनेर प्रयत्न गरेका थिए तर मानदेवकी आमाले नै राज्य गरेर बस्नुभयो । त्यतिबेलाका रानीहरूले पनि महिला अधिकारका लागि नलडेका होइनन् । अहिले हामीले मात्रै लडेको भन्ने लाग्ने गर्छ, तर त्यसो होइन । किराँतकाल र लिच्छविकालका महिलाले निकै प्रयास गरेका थिए । तपाई हामीले भृकुटीका बारेमा कति जानेका छौं ? भृकुटी थिइन्, तिब्बतका राजाले बिहे गरे यत्ति थाहा छ, यदि भृकुटीले त्यति बूढो तिब्बतका राजा स्रङचङगम्पोसँग बिहे नगरेको भए तिब्बतले

नेपाललाई के गर्थ्यो होला ? भृकुटीले आफ्नो राज्यका लागि गरेको त्याग र योगदानका बारेमा हामीले पढेका छौं त ? त्यो कहाँ लेखेको छ त ? हाम्रो इतिहासमा छ त ? इतिहास सबै उसका कथाले भरिएका छन्, त्यहाँ उनका कथा छैनन् (हिस्ट्री इज अल अबाउट हिज स्टोरी, देयर इज नो हर स्टोरी) त्यसैले इतिहास भनेकै 'हिजस्टोरी' हो । जंगबहादुरले के गरे, कोतपर्वमा के भयो, भीमसेन थापाले के गरे, मारे, मरे, जिते त्यहीमात्रै छ इतिहासमा । 'हर स्टोरी' कहाँ लेखिएको छ त ? भृकुटीको बारेमा कहाँ लेखिएको छ त, मानदेवकी आमाका बारेमा कहाँ लेखिएको छ त ? अनि हामी सतीप्रथा कसले बन्द गऱ्यो भन्दा चन्द्रशमशेरको नाम लिन्छौँ । त्यो पूर्णरूपमा गलत हो भन्छु म, किनभने चन्द्रशमशेरलाई सतीप्रथा बन्द गराउन पछाडिबाट कसले दबाब दियो ? योगमाया हेर्नुस् त, मानदेवको आमा हेर्नुस्, लिच्छविकालदेखि सती नगएर बसेको, योगमायाले त्यत्रो आन्दोलन नगरेको भए चन्द्रशमशेरले बन्द गर्थे त ? गर्दैन थे । तर नामचाहिँ चन्द्रशमशेरको आयो । यहाँ योगमायाको नामै छैन, इतिहासै छैन ।

भर्खरै मात्र हामीले साहान दिदी, साधना दिदी, मंगलादेवी, मोतीदेवी र योगमायाको विषय पाठ्यक्रममा राखेका छौं लैंगिक अध्ययनमा । उहाँहरूले गरेको योगदान त हामीले आउने पुस्ताले थाहा पाउनु पऱ्यो नि अनि हामीले गरेका कुरा हाम्रा आउने पुस्ताले थाहा पाउनु पऱ्यो । तपाईहरूलाई अर्को विषय पनि भन्छु, राणाशासनविरूद्ध आन्दोलन भइरहँदा कर्फ्यु लाग्थ्यो, त्यतिबेलाका अग्रज दिदीहरू साहान दिदी, मंगला दिदी, सुन्दरा चालिसेलगायतले आफ्ना श्रीमानहरू कोही जेलमा, कोही भूमिगत हुँदा नक्सालमा रहेको नन्दी रात्रि विद्यालयमा, राति-राति टोलभरिका महिला दिदीबहिनीलाई बोलाएर कक्षा दिनुहुन्थ्यो रे, तपाई कल्पना गर्न सक्नुहुन्छ ? अहिले पद्मकन्या क्याम्पसमा ७७ वटै जिल्लाका दिदीबहिनी पढ्छन, दिदीहरूले त्यसो नगरेको भए तपाईहरू यहाँ आउँदै आउनु हुन्नथ्यो भन्छु म । शिक्षाका लागि गरिएको ती कुराको इतिहास कतै छैन । राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू पनि हुनुहुन्छ, म आग्रह गर्छु, यस्ता कथालाई राम्रोसँग दस्तावेजीकरण गर्नुपऱ्यो, अनि नयाँपुस्ताले थाहा पाउँछ । मेरो घर नक्सालमा, नक्सालमै सानो कोठामा एकजना मैचा बूढीआमा बस्नुहुन्थ्यो, उहाँ बसेको भाडा नेपाली कांग्रेस पार्टीले हरेक महिना १५०० रूपैयाँ ल्याएर दिंदो रहेछ, बिहेअघि खासै वास्ता गरिएन, पछि महिला आन्दोलनमा लागेपछि थाहा भयो, जतिबेला मनमोहन अधिकारी, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई जेलमा हुनुहुन्थ्यो, ती मैचाले सुन्दरीजल

जेलमा कुचो लगाउने काम गर्नुहुँदो रहेछ, ती मैचाले जेलमा चिठी ओहोर दोहोर गर्ने काम गर्नुहुँदो रहेछ । ल विचार गर्नुस् त्यो बेलामा, जेलमा थुनेका, मार्छु भनेका नेतालाई ती मैचाले चिठी ओहोरदोहोर गरेको, उनको आँट, कति बहादुर । मैचा बाँचुन्जेल काँग्रेसले भाडा त तिरिदियो, तर भारतबाट आएको चिठी दिने, यताबाट पठाउन सहयोग गरेको मैचाको खै त इतिहास लेखिएको ? त्यो बेलामा मैचाले चिठी नदिएको भए कुनै पनि नेता बाहिर आउन सक्ने अवस्था थिएन । कतिपय हर स्टोरीहरू लुकेको छ ।

नेपालमा आन्दोलनहरू नभएको होइन, अहिले महिलाले पद पाएका छन्, उपाध्यक्षज्यू हुनुहुन्छ, परिवर्तनका लागि महिलाको महत्वपूर्ण योगदान छ तर परिवर्तन पछी महिलाको योगदानलाई स्वीकार गरेको ठाउँ कहाँ छ त ? हो, महिलाको आरक्षण आयो, सम्मान गरियो, सीमित महिलालाई समावेशीमा राखियो अझै पनि महिलाले इतिहासमा गरेका काम लुकेकै छन् । अहिले सही समय आएको छ, अब उनका कथा भन्छौं, हामीले प्रयास गरिरहेका छौं, एउटा ठूलो पार्क बनाएर महिलाले गरेका योगदानलाई भावी पुस्ताले थाहा पाउने गरेर काम गरियोस् भनेर सरकारलाई भनिरहेका छौं । यसलाई राष्ट्रिय गौरबको आयोजना बनाइयोस् । लिच्छविकालदेखिका महिलाले गरेका योगदानलाई थाहा पाउने बनाउनु पर्‍यो । तपाईहरू पनि तथ्यांक खोतल्नुस् । यो जरूरी छ कि छैन ? म सम्झन्छु, झापाका अग्रज दिदीहरूले झापा आन्दोलनका बेला हलो आन्दोलन गरेका थिए, त्यतिबेला हलो आन्दोलन नगरेको भए सारा पुरूष घर बाहिर भएको बेला कसरी सम्भव थियो, नेपालमा भएको द्वन्द्वकै बेलामा पनि महिलाले त्यत्रो योगदान नगरेको भए आजको अवस्था सम्भव थिएन । श्रीमान् गुमायौं, आफन्त गुमायौं, १२ वर्ष तनाबमा बितायौं, महिलाले पाथीका पाथी भात पकाएर खुवाए, जसले नेपालको राजनीतिक व्यवस्था परिवर्तन भयो, तर महिलाको योगदानलाई स्वीकार गरिएन । नेपालमा महिला आन्दोलन भएका छन्, पढेका महिलाले मात्रै होइन त्यतिबेलाका पढ्न नपाएका दिदीहरूले गरेका आन्दोलनको स्वीकार गरिएन । अहिले पनि आन्दोलन भइरहेकै छन् । जबसम्म हर स्टोरी बनाइँदैन, हामी पत्रकार महिला त के कुनै पनि क्षेत्रमा अघि आउन सक्तैनौं, महिलाको सवालहरू बाहिर आउँदैनन् । तपाईहरू त झन् यस्ता कुरालाई बाहिर लाने माध्यम हुनुहुन्छ, खोज्नुस्, को को महिलाले के के गरेका रहेछन् पत्ता लगाउनुस् । परिवर्तन ल्याउने महिलाको कथा बनायौं भने भावी पुस्तालाई प्रेरणादायी स्रोत बन्न जान्छ ।

हामीले परिवर्तनलाई चरणबद्ध रूपमा हेर्छौं, मल्लकालमा के भयो, राणाशासन पहिले, पञ्चायत कालमा के भयो, अहिले बहुदल र गणतन्त्र आएपछि के भयो भनेर हेर्दा धेरै परिवर्तन भएका छन् । पञ्चायतकालमा राजा त्रिभुवनले सल्लाहकार समूह बनाउँदा त्यतिबेलका महिलाले विरोध गर्नुभएको थियो । अहिले हामीलाई हाम्रा मन्त्रीहरू आउनुभयो भने विरोध गर्न गाह्रो छ, हाम्रो विरोध गर्नुहुँदैन भन्ने सामाजिकीकरण छ । भर्खर प्रजातन्त्र आएको बेला दिदीहरूले हिम्मत देखाउनुभएछ राजा त्रिभुवनले चारजना महिलालाई सल्लाहकार सभामा लानुभएको थियो ।

अर्को एउटा घटना सुनाउँछु, शान्ति सम्झौतापछि हातहतियार अनुगमन गर्न अन्मिन आउने बेलामा साहना प्रधान परराष्ट्रमन्त्री हुनुहुन्थ्यो, उहाँ महिला सुरक्षा दबाब समूहको अध्यक्ष पनि हुनुहुन्थ्यो । त्यतिबेला उहाँले महिला दबाब समूहका दिदीबहिनीहरूलाई मोबाइलमा सन्देश पठाएर अन्मिनले संयुक्त राष्ट्रसंघले महिला सहभागिताका अनेक कुरा सिकाउँछ, उताबाट तीनजना पुरूषलाई हतियार अनुगमनमा पठाउँदैछ, काठमाडौंमा उपलब्धहरू कालो कपडा लगाएर राति ७ बजे एयरपोर्टमा जान भन्नुभयो, हामी पनि कालो कपडा लगाएर गयौं, पछि ओएचसिएचआरले थाहा पाएछ, अनुगमनका लागि तीन जना पुरूषमात्रै आएकोमा नेपाली महिलाले विरोध गरे भनेर एक रात सोल्टी होटलमा राखेर तीनै जनालाई फकाइयो । त्यसपछि क्यारेन ल्यानग्रेन भन्ने महिलाको नेतृत्वमा अनुगमन टोली पठाइएको थियो । जेनेभामा नेपालका महिलाले गरेको त्यो विरोधलाई अहिले पनि रोल मोडलका रूपमा लिइन्छ । त्यसमा साहना दिदीको ठूलो हात थियो । हामी अहिले कुरा गर्छौं साहना दिदीको ठाउँमा पुरूष हुनुभएको भए हामीलाई मोबाइलमा सन्देश पठाउनु हुन्थ्यो होला ? त्यहाँ महिला भएको भएर साहना दिदीले सोच्नुभयो । यस्ता अरू विषयहरू पनि छन् ।

हामीले तथ्यांकलाई विश्वास गर्नुपर्छ । सत्य र तथ्य हाम्रा लागि जहिल्यै महत्वपूर्ण हुन्छ । युएन वुमनले २५ वर्षको पुनरावलोकन गरेर तथ्यांक निकालेको छ । त्यो पनि डा. मीना आचार्यले गर्नुभएको काम हो, मैले पनि टिममा बसेर काम गरेको भएर यहाँ जानकारी दिएँ । तपाईहरूले गुगलमा बेइजिङको १९९५ देखि २०१५ मा लैंगिक समानताका क्षेत्रमा के परिवर्तन भयो भनेर सबै तथ्यांक छ, त्यो हेर्दा हामीलाई खुसी लाग्छ । हामीले गरेका काम तथ्यांकले बोल्छ, लैंगिक समानतामा नेपालले धेरै फड्को मारेको छ, त्यसमा शंका

छैन । नेपालको संविधान लैंगिकमैत्री छ भन्ने कुरा हामी सबैले आत्मसात गरेका छौं । संविधानले महिलाका मौलिक हकलाई स्थापित गरेको छ, कार्यान्वयन कति छ भन्ने अर्को पाटो हो । संविधानले महिलाको पुनरोत्पादनको भूमिकालाई सम्मान गरेको छ । यसलाई कार्यान्वयन गर्न कानुन, नीति चाहिन्छ । सुरक्षा निकायमा महिला हुनुहुन्छ, उहाँहरूले महिनावारी भएको बेला पिटी खेल्न, उफ्रन कति सक्नुहुन्छ भन्ने विषय हो, महिनावारी त सम्मानित विषय हो नि । महिनावारीको समय आराम गर्नुपर्ने समय भएर अलग्गै बस भनिएको हो, यहाँ धर्मको नाममा गलत ब्याख्या भएको छ, आराम गर्ने समयमा महिलाले पिटी खेल्न कति सक्छन् ? हाकिमको दया मायामा कतिपयले छुट पनि पाएको देखिन्छ, यो नीतिगत रूपमा आउनुपर्छ, दया मायाले होइन । यस्ता विषय हामीले हेर्नुपर्छ ।



अर्को महत्वपूर्ण विषय, सरकारले लैंगिक उत्तरदायी बजेट छुट्याएको छ, सन् २०१५ सम्मको तथ्यांकलाई हेर्दा २२ प्रतिशत हाराहारी बजेट, लैंगिक उत्तरादायी बजेटका रूपमा छुट्याइएको छ । यसलाई एकदमै ठूलो उपलब्धि मान्नुपर्छ । अर्को उपलब्धि भनेको सकारात्मक विभेद हो, कर छुटको विषय छन्, उमेर हदबन्दी ३५ वर्षबाट ४० वर्षमा ल्याइएको छ, यो उमेरमा महिला लोकसेवा तयारी गर्न सक्छन्, यो हदबन्दीलाई अझ ४५ वर्ष बनाउनुपर्छ भनिरहेका छौं । दलित महिला वडा सदस्यका रूपमा हुनुहुन्छ तर उहाँहरूको सहभागिता, बैठकमा उपस्थिति न्यून छ । हामी ५२ प्रतिशत महिला छौं, अबको बहस अर्थपूर्ण सहभागिताको विषयमा हुनुपर्छ । नेपाल सरकारले विशेष कोषहरू ल्याएको छ, लैंगिक हिंसा कोष छ, यसको प्रयोग गर्ने, गराउने काम कत्तिको गर्नुभएको छ, पाँच करोडको एकल महिला सुरक्षा कोष छ, नयाँ ऐनले सबै स्थानीय तहमा यो कोषको पैसा जाने व्यवस्था भएको छ । स्थानीय तहले यसमा जति खर्च गर्न सक्यो अर्थ मन्त्रालयले उत्ति पैसा पठाउँछ । अर्को लैंगिक समानता ऐन आएको छ, मेरै नाममा नजिर बनेको छ, मेरो भागको सम्पत्ति छोराछोरीको बिहे नभएसम्म बेच्न नपाउने अवस्था थियो, अहिले त्यसमा परिवर्तन भएर सम्पत्तिमाथिको विभेदलाई हटाएको

छ । वैवाहिक बलात्कारको कुरा छ, सबैभन्दा ठूलो कुरा पहिलोपटक छोरी परिवारको परिभाषामा आएको छ । सन् २०१५ को तथ्यांकले महिलाको जग्गामा पहुँच २० प्रतिशत हाराहारी भएको देखाएको छ, घरमा पहुँच ११ प्रतिशतको हाराहारीमा छ । यति हुँदाहुँदै पनि धेरै चुनौती छ । पितृसत्ता भनेको पुरूष होइन, हामी महिलाभित्रै छ, हामीभित्रको पितृसत्तालाई जबसम्म हामी तोड्दैनौं तबसम्म परिवर्तन आउँदैन । हाम्रा दिदीहरूको कारणले भएको परिवर्तनको लाभ हामीले उठाउन पाएका छौं, हामीले गरेको परिवर्तनको फल भावि पुस्ताले उपभोग गर्न पाउनेछन् । हामी पत्रकारिता क्षेत्रमा रहनुभएका महिलासँग काम गर्छौं, यो निकै चुनौतीपूर्ण हो । पत्रकारिता जगतमा महिलाका कुरा अझै पनि प्राथमिकतामा छैन । महिलामाथि हिंसा भयो भने वा बलात्कार भयो भने यसरी भयो उसरी भयो भनेरमात्रै महिलाका विषय आउँछन् । महिलाले संयुक्त प्रयास नगरिकन परिवर्तन कठिन छ । मलाई बोल्ने अवसर दिनुभएकोमा धन्यवाद ।

**जगन्नाथ नेपाल, प्रमुख, जिल्ला समन्वय समिति, धादिङ**



प्रमुख अतिथि, अतिथि, सहभागीज्यूहरू सबैमा जिल्ला समन्वय समितिको तर्फबाट अभिवादन । यो मेरो पनि गाउँपालिका हो, देशैभरिबाट आउनुभएका सहभागीहरूलाई धादिङमा हार्दिक स्वागत गर्दछु । यहाँहरूको दुईदिने बसाइ सुखमय र सफल रहोस् भन्ने शुभकामना । आजको यस कार्यक्रममा दुईजना महिलाले बोलेका विषयलाई जोड्न चाहन्छु, कार्यक्रमको सिलसिलामा प्रदेश नं ३ ले आयोजना गरेको एक कार्यक्रममा मर्यादित महिनावारीका विषयमा राधा पौडेललाई सुन्न पाएँ, उहाँलाई पढें पनि, निकै छोएको थियो । आजको

कार्यक्रममा लिली थापाले बोल्नुभएको विषयले पनि मलाई निकै छोयो, उहाँले छोटकरीमा ऐतिहासिक कालदेखिका विषयलाई राख्नुभएको छ । निकै महत्वपूर्ण लाग्यो । मेरो पहिलो अनुरोध, मञ्च बनाएर बस्ने बसाइलाई नै परिवर्तन गरौं, यहाँ पनि आउनेबित्तिकै भनेको थिएँ, तल र माथि बस्ने कुराको अन्त्य गरौं, बसाइले पनि विभेद् हुन्छ । परिवर्तन आफ्नै ठाउँबाट, आफैंबाट सुरू गर्नुपर्छ । के गर्नुभएको छ तपाईले भन्नुहोला, मैले छोरालाई भन्दा पहिले बुहारीलाई अंश दिएको छु । व्यवहारमा देखिने गरी काम गरौं । जिल्लाका मुद्दाहरू हेर्दा पनि, महिलाका विषय आउनेबित्तिकै मिलापत्रको कुरा आउँछ, देखिने अधिकारकर्मी मात्रै नबनौं, साँच्चिकै काम गरौं, नमुना हुनेगरी काम गरौं । मैले राधा र लिलीको नाम लिनुको कारण उहाँहरूलाई गरिएको सम्मान हो, उहाँहरूले व्यवहारमा लागू गर्नुभएको छ । मैले जिल्लामा खादा अभियानको अन्त्यका लागि निकै संघर्ष गरेको छु । पारदर्शी बनौं, व्यावहारिक बन्ने नाममा सम्झौता नगरौं । कार्यक्रमबाट व्यावहारिक निष्कर्ष निस्कियोस् । शुभकामना ।

**बालकृष्ण आचार्य, प्रमुख, धुनीबेंसी नगरपालिका**





यहाँहरू सबैलाई धादिङमा स्वागत गर्छु । कुनै अप्ठेरो नपरोस् भन्ने कामना छ, परे साथमा स्थानीय सरकार छ । हामीले स्थानीय सामुदायिक रेडियोहरूलाई साझेदारका रूपमा लिएका छौं, सहकार्यमा थुप्रै काम गरेका छौं । हाम्रो अनुरोध, पत्रकारिता व्यवसायका रूपमा प्रयोग नहोस्, राष्ट्रको महत्वपूर्ण अंगका रूपमा रहेको पत्रकारिता, यसको महत्व, यसबाट आएका विषयलाई जनताले कुनै पनि मानेमा शंका गर्ने वातावरण नबनोस् । यहाँहरूले वास्तविकतामा पुगेर कलम चलाइदिनुहोला । म अकोराबलाई धन्यवाद दिन चाहन्छु, यस्ता कार्यक्रम नियमित रूपमा आयोजना गर्नु आवश्यक छ । पहिलेभन्दा निकै सजिलोगरी नयाँ मिडिया खुलिरहेका छन्, ती मिडियामा दक्ष मानिसहरूको कमी छ । नयाँ रेडियो खुल्छ, काम गर्ने दक्ष मानिस त चाहियो, हामी भर्खरै एसईई दिएका,

खाली र सस्तो पैसामा काम गर्ने मानिस खोज्ने गर्छौं, पत्रकारितामा निकै जिम्मेवारी छ, तपाईहरूको दुई शब्दले मानवीय क्षति समेत हुनसक्ने पेशा भएकाले यसको गाम्भिर्यतामा ध्यान दिनुपर्छ । गहिराई र तथ्यमा पुग्न सक्ने दक्ष जनशक्ति राखेर मिडिया चलेको अवस्था छैन, नकारात्मक कामलाई प्राथमिकता दिने सोचको विकास भएको पाइन्छ । राम्रा काम जनमानसको घरदैलोमा पुऱ्याउनुपर्छ, नराम्रो कतै भएको छ भने सम्बन्धित ठाउँमा पुऱ्याउने काममा लागौं । सकारात्मक र न्यायपूर्ण पत्रकारितातर्फ यहाँहरूको यात्रा अघि बढोस् शुभकामना दिन्छु ।

जनप्रतिनिधिले केही गरेनन् पनि भन्ने गरिन्छ, हामीले गरेका थुप्रै काम ओझेलमा परेका छन । त्यसतर्फ पनि ध्यान दिन अनुरोध छ । वास्तविकता लेख्न सकेनौं भने पत्रकारिता धरापमा पर्ने खतरा छ । तपाईहरूको यो कार्यक्रम भव्य र सभ्य रूपमा सफल हुने विश्वाससहित शुभकामना दिन्छु । यस जिल्लामा सामुदायिक रेडियो स्थापनाका कारण जनताका घरदैलमा मिडिया पुगेको छ । यी रेडियो खुलेका थिएनन् भने दुईचारवटा मिडियामार्फत उहाँहरूले भनेको मात्रै हेर्नुपर्ने, सुन्नुपर्ने, पढ्नुपर्ने अवस्था थियो, जनताले सुसूचित हुने अधिकारबाट हामी वञ्चित थियौं । आज बोल्न पाउने, लेख्न पाउने, सुन्न पाउने अधिकारसहितको व्यवस्था पाएका छौं, यसलाई संवेदनशील भएर टिकाउनुपर्छ ।



**कल्पना शर्मा चापागाई, संविधानसभा सदस्य**




हामीले सामुदायिक रेडियो सुरू गरेको र अभियानमा सँगसँगै भएको दश वर्ष पूरा भएको छ । हामी महिला कार्यक्रममा आउँथ्यौं, तर यसरी फोरम प्रयोग

गरेको धेरै भएको छैन । लिलीजीले धेरै कुरा उठाउनुभएको छ । संविधान निर्माण गर्ने एकजना सदस्यको हैसियतले हामीले बनाएको संविधानलाई कार्यान्वयनको चरणमा कति लान सक्छौं भन्ने हामी सामुदायिक रेडियो अभियन्ता र खासगरी यसमा लागेका महिलालाई चुनौती छ । म हामीले रेडियो सुरू गरेको प्रसँग सुनाउँछु, पर्वतको सदरमुकाममा रेडियो थिएन, हाम्रा समाचार सुनाउनुपर्दा अरू जिल्लामा जानुपर्ने अवस्था थियो । हामीले रेडियो खोल्यौं, तत्कालीन सभामुख सुवास नेम्वाङले रेडियो बजाएर सुरूआत गर्नुभएको थियो । दिदीबहिनी रेडियो खोलेपछि हामीले ठूलै अपराधै गरेजस्तो भयो । कहाँ हुन्छ यस्तो, कहीँ पोथीहरूले पनि रेडियो चलाउन सक्छन्, हाम्रै अगाडि दिदीबहिनी भनेर खोल्ने, यत्रो आँट गर्ने भनेर विरोध भयो । हामीलाई अछूतजस्तो व्यवहार गरियो, उद्घाटनका बेला सभामुख आउनुभएपछि करैले पनि जिल्लाका मुख्य मानिसहरू आउनुभयो । उद्घाटनका बेला सभामुखले मलाई तपाईहरूले रेडियो चलाउनु हुन्छ, तर अलि समन्वय गर्नुपर्छ भन्नुभयो । सदरमुकाममा पहिलो रेडियो स्थापना भएपछि गाउँगाउँबाट दिदीबहिनीहरू बाजागाजासहित र्‍याली लिएर आउनुभयो, ठूलै खालको तामझाम भयो । तर पुरूष दाजुभाइले हामीले गरेको कामलाई पचाउन गाह्रो मान्नुभएको थियो ।

मीनबहादुर शाही, अहिले राष्ट्रिय योजना आयोगको सदस्य हुनुहुन्छ, त्यो बेला अकोराबका अध्यक्ष हुनुहुन्थ्यो, उहाँले पनि अलि समन्वय गर्नुहोला भन्नुभयो । त्यसपछि हामीले विभिन्न तरिकाले चिया, खाजा भेटघाट गर्‍यौं । यी रेडियो सञ्चालन गर्ने महिला तपाईका दिदीबहिनी, भाउजु, आफन्त हुन, यी पोथी नभई चल्छ त संसार, हामीले तपाईको समाचारबाहेक गर्न खोजेका होइनौं, घर चलाउने महिलाले अरू काम गर्न सक्छन् कि सक्तैनन् भनेर हाम्रो क्षमता दाँज्न रेडियो खोलेका हौं, हामीले राम्रो गर्‍यौं भने तपाईहरू ताली बजाउनुहोस्, नराम्रो गर्‍यौं भने यहाँनेर कमजोरी भयो भन्नुहोस्, हामी त्यसलाई सच्याउन तयार छौं भन्यौं । त्यसपछि केही सहज भयो ।

महिला, आदिवासी, जनजाति, दलित भनेरमात्रै हुँदैन, काम पनि गरेर देखाउनुपर्छ भन्नेमा ध्यान केन्द्रित भयो । हामीले त्यो बेलामा ठूलो कार्यक्रम, पश्चिमाञ्चल महिला महोत्सव भनेर आयोजना गर्नुपर्छ, एकदिन भए पनि महिला बोल्नुपर्छ भन्यौं । रेडियोबाट त बोल्यौं नै, थुप्रै प्रतियोगितात्मक कार्यक्रमहरू, जस्तै रत्यौली प्रतियोगिता भए, पहिले हाम्रा आमाहरूले पुरूष जन्त गएको बेलामा पाइन्ट लगाएका देखेका थियौं, सजिलो हुँदोरहेछ भन्ने

थाहा पाएको त्यसैगरी हो । बा–आमाका अघि छोरीहरूले तीज गीत प्रतियोगता गरेर उनीहरूको क्षमता देखाउने अवसरको सृजना गऱ्यौं । महिलाले अवसर पाए भने गरेर देखाउन सक्छन् भन्ने प्रमाणित गर्न सफल भयौं । छोरीहरूले माइत आएका बेलामा रेडियो दिदीबहिनीले मेला आयोजना गरेको छ, मेला सकिएपछि मात्रै छोरी घर जान्छिन् भन्ने अवस्था सृजना गर्न सकेका छौं । एउटा प्रसंग सुनाउँछु, अकोराबको कार्यक्रममा २०६८ सालमा वीरगञ्ज गएका थियौं, बिहान उठेर रेडियो सुन्दा विज्ञापनमा 'पुत्रलाभ गर्नु छ भने फलानो डक्टरसँग जाँच गर्नु' भन्ने आयो । अर्को रेडियो सुन्दा पनि त्यस्तै विज्ञापन आयो । अरू सहभागीले पनि त्यो विज्ञापन सुन्नुभएछ, मैले प्रश्न उठाएँ । गहना नभएर महिला बेखुसी भएको विज्ञापन, महिलालाई जोडेर गरिने अन्य विज्ञापन पनि अपाच्य छन् । हामीले चलाएका भाँडाकुडाबाट सही कुरा पस्किने हो कि ? हामीले त्यो अभियान सुरू गर्ने हो कि भन्ने लागेको छ । हामीले चलाएका रेडियोबाट महिलालाई छुने खालका, महिलाकै चेतना अभिवृद्धि हुने खालका कार्यक्रमहरू कति गरेका छौं, सामुदायिक रेडियो प्रसारक संघका कार्यक्रमहरूमा पनि समीक्षा गर्न किन जरूरी हुन्छ होला भने यो कार्यक्रमका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु ।



महिलाहरूले चलाएका कार्यक्रममा हामीले कति केन्द्रित हुन सकेका छौं भनेर हेर्न जरूरी छ । हामी अलि सहर केन्द्रित भयौं कि, हामी अलि चटक्क पर्ने, अलि जुत्ता बजार्दै आउनेलाई मात्रै प्राथमिकता दिएका छौं कि ? मलाई के लाग्छ भने शशिकला दिदी, हजुर उपाध्यक्ष हुनुभएको छ, १२ वर्षसम्म सामाजिक, राजनीतिक आन्दोलनमा लाग्दा, संविधानसभा सदस्य भएर आफ्ना कुरा लेख्दा, स्थानीय तहमा ४० प्रतिशत महिलाको उपस्थितिको प्रत्याभूति गर्दा उहाँहरूको अधिकार कति स्थापित गर्न सकियो भनेर सामुदायिक रेडियोले उठाउनुपर्छ जस्तो लाग्छ । उहाँहरू न्यायिक समितिमा हुनुहुन्छ, न्यायिक समिति पूर्ण छ त ? अहिले पनि उहाँहरूसँग एउटा कानुन अधिकृत छैनन् । हाम्रो गाउँमा हेर्दा दिदीबहिनीले घर, गोठ र खेतमा काम गर्दा रेडियो सुन्नुहुन्छ ।

संविधानमा लेखिएका कुरालाई ती मानिससम्म पुऱ्याउनुपर्ने छ । अब सामुदायिक रेडियोले भाडा तिर्न सकेका छन् कि छैनन् । कर्मचारीको तलब दिन सकेका छन् कि छैनन्, उनीहरूले टेलिफोनको बिल तिर्न सकेका छन् कि छैनन भनेर स्थानीय सरकारले पनि हेर्नुपर्ने अवस्था आएको छ ।

## शशिकला दाहाल, उपाध्यक्ष, राष्ट्रिय सभा, प्रमुख अतिथि




सामुदायिक रेडियो प्रसारक संघले सामुदायिक रेडियोको माध्यमद्वारा जनताको माझमा सूचना सम्प्रेषण गर्ने र जनचेतना जगाउने काम गरेको हुँदा यस्तो सराहनीय कामको म प्रशंशा गर्दछु । यसले समाजमा रहेका विभिन्न अन्धविश्वास, कूरीति, कुसंस्कार, महिला हिंसा, महिला विभेद्, बालअधिकारलगायत विभिन्न पाटामा अन्तरक्रियामूलक कार्यक्रम चलाएर समाज र राष्ट्रलाई ठूलो सहयोग गरेको भन्ने मलाई लागेको छ । म पनि कुनै समयमा बर्दिबास सञ्चार सहकारीद्वारा सञ्चालित सामुदायिक रेडियो सुनगाभाको अध्यक्ष हुँदै अकोराबको उपाध्यक्षसम्म भएँ । मेरो कार्यकालमा मैले गरेको अनुभव, मेरो जीवनको लागि अविस्मरणीय रहने छ । मैले पनि विगतमा यस्तै कार्यक्रम राख्ने प्रस्ताव गरे पनि विविध कारणले हुन सकेको थिएन । तपाईहरूले यो कार्यक्रम राखेर मलाई नै प्रमुख अतिथिका रूपमा निम्त्याउनु भएकामा साह्रै खुसी छु ।

यो कार्यक्रम महिला नेतृत्वको विकास र महिला सहभागिताका विषयमा एउटा निष्कर्षमा पुग्ने छ भन्ने मलाई विश्वास छ । सामुदायिक रेडियोकर्मी साथीहरू, तपाईहरूले आज विविधता, बहुलता र लैंगिक समानता, सामुदायिक प्रसारणमा महिला सहभागिता विषयक परामर्श गर्नुभएको छ, जुन समसामयिक र जल्दोबल्दो विषय हो । हाम्रो मुलुकमा लामो समयसम्म पितृसतात्मक सोचका कारण अधिकांश सामाजिक नियम, मूल्य, मान्यता, धर्म संस्कृतिहरू महिलामैत्री हुन सकेनन् । वर्तमान अवस्थामा सो मूल्य मान्यतामा व्यापक परिवर्तन हुँदै आउँदा पनि केही नियम कानुनहरू अझै महिलामैत्री छैनन् । संविधानमा महिलाका हकहरू स्थापित हुँदा पनि तिनको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन, जुन आजको प्रमुख आवश्यकता हो । स्थानीय तहहरूमा उपप्रमुखहरूलाई न्यायिक समिति संयोजक बनाइएको छ, आफ्नै जिल्लातिर फर्केर हेर्ने हो भने महिला उपप्रमुख हुनुहुन्छ, उहाँले पाउनुभएको अधिकार उहाँका श्रीमान्ले उपयोग गरिरहनुभएको, हस्तक्षेप भइरहेको अवस्था छ ।

तपाईहरूले त्यस्ता कुरा उठाउनुपर्ने हुन्छ । सञ्चारकर्मीले उहाँहरूको क्षमता विकासमा सहयोग गर्नुपर्ने छ । समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न महिलाको भूमिका महत्वपूर्ण हुन्छ । नेपालमा ५१.५ प्रतिशत महिला छन् जसमध्ये ५७ प्रतिशत महिलामात्रै साक्षर छन् । अझै पनि समाजमा महिला उत्पीडन, श्रमशोषण, बलात्कारमा परेका छन् भने कतिपयले दाइजोका कारण ज्यान गुमाउनु परेको छ । अहिले पनि महिला बोक्सीको आरोपमा सामाजिक बहिस्कार तथा उत्पीडनमा परेका छन् । समाजमा बालविवाह, दाइजो, तिलक, बोक्सी, छुवाछूत, छाउपडीजस्ता कुसंस्कार एवं कूरीति व्याप्त छ । यसविरूद्ध सरकार, नागरिक समाज, महिला अधिकारकर्मी, रेडियाकर्मी, पत्रकार सबै मिल्न जरूरी छ । तपाईहरूको पनि यसमा ठूलो योगदान रहने छ भन्ने मैले अपेक्षा गरेकी छु ।

नेपालको संविधान २०७२ ले लैंगिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलालाई बिना लैंगिक भेद्भाव समान हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, सम्पत्ति र पारिवारिक मामिलामा दम्पतीको समान हक स्थापित गरेको छ । महिलाविरूद्ध, धार्मिक, सामाजिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नहुने र यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने व्यवस्था कानुनले गरेको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था संविधानले गरेको छ । तर यी कुराहरूको जनचेतना नहुँदा समाजले उत्पीडन भोग्नु परेको छ । तसर्थ यी कुराहरूलाई सामुदायिक रेडियोमार्फत अझै जनचेतना अभिबृद्धी गरियोस् भन्ने मेरो अनुरोध छ । संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म महिला र बालबालिकामाथि हुने सबै किसिमको भेदभावहरू सबै ठाउँबाट अन्त्य गर्ने, सार्वजनिक तथा निजी क्षेत्रका महिला तथा बालबालिकामाथि हुने सबै किसिमका हिंसा, बेचविखन, यौनजन्य तथा अन्य प्रकारका शोषणको अन्त्य गर्ने, सबै किसिमका हानिकारक अभ्यासहरू जस्तै बालविवाह, जबरजस्ती विवाह, अनमेल विवाह आदिको अन्त्य गर्ने, सबै बालबालिका निःशुल्क शिक्षा, समान तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक तहको शिक्षा पूरा गरेको हुनुपर्ने र सबै बालबालिकाको गुणस्तरीय बालविकास तथा स्याहार

र पूर्वप्राथमिक शिक्षाको सुनिश्चितता गरेको छ । यसको प्राप्तिमा पनि सामुदायिक रेडियोले भूमिका निर्वाह गरोस् ।

हाल नेपालले महिलासँग सम्बन्धित वा महिलासँग सरोकार भएका १८ वटा अन्तर्राष्ट्रिय स्तरका महासन्धिमा हस्ताक्षर गरेको छ । सोको कार्यान्वयन पूर्णरूपमा नभएकाले त्यसका लागि तपाई हामी सबैको साझा कर्तव्य हुने छ । साथै 'लैंगिक समानताका लागि पाइला हाराहारी, सन् २०३० सम्म हिस्सा बराबरी' भन्ने संयुक्त राष्ट्रसंघको लक्ष्यलाई पूरा गर्नु पनि हामी नेपालीको दायित्व हुन आउँछ भन्ने कुरालाई हामीले बिर्सनु हुँदैन । नेपालमा विद्यमान कानुनहरूमा महिलाको हक अधिकारबारे व्यवस्था भए पनि कार्यान्वयनको अभाव तथा पुरूषवादी चिन्तनका कारण लागू हुन सकेको छैन । त्यसका लागि सामुदायिक रेडियोका साथै पत्रकारहरूले आफ्नो ठाउँबाट आवाज उठाउनु जरूरी छ । नेपालमा हाल कूटनीतिक नियोग र नीतिनियमको निर्णायक तहमा महिला सहभागिता ज्यादै न्यून छ । कार्यकारी उच्चतहमा महिलाको संख्या कम छ । हामी आधी आकाश ढाक्ने महिलाले बराबर अवसर पाउनुपर्छ त भन्छौं, नियम कानुनमा पनि केही व्यवस्था गर्छौं तर कार्यान्वयन गर्दैनौं । यो परिपाटीलाई हामी सबैले चिर्दै, संविधानमा लेखिएका व्यवस्थाअनुसार व्यवहारमा ल्याउन जोड दिनुपर्छ भन्ने मलाई लागेको छ । जसले गर्दा उच्च तहमा महिलाको पहुँच वृद्धि हुने छ भन्ने आशा गरेकी छु । आमाको नामबाट नागरिकता लिन सक्ने व्यवस्था भए पनि व्यवहारमा अझै कार्यान्वयन हुन सकेको छैन ।

समान कामको समान ज्याला भनिए पनि अझै विभेद छ । छुवाछूतविरूद्धको अभियानमा जातीय र लैंगिक आधारमा छुवाछूत गर्न नपाइने कुरा संविधानमा लेखिए पनि हट्न अझै सकेको छैन । मधेशमा दाइजो र तिलकप्रथाजस्ताले महिलाले ज्यानै गुमाउनुपरेको यथार्थता छँदैछ । बालविवाहमुक्त भनेर जत्ति नारा लगाइए पनि यसमा खासै परिवर्तन आउन सकेको छैन । छाउपडीजस्तो कुप्रथा यथावत छ । हिमाली क्षेत्रमा बहुपती प्रथा अझै कायम छ । तसर्थ यस्ता सबै विभेद् अन्त्य गर्दै सभ्य र समतामूलक समाज स्थापित गर्नका लागि आवाजविहीनहरूको आवाज दिने संस्थाको रूपमा सामुदायिक रेडियो प्रसारक संघले आफूलाई स्थापित गर्ने मैले आशा गरेकी छु । हिजोका दिनमा पनि यस क्षेत्रमा काम गरेको र आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धतासहित कार्यक्रम सफलताको शुभकामना दिन्छु ।

# विषयगत बहस



## बहस १ :
## 'सामुदायिक प्रसारण र महिला : अवसर र चुनौतीहरू'

राष्ट्रिय परामर्श कार्यक्रमको उद्घाटन सत्रपछि विषयगत बहसहरू भए । पहिलो विषयगत बहसका रूपमा 'सामुदायिक प्रसारण र महिला : अवसर र चुनौतीहरू' शीर्षकमा सामुदायिक रेडियोहरूको विश्व संगठन, अमार्क एसिया प्रशान्त प्रतिनिधि एवं अन्तर्राष्ट्रिय महिला सञ्जाल संयोजक निम्मी चौहानले 'दक्षिण एसियामा महिला र सामुदायिक प्रसारण' मा र 'नेपालका सामुदायिक रेडियोमा महिलाको स्वामित्व र सहभागिता : अवसर र चुनौतीहरू' मा अकोराबका सचिव बन्दना दनुवारले प्रस्तुति गर्नुभएको थियो । पहिलो विषयगत बहसको सहजीकरण अकोराबका गण्डकी प्रदेश अध्यक्ष शान्ति गुरूङले गर्नुभएको थियो ।



प्रस्तुति १ : दक्षिण एसियामा महिला र सामुदायिक प्रसारण : निम्मी चौहान, एसिया प्रशान्त प्रतिनिधि, अन्तर्राष्ट्रिय महिला सञ्जाल, सामुदायिक रेडियोहरुको विश्व संगठन, अमार्क ।

'संयुक्त प्रयासले मात्रै हामी सन् २०३० लाई लैंगिक असमानताको मिति बनाउन सक्छौं' यो भनाइ हो, यूएन वुमनका कार्यकारी निर्देशक फुम्जील मालाम्बो एङ्कुकाको । यूएन वुमनको अर्को भनाइ छ, 'जीवनका सबै क्षेत्र लैंगिक समानतासँग सम्बन्धित छन्, लैंगिक विभेद्का जरा जहाँ जहाँ देखा

पर्दछन्, तिनको जरा काट्न प्रयास गरिनुपर्दछ ।' विश्वभरबाट गरिने संयुक्त प्रयासले मात्रै लैंगिक असमानतालाई अन्त्य गर्न सकिन्छ ।

## महिलाविरूद्ध हिंसा वा लिंगका आधारमा हुने हिंसा

हामी लैंगिक समानताका विषयमा छलफल गरिरहेका छौं, महिलाभित्र पनि दलित वा पछाडि पारिएको समुदायबाट आएको महिलालाई थप सुविधा दिइनुपर्छ । अवस्था कस्तो छ त ? दक्षिण एसियामा हुने महिला हिंसाबारे केही तथ्यांक यहाँ प्रस्तुत गर्छु, ३५ प्रतिशत अर्थात् तीनमा एक महिलाले घनिष्ठ साथीबाट शारीरिक वा यौनहिंसाको अनुभव गरेका छन् । अपांगता भएका महिला यस्तो हिंसाको अनुभव दुईदेखि चार गुणा बढी भोगेका छन् । त्यस्तै ३८ प्रतिशत महिलाको हत्या घनिष्ठ पुरूष साथीबाट गरिएको देखिन्छ । सात प्रतिशत महिला साथीबाहेक अन्यको यौन दुर्व्यवहारमा परेका छन् । यसैगरी ४९ प्रततिशत अर्थात् लगभग आधा मानव बेचबिखनमा पर्ने पीडितमा बयस्क महिला छन् । यस्तो पीडामा पर्ने महिला र किशोरीको तथ्यांक जोड्दा पीडित ७२ प्रतिशत पुग्छ । दक्षिण एसियामा बालविवाहको दर ३० प्रतिशत रहेको छ ।



## दक्षिण एसियामा महिलाविरूद्धको हिंसा रोक्न नीति

हामी दक्षिण एसियामा महिला हिंसा रोक्न कसरी काम गरिरहेका छौं भनेर हेर्ने हो भने के कसरी काम भएको छ, नीति छ कि छैन भनेर हेरिनुपर्छ । दक्षिण एसियाका पाँच देश श्रीलंका, भुटान, भारत, पाकिस्तान र बंगलादेशमा मात्रै कार्यस्थलमा हुने यौन उत्पीडनविरूद्धको कानून छ । यस्ता कानुन कति लागू भएका छन्, यहाँ चर्चा नगरौं । श्रीलंका, भारत, नेपाल र बंगलादेश गरी चार देशमा मात्रै घरेलु हिंसाविरूद्धको कानुन छ । विश्वव्यापी तथ्यांकले के देखाउँछ भने, जहाँ घरेलु हिंसाविरूद्धको कानुनहरू छन्, त्यहाँ हिंसाको मात्रा कम छ । कानुन भएमात्रै त्यसलाई लागू गर्ने विषय आउँछ । नीति नै छैन भने स्थिति झन् कठिन हुने पक्का छ । हाम्रो दक्षिण एसियामा सबैभन्दा धेरै द्वन्द्व छ, बसाइ सराइ छ । यसले यौनजन्य हिंसालाई बढावा दिइरहेको हुन्छ ।

ग्लोबल जेण्डर ग्याप सूचकांक रिपोर्ट २०२० का अनुसार विश्वमा महिलासँग जोडिएका मुख्य मुद्दाहरूमा समानता प्राप्त गर्न कम्तीमा ९९.५ वर्ष समय

लाग्नेछ । दक्षिण एसियामा यसका लागि ७१.५ वर्ष लाग्न सक्छ । दक्षिण एसियामा श्रीलंका सबैभन्दा अघि छ । मैले तथ्यांकहरू भनिरहुनको पछाडि हामी कहाँ छौं भनेर सँगै दाँज्नमात्रै खोजेकी हुँ । लैंगिक समानताको मुद्दा एउटा लामो यात्रासम्म जारी रहने विषय हो । यो क्षेत्रमा धेरै काम गर्न बाँकी छ ।

## मिडियामा महिला

यूएन वुमनले 'सन् २०२० भित्र मिडियामा यौनवादको अन्त्यको नारा अघि सारेको छ । समाचार कसले दिन्छ ? हरेक पाँच वर्षमा ग्लोबल मिडिया अनुगमन परियोजनाले समाचार च्यानलहरूमा महिलाको अवस्था सार्वजनिक गर्ने गर्छ । सन् २०१५ को ग्लोबल मिडिया मोनिटरिङ प्रजेक्टको प्रतिवेदनका अनुसार :

- २४ प्रतिशत महिला पत्रिका, रेडियो, टेलिभिजनमा समाचार निर्माताको भूमिकामा छन्
- २६ प्रतिशत महिला नयाँ डिजिटल मिडियामा समाचार बनाउने भूमिकामा छन् (इन्टरनेट र ट्विटरमा)
- १० प्रतिशत समाचार तथा विषयवस्तुहरू महिलामा केन्द्रित वा सम्बन्धित छन्
- ३७ प्रतिशत समाचार तथा विषयवस्तुहरू महिलाले रिपोर्टिङ गरेका छन्
- ४ प्रतिशत न्यूज स्टोरीले हाम्रो पितृसत्ता, हाम्रो सोचलाई चुनौती दिएका छन्

## दक्षिण एसियामा महिला रिपोर्टर र समाचारका विषय

- समाचारदाताहरू : १६ प्रतिशत बंगलादेश र पाकिस्तान, ४६ प्रतिशत भारत, २३ प्रतिशत नेपाल
- महिलाको विषयवस्तु : १२ प्रतिशत भुटान, ३६ प्रतिशत पाकिस्तान, १३ प्रतिशत नेपाल

## प्रिन्ट, रेडियो र टेलिभिजनमा महिला रिपोर्टर

- प्रिन्ट मिडिया : ८ प्रतिशत बंगलादेश, ४४ प्रतिशत भुटान, २१ प्रतिशत नेपाल

- रेडियो : शून्य, भुटान र पाकिस्तान, ५६ प्रतिशत अफगानिस्तान, २३ प्रतिशत नेपाल
- टेलिभिजनः १९ प्रतिशत बंगलादेश, ५२ भारत, २२ प्रतिशत नेपाल

## समाचार मिडियामा महिला, दक्षिण एसिया

- हाम्रो पितृसत्ता वा सोचलाई चुनौती दिइरहेका समाचार, विषयवस्तुहरू
- बंगलादेश : शून्य, अफगानिस्तान : १४ प्रतिशत, नेपाल : २ प्रतिशत
- लैंगिक समानता, मानव अधिकार र महिला अधिकारसम्बन्धी कानुन वा नीतिलाई उल्लेख गर्दै आएका स्टोरीहरू, बंगलादेश : १ प्रतिशत, अफगानिस्तान : ३० प्रतिशत, नेपाल : १० प्रतिशत ।

प्रस्तुत गरिएका तथ्यांकहरूले हामी कहाँ छौं, कहाँ जानु छ, कसरी जान सक्छौं भन्ने बाटो देखाउन मद्दत गर्ने छ । सामुदायिक रेडियोका विषयमा यसरी गरिएको अनुसन्धानको तथ्यांक छैन । सामुदायिक रेडियोमा के अवस्था छ त चर्चा गरौं ।

## सामुदायिक रेडियोमा महिला र चुनौती

### (क) कार्यस्थलभित्रका चुनौतीहरु

- महिलाको संख्या नै कम
- महिलाका मुद्दालाई गम्भीर रूपमा नलिइनु,
- पुरूषका लागि सजिलो हुनेगरी बनाइएको प्राविधिक सेटअप, कार्यालयको बनावट, बसाइ, कुर्सी ।
- सुरक्षित र महिला मैत्री कार्यस्थलको अभाव
- महिला मैत्री नीतिको अभाव
- अभिव्यक्ति स्वतन्त्रतामा समान अवसरको अभाव
- निर्णायक तहमा सीमित पहुँच वा पहुँच नहुनु
- काम गर्ने क्षेत्र वा विषयमा चुनौतीहरू

### (ख) समाज, परिवार, र व्यक्तिगत स्तरमा चुनौतीहरु

- परिवारिक प्रतिबन्धहरू (विशेषगरी पुरूष सदस्यबाट, श्रीमान्, देवर, भाइ, ससुरा आदिबाट)
- दोब्बर कामको बोझ, घर र काम जिम्मेवारीहरू
- महिलालाई असहाय पीडित, गैरबौद्धिक, यौनिक वस्तु इत्यादिको रूपमा हेरिनु
- सीमित शिक्षाका अवसरहरू
- आत्मविश्वासको कमी : बच्चैदेखिको हुर्काइ, सिकाइका कारण महिलामा आत्मविश्वासमा कमी
- भाषा सीपको अभाव : भाषाले गर्दा महिलाले कुरा राख्न गाह्रो मान्ने गर्छन्
- सीपको अभाव (विशेषगरी, प्राविधिक सीप) र ज्ञान मुद्दाहरू, नीतिहरू, कानुन
- आर्थिक स्थिरता



## सकारात्मक प्रभाव

यति धेरै चुनौतीका बाबजुद सकारात्मक प्रभावहरू पनि छन् । एक महिलाको प्रगति अरू महिलाका लागि पनि बाटो बन्न सक्छ, एक महिलाले गर्न सकेको विषयलाई अरू महिलाले पनि गर्न सक्छन् भन्ने आत्मविश्वास दिन्छ ।

- आत्मविश्वास प्राप्त गर्ने र समुदायमा रोल मोडेल बन्ने
- क्षमता विस्तार र फराकिलो क्षितिज बन्ने
- स्थानीय भाषा र लवजमा विचार र स्वतन्त्रतापूर्वक व्यक्त गर्ने
- जानकारी, पहुँचको दायरा फराकिलो बनाउने, पहिचाहन बनाउने ।

अब दक्षिण एसियामा महिलामैत्री रेडियोका लागि के कस्ता सुझावहरू हुन सक्छन् भन्नेतर्फ लागौं, म महात्मा गान्धीको चर्चित भनाइ राख्न चाहन्छु, 'हाम्रो भविष्य वर्तमानका गरिएका काममा निर्भर रहन्छ,' त्यसो भए हामी सामुदायिक रेडियोमा महिला सहभागिता र लैंगिक समानताका लागि के के गर्न सक्छौं त हेरौं :

### १. सामुदायिक रेडियोलाई महिला मैत्री बनाउन के के गर्न सकिन्छ ?

- सामुदायिक रेडियोमा कडाइका साथ लैंगिक नीतिको कार्यान्वयन
- समाजभित्रको विविधतालाई रेडियोमा समावेश गर्ने,
- विविधता र सामाजिक समावेशीकरण नीति निर्माण तथा कार्यान्वयन
- प्रत्येक सामुदायिक रेडियोमा महिला सेलको स्थापना : महिला प्रसारकहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्नका लागि ।
- समान सहभागिता सुनिश्चित गर्नका लागि सकारात्मक काम । उदाहरणका लागि हरेक ठाउँमा हुने तालिम, प्रशिक्षण, सम्मेलन आदिमा महिला पुरूषको समान सहभागिको ग्यारेन्टी
- रेडियोमा लैंगिक र विविधतासम्बन्धी अडिट । यस्तो अडिट प्रत्येक वर्ष वा २ वर्षमा एक पटक गर्न सकिन्छ । यस्ता अडिटमा निम्नलिखित मुद्दाहरू बुझ्न सकिन्छ :
  - सामुदायिक रेडियोमा कति महिला संलग्न छन र उनीहरूको भूमिका के छ ?
  - कति जना तलब लिएर काम गरिरहेका छन्, कति स्वयंसेवक छन् ?
  - उनीहरूको क्षमता विकासका लागि आवश्यकता के हो ?
  - रेडियोमा उनीहरूले कस्ता प्रकारका समस्या सामना गर्छन् ?
  - रेडियोमा काम गर्दा उनीहरूलाई घरमा समस्या हुन्छ कि हुँदैन ?
  - प्राप्त तथ्यांकलाई प्रकाशन, प्रसारण वा सार्वजनिक गर्ने

### २. प्रशिक्षण र क्षमता विकासका कार्यक्रमहरु

- विविधता र समावेशीकरणका विषयमा समान बुझाइका लागि तालिम ।
- महिला नेतृत्व विकासका लागि तालिम
- सक्रिय सहभागिताका लागि योजना र रणनीति निर्माण
- प्राविधिक तालिम, नयाँ प्रविधिका विषयमा विस्तृत जानकारी
- सामुदायिक प्रसारणमा रहेका महिलाको स्वतन्त्र सञ्जाल निर्माण । नेटवर्कमार्फत आफ्ना विषयहरू छलफल गर्ने । यस्तो नेटवर्क सामाजिक सञ्जाल वा इन्टरनेटवेश सञ्जाल हुन सक्छ ।

- महिलाको तथ्यांक प्रकाशित गर्नुहोस् ।
- स्थानीय महिला नेतृत्वसँगको समन्वयमा सामुदायिक मध्यस्थकर्ता र शान्ति निर्माणकर्ताको रूपमा काम गर्ने योजना निर्माण
- विपद् जोखिम न्यूनीकरणका लागि तयारी
- महिलाका सञ्जालका सदस्यहरूको भेटघाट छलफल गर्ने, भएका काम, अवस्था, तथ्यांक आदि समेटेर इलेक्ट्रोनिक न्यूजलेटर प्रकाशित गर्ने गरौं ।

चौहानको प्रस्तुतिपछि अमार्कले सामुदायिक रेडियोमा महिलाको सहभागिता बढाउन के गरिरहेको छ भन्ने सहभागीको जिज्ञासामा आवश्यकताका आधारमा तालिम गर्ने गरिएको जानकारी दिनुभयो । उहाँले हरेक पाँच वर्षमा लैंगिक संवेदनशील सर्भे गर्ने गरेको, तथ्यांक अद्यावधिक गर्न नेपालका सामुदायिक रेडियोले पनि सहयोग गर्ने, योजनाअनुसार महिला रेडियोकर्मीको सम्मेलन तयारी गरिएको बताउनुभयो ।



### प्रस्तुति २ : नेपालका सामुदायिक रेडियोमा महिलाको स्वामित्व र सहभागिता : अवसर र चुनौतीहरु

**बन्दना दनुवार, अकोराब**



नेपालका सामुदायिक रेडियो र यसमा महिला सहभागितका विषयमा कार्यक्रम भइरहँदा हामी कस्तो अवस्थामा छौं भन्ने हेर्न जरूरी छ । सुरूमा सामुदायिक रेडियोमा महिला सहभागिताका लागि अकोराबको विधान र विभिन्न नीतिगत व्यवस्थाबारे चर्चा गरौं :

## सामुदायिक रेडियो प्रसारक संघ अकोराबको विधानमा व्यवस्था

- संघको केन्द्रीय कार्यसमिति २९ सदस्यीय । महिला उपाध्यक्ष १ सहित ३ जना महिला सदस्य रहनेछ ।

- संघको सबै प्रदेशमा ९ सदस्यीय समिति रहनेछ, जसमा उपाध्यक्ष अनिवार्य महिला रहनेछ २ जना महिला सदस्य गरी प्रदेश कमिटीमा विधानत ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको ।
- केन्द्रीय कार्यसमितिले आफ्ना पदाधिकारीमध्येबाट महिलाको प्रतिनिधित्व हुनेगरी सात सदस्यीय सचिवालय गठन गर्नेछ । जसमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष महिला, महासचिव, सचिव, कोषाध्यक्ष र निवर्तमान अध्यक्ष रहनेछ ।
- संघको ३ सदस्यीय लेखा समिति हुनेछ, यसमा भने महिला सहभागिता अनिवार्य गरिएको छैन ।
- संघले निर्वाचन व्यवस्थाअनुसार ३ सदस्यीय निर्वाचन समिति बनाउनेछ यसमा पनि महिला अनिवार्य गरिएको छैन ।

## सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–२०६८

संघले आफ्ना सदस्य रेडियो स्टेशनहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत बनाउन 'सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६८' संक्षिप्तमा जेसी नीति निर्माण गरेको छ । जेसी नीतिमा निम्न विषयहरू समावेश छन् :

- हरेक सामुदायिक रेडियो स्टेशनमा सञ्चालक समिति र व्यवस्थापन पदहरूमा महिला र सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदाय सदस्यहरूको सहभागिता बढाउनका लागि सकारात्मक विभेद नीति अपनाउने,
- कर्मचारीहरू भर्ना गर्दा, लैंगिक समावेशीकरणको आधारमा परीक्षा प्रणाली अपनाउने,
- तालिम तथा अन्य क्षमता अभिवृद्धिका कार्यक्रममा महिला तथा वञ्चितिकरणमा परेका समुदायका लागि न्यायोचित अवसर प्रदान गर्ने,
- महिला कर्मचारीहरू सुरक्षालाई दृष्टिगत गर्दै अनुकूल कार्यसमय निर्धारण गर्ने,
- कार्यस्थल र कार्यक्रम प्रसारण गर्दा लैंगिकमैत्री भाषा शैलीको प्रयोग गर्ने

- जेसीसम्बन्धी मुद्दा तथा सरोकारहरू (महिला, बालबालिका, महिलामाथि हुने हिंसा, लैंगिक हिंसा आदि मानव अधिकारहरू) लाई उच्च प्राथमिकता दिने,
- महिला तथा पछि परेका समुदायका मुद्दा तथा सरोकारहरू प्रसारण गर्नका लागि समयको उचित बाँडफाँड गर्ने ।

## सामुदायिक रेडियोमा महिलाको नेतृत्व

सामुदायिक रेडियो सर्भे २०७६ को प्रारम्भिक तथ्यांकअनुसार

- नेपालमा सञ्चालित ३५० सामुदायिक रेडियोहरूमध्ये १० वटा मात्रै रेडियो महिलाले मात्रै सञ्चालन गरेका छन् ।
- सातवटा सामुदायिक रेडियोमा सञ्चालक समितिको अध्यक्षमा महिला छन् ।
- १६ सामुदायिक रेडियोमा स्टेशन म्यानेजर महिला छन् र महिलाले नेतृत्व गरेका स्टेशन अब्बल पनि देखिएका छन् ।



## सामुदायिक रेडियो प्रसारक संघमा महिला

- स्थापनाको बेला : शून्य
- विधानले आरक्षण गरेपश्चात् सुरूमा महिला उपाध्यक्ष १ र २ जना महिला सदस्य ।
- वर्तमान कार्यसमितिमा : १ उपाध्यक्ष, १ सचिव, प्रदेश अध्यक्ष : १ र अन्य २ जना महिला सदस्य । (जम्मा ५)
- संघमा महिला कर्मचारी : ७ जना । (जम्मा २१ कर्मचारीमा)

अकोराबका सचिव बन्दना दनुवारको प्रस्तुतिपछि सहभागीहरूले सुझाव, धारणा र जिज्ञासा राखेका थिए । सहभागीको सुझावलाई आधार मानेर आगामी दिनमा योजना बनाउन सजिलो भएको सचिव दनुवारले प्रतिक्रिया दिनुभयो । अकोराबको केन्द्रीय समितिमा आरक्षण छ, त्यहाँ महिला वा पुरूष भनेर छुट्याइएको छैन । यस्तै संघले आयोजना गर्ने विभिन्न कार्यक्रममा महिला सहभागिताको आधार तयार गर्नुपर्ने सुझाव फ्लोबाट आएपछि कार्यक्रम प्रस्तोताले कार्ययोजना बनाएर अघि बढ्न सकिने धारणा राख्नुभयो ।

# बहस २ :
# महिला सामुदायिक रेडियोकर्मीका अनुभव आदान प्रदान

**वक्ताहरु** : कल्पना तिवारी, स्टेशन म्यानेजर, रेडियो मुक्ति, बिनु राई, स्टेशन म्यानेजर, आफ्नो एफएम, सोना खटिक, स्टेशन म्यानेजर, रेडियो कपिलवस्तु, लीला शाह, रेडियो हाइवे, उर्वशी बस्नेत, रेडियो सगरमाथा, सहजकर्ता : मीना गुरूङ






## कल्पना तिवारी, स्टेशन म्यानेजर, रेडियो मुक्ति

हामी भूगोलले फरक फरक ठाउँमा भए पनि हामी रेडियोमा कार्यरत महिलाको कथा मिल्दोजुल्दो छ । अहिले म रेडियोमा बोर्डको सचिव र स्टेशन प्रमुखका रूपमा कार्यरत छु । म स्याङ्जाको मान्छे, मेरो १७ वर्षकै उमेरमा विवाह भएको थियो । थुप्रै पारिवारिक अप्ठेराहरूलाई चिर्दै म रेडियोमा सहभागी हुन सकेकी हुँ । रेडियो स्थापनाका सवालमा, २०६२/०६३ को आन्दोलन पछि रेडियो खोल्ने बहार आएको थियो । त्यही समयलाई पछ्याउँदै हामीले २०६४ मा रेडियो मुक्तिको स्थापना गर्‍यौं । रेडियो स्थापनाका लागि तिलोत्तमामा हामीले महिला भेला गरेका थियौं । झण्डै तीन सय महिला जम्मा भए, रेडियो खोल्ने विषयमा छलफल भयो, पत्रकारिता तालिम लिएका कमै थियौं । जब लगानीको कुरा आयो, जम्मा भएकामध्ये संस्थापक अध्यक्ष कविता शर्माको नेतृत्वमा १८/२० जना युवतीमात्रै यसका लागि तयार देखिए । त्यो



महिला आर्थिक रूपमा कमजोर हुनुले अघि बढ्न नसकेको विषय थियो, महिलाका लागि यो पीडा अझै बाँकी छ ।

जहाँ चुनौती त्यहाँ अवसर भनेर हामीले रेडियो स्थापना गरेका थियौं । हामीसँग रेडियोमा केही अनुभव भएका साथीहरू पनि हुनुहुन्थ्यो । मेरो पत्रकारिता भने रेडियो मुक्तिमै आएपछि सुरू भएको हो । हामीले गर्व गर्नुपर्छ, हाम्रो अध्यक्ष गोमा आचार्य अहिले बुटवल उपमहानगरपालिकाको उपप्रमुख हुनुहुन्छ । नेपाल पत्रकार महासंघ रूपन्देहीमा रहेका पत्रकारहरूको संख्या हेर्ने हो भने पनि सबैभन्दा धेरै पत्रकार उत्पादन गर्नेमा रेडियो मुक्ति पर्छ । रेडियोमा नयाँ प्रविधिको कुरा आइरहेका छन्, महिलाले मात्रै चलाएको रेडियोमा महिला प्राविधिक पाउन गाह्रो । सामुदायिक रेडियोमा समाचार, कार्यक्रम, व्यवस्थापन, प्राविधिक समेत धेरै महिला निस्किए, नयाँ प्रविधि भित्र्याउने विषयमा बहस गर्ने बेला भएको छ । दोहोरो, तेहेरो जिम्मेवारी बहन गर्दै काममा निस्किएका महिलाले आफूलाई कमजोर प्रदर्शन गरेका छैनन् । महिलाले रेडियोमा आउँदा सँगै बच्चा लिएर आएर, बाहिर बच्चा राखेर स्टुडियोमा समाचार पढ्ने, कार्यक्रम सञ्चालन गर्ने गरेर पनि आफूलाई रेडियोकर्मीका रूपमा उभ्याएका छन् । महिला नै स्टेशन प्रमुख भएका ठाउँमा महिलाको सहभागिता कसरी बढाउने भन्ने विषय उठ्यो । हामी पछिल्लो समयमा स्थानीय सरकारका विषय बोलिनुपर्छ भनेर बुटवल नगरपालिकाभित्रका १९ वटै वडाबाट तीन जनाका दरले महिला छान्ने र तालिम दिने, तीन जनाबाट एक जना छान्ने, तिनैलाई स्थानीय समाचारदाताका रूपमा लिने तयारी गरिरहेका छौं । यसले स्थानीय विषय आउने कुरा र महिला सञ्चारकर्मीको संख्यामा बढोत्तरी हुने विश्वास छ ।



**बिनु राई, स्टेशन म्यानेजर, आफ्नो एफ एम, ओखलढुंगा**

आफ्नो एफएम २०६२ सालमा ओखलढुंगामा पहिलोपटक स्थापना भएको हो । म यस रेडियोमा सुरूदेखि नै स्टेशन म्यानेजर भएँ । रेडियो सुरू गर्दा हामी पढ्दाका साथी एक जना पुरूष र दुईजना महिला गरी तीन जना



थियौं । म परिवारको जेठी छोरी, दुईजना भाइ, बाबाले तँ छोरा हुनुपर्थ्यो, छोरी भइस् भन्नुहुन्थ्यो, मेरो संघर्ष त्यहाँबाट सुरू भयो, मन दुख्थ्यो, छोरी भएका कारण मलाई बाबाले किन यस्तो भन्नुभयो भन्ने लाग्थ्यो, मलाई । म छोराभन्दा कम हुन्न, छैन भन्ने पनि लाग्थ्यो । सानैदेखि केटा जस्तो भएर हुर्किएँ । रेडियोमा पनि म स्टेशन म्यानेजर भएँ । अहिले पनि महिला स्टेशन म्यानेजरका रूपमा पत्याउन गाह्रो मान्ने समाजले ११ वर्षअघि मलाई सजिलै पचाएको थिएन । कोही मान्छे बाहिरबाट आयो भने 'सर कहाँ हुनुहुन्छ' भनेर सोध्ने गर्थे ।

महिलाई सिस्टर सञ्चै हुनुहुन्छ, भन्ने चलन छ, त्यही खालको समस्या र चुनौती भोग्दै आइयो । महिला पुरूषजति घुलमिल गर्न नसक्ने अवस्था पनि थियो । समाजको हेराई, सम्बोधनजस्ता विषयमा अहिले पनि समाजको धारणामा खासै फरक आएको छैन । हाम्रो जरामै समस्या छ, छोरा र छोरीलाई गर्ने व्यवहार, किनिदिने खेलौना, गर्ने कामजस्ता विषयमा भएको सामाजिकीकरणमै परिवर्तन ल्याउनुपर्छ । हामी जति महिला यहाँ भेला भएका छौं, पुरूषले घर सम्हालिदिएकाले हामी यहाँ आउन पायौं । घरमा असल पुरूष भएका महिलामात्रै यहाँ छौं जस्तो लाग्छ । सुरूमा जिल्लामा महिला पत्रकार नै थिएनन् । कार्यक्रमहरूमा, अनुगमनहरूमा मैले पुरूष भन्दा कमजोर देखाइन । दुई तीन गाडी पुरूष भएको ठाउँमा म एक्लो महिला हुन्थैं, मैले आत्मबल उँचो बनाए, सहभागी भएँ ।

हामी महिलाका लागि सबैभन्दा चुनौती भनेको समाज हो, हामीले गर्नुपर्ने आँट हो, हिम्मत हो, आत्मबल हो । महिला नेतृत्वमा रहेका रेडियोमा महिला पत्रकारको संख्या बढाउन तालिम, परामर्श, प्रोत्साहित गर्ने खालका कार्यक्रम जरूरी छ । विवाहपछि धेरै महिला पत्रकारले जागिर छोड्ने गरेका छन् । विवाह वा बच्चा पाएपछि पनि फेरि जागिरमा फर्किने वातावरण बनाउन र महिलालाई टिकाइरहन हामीले योजना बनाएरै काम गर्नुपर्छ । हामीले रेडियोमा त्यस्ता अभ्यासको प्रयास गरेका छौं ।

## सोना खटिक, स्टेशन म्यानेजर, रेडियो कपिलवस्तु



आज म धेरै खुसी छु, जसले मलाई एकदिन 'अगाडि गएर सोनाले बोलोस्' भन्ने चाहनुहुन्थ्यो, तपाईहरूको चाहना पूरा भएको छ । मभन्दा धेरै अनुभवीहरूको उपस्थिति हुँदाहुँदै पनि मलाई यहाँ बोल्ने अवसर दिनुभयो, आभारी छु । अवसर पाएको बेलामा केही कुरा राख्छु, मैले काम गरेको रेडियो निकै संघर्षमा स्थापना भएको हो, स्थापनाको सुरूवाती महिनासम्म ठूलो नदी पार गरेर जेनेरेटरबाट सञ्चालन भएर रेडियो कपिलवस्तु, जिल्लाकै पहिलो रेडियोको रूपमा स्थापना भएको हो । रेडियो नै संघर्षमै थियो भने, मैले कति संघर्ष गरेँ होला यसै पनि अनुमान गर्न सक्नुहुन्छ । कपिलवस्तुमा नेपाली भाषामा अरू रेडियोहरू सुनिन्थ्यो, तर त्यहाँका जनताहरूले नेपाली भाषा बुझ्दैनथे । कपिलवस्तुमा ९० प्रतिशत अवधी भाषी छन् । त्यो बेला कम्तीमा एउटा गाविसमा भए पनि सुनाउन हुन्छ भनेर १०० वाटको रेडियो स्थापना गरिएको थियो ।



म हुर्केको, रेडियो स्थापना गरिएको स्थानका समुदाय आजको मितिसम्म पनि छोरीलाई शिक्षा दिनुपर्छ भन्ने कुरा सुन्न चाहँदैन । छोरीलाई घरबाट बाहिर जान दिनुहुँदैन, बालकैमा विवाह गरिदिनुपर्छ भन्ने समुदायको प्रतिनिधित्व गर्दै म अहिले रेडियोको स्टेशन म्यानेजर भएकी छु । आज त यस्तो छ भने १० वर्ष पहिले कस्तो थियो होला ? २०६६ वैशाख १ गते मैले कपिलवस्तु जिल्लाकै पहिलो महिला रेडियोकर्मीका रूपमा रेडियो कपिलवस्तुबाट आवाज दिएँ, यस्तो समाजबाट म रेडियोसम्म कसरी पुगेँ होला ? मैले समाजसँग संघर्ष गरेर वा समाजलाई रिजाएर कसरी रेडियोसम्म पुगेँ ? धेरैजस्तोलाई यसबारे थाहा छ होला । म घरबाट भागेरै रेडियोमा गएको हुँ, म काम गर्छु, केही गरेर खान्छु भनेर रेडियोमा गएको हुँ । मेरो दाइको पनि पढिसकेपछि बहिनीले केही गरोस् भन्ने चाहना थियो । तर मेरो पहिलो लडाइँ बालविवाहविरूद्ध थियो । मैले कुनै पनि हालतमा बालविवाह गर्दिन भनेको थिएँ । त्यो लडाइँ मैले जितेँ । मैले बरू घर, तपाईहरूलाई छोड्छु

तर बालविवाह गर्दिन भनेर घर छोडेर निस्केको थिएँ । सधैंका लागि छोडेको थिएँ तर एक वर्षपछि दशैंमा मलाई घरबाट बोलाइयो, म गएँ । घर छोड्दा कति पीडा हुँदोरहेछ भन्ने मलाई थाहा छ । विवाह गरेर गएकी महिलालाई नयाँ घरमा  घुलमिल हुन समय लाग्ला तर बस्ने खाने ठाउँको ठेगान हुन्छ । म घरबाट निस्कँदा कहाँ जाने, कहाँ बस्ने भन्ने केही पनि ठेगान थिएन तर पनि म घरबाट निस्कें । पछि रेडियो कपिलवस्तुले आधारभूत पत्रकारिता तालिम दियो । म छनौटमा परेँ, सुरूमा मैले रेडियोमा स्वयम्सेवक भएर काम गरेको थिएँ । त्यतिबेला मसँग पैसा थिएन ।

सात दिनसम्म कोठामा चामल दाल केही नहुँदा पनि मैले भोकभोकै  रेडियोमा काम गरें । म मधेशी हो, दलित हो, मेरो मातृभाषा अवधी हो तर म रेडियोमा थारू भाषामा समाचार पढ्थें । कतिले मधेशीलाई थारू भाषाको समाचार पढ्न दिएको भनेर विरोध पनि गरे । रेडियोका अध्यक्षलगायतले उहाँको क्षमताले गर्दा काम गर्नुभएको हो भनिदिनुभयो । रेडियोमा आएपछि मलाई निकै समस्या भयो । रेडियोमा पुग्न पाँच सात सय मिटर लामो र ठूलो नदी पार गर्नुपर्थ्यो, पुल थिएन, डुंगामात्रै चल्थ्यो, बाढी आयो भने त्यही नदीको छेउमा राति नौ बजेसम्म एक्लै डुंगा पर्खेर बस्थें । म बस्ने ठाउँ र रेडियोको दूरी करिब पाँच किलोमिटर थियो तर घुमेर जाँदा एकातिरबाट ११ किलोमिटर र अर्कोतिरबाट ४० किलोमिटर हाराहारी पर्थ्यो । छोटो बाटोमा पर्ने नदी तर्न डुंगा पर्खँदा मैले जलाइएको लासको आगो तापेर पनि रातिसम्म बसेकी थएँ । पुल बनाउने बेलामा पनि 'जेसीभी' ले माटो खन्ने डाडुमा बसाएर खोला तारिदिएको थियो ।

मैले सात सात दिनसम्म खाना खान नपाउँदाको पीडा त छँदैछ, आफूसँग पाँच रूपैयाँ नहुँदा पुस माघको जाडोमा राति नौ बजेसम्म बाहिर बसेकी छु । एकपटक म बस्ने घरको मूलढोकाको साँचो साथीहरूले लगेछन् । मैले साँचो माग्न फोन गर्नुपर्ने भयो, फोन गर्न मसँग पाँच रूपैयाँ थिएन, मैले फोन गर्न दिनुस् मसँग पैसा छैन भन्दा 'पिसिओ वाला' ले पत्याएन, उल्टै मलाई लाञ्छाना लगाइयो । जुन बेला मेरो कोठामा चामल सकिएको थियो, दाल सकिएको थियो, त्यही बेला पैसा थिएन । 'पिसिओ वाला' को सँगै औषधि पसल पनि थियो । उनले तपाई कति औषधि लानुहुन्छ लानुस् म दिन्छु, तर फोनचाहिँ उधारो दिन सक्तिन भन्ने जवाफ दिए । मैले औषधि चाहिएको छैन, मलाई घरभित्र जानु छ, नत्र बाहिर हुन्छु रातभरि, त्यही भएर

फोन गर्न दिनुस्, म जसरी पनि पैसा तिर्छु भनेर रेडियोका सचिवलाई फोन गरेँ । दुई मिनेट फोन गरेको ६ रूपैयाँ भयो भनेका थिए, मैले भोलिपल्टै पैसा दिन सकिन । हरेक दिन मैले त्यही पिसिओ भएर हिड्नुपर्थ्यो, बैनी खै फोनको पैसा भनेर मागे भने के भन्ने होला भनेर मनमा डर लागिरहन्थ्यो । कोठमामा गएर केही छ कि भनेर हेरें, तनाव थियो, झण्डै आधा पाउजति चामल रहेछ, यही बेचेर फोन गरेको पैसा तिर्छु भन्ने लाग्यो तर यति थोरै चामल कहाँ लगेर बेच्ने ? म चामल बेच्न १० वटा जति पसल धाएँ । यति चामल कहाँबाट ल्यायौ, चोरेर ल्याएको हो भनेर सोध्थे, मैले पसलेहरूलाई लिइदिनुस् भनेर अनुरोध गरेँ ।

अन्तमा एउटा पसले राजी भए, ७ रूपैयाँ पैसा दिए । म दौडेर पिसिओ गएँ, ६ रूपैयाँ तिरें अनि बल्ल ढुक्क भयो । रेडियो यात्राको सुरूआतमै मैले त्यो खालको संघर्ष गर्नुपरेको थियो । यति हुँदासम्म मैले यी कुरा अध्यक्ष, स्टेशन म्यानेजर कसैलाई भनेको थिइन । स्वयम्सेवी भएर काम गरेको भए पनि रेडियोले बस्न एउटा कोठा दिएको थियो । मलाई  एकदिन अध्यक्षले सोना आज मेरो लागि पनि खाना पकाउ है भन्नुभयो, मैले हुन्छ भने । त्यो दिन म्यानेजर रेडियोमा हुनुहुन्नथ्यो ।

खानेबेला भएपछि अध्यक्ष किचेनमा आउनुभयो, म सुत्ने ठाउँ पनि किचेनमै थियो । उहाँले खै खाना भनेर सोध्नुभयो, भाँडा त्यत्तिकै थिए,  मसँग जवाफ थिएन, त्यतिखेर मेरो आँखाबाट झरेको आँसुले नै जवाफ दिइरहेको थियो । उहाँले एक शब्द नबोलिकन मलाई पसलमा लिएर जानुभयो, उहाँले अबदेखि तिमीलाई जे जे चाहिन्छ, जति चाहिन्छ अफिसको नाम लेखेर सामान लिएर जानु, पकाएर खानु, भोकै नबस्नु भन्नुभयो । उहाँले यसरी भोकै बसेको कतिदिन भयो भनेर सोध्नुभयो, मैले सबैकुरा भनें, उहाँले हामीलाई यी कुरा किन नभनेको भनेर सोध्नुभयो, मैले आफ्ना पीडा सुनाउने हिम्मत जुटाउन सकिन भनेर जवाफ फर्काएँ । मैले भने पनि तपाईहरूले यो कुरा सुन्नुहुन्छ कि बेवास्ता गर्नुहुन्छ होला भन्ने लाग्यो भनें ।

मैले रेडियोका अध्यक्षबाट सहयोग पाएको थिएँ, बिस्तारै काम गर्न सिकिरहेको थिएँ, जुन दिन अध्यक्षको मुटुको अप्रेसन गर्न उहाँ रेडियोबाट जाँदै हुनुहुन्थ्यो, मेरो कोठामा दोहोर ताल्चा लगाइदिएका थिए । यसलाई सहयोग गर्ने मानिस गए, अब कसरी बस्दी रहिछ भनेर त्यसो गरिएको  थियो । त्यो

दिन मसँग मेरो दिदीकी छोरी पनि थिइन, उनी भोकाएर रोइरहेकी थिइन । रेडियोका म्यानेजर पनि बाहिर हुनुहुन्थ्यो । मसँग फोन गर्न मोबाइल थिएन, हामी अध्यक्षको अफिस अगाडि बसिरहेका थियौं, पछि अध्यक्षज्यू आउनुभयो, हामीलाई बाहिर देखेर उहाँले किन बाहिर बसेको सोना भनेर सोध्नुभयो, मैले कोठामा ताला लगाइदिएछन् सर भनेर सुनाएँ । उहाँले फोन गरेर किन ताला लगाइएको हो, के माग छ, म आएपछि पूरा गरौंला, ताला खोल्नुस् भनिदिनुभयो । त्यतिगर्दा पनि बिरोधीपक्षहरूले ताला खोलिदिएनन् । पछि म्यानेजर आएर ताला तोडिदिनुभयो । म भित्र जान पाएँ । रेडियोमा कार्यरत एकजना छोरीमान्छे रातिसम्म बाहिर बसिरहँदासम्म उहाँहरूले मानवीयता देखाउनुभएन ।

जिल्लामा पनि समस्या त्यतिकै छ, अहिले पनि सामुदायिक रेडियोमा काम गर्ने महिलालाई पत्रकार महासंघले सदस्यका रूपमा लिँदैन । महासंघको सदस्यता लिने बेलामा कुन पत्रिकामा काम गर्नुहुन्छ भनेर सोधियो । मैले रेडियोमा काम गर्नेलाई पत्रकार किन नमान्ने भनेर प्रश्न गरें, हामीले नै सबैभन्दा धेरै अन्तर्वार्ता गरेका छौं, गाउँका कुरा ल्याएका छौं भनैँ । महिला पत्रकारले अझ धेरै काम गरेका छौं, एउटा रेडियो रिपोर्ट बनाउन कम्तीमा पाँच जनाको अन्तर्वार्ता लिनुपर्छ । जिल्लामा कार्यक्रम हुँदा रिपोर्टरलाई पहिले आसनग्रहण गराउँछन् तर स्टेशन म्यानेजरलाई वास्ता गरिँदैन । महिला भएर हो कि, मधेशी भएर हो कि किन हो ? के नियतले यस्तो गरिएको हो ? यसको जवाफ पाउन सकिरहेकी छैन ।

सामुदायिक रेडियोमा काम गर्ने महिलामाथि मैले एउटा अनुसन्धान गरिरहेको छु, सुरूमा सामुदायिक रेडियोमा काम गर्ने आठ जना महिलालाई लिएर अनुसन्धान गरिरहेको थिएँ, एक वर्ष नपुग्दै चार जनाले छोडिसके । यो बीचमा दुईजना व्यापारिक रेडियोमा काम गर्नेहरू सामुदायिक रेडियोमा पनि आएका छन् । सामुदायिक रेडियोमा काम गर्नेले किन रेडियो छोडे भन्ने प्रश्नलाई समेत राखेर अनुसन्धानको निष्कर्ष निस्केला । उनीहरू ११ वा १२ कक्षामा अध्ययनरत विद्यार्थीसमेत थिए ।

म केही बाहिर गएँ, संघर्ष गर्दै काम सिक्दै गरेर रेडियो प्रवेश गरेको ७ वर्षपछि २०७३ सालमा म रेडियो कपिलवस्तुको स्टेशन म्यानेजर बनैँ । मेरो यात्रा स्वयम्सेवी, झाडु लगाउने कार्यालय सहायक हुँदै, समाचारमा काम

गरेर म्यानेजर बनेँ । म यहाँहरूकै सहयोगले यहाँ पुगे । मैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिममा सहभागिता जनाउने मौका पाएँ । अमार्कमार्फत दिल्ली र बंगलादेशमा सिक्ने सिकाउने मौका मिल्यो । मैले आमसञ्चार विषयमा पनि स्नातकोत्तर तहसम्मको अध्ययन सकेकी छु । यो अध्ययनका लागि अकोराबले सहयोग गरेको छ, सेफर्ड कलेजमा हाफ स्कलरसिपमा पत्रकारिता पढ्न पाएँ । मैले स्नातकसम्मको अध्ययन गणित विषयमा गरेको हुँ । मैले करिब ११ वर्षको रेडियो यात्राका क्रममा ३० वटा हाराहारी तालिम लिन पाएँ । मैले कतै गएर केही सिक्न पाएँ भने त्यसलाई व्यवहारमा उतार्ने प्रयास गर्ने गरेको गर्छु ।

रेडियोमा महिलाको संख्या बढाउन हामीले रेडियोमा वर्षैभरि 'इन्टर्नशीप' को व्यवस्था गरेका छौं । त्यो सिक्ने र रेडियोसँग जोडिने अवसर हुनसक्छ । काम गरिरहेका महिला पत्रकार विद्यार्थी छन् भने उनीहरूलाई पढाइ सकिएपछि आउन सक्ने व्यवस्था गरेका छौं । बीचमा ट्युसन कक्षा छ भने पनि समय दिएका छौं । समुदायमा किशोरी रेडियो ग्रुप बनेका छन्, उहाँहरूलाई फिल्डबाटै आफ्नै एन्ड्रोईड मोबाइलमा कार्यक्रम रेकर्डिङ गर्नुहुन्छ, हामीलाई पठाउनुहुन्छ, हामीले त्यस्ता कार्यक्रम उत्पादनका लागि प्राविधिक सहयोग गरेका छौं । यसले महिला सहभागिता बढाएको छ । हामीकहाँ इन्टर्नशीप गर्नुभएका महिला साथीहरूले बाहिर अन्य पेशामा गएर पनि उत्कृष्ट प्रदर्शन गर्नुभएको छ ।



### लीला शाह, सम्पादक, रेडियो हाइवे

पहिलोपटक यस्तो कार्यक्रमा सहभागी हुन पाएँ । आयोजक अकोराबप्रति आभारी छु । अनुभव, अवसर र चुनौतीका विषयमा बोल्न भनिएको छ, महिलासँग जोडिएका प्रायः विषय उस्तै उस्तै हुन् जस्तो लाग्छ । मेरो पत्रकारिताको अनुभव अलि फरक छ । मैले दाङ जिल्लाबाट पत्रकारिता गरेँ । मैले जिल्लामा पत्रकारिता सुरू गर्ने बेलासम्म महिला पत्रकार कोही पनि हुनुहुन्नथ्यो, एक्लो हुँदा केही समय अप्ठेरो भयो, यद्यपि थुप्रै महिला पत्रकारहरू यो पेशामा आउनुभयो ।

पत्रकार महासंघअन्तर्गत दाङमै ५८ जना हुनुहुन्छ । महासंघमा आवद्ध नहुनु भएका अझ थुप्रै होला । हामी महिला सक्षम भएर अघि बढ्न सक्ने रहेछौं

भनेर मलाई गर्भानुभूति भएको छ । म गृहिणी, बच्चाबच्ची जन्मिसकेपछि पत्रकारिता सुरू गरेको हुँ । यो पेशामै २४ वर्ष बिताएँ । म नेपाल टेलिभिजनमा आठ वर्ष काम गरेपछि सामुदायिक रेडियोमा आवद्ध भएँ । मैले टेलिभिजनमा काम गर्दा परिवारबाट कुनै बाधा अड्चन भएन, बरू सहयोग मिल्यो । अहिले मेरो ७६ वर्षकी सासू हुनुहुन्छ । बच्चाबच्ची छन्, कुनै पनि काममा मलाई परिवारबाट यसो नगरौं भनिएको छैन ।



मेरो भोगाइ सहज छ । मैले सामान्य एकहप्ते तालिम लिएर पत्रकारिता सुरू गरेकी हुँ ।

पत्रकारिता पढ्न राजधानीसम्म आउन सक्ने अवस्था थिएन । सुरूमा औपचारिक समाचार लेख्न दुई घण्टासम्म लागेको अनुभव छ । टेलिभिजनमा काम गर्दा गाउँठाउँमा गइन्यो । ती गाउँका मानिसको पहुँच टेलिभिजनसम्म थिएन । गाउँगाउँमा सबैका लागि साझा आवाज, साझा बोली भनेको रेडियो रहेछ भनेर सञ्चालकको रूपमा मैले रेडियोमा प्रवेश गरेँ । अहिले रेडियोमा सम्पादकका रूपमा एक दशकदेखि कार्यरत छु । मलाई पुरूष सहकर्मीले सधैं सहयोग गर्नुभयो । मैले महिला भएकै कारण कहिल्यै हेपिनु, असहज महसुस गर्नुपरेन । पेशाप्रति प्रतिबद्ध बनेर काम गरें, पारिवारिक कामको व्यवस्थापन पनि गरें । मैले त्यो बेलामा जिल्लामा बसेर जुन स्तरको संघर्ष गरें, त्यस्तै संघर्ष नेपालका सबै जिल्लाका महिलाले गर्नुभएको थियो होला सायद, त्यही भएर नै हामी महिला यसरी भेला भएर छलफल, जमघट गर्ने अवस्थामा आइपुगेका छौं ।



अलिकति अवसरको पनि कुरा गरौं । पेशाप्रति गर्वानुभूति गर्न सकिने अवस्था छ, सम्मान छ, बोलीमा, नाममा, पहिचाहनमा अवसर छ, यहाँ अवसरै अवसर छ, दुविधा छैन । चुनौतीका कुरा गर्दा पर्खाल छन् । अहिलेको प्रमुख चुनौती भनेको महिलाको सहभागिताको हो । रेडियोमा समाचार, व्यवस्थापन वा प्रविधिमा काम गरिरहेका महिलाको संख्या हाराहारी ३० प्रतिशतमात्रै छ । यो ज्यादै कम हो । यसलाई ५० प्रतिशत पुऱ्याउनु अहिलेको मुख्य चुनौती हो । हामीले हाम्रा मिडियामा अधिक महिला सहभागिता गराउनुपर्छ । हामीले सीप,

ज्ञान र धारणालाई सही तरिकाले समायोजन गरिनुपर्छ । महिला पत्रकारिता क्षेत्रमा सुरूमा रहरले आउनुहुन्छ, जब उहाँहरूले बार्गेनिङ गर्ने बेला हुन्छ, अनि काम छोड्नुहुन्छ । काम गरिरहेका सबै महिलाले नियुक्तिपत्र पाउनुभएको छ जस्तो मलाई लाग्दैन । यो पेशामा टिक्न सक्ने भइयो भने स्थायित्वको चुनौती चिर्न सकिन्छ ।

महिलाले लेखेका समाचार बिक्न सक्ने तर महिला पत्रकारितामा टिक्न नसक्ने अवस्था चिर्नुपर्ने छ । अहिले भइरहेको महिला सहभागितालाई केलाएर हेर्ने हो भने कि त महिला आफैं लगानी गरेर आएका छन्, कि उनीहरूका श्रीमान् त्यहाँ छन् । नत्र सहभागिता कम छ, आर्थिक रूपमा महिला सक्षम हुन नसक्नु पनि चुनौती हो । महिला अघि बढ्न नदिन अनेकन अवरोध खडा गरिन्छ । कतिपय अवस्थामा महिला नै महिलाका बाधक बनेका छन् । महिलाले महिलाका लागि पनि सम्मान गर्न सिक्नुपर्छ । महिला पत्रकारको अभिलेखीकरण गरिनुपर्छ । उहाँहरूको तहगत विभाजन गरी त्यही अनुसारको तालिमको आयोजना गरिनुपर्छ । यसको नेतृत्व अकोराबले गर्नुपर्छ ।



प्रविधिका क्षेत्रमा थुप्रै नयाँ विषय आएका छन्, संस्थागत रूपमा अभिभावकीय भूमिका निर्वाह गर्नेगरी काम गरियोस् । आउने पुस्ताले अझ व्यवस्थित तरिकाले काम गर्ने अवस्था सृजना गरिनुपर्छ । पशुको बिमा छ, तर पत्रकार महिलाको छैन । यसतर्फ पनि ध्यान दिन जरूरी छ । हामीले बेलाबेलामा रेडियोमा तालिम आयोजना गरेर महिला सहभागिता गराउने गर्छौं । यस्ता तालिम लिएकाले अवसर पनि पाउनुहुन्छ । अहिले हाम्रो रेडियोमा दुईजना मात्रै पुरूष हुनुहुन्छ, बाँकी सबै महिला । हामीसँग लैंगिक नीति पनि छ, त्यसले हामीलाई मार्गनिर्देश गर्छ । टोलटोलमा महिला, रेडियोमा पहिला भन्ने नारामार्फत महिला सहभागिता बढाउने प्रयासमा लागेका छौं ।

**उर्वशी बस्नेत, डेपुटी स्टेसन म्यानेजर, रेडियो सगरमाथा**

सबैभन्दा पहिले यो फोरम उपलब्ध गराइदिनुभकोमा अकोराबलाई धन्यवाद । म २०५७ साल चैत १ बाट रेडियो सगरमाथा प्रवेश गरेकी हुँ । सामुदायिक रेडियोमा मेरो अनुभव लगभग २० वर्षको भयो । म काठमाडौंको काँठको खान्दानी परिवारकी छोरी, हाम्रोमा छोरीले काम गर्नुहुँदैन भन्ने मान्यता



थियो । पढेलेखेको र सम्पन्न भए पनि परिवार, सर्कलभन्दा बाहिर जान हुँदैन भन्ने परिवारमा हुर्केर आएको थिएँ । म परीक्षा दिएर त्यतिकै बसिरहेको बेला रेडियो सगरमाथामा प्रशासन क्षेत्रमा काम गर्न गएँ । मेरो बुबालाई यो कुरा थाहा थिएन । उहाँले कि त डाक्टर नभए अधिकृत बन्नुपर्छ भन्नुभएको थियो । मैले पत्रकार बन्छु भनेर सोचेको थिइन । म सगरमाथामा काम गर्न थालेको थाहा पाएपछि बुबाले काम गर्नुपर्दैन छोडिदेउ भन्नुभयो । तर मलाई काम गर्न मन बसिसकेको थियो । परिवारलाई सम्झाउन निकै गाह्रो भयो । मैले पछि रिपोर्टिङमा काम गर्न थालें, चुनावका बेला रिपोर्टिङमा गाउँ गाउँको बुथमा पुगेँ । बस्नेत काजीकी छोरी ऊ कसरी काम गर्दै हिडेकी छ भनेर चौथो अंग भए पनि परिवारले सहजसँग लिएको थिएन । पछि बुबाले पनि बुझ्नुभयो, उहाँ खुसी हुनुभयो । कुनै क्षेत्रमा रहिरहने हो भने काम गर्ने प्यासन हुनुपर्ने रहेछ, आफूलाई सक्षम बनाउनुपर्ने रहेछ । मसँग सामुदायिक रेडियोसँग जोडिएको तीतो अनुभव छैन ।

महिलाको बिहेपछि, बच्चा भएपछिका दायित्व फरक हुन्छ, यो विषय देखाएर नयाँ पुस्तालाई हाउगुजी बनाउनु हुँदैन । आफूले आफूलाई पनि बलियो बनाउनुपर्छ । यी विषय सामान्य हुन भनेर जानुपर्छ । चुनौती थुप्रै छन्, पारिवारिक चुनौती हुन्छ । नयाँ पुस्ताका आउनुहुन्छ, केही समय काम गर्नुहुन्छ, अलि बढी पैसा पाइने भयो भने हिडिहाल्नुहुन्छ, स्थायित्व हुन सकेको छैन । अकोराबले जुन छलफल आयोजना गरेको छ । यस्तो छलफल सामुदायिक रेडियोहरूमा हुन आवश्यक छ । नेतृत्वले यस विषयमा ध्यान दिनुपर्छ । अवसरको कुरा गर्दा म सबैतिर देख्छु, हामी महिलाले श्रीमान्ले रेडियो खोल्नुभएको, म त्यहाँ स्टेशन म्यानेजर बन्नुपर्छ भनेर होइन कि आफूमा गुणात्मक वृद्धि गर्नु आवश्यक छ । त्यसो भयो भने यसै पनि नेतृत्वमा पुग्न सकिन्छ । महिलालाई सामुदायिक रेडियोहरूमा सहजता सृजना गर्न पुरूषहरूको भूमिका पनि त्यत्तिनै महत्वपूर्ण हुन्छ । विगतको तुलनामा महिला पत्रकारको संख्या बढिरहेको छ । हामीकहाँ १० जना इन्टर्नशिपमा

आउनुभयो भने ८ जना महिला हुनुपर्छ । कार्यस्थलमा महिलाको उपस्थिति पनि उत्साहजनक छ ।

## निष्कर्ष

महिलाको स्वामित्व र सहभागिता भएको तथा महिलाका विषयमा राम्रो रेडियो कार्यक्रम र अन्य सामग्री बनाई योगदान गरिरहेका पाँच रेडियोबाट प्रश्नोत्तर शैलीमा गरिएको छलफलले रेडियो भित्रका वास्तविक कथा बाहिर आएको थियो । छलफलमा महिलाका सन्दर्भमा सामुदायिक रेडियो व्यवस्थापनको माथिल्लो तहसम्म पुग्ने बाटाका तगारा र समाधानका उपायहरू, सामुदायिक रेडियोमा समुदायमा सर्वसाधारण महिलाको प्रवेशलाई सजिलो तुल्याउन अपनाउनुपर्ने उपायहरू, सामुदायिक रेडियामा कार्यरत महिलाको क्षमता अभिवृद्धिका लागि प्रमुख प्राथमिकता, सामुदायिक रेडियामा महिला र प्रविधि, खासगरी बदलिँदो प्राविधिक विकासबीचको दूरी कम गर्ने उपाय र सामुदायिक रेडियो क्षेत्रको राष्ट्रिय नेतृत्व तहमा महिलाको भूमिका सशक्त र व्यापक गराउने उपायजस्ता विषयमा छलफल गरिँदा अन्य सहभागिका लागि सिकाइ भएको थियो ।

सहभागी वक्ताले आफूले सामुदायिक रेडियोकर्मी बन्न गरेको संघर्ष, त्यसबीचमा आएका विविध बाधा अड्चन, त्यसलाई चिर्न गर्नुपरेको संघर्ष र हालको अवस्था चित्रण गरेका थिए । सामुदायिक रेडियोमा महिला नेतृत्वमा पुग्ने कुरा चानचुने नभएको बारे सबै सहभागीको धारणा थियो । छलफलले सामुदायिक रेडियोमा महिलाका संघर्ष र सफलताका कथा उजागर गरेको छ । वक्ताका रूपमा रहेका बाहेक फ्लोरबाट पनि उत्साहजनक सहभागिता रह्यो । देशैभरबाट महिला पत्रकारको संख्यासहितको तथ्यांक अद्यावधिक गर्नुपर्ने विषय उठेका  छन् । महिलाको प्रगतिमा महिलाले साथ दिनुपर्छ, इच्छाशक्ति जगाउनुपर्छ भन्ने आवाजसमेत आए । महिलाका चुनौती उस्तै उस्तै भए पनि भूगोल, भाषा, जाति विशेषले महिला महिलाबीच पनि विभेद रहेको कुरा नविर्सन नीति निर्माण तहमा रहेका सरोकारवालालाई झकझकाउने प्रयास भएको छ ।

## बहस ३ :
## सामुदायिक रेडियोमा महिलाको पहुँच : अवसर र उपाय

**वक्ताहरु** : अम्बिका रूपाखेती, उपाध्यक्ष थाक्रे गाउँपालिका धादिङ, मधुकला कुँवर, रेडियो लुम्बिनी, पुष्पा चौधरी, रेडियो गुरूबाबा, कल्पना अधिकारी, अध्यक्ष एकल महिला सञ्जाल धादिङ, सहजकर्ता : दिपु पोखरेल ज्ञवाली




### अम्बिका रुपाखेती, उपाध्यक्ष, थाक्रे गाउँपालिका

यस ऐतिहासिक कार्यक्रममा मलाई वक्ताका रूपमा राखिएकामा आयोजकलाई धन्यवाद । रेडियोको इतिहास र महिला सञ्चारकर्मीका धेरै विषय आदानप्रदान भइसकेका छन् । महिलालाई पत्रकारिता होस वा सामाजिक अभियन्ताका रूपमा काम गर्न सजिलो छैन । मैले विद्यार्थी आन्दोलन हुँदै सामुदायिक वन उपभोक्ता समितिमा काम गरेर सामाजिक अभियानमा होमिएको हुँ । म आज जुन पदमा छु, त्यहाँ मैले पुरूषले जस्तो सम्मान पाउँछन, त्यस्तो पाउन सकेको छैन । मेरै छोरीको कुरा गरौं, पत्रकारिता पढिरहेकी उनले स्नातक तहमा पुगेपछि अहिले पत्रकारिताले मात्रै टिक्न सकिँदैन भनेर कानुन विषय पनि सुरू गरेकी छन् । आफूले अंगालेको पेशामा टिक्न सक्छु भन्नेमा ढुक्क भइएन भने निरन्तरता हुन सक्तैन । यसका लागि सबैभन्दा पहिले पहल गरिनुपर्छ, सम्बोधन गरिनुपर्छ । यसका लागि तीनवटै तहका सरकारले काम गर्नुपर्छ, स्थानीय सरकारले के गर्न सक्छ, म तयार छु । अर्को सुरक्षित वातावरणका विषयमा हामीले सोच्नुपर्छ, आफुले अंगालेको पेशाभित्र मर्यादा छ, ढुक्कसँग म महिला पत्रकार हुँ भनेर भन्न सक्ने आँट, क्षमता र आत्मबल आफूले बनाउन जरूरी छ । परिवार र समाजले त्यही खालको सम्मान दिन जरूरी



छ । मिडिया हाउसभित्र, समाचार संकलनका लागि जाँदा बेहोर्नुपर्ने विभिन्न बाधा व्यवधानका कुरा, बाहिरबाट अरूले हेर्दा देखिने चरित्रका कुरा हुन, ती सबै कुरामा सुरक्षा, आत्मसम्मान र आत्मविश्वास प्रत्याभूत हुनुपर्छ । जबसम्म हामीले समानतामा आधारित समाजको निर्माण गर्न सक्तैनौं, त्यतिबेलासम्म पत्रकार महिला, अधिकारकर्मी महिला, राजनीतिमा लागेका महिला हुन् वा घर परिवारभित्रका महिलाका कुरामा समानता पाउन मुस्किल छ । हामीले टुक्राटुक्रामा मात्रै समानता पाएर हुँदैन, समग्रतामा खोज्नु पर्छ । हामीले आफैं टेकेको धरातल हेर्न जरूरी छ, आफ्नै घरपरिवारमा हेर्न जरूरी छ, त्यसैले प्रतिवादका लागि तयार हुनुपर्छ । 'मलाई नहेप, मलाई नपिट, मलाई सम्मान देउ' भनेर मात्रै हुनेवाला छैन, उसले गरेका हरेक आपराधिक क्रियाकलापहरूमा प्रतिवादमा उत्रन सक्ने मानसिक अवस्थामा आफूलाई उभ्याउनु पर्छ ।



जतिबेला म सामाजिक परिचालकका रूपमा गाउँमा काम गर्न जान्थें, मलाई सर आउनुभएन ? भनेर सोधिन्थ्यो, जबकि त्यहाँ जाने सरले भन्दा मैले धेरै काम गर्थें । मैले  गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएर काम गरिरहँदा पनि त्यो खालको अनुभूति गरिरहेकै छु । भन्नुपर्ने विषय त्यही हो, मैले भन्दा 'कुरा त ठीकै हो तर अध्यक्षले भन्नुपर्‍यो नि त' भन्ने प्रतिक्रिया आउँछ । हामी महिलाले प्रमुख पदहरूमा कसरी रहने, त्यहीअनुरूप आफूलाई कसरी विकास गर्दै लैजाने, आफ्नै भरमा कसरी जाने भन्ने कुरा हेक्का राख्न जरूरी छ । मलाई महिलाहरूले नेतृत्व गर्ने हामी पहिलो पुस्ता हौं जस्तो लाग्छ, मेरी आमाले पनि नेतृत्व गरेको होइन, बाले जे भन्नुभयो त्यही मान्नु भएको हो, मेरी हजुरआमाले पनि हजुरबाले जे भन्नुभयो, त्यही गर्नुभएको हो । मेरी सासूले पनि नेतृत्व गर्नुभएको होइन । ससुराकै कुरामा सही थाप्नु भयो । सामाजिक रूपान्तरणका हिसाबले हामी संक्रमणकालमा छौं, यस अर्थले हिजो बनेका मूल्य मान्यता वा संस्कारलाई हामीले पूर्णरूपमा बदल्न पनि सकेका छैनौं र पूरै नयाँ संस्कारको सुरूआत गर्न सकेका पनि छैनौं ।

अर्को विषय, मैले भनेका कुरा मेरो परिवारले मान्दैन भने अरू कसैले मान्दैन, परिवर्तन हामीबाटै सुरू गरौं । पछिल्लो समय पत्रकारितामा मेहनत अलि कम

भएको छ कि भन्ने लागेको छ । कहिले काहीँ लेनदेनका विषय पनि आउने गर्छन् । वस्तुनिष्ठ भएर समाचार सम्प्रेषण गरौं । समाजमा भएका विभिन्न शोषणविरूद्ध काम गर्न, सामाजिक हानिकारक अभ्यासहरूविरूद्ध अभियान चलाउन, तालिम, प्रशिक्षण सञ्चालन गर्न हामी स्थानीय सरकार सहकार्य गर्न सक्छौं ।

गाउँपालिकामा तपाई आएपछि के गर्नुभयो भनेर सोधिन्छ, मैले हिजो जुन मुद्दा उठाएको थिएँ, तिनै विषयमा काम गर्ने प्रयास भइरहेको छ । गाउँपालिकाले लैंगिक हिंसा राहत कोष संचालन निर्देशिका बनाएर काम गरिरहेको छ । अप्ठेरोमा परेका महिलालाई सहयोग गरिएको छ । जोखिममा रहेका महिला तथा बालबालिकाका लागि गाउँपालिकाले सुरक्षित आवासमार्फत सेवा प्रदान गरिरहेको छ । गाउँपालिकाले लैंगिक समानतासम्बन्धी नीति निर्माण गरेको छ । श्रीमान् बितेपछिका एकल महिलाका लागि रातो कपडा लगाउने अभियान सञ्चालन गरेर ९५ प्रतिशत महिलाको व्यवहार बदल्न सफल भएको छ । पालिकाको एक तिहाइ योजना महिला नेतृत्व हुनुपर्छ भनेर त्यसको आधार बनाइएको छ । हामीले पालिकामार्फत 'समृद्धिका लागि सहयात्रा' भन्ने रेडियो कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सामुदायिक रेडियोसँग सहकार्य गरेका छौं । रेडियोका उपकरणहरू किन्न पनि सहयोग गरेका छौं । जोखिममा रहेका महिला पत्रकारका लागि जोखिम कोष स्थापना गरि सहयोग गर्न थाक्रे गाउँपालिका तयार छ ।



गाउँपालिकालाई महिलामैत्री बनाउन र लैंगिक हिंसामुक्त बनाउने योजनासहित हामी लागिरहेका छौं । यस अभियानमा हामीले सामुदायिक रेडियोहरूसँग समन्वय गरिरहेका छौं । रेडियो मान्खु, राजमार्ग र  कृषि रेडियोसँग सहकार्य गरेर हाम्रा अभियानलाई जनतासामु पुऱ्याउने काम गरिरहेका छौं । हाम्रो सहयोग पर्याप्त त छैन, प्रयास जारी छ । महिलाभित्र पनि दलित र अन्य, पढ्न पाएका र नपाएका, धर्म विशेषका आधारमा फरक फरक अवस्था छ । रेडियोले गाउँपालिबाट गाउँगाउँमा रहनुभएका भाइबहिनीहरूमार्फत सूचना लिन सक्नुहुन्छ भनेका छौं । हामी सहकार्यको पाटोलाई भुलेका छैनौं । सामुदायिक रेडियोहरूमा महिलाको समान सहभागिताका लागि र महिलालाई पत्रकारिता क्षेत्रमा स्थापित गर्नका लागि विशेष ध्यान दिनुपर्छ भन्ने हाम्रो मान्यता छ । धेरैभन्दा धेरै महिलालाई काममा आउने व्यवस्था गर्न हाम्रो पहल जारी छ । हामी सञ्चारमाध्यमहरूसँग समन्वय गर्न तयार छौं ।

## मधुकला कुँवर, सञ्चालक समिति सदस्य, रेडियो लुम्बिनी




यति महत्वपूर्ण कार्यक्रममा उपस्थित हुन पाउँदा खुसी लागेको छ, आयोजकलाई धन्यवाद । लुम्बिनी सूचना तथा सञ्चार सहकारी संस्थाले सञ्चालन गरेको रेडियो लुम्बिनी राजधानी बाहिरको सशक्त रेडियोमा पर्छ । हामी आफ्नै भवनमा छौं । हामी १५ जना कार्यसमितिमा छौं, जसमा ३ जना महिला छौं । २० जना कर्मचारीमा ७ जना महिला छन् । हामीले विभिन्न उपसमिति बनाएका छौं । त्यस्ता उपसमितिमा महिलालाई संयोजक बनाएका छौं । हामीले २०६७ सालमा लैंगिक नीति बनाएर कार्यान्वयनमा ल्याएका छौं । यसले महिला कर्मचारीलाई सुत्केरी हुँदा बिदा, सन्तानलाई स्तनपानका लागि समय, ढिलासम्म काम गर्नुपरे घर पुऱ्याउने व्यवस्था मिलाएका छौं । अरू रेडियोका कुरा सुन्दा अझै धेरै गर्न गर्न बाँकी रहेको छ भन्ने लागेको छ । हामी कार्यसमितिमा ३३ प्रतिशत महिला सहभागिताका लागि प्रयास गर्ने छौं । मैले कार्यक्रममा धेरै सुन्ने र सिक्ने मौका पाएँ । यहाँबाट सिकेका विषयलाई रेडियोमा कार्यान्वयन गर्ने प्रयास गर्ने छु । रेडियोको नेतृत्व तहमा महिला पुग्नुपर्छ भनेर विगतमा पनि पहल गरिएको थियो । आगामी दिनमा पदाधिकारीमा महिला पुऱ्याउने विषयमा विशेष पहल गर्ने छौं ।



हामीले प्रदेशस्तरीय प्रसारण पनि गरेका छौं । महिला, अपांगता भएका नागरिक, आदिवासी जनजातिका विषयमा कार्यक्रम उत्पादन गरी प्रसारण गऱ्यौं । जनतासँग जनप्रतिनिधिलाई जोड्ने किसिमका कार्यक्रम पनि भएका छन् । सासू बुहारी कार्यक्रम पनि सञ्चालन गरिरहेका छौं । सामुदायिक रेडियोले समुदायले सञ्चालन गरेका गतिविधिलाई ख्याल गर्दै ती गतिविधिबाट आएका सकारात्मक परिवर्तनका विषय, समुदायको आवाज बुलन्द गर्न सक्यो भने समुदायका अन्य पक्षसँग पनि सहकार्य बलियो बन्न सक्छ ।

## कल्पना अधिकारी, अध्यक्ष एकल महिला सञ्जाल धादिङ

मलाई यो परामर्श कार्यक्रम विशेष लागेको छ । मलाई साहित्य धेरै मन पर्ने हुँदा कविताबाटै मेरो प्रस्तुति सुरू गर्छु :



*'नारी सचेत बन्दा नेपाल बन्छ राम्रो,*
*जागौं उठेर सारा पालो हुँदैछ हाम्रो*

*बित्दै छ वर्ष धेरै आशा तुहिन्छ जस्तै,*
*सम्पन्न विश्व बन्दा नेपाल देश उस्तै*

*बैनी ल बोक झण्डा मेची उचाल काली*
*यो देश फूलबारी नारी उदार माली ।*

मैले रेडियो धादिङमा बसेर काम गर्ने मौका पाएँ । दुई कार्यकाल काम गर्दा महिलाका आवाज उठाउन पाइयो । २०६२/०६३ को आन्दोलनदेखि स्थानीय तहको निर्वाचनसम्म महिलालाई अघि ल्याउन सामुदायिक रेडियोहरूको महत्वपूर्ण भूमिका छ । अहिले आएर रेडियो पछि परेको हो कि, अन्य माध्यमले रेडियोलाई पछि पार्ने हो कि भन्ने लागेको छ । रेडियोलाई स्थानीय सरकारहरूको अभिभावकत्व चाहिएको छ । मैले पनि स्थानीय तहको निर्वाचनमा नीलकण्ठ नगरपालिकामा उपमेयरका लागि मनोनयन दिएको थिएँ तर राजनीतिक समीकरणका क्रममा म फ्याकिएँ । अहिले नीलकण्ठमा मेयर र उपमेयर दुवै पुरूष हुनुहुन्छ, द्वन्द्वमा बन्दुक बोकेर, सारा परिवार त्यागेर हिंडेका महिलालाई त्यहाँ उभ्याउन सकिएन । त्यहाँ किन पुरूषमात्रै ल्याइयो भन्ने प्रश्न उठिरहन्छ । श्रीमान् श्रीमती दुवै व्यवसायी थियौं, द्वन्द्वका कारण हाम्रो व्यवसाय धरासायी भयो ।

२०६३ सालमा मोटरसाइकल दुर्घटनामा मैले श्रीमान गुमाउनुपऱ्यो । त्यतिखेर समाजले मेरो चरित्र हत्या गर्ने, अपमानित गर्ने काम गरेको थियो । मैले मुटु बनाएर जीवन रोजें । ऋण धन गरेर व्यवसायलाई पुनर्जीवन दिएँ, सन्तान हुर्काएँ । यी सबै कुरा गर्नुको पछाडि हामीले आत्मविश्वास कायम गर्न सकियो भने आफूलाई बचाउन सकिने रहेछ भन्ने मेरो अनुभव हो । मैले रेडियोमा पनि काम गरेको, सामाजिक अभियानहरूमा पनि सहभागी हुन पाएको, राजनीतिक रूपमा पनि सक्रिय रहेकोले सामुदायिक रेडियो र सामाजिक अभियन्ताबीच छलफलले समाज परिवर्तनमा सहजता प्रदान गर्छ जस्तो लाग्छ । सामाजिक अभियान र रेडियोको सहकार्य रूपान्तरणका लागि अपरिहार्य छ । एकल महिलाका विषयमा वा अन्य सामाजिक अभियानलाई गाउँ समाजसम्म पुऱ्याउन रेडियोको भूमिका महत्वपूर्ण छ । एकल महिलाका

विषयलाई बाहिर लान, सेतो पहिरनको ठाउँमा रातो लगाउने अभियानमा रेडियोहरूले निकै सहयोग गरेका थिए, हामीले ०६२ सालमै यो अभियान चलाएका थियौं । रेडियो एकल महिलाको पहुँचमा हुनुपर्छ । म यही विषयमा अर्को कविताको हरफ सुनाउँछु,

*सेतो पैरन गर्नुपर्छ किन हो रूपै बिरूपै गरी*
*देखे साइत बिग्रने अलच्छिनी, भन्दै थिए मनपरी*

सेतो पहिरन देखे साइत बिग्रन्छ भन्ने हाम्रो सामाजिक कूरीतिलाई रातो पहिरन अभियानले निकै सहयोग गरेको छ । आजभोलि हामीले गर्ने कार्यक्रममा एकल महिलामध्ये केही पाको उमेरकाले माात्रै सेतो लगाउनुहुन्छ, अरूले रातो वा अरू पहिरन लाउनुहुन्छ । यस्ता कार्यक्रममा बोलाइदा हामी हाम्रा कुरा राख्छौं । मिडियाले प्रसारण गर्छ, जसले सकारात्मक परिवर्तन गर्छ । हामी एकल महिलाले जिल्लामा धुन मिल्ने कपडाबाट स्यानिटरी प्याड बनाउने काम गरिरहेका छौं, सात जना महिला रोजगार हुनुहुन्छ, तर उहाँहरूले बनाउनुभएको प्याडले बजार नपाउँदा अप्ठेरो भएको छ । यस्ता कुरालाई गाउँपालिकाले ध्यान दिनुपर्छ । गाउँपालिकाले यसरी बनाइएका प्याड किनिदिने हो भने काममा लागेका महिलालाई प्रोत्साहन हुने थियो । धेरै कुरा उठिसकेका छन् । एकल महिलाका सुनाउने कुरा धेरै छन् । शोकलाई शक्तिमा बदल्नुपर्छ भनेर एकल महिलालाई आत्मविश्वासी बनाइनुपर्छ । स्थानीय सरकार र सञ्चारमाध्यमहरूले एकल महिलाका विषयलाई उठाइदिनुपर्छ ।



### पुष्पा चौधरी, स्टेशन म्यानेजर, रेडियो गुरुबाबा



रेडियो गुरूबाबा मातृभाषामा सञ्चालन भएको पहिलो रेडियो हो । बर्दिया जिल्लामा थारू समुदायको जनसंख्या ५२ प्रतिशत रहेको छ । हामी ५० प्रतिशत थारू भाषा र ५० प्रतिशत अन्य भाषाका सामग्री उत्पादन गरेर बजाउँछौं । मूल भाषा थारू भएकोले हामीलाई थारू रेडियो नै भन्ने गर्छन् । केन्द्रबाट पनि थारूभाषामा कार्यक्रम तथा सामग्री उत्पादन गर्नुपरे हामीलाई

सम्पर्क गरिन्छ । थारू भाषाको लोक कल्याणकारी विज्ञापन, सामाजिक सन्देश पनि हामीले नै उत्पादन गरेका हौं । यसो भनेर अन्य भाषाभाषीलाई बेवास्था गरेका छैनौं ।

राज्यका हरेक निकायमा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता बढाउने र स्रोतमा उनीहरूको पहुँच पुऱ्याउन हामीले रेडियोको स्थापनादेखि नै काम गरिरहेका छौं । हामी स्थानीय थारू भाषामा  समाचार दुईपटक दिन्छौं, नेपालीमा एक पटक । थारू समुदायमा बरघर प्रथा छ, विकास निर्माणमा बरघर प्रथाको सहभागिता बढाउने, स्थानीय तहमा सहभागिता बढाउने, महिलालाई बरघर बनाउन हुँदैन भन्ने मान्यता चिर्दै बरघर बनाउने काममा हामी सफल भएका छौं । हामीलाई स्थानीय तहले पनि सहयोग गरेको छ । ठाकुरबाबा नगरपालिकाले बरघरलाई सञ्चारका लागि मोवाइल उपलब्ध गराएर सूचना प्रवाहमा सहयोग गरेको छ । स्थानीय तहमा थारूभाषालाई मान्यता दिइएको छ ।

हामी थारू भाषामा पुस्तक प्रकाशन गर्ने अभियानमा छौं । नेपालको संविधानलाई थारूभाषामा अनुवाद गरेका छौं, मुलुकी देवानी संहितालाई पनि थारूभाषामा अनुवाद गर्ने काम भइरहेको छ । हामीले थारू भाषामा उत्पादन गरेका ५२ भाग कार्यक्रम विभिन्न १४ जिल्लाका स्थानीय रेडियोले बजाए । यसमा अकोराबको पनि सहयोग भएको थियो । थारूहरूको ज्ञान र सीप प्रबर्द्धनका लागि थारू सांस्कृतिक केन्द्र स्थापनाकाको रणनीतिक योजनासहित प्रयास गरिरहेका छौं । जग्गा छ, भवन बनाउन रकम अभाव छ । समग्रमा हामी थारू जातिका लागि काम गरिरहेका छौं ।

स्थानीय तह आएपछि रेडियो सञ्चालनमा जति सहज हुन्छ भन्ने सोचेका थियौं त्यति हुन सकेको छैन । केही स्थानीय तहले सहयोग गरेका छन् । केही अझै सञ्चामाध्यमसँग सहकार्य गर्न तयार छैनन् । सञ्चारका लागि २८ लाख बजेट छुट्याइँदासमेत हामीसँग सहकार्य गरिएन । कतिपय स्थानमा कर्मचारीबाट सहयोग हुन सकिरहेको छैन । हामी सामुदायिक रेडियोकर्मीले आफ्नो समुदायअनुसार काम गर्नुपर्छ, संविधानमा धेरै कुरा समेटिएका छन्, हामीले हाम्रा समुदायका मुद्दा के हुन भनेर बहस पैरबी गर्नुपर्छ । रेडियो हुनु र रेडियोले समुदायका मुद्दा उठाउनु फरक कुरा हुन् । हामीले हाम्रा लक्षित समूह पहिचाहन गर्न सक्यौं भने मात्रै रेडियो प्रभावकारी बन्न सक्छ ।

## निष्कर्ष

यस सत्रमा वक्ताहरूले तोकिएको विषयमा आफ्नो धारणा राखेपछि सहभागीले आफ्ना विचार, सुझाव तथा जिज्ञासा राख्नुभएको थियो । फ्लोरलाई सुन्ने र जवाफ दिने कार्यक्रम समावेश गरिनुले सहभागिता र दोहोरो छलफल गर्ने अवसर भयो ।

रेडियोमा सामग्री उत्पादन गर्नेदेखि व्यवस्थापनमा सहभागी महिला, सामाजिक अभियन्ता र स्थानीय सरकारका प्रतिनिधि तथा तिनका काम तथा अप्ठेराका विषयमा गहन छलफल हुनु, आगामी सम्भावनाका बारेमा बहस भयो ।

दूरदराजमा भएका महिलाले गाउँपालिका सेवा सुविधाका बारेमा, रेडियो र सञ्चारमाध्यमको पहुँचमा नभएका महिलाका लागि सूचना र सचेतीकरणका लागि भएका अभ्यास, गाउँपालिकाले योजना तर्जुमा गर्दा जुटाइने महिला सहभागिता, न्यायिक समितिमार्फत भएका काम र हुन सक्ने सेवा सुविधा, सामुदायिक रेडियोहरूसँग स्थानीय सरकार र अन्य सामाजिक अभियानबीच सहकार्य, रेडियोकर्मीले गाउँगाउँबाट ल्याएका जिज्ञासाको जवाफ गाउँपालिकका अध्यक्षले दिने गरी भएका कार्यक्रम निर्माण तथा प्रसारण गरिएको विषय बाहिर आउनुले अन्य स्थानमा पनि यस्ता कार्यक्रम गर्न सकिने सिकाइ भएको थियो ।



## बहस ४ :
## परम्परागत हानिकारक अभ्यास न्यूनीकरणमा सामुदायिक रेडियो

**वक्ताहरु** : नहिदा बानु, नेपाल अन्तर धार्मिक सञ्जाल, राधिका सापकोटा, महासचिव महिला मानव अधिकार रक्षक सञ्जाल, माला पालुङ्गा, रेडियो ताप्लेजुङ, सीता ढुंगाना, उपाध्यक्ष गजुरी गाउँपालिका, धादिङ, किरणकुमारी थापा, स्टेशन म्यानेजर, आफ्नो एफएम डँडेलधुरा, सहजकर्ता : सोविता रिसाल, सीआईएन ।




**नहिदा बानु, नेपाल अन्तर धार्मिक सञ्जाल**



समाजमा देखिएका जति पनि विभेद् छन्, त्यसको मूल कारण धर्मशास्त्र हो कि भन्ने प्रश्न उठ्नेगर्छ । महिला हिंसाविरूद्धको अन्तर धार्मिक सञ्जालमा आउनुअघि मलाई पनि धर्मले नै विभेद् ल्याएको हो कि भन्ने लाग्थ्यो । म मुस्लिम, आफैं पनि विभेद्को सिकार भएकोले त्यस्तो सोच आएको थियो । जब मैले विभिन्न धर्मका गुरूहरूसँग संगत गर्न पाएँ । उहाँहरूबाट ती धर्मका विषयमा विस्तृत जानकारी लिन पाएँ । सम्बन्धित धर्मग्रन्थहरूको अध्ययन गर्न पाएँ, धर्मले कतै विभेद् गरेको पाइन । धर्मको ज्ञान नभएर वा धर्मको अल्पव्याख्या गरेर हामीले बनाएका संस्कृति र मान्यताहरू नै परम्परागत हानिकारक अभ्यास हुन । छाउपडीकै कुरा गरौं, सुदूरपश्चिममा छाउप्रथाको यस्तो प्रभाव परेको छ कि, मानिसहरूलाई छाउ नबारे अनिष्ट हुन्छ भन्ने छ । हिन्दु धर्मशास्त्रको सबैभन्दा ठूलो ग्रन्थ वेद हो । वेदमा महिनावारी हुँदा बार्ने कुरा कतै छैन, तर बिस्तारै पछि आएका केही ग्रन्थमा यी कुरा लेखिएका छन् । 'नछुने' बार्ने प्रथा बढी हिन्दुमै छ ।

परम्परागत हानिकारक अभ्यासमा बोक्सीप्रथा, बालविवाह, दाइजोप्रथा र छाउपडीविरूद्ध कडा कानुन बनेका छन् तर कार्यान्वयन फितलो छ । हाम्रो समाजमा धर्मअनुसार जन्मेदेखि मृत्युसम्मका विभिन्न कार्यमा प्रत्यक्ष



रूपमा धर्मगुरूको सहजीकरण हुनेगर्छ । हामी उहाँले भनेको मान्छौं । धर्म गुरूहरूले आममानिसको मानसिकतामा परिवर्तन गराउन ठूलो भूमिका खेलिरहनुभएको छ । मैले अन्तर धार्मिक सञ्जाल (निरन) नेपालसँग काम गर्दा यस्तो अनुभव गर्न पाएको छु ।

म नेपालमा मानिने मुख्य चार धर्मका धर्मग्रन्थमा महिनावारी, छुवाछूत, बालबिबाह जस्ता विषयमा के भनिएको छ भनेर छोटो प्रस्तुति गर्छु । हिन्दु धर्ममा मानव जीवनलाई चार भागमा विभाजन गरिएको छ, २५ वर्षसम्मको समय ब्रम्हचार्य आश्रम भनेर वेदमा लेखिएको छ । २५ वर्ष सम्म ब्रम्हचार्य भएपछि त बालविवाह हुने कुरै भएन । नेपालमा हिन्दु र मुस्लिम समुदायले धेरै बालविवाह गरेको तथ्यांक छ । बौद्ध धर्मको त्रिपिटकमा उमेर परिपक्व भइसकेको नारीसँग विवाहको कुरा छ, बौद्ध धर्मले पनि बालविवाहका पक्षमा वकालत गरेको छैन । इस्लाममा कुनै पनि जोडीले पारिवारिक जिम्मेवारी लिन सक्ने भएपछि मात्रै विवाह गर्नुपर्ने कुरा लेखिएको छ । इस्लाम धर्ममा होसहवापूर्ण अवस्थामा बालिकाले स्वेच्छाले मञ्जुरी दियो भने विवाह हुन्छ । त्यहाँ पनि धर्मशास्त्रले बालविवाहलाई प्रश्रय नदिएको प्रष्ट हुन्छ । इशाई धर्ममा विवाह गर्नका लागि केटा र केटी दुवै बयस्क हुनुपर्छ । त्यसमा पनि उहाँहरूले परमेश्वरसँग प्रार्थना गर्नुहुन्छ । मानसिक, शारीरिक रूपमा सक्षम भइसकेपछि मात्रै विवाह गर्ने विषय बाइबलमा लेखिएको छ ।

लैंगिक समानताको कुरा गर्ने हो भने संस्कारले नै हामीलाई विभेद् गरेको पाउँछौं । पितृसत्तात्मक सोच पुरूषमा मात्रै होइन, हामी महिलामा पनि व्याप्त छ । छुवाछूतको विषयमा कुरा गरौं, यो हिन्दु समुदायमा बढी देखिन्छ भने यसको असर अरू समुदायमा पनि परेको छ । बेदमा ब्रामण कर्मका आधारमा हुन्छ भनिएको छ, त्यहाँ जातीय विभेद्को कुरै छैन । यस्तै बौद्ध धर्ममा कर्मअनुसार मानिस उँच वा निच हुन्छ भनिएको छ । कुरानको कुनै पनि हदिसमा जातीय, वर्ण भेद् गरिएको छैन । तर व्यवहारमा त्यस्तो देखिएको छैन । रजश्वला र महिनावारीका विषयमा कुरा गरौं, वैदिककालमा तीन दिनसम्म पुरूषभन्दा अलग्गै बस्ने, सफा र सुरक्षित रहने चलन चलेको

पाइन्छ । बौद्ध धर्ममा रजश्वला हुँदा पूजापाठ गर्न पनि रोकतोक छैन । इस्लाम धर्ममा पनि महिनावारीका अवस्थामा छुवाछुतको चलन छैन तर नवाज पढ्न, प्रार्थना गर्न भने पाइँदैन । इशाई धर्ममा पनि रजश्वलालाई छुन नहुने विषय मानिएको छैन । अहिले धर्मको गलत व्याख्या भएको मात्रै हो । यसरी गरिएका गलत व्याख्या र हानिकारक अभ्यासलाई चिर्न सामुदायिक रेडियो के गर्न सक्छन् त भन्ने जिज्ञासा छ । सामुदायिक रेडियोबाट बिहानको समयमा भजन, धार्मिक कार्यक्रम बजाउने समयमा आफ्ना समुदायका धर्म गुरूहरूको आवाजमा भेदभाव, छुवाछुत, कूरीतिविरूद्ध बोल्ने अवसर प्रदान गर्न सकिन्छ । जसले आम जनमानसमा रहेको धर्मसँग जोडिएर आएको अन्धविश्वास विस्तारै कमी हुनजान्छ । यस्ता कूरीति हट्न केही समय लाग्न सक्छ तर परिवर्तन सम्भव छ ।

**राधिका सापकोटा, महासचिव महिला मानव अधिकार रक्षक सञ्जाल**




सबैभन्दा पहिले हामीले परम्परागत हानिकारक अभ्यास के हुन भन्ने बुझ्न जरूरी छ । महिलामाथि हुने सबै प्रकारको विभेद् उन्मूलनसम्बन्धी महासन्धि १९७९ (सिड) ले 'सामाजिक वा सांस्कृतिक मान्यताबाट निर्देशित भई कुनै पनि व्यक्ति वा समाजद्वारा जानीजानी अर्को व्यक्तिको शरीर र मनोविज्ञानमाथि नियन्त्रण गरी वा प्रभाव पारी गरिने त्यस्ता सम्पूर्ण कार्यहरू जस्तै नियन्त्रित भएका व्यक्तिहरूको शरीर, मनोविज्ञान र मानव अधिकारमा गम्भीर असर पार्छ भने त्यस्तो कार्यलाई हानिकारक मूल्य मान्यता भनिन्छ' भनेर परिभाषित गरेको छ ।

यसलाई आधार मान्ने हो भन्ने, हानिकारक मूल्य मान्यता भनेको समाजले स्वीकार गरेको नीति हो जसलाई हामीले स्वीकार गरिराखेका छौं, जुन लिखित नहुन पनि सक्छ तर समाजले यति धेरै स्वीकार गरिरहेको छ । म जहिले पनि अरूले मलाई कसरी हेर्छ भन्ने कुराबाट निर्देशित छु, त्यो हानिकारक अभ्यास हो । अहिले हामी जति पनि बालविवाह, छाउपडी, दाइजोको कुरा गरिरहेका छौं यो देखिने परिणाम हो । महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने सोच र धारणा हानिकारक अभ्यास हो ।

परिणामस्वरूप महिलाको यौनिकतामाथिको नियन्त्रण छ, जसका कारण हामी बालविवाह र बलात्कारको सिकार भएका छौं, बोक्सीको आरोपमा पिटाई खाइरहेका छौं । छाउ बार्ने चलन सुदूरपश्चिममा मात्रै होइन, काठमाडौंजस्ता ठूला सहरहरूमा पनि छ । सुदूरपश्चिममा अलि पर गोठ छ, हामीकहाँ घरभित्र गोठ छ । बसाइमा सहज असहज होला तर सोच एकै छ, हानिकारक मान्यता भनेको हामीसँग भएको सोच नै हो ।

हामीले संविधानमा महिलाका हकलाई मौलिक हकका रूपमा पाएका छौं । अपराध संहिताले पनि हानिकारक अभ्यासविरूद्ध बोलेको छ । संविधान, कानुन छ, तर हामी पीडितले उजुरी गरेका छैनौं, प्रश्न उठाएका छैनौं । कानुन आफैं आएर काम गर्ने होइन, कानुनी उपचारका लागि बोल्न सक्ने बनाऔं । धर्ममा विभेद् छैन भनिएको छ तर त्यहाँ महिलाका नैतिकताका भन्दा अरू विषय लेखिएकै छैन । एउटा घटना भन्छु, मेरी छोरी पहिलोपटक महिनावारी हुँदा मैले फेसबुकमार्फत छोरीलाई बधाई दिएँ । धेरैले बधाई भन्ने प्रतिक्रिया दिए, तर भोलिपल्ट त्यो विषयलाई गलत व्याख्या गर्दै कतिपयले अब प्याड फेरेको पनि बधाई भन्ने होला भनेर कमेन्ट गरे, पहिलोपटक यौन सम्बन्ध भएको पनि बधाई दिने होला भन्नेसम्म आयो । म डराएँ, फेसबुक चलाउनेहरू मेरो आमा पुस्ता त होइन, नयाँ पुस्ताले पनि यो विषयलाइ पचाएन भनेर म आश्चर्य चकित भएँ । एउटा युवा समूहले भने यो विषयलाई सहज किसिमले लिँदै सकारात्म ब्याख्या गरिदिएको थियो । यसले के पुष्टि गर्छ भने यस्ता सोचहरू हामीमाफ जकडिएर बसेको छ । यस्ता सोच चिर्न सामुदायिक रेडियोमा बनाइने सामाजिक सन्देश वा विज्ञापनमा महिलाको भूमिका परिवर्तन गर्नुपर्छ ।

महिला भनेपछि घरको काम गर्ने परम्परागत सोचकै आधारमा सामग्री उत्पादन तथा प्रसारण गर्ने कुराबाट माथि उठ्न जरूरी छ । सोचमाथि प्रहार गर्ने उपयुक्त साधन भनेको रेडियो हो । स्थानीय सरकारले पनि रेडियोहरूसँग सहकार्य गरेर आफ्ना कुरा गाउँगाउँसम्म लाग्न सक्छन् । मेरो जिल्लामा २१ प्रतिशत महिला १५ वर्ष नपुग्दै आमा बनेको तथ्यांक छ । हामीले बालविवाहविरूद्ध अभियान चलाएरमात्रै पुग्दैन, कानुनी कारबाहीको विषयलाई पनि सँगै लैजानुपर्छ । हरेक घरमा आवश्यक सूचना पुग्ने अवस्था स्थानीय सरकारले सृजना गर्नुपर्छ ।

## सीता ढुंगाना, उपाध्यक्ष गजुरी गाउँपालिका



नेपालको नयाँ संविधान २०७२ को कार्यान्वयनको सुरूवात स्थानीय तहबाटै भएको हो । स्थानीय तहको निर्वाचनका बेला हामीले 'गाउँगाउँमा सिंहदरबार' को नारा तय गरेका थियौं । 'जनताले देख्न सक्ने, छुन सक्ने र काखमै बसेर रून सक्ने' स्थानीय सरकार हो भनेर स्थानीय तहको भूमिकाको चर्चा गरेका थियौं । अधिकारअनुसार स्थानीय सरकारको त्यहीअनुसार चर्चा हुनुपर्ने पनि थियो । गजुरी गाउँपालिकाकै कुरा गर्ने हो भने सामाजिक रूपमा रहेका हानिकारक सामाजिक अभ्यासबाट सृजना भएका अप्ठेराविरूद्ध स्थानीय सरकारमा जानुपर्छ भन्ने चेतना विकास भएको छ । हामी निर्वाचित भएको तीस महिनाको अवधिमा आम सर्वसाधारणका बीचमा न्याय माग्न जाने पहिलो ठाउँ स्थानीय सरकार, खासगरी न्यायिक समिति हो भन्ने कुरा जगजाहेर भइसकेको छ । हानिकारक मूल्य मान्यताबाट निम्तिएका घटना, परिघटनाको उजुरी स्थानीय तहमा एकदमै धेरै आइरहेका छन् । नयाँ संविधान निर्माण र संघीयताको कार्यान्वयनका क्रममा स्थानीय निकायको अधिकार स्थानीय तहका रूपमा आउँदा थुप्रै अधिकार आएका छन् । स्थानीय तहका आफ्नै अधिकार, स्थानीय तह, संघ र प्रदेशका साझा अधिकार छन् ।



स्थानीय तहको एकल सूचीको अधिकारका रूपमा आउने न्यायिक अधिकारको अभ्यास गर्ने क्रममा नागरिकलाई संविधानले दिने अधिकार, स्थानीय तहबाट पाइने न्यायसम्बन्धी सेवा सुविधाका विषयलाई नीति कार्यक्रममै राखेर कार्यान्वयनमा लागिरहेका छौं । हिंसामा परेकाहरूका लागि सहयोग गरिएको छ । गाउँपालिकामा न्याय पाउने विधिका बारेमा जानकारी गराएका छौं । तीनवटा वडाबाट सचेतनाका लागि 'रिफ्लेक्ट' कक्षा सुरू गर्दै अहिले आठवटैमा सञ्चालित छ । 'रिफ्लेक्ट' कक्षा कुनै पनि विषयमा विधिबाट छलफल गरिने उत्कृष्ट विधि हो । उदाहरणका लागि महिला हिंसाका बारेमा छलफल भयो भने उपस्थित सहभागीले केलाई महिला हिंसा भन्ने, किन महिलामाथि हिंसा भइरहेको छ ? किन यसले निरन्तरता पाइरहेको छ, किन न्यूनीकरण हुन सकिरहेको छैन, किन हामी यसविरूद्ध बोलिरहेका छैनौं ? किन हामी न्याय माग्न जान सकेका छैनौं, जस्ता प्रश्नको उत्तर आफैंभित्र खोज्दै छलफल

गर्छन् । यस्ता कक्षा सचेतनाका लागि निकै सहयोगी भएका छन् । यस्तै पालिकाको न्यायिक समितिले प्रहरीसँग साझेदारी गरेर टोलटोलमा पुगेको छ । आमनागरिकलाई कस्ता कस्ता गतिविधि हिंसाजन्य गतिविधि हुन्, त्यस्तो भएमा कहाँ उजुरी गर्न जाने भनेर छलफल चलाइरहेका छौं । उजुरी गर्ने प्रक्रियासमेत सिकाएका छौं । हरेक योजना कार्यान्वयन गर्ने क्रममा बन्ने उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता गरिएको छ । निर्माणसँग जोडिएका कामहरू महिलामैत्री, अपांगमैत्री, जेष्ठ नागरिकमैत्री छ कि छैन भनेर अनुगमन गरेका छौं ।

गजुरी गाउँपालिका एक्लैले हानिकारक अभ्यासलाई चिर्न सक्दैन तर हामीले सुरूवात गरिसकेका छौं, 'रिफ्लेक्ट' कक्षाको मूल उद्देश्य नै यही हो । न्यायिक समितिले 'रिफ्लेक्ट' कक्षामा बालविवाह, बोक्सीप्रथाजस्ता हानिकारक अभ्यासका विषयमा छलफल चलाइरहेका छौं । सँगसँगै हामीले सामुदायिक रेडियोसँग साझेदारीमा कार्यक्रम गरिराखेका छौं । अब रेडियोहरूले प्रस्तुतिमा फरकपन ल्याउनुपर्छ, पीडाका कथाहरू रेडियोको प्राइमटाइममा बजाइनुपर्छ । केही समय रेडियोमा काम गरेको अनुभवसमेत भएकोले यसको शक्ति नजिकबाट बुझ्न पाएको छु । जनताकहाँ पुग्न सक्ने मिडिया भनेको सामुदायिक रेडियो हो । यसले आफूले बजाउने विषयवस्तुलाई परिस्कृत गर्न जरूरी छ ।



### किरणकुमारी थापा, स्टेशन म्यानेजर आफ्नो एफएम, डँडेलधुरा



सुदूरपश्चिम प्रदेशका जिल्लाका पहाडी गाउँहरूमा छाउपडी अलि बढी नै छ । तराईका जिल्लामा बालविवाह, दाइजोप्रथा अलि बढी छन् । यसविरूद्ध सामुदायिक रेडियोहरूले सामग्री उत्पादन र प्रसारण गरिरहेकै छन् । केन्द्रबाट अकोराब/सीआईएनले उत्पादन गरेका यससँग सम्बन्धित सामग्री त्यहाँका सामुदायिक रेडियोले बजाउने गरेका छन् । रेडियो आफैंले पनि समाचार, कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने गरेका छन् । डडेलधुरा जिल्लाको कुरा गर्ने हो भने छाउपडी प्रथा त छ तर छाउगोठमै बस्नुपर्ने भन्ने बाध्यकारी छैन । सुदूरपश्चिमका अछाम, बाजुरा, बझाङमा छाउ बार्ने, छाउगोठ बस्नुपर्ने चलन बढी छ । मिडियाले गरेको प्रयास पनि सोचेजति सफल हुन सकेको छैन । सामुदायिक

रेडियोले त्यहाँको समुदायलाई नकारात्मक असर नपर्ने गरी विभिन्न पक्षसँग साझेदारी गरेर यस्ता कुप्रथा अन्त्यका लागि काम गर्न सकिन्छ । त्यहाँका सामाजिक अभियानसँग जोडिएर, सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा काम गर्न सकियो भने परम्परागत हानिकारक अभ्यासबाट उत्पन्न भएका घटनालई कम गर्न सकिन्छ । हामी सामुदायिक रेडियोले एकपटक रिपोर्ट, समाचार वा कार्यक्रम बजाएर पुग्दैन, निरन्तरता चाहिन्छ ।

**माला पालुङ्गा, रेडियो ताप्लेजुङ**



पूर्वी नेपालको पहाडी जिल्लामा सुदूरपश्चिममा छाउपडी भएजस्तै प्रथा त छैन तर महिलाविरूद्ध हुने विभेद्मा भने कमी छैन । जिल्लामा पछिल्लो समयमा बालविवाह दर बढेको छ । सामुदायिक रेडियोले बालविवाहविरूद्ध धेरै सामग्री उत्पादन/प्रसारण गरेका छन् । सञ्चारमाध्यमले घटनाका विषयमा समाचार प्रसारण गरे पनि त्यसको थप प्रक्रियामा काम गर्न सकेको देखिँदैन । यो ठाउँमा यस्तो भएछ भनेर समाचार दिएपछि रेडियोले काम सकियो भन्ने सोच राखेको पाइन्छ । त्यसपछिका कानुनी प्रक्रिया, परिणामबारेमा खासै चर्चा गर्न सकिएरहेका छैनौं । ताप्लेजुङ, पाँचथरलगायतमा पछिल्लो समय बोक्सी भनेर महिलामाथि हिंसा भएका घटना सार्वजनिक भएका छन् । पहिले यस्ता घटना बाहिर नै आउँदैन थियो, अहिले मिडियाका कारण बाहिर आएका छन् । विभिन्न खाले सामाजिक कूरीतिका घटना पीडितलाई राख्नका लागि जिल्लामा एउटा पनि 'सेफ हाउस' छैन । राजनीतिक दल, स्थानीय सरकारले प्रतिबद्धता त जनाएका छन् तर उपलब्धि छैन ।

## निष्कर्ष

राष्ट्रिय परामर्श कार्यक्रममा समाजमा रहेका बालविवाह, बोक्सीप्रथा, दाइजोप्रथा, छाउपडी, छुवाछूतलगायत परम्परागत हानिकारक अभ्यास र तिनको न्यूनीकरणका लागि नेपालका सामुदायिक रेडियोहरूले गरिरहेका काम र सम्भावनाका विषयमा छलफल गरिनुले यो विषयप्रति सबैलाई फेरि

एकपटक कार्यस्थलमा गएर सोच्न बाध्य बनाएको छ । वक्ताले राखेका धारणामा फ्लोरबाट आएका सुझाव, जिज्ञासामा बाक्लो सहभागिता हुनुले पनि छलफलको महत्व बढेको थियो । सहभागीले आर्थिक अभावमा रेडियोले महिलालाई परम्परागत भूमिकामा राखेर तयार गरिएका विज्ञापन बजाउन बाध्य भएको, यस्ता विषयमा स्थानीय सरकार चनाखो हुनुपर्ने सुनाएका थिए । छलफलका क्रममा कार्यक्रममा सहभागीहरूले महिला आफैंले हानिकारक प्रथा जोगाइरहेको, महिलाले महिनावारी हुँदा खाना पकाउने, मन्दिर जाने, पूजा गर्ने आँट नगरेको विषय उठेको थियो ।

हामीले गरिरहेको पत्रकारिता, बोलिरहेका आवाज, हामीले बजाएका कार्यक्रम कसका लागि हुन ? ती कार्यक्रमले सामाजिक विकृति विसंगति, कुसंस्कारमाथि कति प्रहार गर्न सके, हामी प्रसारकहरूले यो विषयलाई कसरी लिएका छौं ? स्थानीय सरकारले यो विषयलाई कसरी बुझेको छ, पीडितले न्याय माग्न कहाँ पुग्ने, जस्ता थुप्रै प्रश्नको उठान गराएको छलफल अकोराबको सामाजिक कुप्रथाविरूद्धको अभियानसँग पनि जोडिनुले सबैको चासोको विषय बन्यो । हानिकारक अभ्यास अन्त्यका लागि महिला र पुरूषको संयुक्त प्रयास आवश्यक रहेको सुझाव फ्लोरबाट आएको थियो ।



## घोषणा पत्र तथा कार्ययोजना कार्यान्वयनका लागि सहकार्य तथा प्रतिबद्धता संकलन तथा समापन

'विविधता, बहुलता र लैङ्गिक समानता : सामुदायिक प्रसारणमा महिला सहभागिता' शीर्षकमा धादिङको गल्छी गाउँपालिकामा दुई दिन चलेको राष्ट्रिय परामर्श कार्यक्रम ७ बुँदे प्रतिवद्धता र ५ बुँदे माग समेटिएको १२ बुँदे धादिङ घोषणापत्र जारी गर्दै कार्यान्वयनका लागि प्रतिबद्धता लिएर सकिएको थियो । समापन समारोहको अध्यक्षता अकोराबका अध्यक्ष सुवास खतिवडाले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि थाक्रे गाउँपालिका अध्यक्ष रामकुमार आचार्य रहनुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सृजना अर्यालले यो कार्यक्रमले फरक किसिमको अनुभूति दिलाएको बताउँदै प्रभावकारी कार्यक्रमका लागि आयोजकलाई धन्यवाद दिनुभयो । सामुदायिक रेडियो प्रसारक संघका महासचिव गोविन्द देवकोटाले कार्यक्रमले अकोराबलाई उत्साहित बनाएको बताउनुभयो ।



'यहाँहरूले उठाउनुभएका विषयलाई अधिवेशनमार्फत सम्बोधनको प्रयास गर्ने छौं' देवकोटाले भन्नुभयो । उहाँले सुर्खेत सम्मेलनबाट विधान संशोधन गरेर समग्र अकोराबमा महिलालाई अझ सशक्त बनाउने प्रयास गरिएको सुनाउनुभयो । अकोराबका उपाध्यक्ष अर्जुन राईले मनैदेखि समाजमा योगदान गर्ने उद्देश्यले सामुदायिक रेडियो अभियानमा सहभागी भएको बताउनुभयो । आफूहरू लहैलहैमा सामुदायिक रेडियोको आन्दोलनमा नरहेको उहाँले प्रतिक्रिया दिनुभयो ।



समापन कार्यक्रममा गल्छी गाउँपालिका उपाध्यक्ष राधा तिमिल्सिनाले सम्मेलनले गरेको अपेक्षा पूरा गर्न प्रयास गर्ने बताउनुभयो । पत्रकारितामार्फत नराम्रा कुरामात्रै उजागर हुँदा स्थानीय सरकारलाई अप्ठेरो परिरहेको छ, उहाँले भन्नुभयो । अकोराबका वरिष्ठ उपाध्यक्ष अर्जुन गिरीले कार्यक्रममा सहयोग गर्ने धादिङका स्थानीय तहहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले सामुदायिक रेडियोका बारेमा सुन्ने चाहना भएकाहरूका लागि ज्ञान प्राप्त भएको बताउनुभयो ।

सामुदायिक रेडियोहरूको विश्व संगठन, अमार्क एसिया प्रशान्त प्रतिनिधि एवं अन्तर्राष्ट्रिय महिला सञ्जाल संयोजक निम्मी चौहानले अकोराबले महिला प्रसारकका विषयमा यति महत्वपूर्ण कार्यक्रम गरेकोमा धन्यवाद ज्ञापन गर्दै कार्यक्रमले सामुदायिक रेडियोका क्षेत्रमा नयाँ बाटो देखिएको टिप्पणी गर्नुभयो ।

समापनका प्रमुख अतिथि थात्रे गाउँपालिकाका अध्यक्ष रामकुमार आचार्यले कार्यक्रमका लागि आयोजकले धादिङ जिल्लालाई छनौट गरेकोमा धन्यवाद दिँदै, परामर्श कार्यक्रमले जारी गरेको घोषणापत्र कार्यान्वयन सघाउने प्रतिबद्धता जनाउनुभयो । 'यो पेशमा आबद्ध सबैलाई अप्ठेरो छ, महिलालाई झन अप्ठेरो छ, सहजीकरण गर्नु आवश्यक छ', अध्यक्ष आचार्यले भन्नुभयो । उहाँले 'सम्मान, विश्वास र सुरक्षा' भएमात्रै महिलाहरू ढुक्क भएर यो क्षेत्रमा सहभागी हुन सक्ने धारणा राख्नुभयो । 'स्थानीय सरकार, अभिभावकका हिसाबले यसका लागि काम गर्न तयार छ, पेशमा लाग्ने महिलाका परिवारले पनि यो विषयमा सोच्न जरूरी छ', उहाँले भन्नुभयो । गाउँपालिकाका हरेक योजनामा ५० प्रतिशत महिला सहभागिता हुनुपर्छ भनेर लागिरहेका छौं, सुत्केरी हुन जाँदा फर्कँदा निःशुल्क एम्बुलेन्स व्यवस्था गरेका छौं, अझ धेरै गर्दै छौ, उहाँले भन्नुभयो ।






समापन समारोहलाई सम्बोधन गर्नु हुँदै अकोराबका अध्यक्ष सुवास खतिवडाले सामुदायिक रेडियोकर्मी प्रक्रियाहरूमा पनि एक कदम अघि हुनुपर्ने बताउनुभयो । 'कार्यक्रम तयारीका क्रममा सहभागिताका लागि फर्म पठाइएको थियो तर त्यसमा उत्साहजनक सहभागिता भएन, महिला सहभागिता भनेका थियौं, पुरूष अघि सर्नुभयो, कहाँ को सहभागी हुने भन्ने विषयमा पनि ख्याल गर्नुपर्छ' उहाँले भन्नुभयो । अकोराबको नयाँ आउने नेतृत्वमा महिला सहभागिता सुनिश्चितता गरिएको जानकारी दिँदै अध्यक्ष खतिवडाले नेतृत्वमा आउने महिलाले थप ठाउँ बनाउन सुझाव दिनुभयो । 'कार्यसमितिमा उपाध्यक्ष महिला अनिवार्य छ, सचिवालयमा उपाध्यक्ष अनिवार्य छ, अरू पदाधिकारी र खुल्लामा पनि महिलाका ठाउँ छ, महिलाका लागि तोकिएका ठाउँमा महिलाबाहेक अरू आउन मिल्दैन' खतिवडाले जानकारी दिनुभयो ।  यहाँ सहभागी हुनुभयो, मनन गर्नुभयो, यसलाई कत्तिको निरन्तरता दिन सक्नुहुन्छ, तपाईको पनि दायित्व र जिम्मेवारीको कुरा हो, उहाँले भन्नुभयो । हामी संघर्षले नै यहाँ आइपुगेका छौं, सामुदायिक रेडियोमा सहभागिता, स्वामित्व, सक्रियता आवश्यक छ, यो विषयलाई हामीले कोट्याएका हौं अध्यक्ष खतिवडाले भन्नुभयो ।

अनुसूची १

# सुर्खेत घोषणा-पत्र २०७५

*कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मिति २०७५ फागुन १ र २ गते सम्पन्न सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको १४ औं वार्षिक साधारणसभा तथा राष्ट्रिय सम्मेलनमा सहभागी हामी देशभरका सामुदायिक रेडियोका सञ्चालकहरू अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्ध रहँदै, आवाजविहीनहरूको आवाज बन्दै, नागरिकको सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि प्रतिबद्धता दोहोर्‍याउँदै, लोकतन्त्र, मानवअधिकार र बहुलवादलाई आत्मसात गर्दै, आत्मसम्मानसहितको जीवनशैलीका पक्षमा वकालत गर्दै, सामुदायिक रेडियोहरूले वर्तमान समयमा सामना गर्नु परेका चुनौतीको सम्बोधन एवं प्राप्त अवसरहरूलाई उपयोग गर्नका लागि निम्नानुसारको* ***सुर्खेत घोषणा-पत्र*** *जारी गर्दछौं ।*

## प्रतिबद्धता

१. नेपालको संविधान २०७२ द्वारा प्रदत्त सूचनाको हक, मिडियाको स्वतन्त्रता र अभिव्यक्तिको स्वतन्त्रतालाई व्यावहारिक रूपमा आधारभूत तहसम्म अनुभूत गराउन सक्ने सामुदायिक रेडियोको विशिष्ट सामर्थ्य र जिम्मेवारीप्रति सम्पूर्ण रूपमा सचेत रहँदै यसका लागि थप ऊर्जा र रणनीतिसहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

२. समानता र सुशासन प्रवर्द्धनका लागि भूमिका निर्वाह गर्दै, सामाजिक रूपान्तरण अभियानमा सामुदायिक रेडियोको गतिविधि विस्तार गरी रेडियोमा समुदायको सहभागिता वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

३. सामुदायिक रेडियोमा सहभागिता, नेतृत्व र प्रसारण सामग्रीमा महिला, आदिवासी, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका, दलित, अल्पसंख्यकलगायत पछि पारिएका समुदायहरूलाई समान ढङ्गले अवसर दिने कुरा नीतिगत रूपमै व्यवस्था गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. बालविवाह, दाइजोप्रथा, छाउपडी, छुवाछूत, बोक्सी, सामाजिक विभेद् र कूरीतिको अन्त्यका लागि निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**माग**

५. सञ्चारमाध्यमको लोकतान्त्रीकरणसम्बन्धी विश्वव्यापी मान्यताविपरीत स्थानीय सरकारहरूले आफैं एफएम रेडियो सञ्चालन गर्ने कुराको जोडदार विरोध गर्दछौं । एफएम रेडियो (व्यवस्थापन, नियमन तथा सञ्चालन) का लागि कार्यविधि बनाउने नाममा रेडियो बन्द गर्नेसम्मका अधिकारविपरीतका व्यवस्थाहरू तत्काल खारेज गर्न र रेडियोसम्बन्धी नीति नियम बनाउँदा रेडियोका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गर्न माग गर्दछौं ।

६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले श्रमजीवी पत्रकारलाई दिएको पारिश्रमिकको बैंक स्टेटमेण्ट सूचना विभागमा बुझाउनुपर्ने बाध्यकारी व्यवस्था गरी नवीकरणलगायतका कार्य रोक्ने कानुनविपरीतको कार्य तत्काल सच्चाउन माग गर्दछौं ।

७. लोककल्याणकारी विज्ञापन वितरणमा विद्युतीय र छापा माध्यमप्रति गरिएको विभेद् अन्त्य गरी समानुपातिक विज्ञापन नीति लागू गर्न संघ सरकारसँग जोडदार माग गर्दछ ।

८. सामुदायिक रेडियोले तिर्नु परेको वितरण शुःल्क (रोयल्टी) तथा नवीकरण शुल्क खारेज गरी अन्य सञ्चारमाध्यमको पहुँचबाहिर रहेका दुर्गम एवं पछाडि परेका क्षेत्रमा सञ्चालित सामुदायिक रेडियोलाई विशेष सहुलियत र सहयोगको प्रबन्ध गरियोस् ।

९. यसअघि नै विशिष्टीकृत ऐनको अभ्यास गरिरहेको सन्दर्भमा पछाडि फर्केर सबै सञ्चारसम्बन्धी ऐन गाभेर आमसञ्चारसम्बन्धी छाता ऐन ल्याउन गरिएको तयारीको विरोध गर्दै सामुदायिक रेडियोसम्बन्धी छुट्टै ऐनको माग गर्दछौं ।

१०. कुनै पनि सञ्चारमाध्यमको दर्ता खारेज नगरिने संविधान प्रदत्त हकविपरीत कुनै पनि बहानामा रेडियोको नवीकरण रोक्ने र दर्ता खारेजी गर्ने जस्ता कार्य बन्द गर्न माग गर्दछौं ।

अनुसूची २

# हिले घोषणा-पत्र २०७६

*प्रदेश नं. एकको धनकुटा जिल्लाको हिलेमा मिति २०७६ जेठ १० र ११ गते सम्पन्न सामुदायिक बहुलता र विविधताको सम्बर्द्धन : सामुदायिक प्रसारणमा आदिवासी जनजाति राष्ट्रिय परामर्श कार्यक्रममा सहभागी हामी देशभरका सामुदायिक रेडियोका सञ्चालकहरू आदिवासी जनजातिको भाषा, संस्कृति, अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रतिबद्धता दोहोऱ्याउँदै, लोकतन्त्र, मानवअधिकार, समता र बहुलतालाई आत्मसात गर्दै, आत्मसम्मानसहितको जीवनशैलीका पक्षमा वकालत गर्दै, आदिवासी जनजाति प्रसारकहरूको चुनौतीको सम्बोधन एवं प्राप्त अवसरहरूलाई उपयोग गर्नका लागि निम्नानुसारको **हिले घोषणा-पत्र** जारी गर्दछौं ।*

## प्रतिबद्धता

१) सामुदायिक रेडियो प्रसारक संघ नेपाल र सबै सामुदायिक रेडियोको नेतृत्व र निर्णायक तहमा आदिवासी जनजातिको जनसंख्या र विविधताको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चिता गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

२) सामुदायिक रेडियोले उत्पादन गर्ने सम्पूर्ण प्रसारण सामग्रीहरूमध्ये जनसंख्याको आधारमा आदिवासी जनजातिको भाषा, कला, संस्कृति, परम्परा, ज्ञानसीप र रहनसहनको सम्बर्द्धनको सामग्रीहरू प्रसारणका लागि कम्तीमा ३६ प्रतिशत सुनिश्चित गर्दै, क्षमता अभिवृद्धि गर्न प्रतिबद्धता जाहेर गर्दछौं ।

३) देशभरका सामुदायिक रेडियोको नेतृत्व र रेडियो कार्यक्रमबारे आधारभूत सर्वेक्षण (baseline Survey) गरी रणनीतिक कार्ययोजनासमेत तर्जुमा गरी सामुदायिक रेडियोमा सहभागिता र स्वामित्व सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

४) आदिवासी जनजातिको भाषा, संस्कार, संस्कृति, धर्म, पहिचान आदिमा जवाफदेही, संवेदनशील र जिम्मेवार बन्नका लागि आदिवासी जनजाति प्रसारण आचारसंहिता (Code of conduct for Indigenous broadcasting) बनाई लागू गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

५) लोपोन्मुख संस्कार, संस्कृति र भाषाहरूको बचाउ र उत्थानका लागि सामुदायिक रेडियोहरूको तर्फबाट विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

६) आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, सन्धि तथा अभिसन्धिले सुनिश्चित गरेका अधिकारको प्रचारप्रसार गर्न प्रतिबद्ध छौं ।

## माग

१) संघीय, प्रदेश तथा स्थानीय तहमा निर्माण गरिने आमसञ्चार नीति तथा कानुनहरू आदिवासी जनजातिमैत्री बनाई कार्यान्वयन गर्न जोडदार माग गर्दछौं ।

२) सामुदायिक रेडियोमा आदिवासी जनजातिको सहभागिता र स्वामित्व अभिवृद्धिका साथै कार्यक्रम उत्पादन र प्रसारणको लागि जनशक्तिलाई उत्प्रेरित गर्न तीनवटै तहका सरकारले बजेटमा विशेष प्राथमिकता दिन माग गर्दछौं ।

३) लोपोन्मुख संस्कार, संस्कृति र भाषाहरूको बचाउ र उत्थानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने माध्यम सामुदायिक प्रसारण भएकाले तीनवटै तहका सरकारसँग साझेदारीको माग गर्दछौं ।

४) आदिवासी जनजातिको स्वामित्व र सहभागितामा सञ्चालन भएका सामुदायिक रेडियोहरूलाई रेडियो उपकरणलगायत सामग्रीको आयात गर्दा भन्सार शुल्कसहित विभिन्न करमा विशेष छुट र सहुलियत दिन माग गर्दछौ ।

५. संघ, प्रदेश र स्थानीय तहमा राष्ट्रभाषामा सरकारी कामकाज साथै आदिवासी जनजातिको शिक्षा, न्यायमा पहुँच, सूचनाको हक, सञ्चारलगायत विभिन्न क्षेत्रको सेवा प्रवाहको सुनिश्चितताका लागि विशेष नीति बनाई लागू गर्न जोडदार माग गर्दछौ ।

६. आदिवासी जनजाति समुदायका सामुदायिक रेडियोकर्मीहरूको सीप, क्षमता र नेतृत्व विकासका लागि सरकारसँग नीतिगत रूपमै विशेष व्यवस्था गर्न माग गर्दछौं ।

अनुसूची ३

# धादिङ घोषणा-पत्र, २०७६

*प्रदेश नं. ३ को धादिङ जिल्लाको गल्छीमा २०७६ पौष ८ र ९ गते सम्पन्न 'बहुलता विविधता र लैङ्गिक समानता : सामुदायिक प्रसारणमा महिला सहभागिता' राष्ट्रिय परामर्श कार्यक्रममा सहभागी हामी देशभरका सामुदायिक रेडियोका सञ्चालक तथा महिला सामुदायिक रेडियोकर्मीहरू सामुदायिक रेडियोमार्फत महिला हकअधिकारको संरक्षण र सम्बर्द्धनका लागि प्रतिबद्धता जनाउँदै, लोकतन्त्र, मानवअधिकार, समता र बहुलतालाई आत्मसात गर्दै, आत्मसम्मानसहितको जीवनशैलीका पक्षमा वकालत गर्दै, सामुदायिक प्रसारणमा महिलाको सहभागिता तथा स्वामित्व अभिवृद्धि गर्न थप प्रयत्न गर्दै महिला हकअधिकार र सशक्तीकरणका लागि प्राप्त अवसरहरूको उपयोग गर्दै महिला सामुदायिक रेडियोकर्मीका चुनौती तथा समस्या सम्बोधन गर्नका लागि प्रतिबद्धता र मागसहितको **धादिङ घोषणा-पत्र** जारी गर्दछौं ।*

## प्रतिबद्धता

१) सामुदायिक रेडियोहरूमा महिलामैत्री नीति र संरचना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्दछौँ ।

२) सामुदायिक रेडियो प्रसारक संघ नेपाल र सबै सामुदायिक रेडियोको नेतृत्व र निर्णायक तहमा महिलाको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चिता गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

३) सञ्चारबाहेकका अन्य क्षेत्र, पेशा तथा व्यवसायमा रहेका महिलालाई सामुदायिक रेडियोमा सहज पहुँच स्थापित गरी आफ्नो दक्षता, विज्ञता तथा अनुभव आदानप्रदानका लागि आकर्षित गर्ने र यसका लागि अवसर प्रदान गर्न प्रतिबद्धता व्यक्त गर्दछौँ ।

४) सामुदायिक रेडियोहरूमा महिलाको अपनत्व बढाउन र महिलाका सवाल एवं विषयवस्तुलाई प्राथमिकता दिई सामुदायिक रेडियोले उत्पादन गर्ने सम्पूर्ण प्रसारण सामग्रीहरूमध्ये जनसंख्याको अनुपातमा महिलाको जीवन, स्वतन्त्रता, न्याय र आत्मसम्मान अभिवृद्धिका लागि सामग्री उत्पादन र प्रसारणका लागि कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्दै क्षमता अभिवृद्धि गर्न प्रतिबद्धता जाहेर गर्दछौ ।

५) देशभरका सामुदायिक रेडियोको नेतृत्व र रेडियो कार्यक्रमबारे आधारभूत सर्वेक्षण ९द्यबकभष्लिभ क्गचखभथ० गरी रणनीतिक कार्ययोजनासमेत तर्जुमा गरी सामुदायिक रेडियोमा महिलाको सहभागिता र स्वामित्व सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गर्दछौ ।

६) समाजमा विद्यमान विसंगति, विकृति, कूरीति, कुसंस्कारसँगै जातीय, लैंगिक, धार्मिक विभेद्को अन्त्यका लागि रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरी सामाजिक न्यायसहितको समाज निर्माणमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

७) महिला सम्बन्धी अन्तर्राष्ट्रिय कानुन, सन्धि तथा अभिसन्धि एवं राष्ट्रिय कानुन र ऐन नियमले सुनिश्चित गरेका अधिकारको प्रचारप्रसार गरी जनतालाई सुसूचित गर्नका लागि प्रतिबद्ध छौं ।

## माग



१) संघीय, प्रदेश तथा स्थानीय तहमा निर्माण गरिने आमसञ्चार नीति तथा कानुनहरू महिलामैत्री बनाई कार्यान्वयन गर्न जोडदार माग गर्दछौं ।

२) सामुदायिक रेडियोमा महिला सहभागिता र स्वामित्व अभिवृद्धिका साथै कार्यक्रम उत्पादन र प्रसारणका लागि जनशक्तिलाई उत्प्रेरित गर्न तीनवटै तहका सरकारले बजेटमा विशेष प्राथमिकता दिन माग गर्दछौं ।

३) देशले अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता जनाएका महिला अधिकारसम्बन्धी प्रावधान तथा यसका आधारमा बनेका राष्ट्रिय कानुन तथा नीति नियमहरूको प्रभावकारी कार्यान्वयनका लागि माग गर्दछौं ।

४) सामुदायिक रेडियोकर्मी महिलाको सीप, क्षमता र नेतृत्व विकासका लागि सरकारसँग नीतिगतरूपमै विशेष व्यवस्था गर्न माग गर्दछौं ।

५) महिलाका सवाल र हरेक क्षेत्रमा महिलाको सहभागिताका लागि सामुदायिक रेडियोसँगको सहकार्यमा पैरवी गर्न तीनवटै तहका सरकारलाई आह्वान गर्दछौं ।


राष्ट्रिय परामर्श कार्यक्रम


विश्व रेडियो दिवस २०१९
प्रभातफेरी
सुर्खेत, कर्णाली प्रदेश








सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल
चाकुपाट, ललितपुर
पोष्ट बक्स : १९३२४ काठमाडौं, फोन : ५२६०६६१, ५२६०६७१
फोन/फ्याक्स : ५२६०६४६
इमेल : info@acorab.org.np, acorab@gmail.com, वेबसाइट : www.acorab.org.np